# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'नेपाली अन्तर्वार्ता साहित्यको सर्वेक्षणात्मक अध्ययन'** रहको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह एम्.ए. नेपाली दोस्रो वर्ष दसौं पत्रको प्रयोजनका लागि रहेको छ ।

## १.३ विषयपरिचय

अन्तर्वार्ता पत्रकारितासँग सम्बन्धित विषय हो । यसको थप सम्बन्ध अनुसन्धानसँग पनि छ । अनुसन्धानका क्रममा सामग्रीसङ्कलनका लागि यसको प्रयोग गरिन्छ । साहित्यमा स्वत्रन्त्र विधाका रूपमा विकास भएर अन्तर्वार्ताले साहित्यिक स्वरूपसमेत लिएको छ । विविध क्षेत्रका विशिष्ट व्यक्तिहरूसँग गरिने कुराकानी अन्तर्वार्ता भएकाले ती व्यक्तिको जीवन, दृष्टिकोण, कला, साहित्य, दर्शन, समाज, जीवनदर्शन आदिप्रतिको धारणा बुझ्न अन्तर्वार्ता ज्यादै उपयोगी माध्यमका रूपमा स्थापित भएको छ । साहित्य भाषिक स्वरूपमा व्यक्त हुँदा गद्य र पद्यमा प्रस्तुत हुन्छ । साहित्यका यिनै गद्य र पद्य स्वरूपमध्ये अन्तर्वार्ता गद्य विधाको अनाख्यानात्मक स्वरूपभित्र समेटिएको छ ।

अन्तर्वार्ताले वास्तविक रूपमा निबन्ध विधाको आत्मपरकता, रूपकीय आलेखको नाटकीकरण र पात्रको वर्णन, रेखाचित्रको बिम्बात्मकता, दैनिकी लेखनको विवरणात्मकता भूमिका लेखनको साङ्केतिकता, समालोचनाको मूल्यनिर्णय र नियात्राको अनुभवात्मकतालाई समेटेको हुन्छ । अन्तर्वार्तामा फरक-फरक स्वरूप र स्वभाव भएका विधाहरूको मिश्रण हुने हुँदा यो मिश्रित विधाका रूपमा विकसित भएको छ र छुट्टै स्वरूपको समेत विकास गरेको छ ।

नेपाली साहित्यमा अन्तर्वार्ताको थालनी वैचारिक विनिमयका लागि वि.स. २००० को दशकपछि मात्र हुन लागेको हो । विभिन्न पत्रपत्रिकाले विशिष्ट व्यक्तिहरूसँग वैचारिक अन्तर्क्रियाका रूपमा विचार विनिमय गर्न थालेपछि अन्तर्वार्ता ज्यादै लोकप्रिय बन्न पुग्यो (श्रेष्ठ र शर्मा, २०६१:१८८) वि.सं. २००० को दशकपछि वर्तमानसम्म आइपुग्दा साहित्यिक अन्तर्वार्ताका धेरै सामग्रीहरू प्रकाशित भइसकेका छन् । यस्ता सामग्रीहरूमा, २००८ सालमा **भारती** पत्रिकामा प्रकाशित भएको लिखित अन्तर्वार्ता 'इन्द्रबहादुर राईको 'पाँच प्रश्न : लेखनाथका उत्तर' यस्तै शङ्कर लामिछानेले २००७ साल पौषमा नेपालाी साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटासँग प्रत्यक्ष भेट गरी लिइएको अन्तर्वार्ता (प्रकाशन पछि मात्र भएको) वि.सं. २०१० सालको **प्रगति** पत्रिकामा छापिएको छ । 'नेपालका महाकविसँग भेट' शीर्षकामा छापिएको यो अन्तर्वार्ता २०२८ सालमा प्रकाशित **बिम्ब प्रतिबिम्ब**मा समावेश भएको छ । इन्द्रबहादुर राईको **गोर्खा** पत्रिकामा २०१८ मा प्रकाशित 'नौवटा प्रश्न, महानन्दज्युका उत्तर' अन्तर्वार्ताका प्रथम नमुना हुन् । शङ्कर लामिछानेले लक्ष्मीप्रसाद देवकोटासँग र अन्य प्रतिभासँग लिइएका अन्तर्वार्ता ज्यादै महत्त्वपूर्ण मानिन्छन् । 'नेपालका महाकविसँग भेट' शीर्षकको अन्तर्वार्ता निवार्तात्मक प्रथम रचना हो ।

पत्रपत्रिकामा फुटकर रूपमा देखापरेका अन्तर्वार्ताहरू बिस्तारै सङ्ग्रहका रूपमा पनि प्रकाशित हुन थाले । साहित्यिक अन्तर्वार्ताका यस्ता ग्रन्थमा आनन्ददेव भट्टको, **हाम्रा प्रतिभाहरू** (२०१९) प्रथम प्रकाशित अन्तर्वार्ता सङ्ग्रह हो । त्यसपछि बिस्तारै उत्तम कुँवरको **स्रष्टा र साहित्य** (२०२३), शङ्कर लामिछानेको **बिम्ब प्रतिबिम्ब** (२०२८), परशु प्रधान **केही क्षण : केही अनुहार** (२०३४), कुमारबहादुर जोशीको **कुराकानी** (मृतात्मासितको र अरूसितको पनि) (२०४१), बेञ्जु/मन्जु **हाम्रो सवाल दाइदाइको जवाफ** (२०५०), मोहन दुवाल, **मनोभावना/लेखिकाहरू** (२०५४), रमेश तुफानको **संवाद, संवाद** (२०५४), देवेन्द्र भट्टराईको **स्रष्टा र समय** (२०६२), नेत्र एटमको **सीमान्त आकाश : स्रष्टासितको अन्तर्यात्रा** (२०६२), सुदर्शन श्रेष्ठको **सर्जक संवाद,** सीताराम कोइरालाको **संवादमा स्रष्टाहरू** (२०६४) आदि प्रसिद्ध रहेका छन् ।

यसरी नेपाली भाषा, साहित्य, कला, सङ्गीत र विज्ञानका क्षेत्रमा विशिष्ट योगदान दिने स्रष्टाहरूलाई उनीहरूको कृति, योगदान, अनुभव, जीवनदर्शन, दृष्टिकोण र भावी सम्भावना आदिका बारेमा अभिमत बुझ्ने प्रयास स्वरूप अन्तर्वार्ता लिएको हो । स्रष्टाका

विचार प्रस्फुटित हुँदा नेपाली साहित्यमा अन्तर्वार्ता नवीन साहित्यिक विधाका रूपमा विकसित भएको छ । अन्तर्वार्ता सोझो संवाद मात्र नभएर निजात्मक अनुभूतिले भरिएको निबन्धात्मक रचना पनि हो । यस्तो निबन्धात्मक अन्तर्वार्ताको नवीन स्वरूप निवार्ता हो । निवार्ता साहित्यको नवीन विधा हो र यो ज्यादै लोकप्रिय बनेको छ । यसरी लोकप्रिय नवीन विधाका रूपमा विकास हुँदै गएको अन्तर्वार्ताको सैद्धान्तिक र ऐतिहासिक अध्ययन गर्नु आवश्यक रहेको छ ।

## १.४ समस्याकथन

अनुसन्धान र पत्रकारितामा ज्यादै उपयोगी मानिएको अन्तर्वार्ता हाल साहित्यसँग पनि आफ्नो सम्बन्ध राखेको छ । अज्ञात तथ्यलाई प्रकाशित गर्नु यसको मूल उद्देश्य रहन्छ । प्रस्तुति शैलीमा निजात्मकता र नवीनताले गर्दा अन्तर्वार्ताले साहित्यिकता प्राप्त गरेको छ । नेपाली साहित्यमा २००० को दशकपछि विकसित भएको अन्तर्वार्ता साहित्यले विभिन्न क्षेत्रमा विशिष्टता हासिल गरेका विशिष्ट व्यक्तित्वको दृष्टिकोण, धारणा जीवनशैली, कृति, योगदान आदिका बारेमा पाठक तथा दर्शकहरूलाई विशिष्ट ज्ञान दिन सफल रहेको छ । अन्तर्वार्तामा सहभगी, संवाद, दृष्टिकोण र भाषाशैली रहेका हुन्छन् । प्रश्नकर्ता र उत्तरदाता अन्तर्वार्ताका सहभागी हुन् । यिनीहरूका बीचको कुराकानी संवाद हो । अन्तर्वार्ता अन्तर्क्रियात्मक प्रत्यक्ष विधा भए तापनि वार्ताकारले यसलाई लिखित रूपमा प्रकाशन गर्दा आफ्ना धारणा, विचार र शैलीलाई समेत मिश्रण गरी सिर्जनात्मकतासमेत थप्ने गर्दछ । यही निजात्मक अनुभूतिको मिश्रणले गर्दा अन्तर्वार्ताले साहित्यिक स्वरूप ग्रहण गरेको छ । नवीन साहित्यिक विधाका रूपमा बिस्तार भएको अन्तर्वार्ता साहित्यको सैद्धान्तिक आधार विधागत विकासको ऐतिहासिक स्वरूप र विशिष्ट प्राप्तिहरू के-कस्ता रहेका छन् भन्ने विषय नै प्रस्तुत अध्ययनको मूल समस्या हो । प्रस्तुत अध्ययनका मूलभूत समस्याहरू निम्नानुसार रहका छन् ।

क. अन्तर्वार्ता साहित्यको सैद्धान्तिक आधार र विधागत पहिचान कस्तो रहेको छ ?

ख. नेपाली साहित्यमा साहित्यिक अन्तर्वार्ताको विकासको अवस्था कस्तो रहेको छ ?

ग. साहित्यिक अन्तर्वार्ताका विशिष्ट प्राप्ति के-कस्ता रहेका छन् ?

यिनै मूल समस्याहरूमा केन्द्रित रही प्रस्तुत शोधपत्रमा अन्तर्वार्ता साहित्यको विधागत र ऐतिहासिक स्वरूपका बारेमा अध्ययन गरिएको छ ।

## १.५ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य नेपाली अन्तर्वार्ता साहित्यको सैद्धात्कि तथा ऐतिहासिक आधार निर्माण गर्नु रहको छ । नेपाली साहित्यमा २००० को दशकदेखि विकसित भएको अन्तर्वार्ताले विधागत स्पष्टता प्राप्त गर्न सकेको छैन । अन्तर्वार्ताको विधागत स्पष्टता गर्नु यस अध्ययनको प्रथम उद्देश्य हो । अन्तर्वार्ताको विकासक्रमको सर्वेक्षण गर्नुका साथै अन्तर्वार्ता साहित्यका विशिष्ट प्राप्तिको समीक्षात्मक अध्ययन विश्लेषण गर्नु यस शोधपत्रको मूल उद्देश्य रहको छ । अन्तर्वार्ताको सैद्धान्तिक आधार कास्तो छ ? नेपाली साहित्यमा अन्तर्वार्ता साहित्यको विकासको अवस्था कस्तो छ ? र अन्तर्वार्ता साहित्यका विशिष्ट प्राप्ति कस्ता छन् ? यिनै समस्यामा केन्द्रित रही समस्याको उचित समाधान खोज्नु नै यस शोधपत्रको उद्देश्य रहेको छ ।

## १.६ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यिक अन्तर्वार्ताका बारेमा केही फुटकर रूपमा अध्ययन-विश्लेषण भए तापनि सैद्धान्तिक अध्ययन भएको पाइदैन । साहित्यिक अन्तर्वार्ताका सम्बन्धमा विस्तृत रूपमा खोजमूलक अध्ययन-विश्लेषण र मूल्याङ्कयानको अभाव रहेको छ । अन्तर्वार्ताको सैद्धान्तिक र ऐतिहासिक अध्ययनमा फुटकर रूपमा सामान्य समीक्षा, लेख, टिप्पणीबाहेक शोधपरक अध्ययनको व्यापक अभाव रहेको छ । साहित्यिक अन्तर्वार्ताका बारेमा पत्रपत्रिका पुस्तकको भूमिका, लेख, प्रकाशकीयमा भएका समीक्षात्मक लेख रचनालाई पूर्वकार्यका रूपमा लिई यी सबैको कालक्रमिक विवरण र समीक्षा प्रस्तुत गरिएको छ ।

उत्तम कुँवर **स्रष्टा र साहित्य** (२०२३) को **प्रकाशकीय**मा अन्तर्वार्तामा साहित्यका विशिष्ट प्रतिभाहरूको पहिचान गराउने उद्देश्य रहेको कुरा व्यक्त भएको छ । यसैमा अन्तर्वार्तामा साहित्यको इतिहास साधन गर्ने सम्भावनासमेत रहन्छ भन्नेकुराको अनुमानसमेत गरिएको छ । यस भनाइमा अन्तर्वार्ताको उद्देश्यका बारेमा संक्षिप्त चर्चा

भएको छ, तापनि अन्तर्वार्ता के हो ? भन्ने बारेमा खासै चर्चा  भएको छैन । प्रकाशकीय टिप्पणी मात्र भएको हुँदा यो भनाइ अन्तर्वार्ताका सम्बन्धमा उपयोगी  रहेको छ ।

चित्तरञ्जन नेपालीले **स्रष्टा र साहित्य** (२०२३) **प्रस्तावना**मा अन्तर्वार्ता प्रश्न र उत्तरको सोझो प्रस्तुति मात्र नभएर सफल कथाका रूपमा प्रस्तुत गरिनु यसको साहित्यिक पक्ष हो भनी, अन्तर्वार्तालाई साहित्यिक विधाका रूपमा स्थापना गर्नुपर्ने विचार प्रस्तुत गरेका छन् । उनको यस विचारमा अन्तर्वार्ताको साहित्यिक विधा स्थापनाको पर्याप्त आधार पाइदैन । अन्तर्वार्ताको विधाको खोजी भूमिकात्मक टिप्पणीका रूपमा भए पनि यो उनको नवीन पक्ष हो । यसले अन्तर्वार्तामा साहित्यिक गुण रहन्छ र यो साहित्यको छुट्टै विधा हो भन्ने कुरालाई सङ्केत गरेको छ ।

दयाराम श्रेष्ठ र मोहन राज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०६१)मा लेखकहरूले विधागत साहित्यिक इतिहासको चर्चा गर्दा अन्य गद्यरूपमा अन्तर्वार्तालाई प्रमुख रूपमा उल्लेख गरेका छन् । साथै नेपाली साहित्यमा यस विधाको विकास २००० को दशकपछि आरम्भ भएको कुरा उल्लेख गरेका छन् । यसमा अन्तर्वार्ताको विधागत स्पष्टता हुन नसके पनि नवीन गद्यविधाका रूपमा अन्तर्वार्तालाई स्वीकार गरिएको छ । साथै अन्तर्वार्ता सङ्ग्रहका केही विशिष्ट प्राप्तिको बारेमा चर्चा पनि  गरिएको छ, तर अन्तर्वार्ताको  विधागत स्पष्टता भने गरिएको छैन । अन्तर्वार्ताको इतिहासका बारेमा भने केही आधार दिएको छ ।

रोशन थापा 'नीरव'ले **सीमान्त आकाश : स्रष्टासितको अन्तर्यात्रा** (२०६२) मा सङ्कलित 'भूमिकाका सन्दर्भमा नेत्र एटमको निवार्ता' शीर्षकको भूमिकात्मक लेखमा अन्तर्वार्ता साहित्यको सैद्धान्तिक आधार खोज्ने कार्य  गरेका छन् । उनले अन्तर्वार्तालाई पत्रकारितासँग सम्बन्ध राख्ने विधाका रूपमा चर्चा गरी अन्तर्वार्ताका केही तत्त्व, स्वरूप र संरचनाको छोटो समीक्षा प्रस्तुत गरेका छन् । अन्तर्वार्ताको संरचना, तत्त्व र परिचयका बारेमा यसले केही जानकारी प्रस्तुत गरे तापनि साहित्यिक अन्तर्वार्ताको  सैद्धान्तिक अध्ययन यस समीक्षाबाट पूरा भएको छैन । यसमा पनि विधागत स्पष्टता र सैद्धान्तिक आधारको कमी छ ।  त्यसैले यो लेख पनि भूमिकात्मक टिप्पणीमा मात्र केन्द्रित रेहेको छ ।

अभि सुवेदीले **स्रष्टा र समय** (२०६२) 'अन्तर्वार्तामा आत्मकहानी : एक गतिशील संवाद' शीर्षकको भूमिकात्मक लेखमा व्यक्तिको आत्मकहानी उजागर गर्ने र व्यक्तित्वको पहिचान अन्तर्वातामा रहने कुरा व्यक्त गरेका छन्, साथै अन्तःहीन व्यक्तित्वको उजागर जीवन सङ्घर्षको वर्णन, समयको वर्णन, अन्तर्वार्तामा हुने उनको विचार रहेको छ । व्यक्ति, समाज र समय तीनै कुराको प्रस्तुति अन्तर्वार्तामा रहन्छ भन्ने कुरालाई सुवेदीको विचारले समर्थन गरेको छ । उनको यस भनाइले अन्तावार्तामा वर्णित विषयको सङ्केत त गरेको छ, तर अन्तर्वार्ता के हो ? भन्ने विषयमा केही पनि उल्लेख गरेको छैन । सैद्धान्तिक चिनारी प्रस्तुत गर्ने नभई भूमिकात्मक औपचारिकतामा मात्र उनको यो विचार सीमित रहेको छ । यसले अन्तर्वार्ताको स्वरूपलाई बलियो रूपमा चिनाउन सकेको छैन ।

नेत्र एटमले **मिर्मिरे** (२०६४) "समकालीन नेपाली निबन्धको प्रभेदगत सर्वेक्षण" लेखमा अन्तर्वार्ता सङ्ग्रहका रूपमा प्रकाशित कृतिलाई निबन्धको नाटकीय प्रभेदमा समावेश गरी चर्चा गरेका छन् । उनको यस चर्चाले अन्तर्वार्तालाई निबन्धको नाटकीय भेदअन्तर्गत समेटेको छ । उनले अन्तर्वार्तामा निबन्धात्मक गुण र नाटकीय संवादयुक्त गुणको मिश्रण हुने कुराको सङ्केत गरेका छन् । उनको यस विचारले अन्तर्वार्ता निबन्धको एक प्रभेद हो भन्ने कुराको बोध हुन्छ । उनको यस विचारले अन्तर्वातालाई  निबन्ध विधा र अन्य विधाको मिश्रणबाट निर्माण हुने निबन्धको एक प्रभेदका रूपमा  चिनाएको छ ।

राजेन्द्र सुवेदीले **मिर्मिरे** (२०६४) "नेपाली निबन्धको समसामयिक स्वरूप" लेखमा निबन्ध विधाभित्र अन्तर्वार्तालाई समेटेका छन् । अन्तर्वार्तामा व्यक्तिहरूबीच भएको कुराकानी निबन्धको आधारपीठ बनेको हुन्छ । निवार्ता निजात्मक वार्ता हो र यसलाई निबन्धीकरण गरिएको हुन्छ । यस्ता निबन्धमा प्रश्नोत्तरबाट प्राप्त हुने संवादचेत ज्यादै सक्रिय रहन्छ । उनको यस चर्चाले अन्तर्वार्तालाई निबन्धको उपभेदका रूपमा चिनाएको छ तर अन्तर्वार्ताको विधा निर्धारण भने गरेको छैन ।

राजन भट्टराई **शारदा** (२०६४) "सीमान्त आकाशमा नयाँ सौन्दर्यशास्त्रको खोजी" लेखमा साहित्यको गद्य विधालाई आख्यानात्मक र अनाख्यानात्मक गरी दुई वर्गमा विभाजन गरी अनाख्यानात्मक गद्य रूपमा निबन्ध, यात्रा, दैनिकी, संस्मरण, सम्पादकीय, रेखाचित्र, रूपकीय आलेख अन्तर्वार्ता समेटिने कुराको चर्चा गरेका छन् । उनले प्रस्तुति शैलीलाई आधार मानेर अन्तर्वार्तालाई वार्ता र निवार्ता गरी दुई वर्गमा विभाजन पनि गरेका छन् ।

निवार्तालाई उनले नवीन विधाका रूपमा चर्चा गरेका छन् । यसमा अन्तर्वार्तालाई समग्र रूपमा चिनाउने काम नगरी निवार्तालाई मात्र परिचित गराउने काम गरिएको छ । यो समीक्षा निवार्ता सङ्ग्रह सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रामा बढी केन्द्रित छ ।

युवक उप्रेतीले **मिर्मिरे** (२०६४) "समकालीन नेपाली अन्तर्वार्ता" शीर्षकको लेखमा अन्तर्वार्तालाई वार्ता र निवार्तामा विभाजन गरी २०४६ पछिका अन्तर्वार्तालाई समकालीन मानी केही अन्तर्वार्ता कृतिको समीक्षात्मक परिचय प्रस्तुत गरेका छन् । यस लेखमा उनले कृतिको सैद्धान्तिक आधारमा मूल्याङ्कन नगरे तापनि परिचयात्मक स्वरूपलाई भने स्पष्ट पार्ने काम गरेका छन् । उनको यस कार्यले नेपाली अन्तर्वार्ता साहित्यको विकास २०४६ पूर्व र पछि गरी दुई चरणमा भएको देखाएको छ । अन्तर्वार्ताको अध्ययनका लागि उनको यो कार्य उपयोगी र उल्लेखनीय छ । सैद्धान्तिक चर्चा र ऐतिहासि सर्वेक्षणका लागि उनको लेखले आधार निर्माण गरेको छ ।

युवक उप्रेतीले **तन्नेरी** (२०६५) "सैद्धान्तिक सन्दर्भमा नेपाली अन्तर्वार्ता साहित्यको रूपरेखा" शीर्षकको लेखमा अन्तर्वार्तालाई निबन्ध विधाको उपभेदभित्र समाहित गर्दै नेपाली अन्र्वार्ताको सैद्धान्तिक स्वरूप तथा साहित्यिक नेपाली अन्तर्वार्ताको विकासको थप चर्चा गरेका छन् । यस लेखमा उनले अन्तर्वार्ताको परिचय, परिभाषा तत्त्व र वर्गीकरण आदिको प्रारम्भिक चर्चा गर्ने काम गरेका छन् । उनको यो प्रयास अन्तर्वार्ताको सैद्धान्तिक अध्ययनमा नयाँ गोरेटोका रूपमा देखा परेको छ । उनले नेपाली अन्तर्वार्ता साहित्यको विकासमा देखापरेका अन्तर्वार्ता कृतिलाई वार्ता र निवार्तामा विभाजन गर्ने काम गरेका छन् । अन्तर्वार्ताका वार्ता र निवार्ता कृतिको परिचयात्मक समीक्षा समेत उनले प्रस्तुत गरेका छन् । अन्तर्वार्ता कृतिलाई सैद्धान्तिक स्वरूपमा विश्लेषण भने उनले गरेका छैनन् । उनको यो कार्य अन्तर्वार्ताको सैद्धान्तिक अध्ययनका सन्दर्भमा केही उपलब्धीपूर्ण रहेको छ ।

यसरी विभिन्न समयमा विभिन्न पुस्तकका भूमिका, प्रकाशकीय प्रस्तावनामा, अन्तर्वार्ताका बारेमा संक्षिप्त चर्चाहरू भएका छन् । फुटकर रूपमा लेख र समीक्षात्मक टिप्पणीहरूले नै अन्तर्वार्ताका बारेमा संक्षिप्त परिचय प्रस्तुत गरेका छन् । यहाँ माथि प्रस्तुत गरिएका विभिन्न लेखक, प्रकाशकीय, आदिका धारणाले अन्तर्वार्तालाई सतही रूपमा नै भए पनि चिनाउने काम गरेका छन् । यी चर्चाहरूमध्ये **स्रष्टा र साहित्य** पुस्तकको प्रकाशकीय तथा सोही पुस्तकको भूमिकामा क्रमशः रूपायन प्रकाशन र चित्तरञ्जन नेपालीले औपचारिक

भूमिकात्मक टिप्पणीमात्र गरेका छन् । यस्तै अभि सुवेदीले **स्रष्टा र समय** पुस्तकको भूमिका औपचारिकता पूरा गर्नलाई दिइएका समीक्षा हो । नेत्र एटमले **समकालीन नेपाली निबन्धको प्रभेदगत सर्वेक्षण** लेखमा अन्तर्वार्तालाई निबन्ध विधाको नाटकीय भेदमा राखेकाले उनको यो चर्चा अन्तर्वार्ताको विधागत स्वरूप निर्धारणका लागि उपयोगी रहेको छ । उनको यस चर्चाले अन्तवार्ता निबन्धको विधागत भेदमा समेटिने देखाएको छ । अन्तर्वार्ताका सम्बन्धमा गरिएका रोशन थापा र युवक उप्रेतीका विचारहरूले अन्तर्वार्ता साहित्यको सैद्धान्तिक आधारको खोजी गर्ने काम गरेका छन् । यसरी समय समयमा गरिएका लेख रचना र टिप्पणीहरूले अन्तर्वार्ता साहित्यको सैद्धान्तिक र ऐतिहासिक चर्चा स्पष्ट रूपमा नगरेकाले अन्तर्वार्ता साहित्यको सैद्धान्तिक आधार  विधागत मान्यताको स्थापना र नेपाली अन्तर्वार्ता साहित्यको विकासको स्वरूप पहिल्याउनुका साथै अन्तर्वार्ता साहित्यका मूल उपलब्धीहरूको अध्ययन-विश्लेषण यस शोधपत्रमा गरिएको छ ।

## १.७ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

अन्तर्वार्ता नेपाली साहित्यमा नवीन साहित्यिक विधाका रूपमा विकसित भएको निबन्धात्मक उपविधा हो । यसका बारेमा हालसम्म जे-जस्ता अध्ययन भए ती अध्ययनले अन्तवार्ताको सैद्धान्तिक र ऐतिहासिक मान्यताको स्थापना गरिसकेका छैनन् । अन्तर्वार्तालाई मूल माध्यम बनाएर अन्तर्वार्तात्मक प्रस्तुतिमा नेपाली साहित्यमा अन्तर्वार्ता सङ्ग्रहहरूको प्रकाशन भइसकेको छ । पुस्तकाकार रूपमा धेरै कृतिको प्रकाशन भइसक्दा पनि अन्तर्वार्ताको मूल सैद्धान्तिक आधार र विधागत स्पष्टता हुन सकेको छैन । यसै कारणले नेपाली अन्तर्वार्ता साहित्यको सैद्धान्तिक अध्ययनले स्वतः यस कार्यको औचित्य पुष्टि गर्दछ ।

यस शोधपत्रमा अन्तर्वार्ता साहित्यको सैद्धान्तिक र ऐतिहासिक अध्ययन गरिएकोले साहित्यिक अन्तर्वार्ताको सिद्धान्त र विधागत मूल्यको पहिचानका बारेमा  अध्ययन गर्न चाहने स्वतन्त्र व्यक्ति, संस्थालाई यसले थप ज्ञान दिन सक्ने हुँदा यस अध्ययनको महत्त्वसमेत रहेको छ । साहित्यिक अन्तर्वार्ताको अध्ययनका क्रममा यो कार्य नवीन भएको हुँदा अन्तर्वार्ताका बारेमा जान्न चाहने र भविष्यमा यसैसँग सम्वन्धित भएर खोज अनुसन्धान र अध्ययन गर्न चाहने अध्ययनकर्तालाई यो सामग्री ज्यादै उपयोगी हुने छ । अन्तर्वार्ता साहित्यका बारेमा अध्ययन गर्ने स्वतन्त्र व्यक्ति संघ संस्थालहरूलाई यो शोधपत्र उपयोगी हुन्छ । नेपाली भाषा साहित्यको अनुसन्धानका सन्दर्भमा अन्तर्वार्ता साहित्यको

अध्ययन, मूल्य निर्धारण, विधागत स्वरूपको स्थापना र विशिष्ट प्राप्तिहरूको चर्चा समेत गरिएकाले यो अध्ययन, स्वयंमा औचित्यपूर्ण रहेको छ । साहित्यिक अन्तर्वार्ताका बारेमा गरिने थप अध्ययन र अनुसन्धानका लागि यो कार्य, महत्त्वपूर्ण र उपयोगी रहेको छ ।

## १.८ अध्ययनको क्षेत्र तथा सीमा

नेपाली साहित्यको विकास कथा, कविता, नाटक र निबन्धजस्ता विधामा भएको छ । समयको गतिसँगै साहित्यमा पनि नवीन विधाको प्रवेशसमेत हुन्छ । जसले गर्दा साहित्यमा विधा मिश्रणको अवस्थासमेत सिर्जना हुन पुग्छ । यसै सन्दर्भमा अन्तर्वार्ता, पत्रकारिता, अनुसन्धान र साहित्यसँगसमेत सम्बन्धित भएर रहेको छ । यसले मूल रूपमा आफ्नो सम्बन्धलाई पत्रकारिता र अनुन्धानका क्रममा सामग्री सङ्कलनसँग गाँसेको भए तापनि साहित्यमा पनि, संवाद र निवार्ताका माध्यमबाट आफ्नो उपस्थितिलाई ज्यादै बलियो बनाएको छ । पत्रकारितामा अन्तर्वार्ताको व्यापक उपस्थिति छ । यसैकारणले गर्दा अन्तर्वार्ताको क्षेत्र ज्यादै व्यापक र विशाल रहेको छ । प्रस्तुत शोधपत्र अन्तर्वार्ता साहित्यसँग मात्र सम्बन्धित रहेकाले नेपाली साहित्यिक अन्तर्वार्ताहरूको सर्वेक्षणात्मक अध्ययन यस शोधपत्रमा गरिएको छ, साथै नेपाली अन्तर्वार्ता साहित्यका अन्तर्वार्ता सङ्ग्रहको सर्वेक्षण गरिएको छ । विभिन्न पत्रपत्रिका रेडियो, टेलिभिजनजस्ता छापा र विद्युतीय माध्यमबाट प्रकाशित र प्रसारित गरिएका सामयिक सन्दर्भलााई पूरा गर्न तत्कालै लिइएका अन्तरवार्ताहरू यस अध्ययनको क्षेत्रभित्र परेका छैनन् । त्यसैले नेपाली साहित्यिक अन्तर्वार्ताको सैद्धान्तिक स्वरूप निर्माण गर्नु र साहित्यिक अन्तर्वार्ता सङ्ग्रहहरूको सर्वेक्षण गरी नेपाली अन्तर्वार्ताको विकासको स्थिति देखाउनु तथा विशिष्ट अन्तर्वार्ता कृतिको विश्लेषण गर्नु नै यस शोधकार्यको क्षेत्र तथा सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधपत्र सैद्धान्तिक तथा ऐतिहासिक अध्ययन भएकाले प्राथमिक सामग्रीको रूपमा सम्बद्ध अन्तर्वार्तालाई नै मानिएको छ । यसका लागि पुस्तकालयीय सामग्री सङ्कलनविधिलाई आधार मानी सोहीअनुसार सामग्रीको सङ्कलन गरिएको छ । साथै साहित्यिक अन्तर्वार्ताहरू प्रकाशित भएका सम्बद्ध पुस्तक, पत्रपत्रिका, आदिको अध्ययनबाट समेत सामग्रीको सङ्कलन गरिएको छ । नेपाली अन्तर्वार्ताहरूको अध्ययन, इन्साइक्लोपिडिया सिडी

रोमको उपयोग गरी सामग्री सङ्कलन गरिएको छ । साहित्यिक अन्तर्वार्तासँग सम्बन्धित विषयविज्ञहरूको अन्तर्वार्ताद्वारा पनि सामग्री सङ्कलन गरिएको छ ।

## १.१० अध्ययनविधि

प्रस्तुत शोधपत्र साहित्यिक अन्तर्वार्ताको सैद्धान्तिक तथा ऐतिहासिक अध्ययन भएकाले सङ्कलित सामग्रीको, विधापरक, ऐतिहासिक, तथा विवरणात्मक अध्ययनविधिको उपयोग गरिएको छ । सैद्धान्तिक अध्ययनविधि ऐतिहासिक अध्ययनविधि, विवरणात्मक अध्ययनविधि, समीक्षात्मक अध्ययनविधि र विश्लेषणात्मक अध्ययनविधि यस शोधपत्रका मूलभूत अध्ययनविधि रहेका छन्, । यसका अतिरिक्त अनुसन्धानविधिले निर्धारण गरेका अध्ययनविधिको उपयोग यस शोधमा गरिएको छ ।

## १.११ शोधपत्रको ढाँचा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित तथा व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि तल प्रस्तुत गरिएका पाँच परिच्छेदमा विभाजन गरिएको छ । यस बाहेक अध्ययनको क्रममा आवश्यकताअनुसार उक्त परिच्छेदहरूमा थप शीर्षक तथा उपशीर्षकहरूको समेत व्यवस्था गरी अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्रको परिच्छेदगत ढाँचा निम्नानुसार रहेको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : अन्तर्वार्ता साहित्यको सैद्धान्तिक स्वरूप र नेपाली अर्न्तर्वाताको आरम्भ तथा विकास

तेस्रो परिच्छेद : नेपाली अन्तर्वार्ता सङ्ग्रहहरूको सर्वेक्षण

चौथो परिच्छेद : प्रतिनिधि अन्तर्वार्ता सङ्ग्रहहरूको विश्लेषण

पाँचौं परिच्छेद : शोधनिष्कर्ष,

# दोस्रो परिच्छेद

# अन्तर्वार्ता साहित्यको सैद्धान्तिक स्वरूप र नेपाली अर्न्तर्वाताको आरम्भ तथा विकास

## १. विषयप्रवेश

सामान्य अर्थमा कुनै पनि दुई वा दुई भन्दा बढी व्यक्तिहरूका बीचमा हुने अन्तर्क्रियालाई अन्तर्वार्ता भनिन्छ । अर्न्तर्वालाई बुझाउन संवाद, कुराकानी, भेटवार्ता साक्षात्कार, परिचर्चा, निवार्ता, भलाकुसारी, अन्तरसंवाद, व्यक्तिसँगको अन्तर्यात्राजस्ता शब्दहरूको प्रयोग गरिन्छ । अन्तर्वार्ता विशेषगरी पत्रकारितासँग सम्बन्धित विषय हो । यसको थप सम्बन्ध अनुसन्धान र साहित्यसँग पनि गाँसिएको छ । पत्रकारितासँग अन्तर्वार्तालाई जोड्दा समाचार विवरणको सङ्कलन र समाचारको तयारीसँग सम्बन्धित कुराकानी भन्ने बोध हुन्छ । यसले समाचारलाई आकर्षक बनाउँन मद्दत गर्नुका साथै कुनै विषय, व्यक्ति र घटनालाई स्पष्ट पार्ने काम गर्छ । समाचार मूल्यका कारणले पनि अन्तर्वार्ता महत्त्वपूर्ण हुन्छ । व्यक्तिका विचार, भावना, दृष्टिकोण, अनुभव र व्यक्तित्वबोध गर्नसमेत अन्तर्वार्ताद्वारा नै गर्न सकिन्छ । पत्रकारितामा अन्तर्वार्ताका विषय विविध बन्न सक्दछन् । अन्तर्वार्ताको मूल छनोट भनेको व्यक्ति र घटना हो । समाजमा भिन्न भिन्न स्वभावका व्यक्तिहरू बस्तछन् भने घटनाको पनि विविधता रहन्छ, त्यसैले अन्तर्वार्ता घटनासँग सम्बन्धित विषय र विशिष्ट व्यक्तिहरूका बीचमा सम्पन्न हुन्छ ।

अन्तर्वार्ताको आरम्भ र  विकासका सन्दर्भमा विद्वान्हरूमा भिन्न विचारहरू पाइन्छन् । यस बारेमा वैदिक संस्कृत साहित्यका कतिपय ग्रन्थहरू संवाद र वार्तालापका माध्यमबाट निर्माण भएकाले तिनीहरू पनि अन्तर्वार्ताकै नमूना हुन् भन्ने एकथरीको विचार छ भने अर्कोथरीको धारणा आधुनिक पत्रकारितापछि अन्तर्वार्ताको आरम्भ र विकास भएको हो भन्ने विचार रहेको छ । साहित्यका सन्दर्भमा अन्तर्वार्तालाई एक मिश्रित र स्वतन्त्र विधाका रूपमा लिइन्छ । यसको सम्बन्ध निबन्ध विधासँग ज्यादै नजिक रहेको छ । निबन्ध विधाको विधागत विकास फ्रान्सेली निबन्धकार मिसेल दि मोन्तेनले आत्मप्रकाशनका सन्दर्भमा १६ औं शताब्दीको उत्तरार्द्धमा गरेका हुन् । यसलाई अङ्ग्रेजी साहित्यमा अगाडि बढाउने काम फ्रान्सिस बेकनले गरेका हुन् । व्यक्ति, व्यक्तिबीचको कुराकानीलाई निजात्मक अनुभूतिले सजाउँदा निवार्ताको सिर्जना हुन पुग्छ । निवार्ता निबन्ध विधाको एक उपभेद हो ।

निवार्तामा संवाद वा कुराकानी अप्रत्यक्ष रूपमा प्रस्तुत हुने हुँदा यो पनि अप्रत्यक्ष अन्तर्वार्ताको स्वरूपमा नै समेटिन पुग्छ । त्यसैले साहित्यिक अन्तर्वार्ताको विकास निबन्ध विधाको विकासपछि भएको मानिन्छ । व्यक्तिको व्यक्तित्व, मनोभावना, विचार, धारणा स्वतन्त्र रूपले प्रकट गर्न पाइने वर्तमान वैज्ञानिक युगमा अन्तर्वार्ताले विस्तारित रूप ग्रहण गरेको छ । प्रस्तुत शोधपत्रको यस परिच्छेदमा अन्तर्वार्ताको सैद्धान्तिक स्वरूपको निर्धारण गरिएको छ ।

## २. अन्तवार्ताको सैद्धान्तिक स्वरूप

अन्तर्वार्ता दुई व्यक्तिका बीचमा हुने संवादात्मक अन्तर्क्रिया हो । वैचारिक मन्थनबाट वार्तानायकको विचार भावना, जीवन र जगतप्रतिको दृष्टिकोण यसमा अभिव्यक्त भएको हुन्छ । स्रष्टाको आन्तरिक र बाह्य कुराको प्रकटीकरण अन्तर्वार्तामा गरिएको हुन्छ ।

### २.१ अन्तर्वार्ताको परिचय

अन्तर्वार्तालाई अङ्ग्रेजीमा इन्टरभ्यु (interview) भनिन्छ । यसमा अङ्ग्रेजीकै दुई शब्द 'इन्टर' (inter) र 'भ्यू' (view) को मिलन भएको छ । 'इन्टर' शब्दले अङ्ग्रेजीमा भित्री वा अन्तरको कुरालाई बोध गराउँछ भने 'भ्यू' शब्दले दर्शन गराउनु भन्ने अर्थ दिन्छ । सामान्य अर्थमा अन्तर्वार्ताले दुई वा दुई भन्दा बढी व्यक्तिका बीचमा हुने कुराकानी वा वार्तालापलाई बुझाउँछ । वास्तविक रूपामा अन्तर्वार्ताले व्यक्तित्वसँगको अन्तर्मनको साक्षात्कारलाई बुझाउँछ । प्रत्यक्ष कुराकानी, संवाद वा साक्षात्कारका माध्यमबाट व्यक्तिका अन्तर्मनमा रहेका विचाार, भावना, जीवनप्रतिको दृष्टिकोण र जीवनशैली आदिलाई प्रकट गर्ने माध्यम नै अन्तर्वार्ता हो । अन्तर्वार्ता अनुसन्धानका क्रममा सामग्री सङ्कलनका लागि उपयोगी माध्यमका रूपमा रहेको देखिन्छ भने पत्रकारिता र साहित्यसँग यसको थप नजिकको सम्बन्ध छ । पत्रकारितामा अन्तर्वार्ताले समाचार विवरण सङ्कलन र समाचार सामग्रीको तयारीसँग गरिएको कुराकानीलाई बुझाउँछ भने साहित्यका सन्दर्भमा भाषा, साहित्य, कला संस्कृति, सङ्गीत आदिका क्षेत्रमा विशेष ख्यातिप्राप्त व्यक्तिहरूसँग गरिएको प्रत्यक्ष वा कलात्मक कुराकानीलाई साहित्यिक अन्तर्वार्ता भनिन्छ ।

कुनै निश्चित उद्देश्य प्राप्त गर्नका लागि विशिष्ट व्यक्तिसँग औपचारिक रूपमा गरिने प्रभावशाली कुराकानी नै अन्तर्वार्ता हो । अन्तर्वार्ता केबल कुराकानी मात्र नभएर

व्यक्तिको व्यवहारको अध्ययन पनि हो, किनकि व्यवहारको अध्ययनबाट व्यक्तित्वको ज्ञान हुन्छ । अन्तर्वार्तामा प्रश्नकर्ता (अन्तर्वार्ताकार) र उत्तरदाता (अन्तर्वार्तानायक) दुबैका बीचमा दोहोरो भूमिका रहने गर्छ । यसैकारणले अन्तर्वार्तालाई दुई सर्जकको साझा सिर्जना भनिन्छ । "अन्तर्वार्ता विचारको आदानप्रदान गर्ने अन्तर्क्रियात्मक प्रक्रिया हो ।"[१] यसबाट अज्ञात तथ्यको ज्ञान हुन्छ ।

अन्तर्वार्ताले विशेषगरी पत्रकारिता र अनुसन्धानसँग सम्बन्ध राख्ने भएकाले अनुसन्धानकर्ताले आवश्यक जानकारी तथा तथ्याङ्क सङ्कलनका सन्दर्भमा अन्तर्वार्ता सम्बन्धित र विशेष व्यक्तिसँग लिने गर्दछ । यसमा उसले उत्तरदातासँग प्रत्यक्ष भेटघाट गरी सूचना लिन्छ ।[२] यस्तो सूचना लिने कार्य प्रत्यक्ष भेटघाट अथवा अप्रत्यक्ष प्रश्नावली तथा टेलिफोनको प्रयोग गरी गर्न सकिन्छ । अप्रत्यक्ष प्रश्नावली र टेलिफोनबाट सूचना लिँदा सहभागीलाई परिस्थितिको बोध हुँदैन, तर पनि यी दुवै प्रक्रियाद्वारा सम्मन्न कार्यलाई अन्तर्वार्ता नै भनिन्छ । अन्तर्वार्तामा पत्रकारिता र शोधकार्य मिश्रण हुँदा यसको नवीनता सिर्जना हुन्छ । साहित्यमा अन्तर्वार्ता निबन्ध विधाको अनाख्यानात्मक नाटकीय उपभेदमा पर्दछ । राजनीतिक, सामाजिक, धार्मिक, साहित्यिक आदि कुनै पनि क्षेत्रका व्यक्तिहरूको आन्तरिक विचार, धारण, दृष्टिकोण, चाहना आदि कुरालाई बुझ्न अन्तर्वार्ता लिइन्छ अन्तर्वार्ताले व्यक्तिका सूक्ष्म कुराको जानकारी पाठक वा दर्शकलाई दिने गर्छ ।

प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै निश्चित लक्ष्य वा उद्देश्य प्राप्तिका निम्ति अन्तर्वार्ताकार र अन्तर्वार्तानायकका बीचको दोहोरो वार्तालाप नै अन्तर्वार्ता हो । अन्तर्वार्तामा विशेषतः उत्तरदातालाई समाजले चाहिने जति वा सो भन्दा बढी सम्मान दिएको छ वा छैन भन्ने कुराको समेत प्रकटीकरण भएको हुन्छ ।[३] त्यसैले अन्तर्वार्ता व्यक्तिको अन्तर्मनको यात्राको प्रकटीकरण हो । अन्तर्वार्ता प्रश्नकर्ता र उत्तरदाता बीचको दोहोरो सम्बन्ध मात्र नभई कलात्मक अभिव्यक्ति पनि हो । कलात्मक अभिव्यक्तिको प्रस्तुति साहित्यिक रूपमा हुने भएकाले साहित्यको नवीन आख्यानेतर गद्यविधामा अन्तर्वार्ता पर्दछ ।

---

[१] खगेन्द्रप्रसाद लुइटेल, **शोधविधि,** ते.स.,(ललितपुर : साझा प्रकाशन, २०६२), पृ. ३८ ।

[२] युवक उप्रेती, "सैद्धान्तिक सन्दर्भमा नेपाली अन्तर्वार्ता साहित्यको रूपरेखा", **तन्नेरी** (वर्ष २९, अङ्क ३, २०६४, वैशाख जेष्ठ), पृ. २ ।

[३] अभि सुवेदी, "अन्तर्वार्तामा आत्मकहानी : एक गतिशील संवाद", **स्रष्टा र समयमा** सङ्कलित भूमिका, लेखक देवेन्द्र भट्टराई (काठमाडौं : रत्न पुस्तक भण्डार २०६३) ।

भाषा, साहित्य, सङ्गीत, कला आदिसँग सम्बन्धित सिर्जनात्मक व्यक्तित्वको जीवनी, व्यक्तित्व, कृतित्व, रहनसहन, सिर्जनात्मक प्रेरणा, प्रभाव र उसको सामाजिक अवस्थाको जानकारी समेत अन्तर्वार्तामा समेटिएको हुन्छ । विशेष गरी विशिष्ट व्यक्तित्वसँग खुलेर गरिने अन्तर्क्रिया नै अन्तर्वार्ता हो । यसले सम्बन्धित व्यक्तिप्रति पाठकका मनमा रहेको कौतुहलको निवारण गर्छ ।

## २.२ अन्तर्वार्ताको संरचना

अन्तर्वार्ता प्रस्तुत गर्दा यसले लिने स्वरूपलाई अन्तर्वार्ताको संरचना भनिन्छ । प्रश्न र उत्तरको सोझो सम्बन्धमा अन्तर्निहित हुँदा अन्तर्वार्ता ज्यादै वस्तुपरक औपचारिक संरचनाको हुन्छ । अन्तर्वार्तालाई समालोचकीय तथा निबन्धात्मक स्वरूपमा समेत प्रस्तुत गर्न सकिन्छ । यस क्रममा विवरण, विश्लेषण र सस्मरणको शैलीलाई समेत अन्तर्वार्ता प्रस्तुतिको आधार बनाउन सकिन्छ । अन्तर्वार्ता लेख्य रूपमा वा दृश्य रूपमा प्रस्तुत गर्दा यसको संरचनाले आदि, मध्य र अन्त्यको रूप ग्रहण गर्छ । यसलाई परिचय, शरीर र अन्त्य गरी तीन भागमा बाँडेको पनि पाइन्छ ।[४] अन्तर्वार्ताका क्रममा वार्ताकारले दिने पूर्व सन्दर्भ, वार्ताको अवस्था, समय व्यक्तित्वको परिचय आदिको चित्रात्मक वर्णन अन्तर्वार्ताको आदि भाग वा परिचय हो । यसमा खास गरी व्यक्तित्व र परिस्थितिका बारेमा संक्षिप्त चर्चा गरिएको हुन्छ । परिचयको सन्दर्भ साथै अभिवादन (नमस्कारादि क्रिया) को समेत प्रस्तुति यस खण्डमा हुन्छ । यो अन्तर्वार्ताको आदि वा परिचय भाग हो ।

वार्तानायकको जीवनदृष्टि, विचार, भावना, जीवनशैली, साहित्यप्रतिको धारणा, समाजप्रतिको दृष्टिकोण, जीवनप्रतिको दर्शन आदिका बारेमा जानकारी लिने कार्य, वा अन्तर्वार्ताको मूल उद्देश्यको प्राप्ति अन्तर्वार्ताको मध्य वा शरीर भाग हो । यसमा अन्तर्वार्ताको मूल लक्ष्य वा उद्देश्यको खोजी हुन्छ । महत्त्वका दृष्टिले पनि सबै भन्दा महत्त्वपूर्ण खण्डका रूपमा यस भागलाई लिइन्छ । वार्तालापको रोमान्स पनि यसै खण्डमा प्रस्तुत हुन्छ । यो कुराकानीको चुली हो । समग्र विषयको चर्चा हुने हुँदा यो खण्ड अन्य खण्डको तुलनामा लामो पनि हुन्छ ।

---

[४] रोशन थापा 'नीरव, " भूमिकाका सन्दर्भमा नेत्रएटमको निवार्ता", **सीमान्त आकाक्षा स्रष्टासितको अन्तर्यात्रा,** लेखक नेत्र एटम, (काठमाडौं : तन्नेरी प्रकाशन, २०६२), पृ. ४६२ ।

भेटवार्ताको सन्दर्भलाई बिट मार्दै वार्ता समापनको अवसरतर्फ लैजानु अन्तर्वार्ताको अन्त्य खण्ड हो । यसमा समय  र परिस्थितिको पनि ख्याल गरिन्छ । अन्तर्वार्ताको मध्य भागबाट नै कुराकानीलाई बिस्तारै समापनको सङ्केत निर्देशनसमेत अन्तर्वार्ताका क्रममा गर्ने गरिन्छ । वार्तालाई अवरोहतर्फ लैजाँदै संवादको औपचारिकतालाई समापनतर्फ निर्देशित गर्नु अन्तर्वार्ताको अन्त्य भाग हो । अन्य सन्दर्भमा कुराकानी गर्ने जानकारी गराउँदै सञ्चालित वार्तालाई समाप्त गरी धन्यवादसमेत अन्तर्वार्ताको अन्त्यखण्डमा गरिन्छ । यसरी अन्तर्वार्ताको आयाम लामो अथवा छोटो जे-जस्तो भए पनि अन्तर्वार्ता मूलतः यिनै तीन खण्डमा संरचित भएको हुन्छ, जसलाई अन्तर्वार्ताको संगठन वा संरचना भनिन्छ । आरम्भ, मध्य र अन्त्यको संङ्गठनात्मक स्वरूपमा अन्तर्वार्ता संरचित भएको हुन्छ ।

## २.३ अन्तर्वार्ताको परिभाषा

अन्तर्वार्ता के हो ? भनेर अन्तर्वार्तालाई चिनाउने सन्दर्भमा विभिन्न विद्वान्हरूले यसलाई परिभाषित गर्ने काम गरेका छन् । अन्तर्वार्ताको लेखन तथा प्रकाशन हुन थालेपछि अन्तर्वार्तामा रहेका मूल विशेषतालाई आधार बनाएर अन्तर्वार्ताको परिभाषा गर्न थालिएको हो । खास गरी अन्तर्वार्तालाई व्यक्तित्व मूल्याङ्कनको आधारका रूपमा, विशिष्ट व्यक्तिको आन्तरिक व्यक्तित्वको बाह्य प्रकटीकरणका रूपमा, व्यक्तिको बौद्धिकस्तरको मापनका रूपमा अनुसन्धानमा नयाँ तथ्यको खोजीका रूपमा परिभाषित गरेको पाइन्छ । अन्तर्वार्तालाई परिचित गराउने सन्दर्भमा केही विद्वान्का परिभाषा यहाँ प्रस्तुत गरिएको छ–

कुराकानी वा अन्तर्वार्ता वस्तुगत साहित्यको एक त्यस्तो अलग र स्वयंमा महत्त्पूर्ण विधा हो, जसमा आख्यान साहित्य र निबन्ध साहित्यको धर्म र मर्मसित व्यक्ति जीवनका यथार्थ सत्यको कलात्मक सश्लेषण भएको हुन्छ । [५] **माधवलाल कर्माचार्य**

राजनीति, धर्म दर्शन, समाजसेवा, साहित्य, कला, विज्ञान, प्रविधि कुनै विषयका कर्मठ व्यक्तिहरू हुन्छन्, जसका बारेमा, विभिन्न कुरा लेखकले प्रश्नोत्तरका माध्यमबाट स्वयं नायकबाटै प्राप्त गरेका जानकारी र ती जानकारीमा केन्द्रित भएर नायकप्रति अनुभव गरेका

[५] मधवलाल कर्माचार्य, “कुरा कुराकानीको सन्दर्भ साहित्यको”, **कुराकानी,** लेखक कुमारबहादुर जोशी, (काठमाडौं : रत्न बुक, डिष्ट्रिव्युटर्स प्रा.लि २०४१) ।

आफ्ना धारणा र नायकबाट आफूमा परेका प्रभाव प्रभृत्ति कुराहरू समेतको आधारमा वार्तालाप शैलीमा अन्तर्वार्ता वा भेटवार्ता चित्रण, गरिएको हुन्छ ।[६] **भिक्टर प्रधान**

कुनै पदमा योग्य व्यक्ति छान्नका निम्ति सम्बन्धित अधिकारी तथा विशेषज्ञहरूद्वारा उमेद्वारहरूलाई प्रश्न सोधेर तिनबाट उत्तर प्राप्त गरिने कार्य वा यस्तो कुराकानी (नै अन्तर्वार्ता हो) ।[७] **नेपाली बृहत् शब्दकोश**

कुनै विशेष रोजगारीमा उपयुक्त व्यक्ति छनोटका लागि कुनै व्यक्तिले प्रश्न सोधेर छलफलमा व्यक्तिहरू आमुन्ने सामुन्ने हुने औपचारिक भेटघाटलाई अन्तर्वार्ता भनिन्छ ।[८] Oxford Advanced learner's Dictionary.

अन्तर्वार्ता विचारको आदानप्रदान गर्ने अन्तर्क्रियात्मक प्रक्रिया हो ।[९] **खगेन्द्रप्रसाद लुइटेल**

अन्तर्वार्ता प्रश्नकर्ता र उत्तरदाता बीचको साधारण कुराकानी मात्र होइन यसमा हाउभाउ दृष्टि मुखको अभिव्यक्ति र सूक्ष्म भावनाको झलक पनि हो । यो यस्तो क्रमवद्ध विधि हो जसद्वारा एक व्यक्ति कल्पनाद्वारा अपेक्षाकृत अनजान मानिसको जीवनमा प्रवेश गर्छ ।[१०] **पि. भि. युङ्ग**

अन्तर्वार्ता कथेतर गद्यवर्गको त्यो विधा हो जसमा कुनै व्यक्तिविशेष र एक सजग प्रश्नकर्ता आमुन्ने सामुन्ने होऊन्, प्रश्नोत्तरका माध्यमबाट व्यक्तिविशेषको साहित्यिक, साँस्कृतिक आदि मान्यताहरू जीवनजगत् अर्थात् व्यक्तित्व, कृतित्वको उद्घाटन हुन्छ,। उनको चरित्र र उसका अवधारणाहरू अगाडि आउँछन् र त्यस व्यक्तिका प्रकट अप्रकट कुराको झाँकीहरू पनि अन्तर्वार्तामा देख्न सकिन्छ । [११] **डा. हरिमोहन**

---

[६] भिक्टर प्रधान, **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक एवं ऐतिहासिक विवेचना**, (काठमाडौं : ने.रा.प्र.प्र., २०४४), पृ. ६२, ।

[७] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) **नेपाली बृहत् शब्दकोश**, (काठमाडौं : ने.रा.प्र.प्र., २०४०), पृ. ५३ ।

[८] Sally wehmeier. (ed) 6th ed. **oxford advanced learner's dictionary**, (New York: Oxford university 2000), p. 681

[९] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् पृ. ३८, ।

[१०] P.V Young, **Scientific Social Survy and Research,** (New Delhi: Prentice Hall of India, 1998), p. 214 .

[११] हरिमोहन, **साहित्यिक विधाएँ : पुनर्विचार,** दो.स. (नइ दिल्ली : वाणी प्रकाशन,२००५), पृ.२८८ ।

अन्तर्वार्ताका बारेमा धेरै परिभाषाहरू पाइन्छन् तर पनि सबै अन्तर्वार्ताका परिभाषामा एउटै कुरा दोहोरिएको छ । यही कारणले गर्दा यहाँ प्रतिनिधि परिभाषालाई मात्र स्थान दिइएको हो । माथि प्रस्तुत गरिएका अन्तर्वार्ताका परिभाषाहरूले अन्तर्वार्तालाई कुनै सामान्य व्यक्तिसँग नभई विशिष्ट व्यक्तिसँग गरिने कुराकानी, अन्तर्वार्तानायकको विचार, भावना, जीवनदर्शन दृष्टिकोण, रहनसहन, व्यक्तित्व, कृतित्व, र कार्यशैली आदिको ज्ञान, वस्तुपरक संवादमात्र नभई हाउभाउ चेहराको अभिव्यक्तिको ज्ञान, कम्तीमा एक प्रश्नकर्ता र एक उत्तरदाताको सहभागितामा साझा प्रयासबाट सम्पन्न हुने साझा रचनाका बारेमा चिनाइएका छन् । माथिका परिभाषाहरूले अन्तर्वार्तालाई साहित्यिक रूपमा भन्दा पनि औपचारिक अनुसन्धान र रोजगारीका लागि सम्पन्न गरिने  मूल्याङ्कन मापदण्डका रूपमा चिनाएका छन् । अन्तर्वार्ता विशिष्ट व्यक्तिका विचार, धारण भावना, जीवनशैली दृष्टिकोण आदिका बारेमा बुझ्ने उद्देश्य पनि सम्पन्न गरिने हुँदा यसमा कलात्मक सिर्जनात्मक सौन्दर्य प्रस्तुत हुन्छ । साहित्यिक अन्तर्वार्ता व्यक्तिको व्यक्तित्वको सर्वपक्षीय ज्ञान दिलाउने प्रस्तुतकर्ताको वैयक्तिक भावनाले सजिएको नवीन गद्य विधा हो । यो अन्तर्क्रियात्मक हुन्छ र यसको प्रस्तुति प्रश्नोत्तरात्मक एवं निबन्धात्मक रूपमा हुन्छ ।

## २.४ अन्तर्वार्ताका संरचक घटक

अन्तर्वार्ता निर्माणका लागि आवश्यक पर्ने  सामग्रीलाई अन्तर्वार्ताका संरचक घटक भनिन्छ । यी संरचक घटकहरू नै अन्तर्वार्ताका आधारभूत तत्त्व हुन् । अन्तर्वार्ताको संरचना निर्माणका लागि निम्नलिखित संरचक घटकहरू यसका  आवश्यक सामग्री हुन् ।

### २.४.१ सहभागी

अन्तर्वार्तामा संलग्न रहने व्यक्तिलाई सहभागी भनिन्छ । यी अन्तर्वार्तामा प्रश्नकर्ता (वार्ताकार) र उत्तरदाता (वार्तानायक)का रूपमा उपस्थिति रहन्छन् । अन्तर्वार्ता सम्पन्न हुनको लागि दुई वा सो भन्दा बढी व्यक्तिको सहभागिता अनिवार्य रहन्छ । दुई वा सो भन्दा बढी व्यक्तिको अन्तर्क्रियामा मात्र अन्तर्वार्ता सम्पन्न हुन्छ । अन्तर्वार्ता साझा सहभागितामा सम्पन्न हुने भएकाले सहभागी अन्तर्वार्ताको आवश्यक  र नभई नहुने तत्त्व हो । अन्तर्वार्ता एक व्यक्तिले मात्र सम्पन्न हुन सक्दैन त्यसैले न्यूनतम रूपमा प्रश्नकर्ता र उत्तरदाता यसका आवश्यक शर्त हुन् । प्रश्नकर्ता अन्तर्वार्तामा वार्ताकार व्यक्ति हो, जसले वार्तानायकसँग

प्रत्यक्ष प्रश्नहरूको प्रवाहलाई निरन्तर राख्छ र वार्तानायकको जीवनशैली, व्यक्तित्व, दृष्टिकोण, धरणा र विचार बुझ्ने कोशिस गर्छ । उत्तरदाता अन्तर्वार्तामा वार्तानायक व्यक्ति हो, जसले प्रश्नकर्ताले गरेका प्रश्नहरूको सामना गर्छ । प्रश्नको जवाफ दिनलाई र वार्ताकारलाई सन्तुष्ट पार्ने कार्यमा वार्तानायक ज्यादै तल्लीन रहन्छ । अन्तर्वार्तामा सहभागीको भूमिका ज्यादै महत्त्वपूर्ण हुन्छ । प्रत्यक्ष सहभागितामा अन्तर्वार्ता ज्यादै रोचक बन्छ, अप्रत्यक्ष सहभागितामा त्यति रोचक हुदैन । अन्तर्वार्तामा सहभागी भनेका साक्षात्कार गर्ने प्रश्नकर्ता र उत्तरदाता व्यक्तिहरू हुन् । यिनीहरूको उपस्थितिमा अन्तर्वार्ता सफल हुन्छ । त्यसैले सहभागीलाई अन्तर्वार्ताको आवश्यक सामग्री मानिएको हो ।

### २.४.२ **संवाद**

संवाद अन्तर्वार्ताको अत्यन्त आवश्यक र सबै भन्दा महत्त्वपूर्ण तत्त्व हो । संवादकै माध्यमबाट अन्तर्वार्ताले आफ्नो स्वरूप निर्माण गर्दछ । अन्तर्वार्तामा संवादको सर्बोपरी स्थान रहेको हुन्छ । संवादका लागि आवश्यक सामग्री प्रश्नवली हो र प्रश्नका आधारमा नै संवाद कस्तो हुन्छ भन्ने कुराको निर्धारण हुन्छ । प्रश्नावली समस्याको ठीक र सटिक उत्तर प्राप्तिका लागि निर्माण गरिन्छ । प्रश्नावली निर्देशित र अनिर्देशित गरी दुई प्रकारका हुन्छन् । निर्देशित प्रश्नावली बन्द खुला र मिश्रित गरी थप तीन तरिकाद्वारा निर्माण गरिन्छ । बन्द प्रश्नावली वस्तुपरक हुन्छ । खुला प्रश्नावलीमा विचार, धारणा र दृष्टिकोणलाई खुला रूपमा व्यक्त गर्ने संवाद स्वतन्त्रता दिइएको हुन्छ । मिश्रित प्रश्नावलीमा बन्द र खुला दुबैको मिश्रण गरिएको हुन्छ । अनिर्देशित प्रश्नावलीमा प्रश्नहरूको निर्धारण गरिएको हुँदैन, जसले गर्दा संवादमा लचिलोपना रहने गर्दछ साथै संवाद प्रभावकारी बन्छ र कलात्मक पनि हुन्छ ।

प्रश्नोत्तर अन्तर्वार्ताको मूल सञ्चालनविधि भएकोले संवाद यसको आधारभूत तत्त्व हो । संवादका क्रममा अतिगूढ तथ्यहरूको प्रकटीकरण प्रश्नकर्ताले आफ्नो कुशल संवादका माध्यमबाट भनाइ छाड्छ । त्यसैले साक्षात्कारलाई संवादयुद्ध पनि भनिन्छ ।[१२] संवादलाई उपयोगी र प्रभावकारी बनाउनको लागि प्रश्नकर्ता र उत्तरदाता दुबैको सहभागिता ज्यादै प्रभावपूर्ण हुनु जरूरी छ । प्रश्नकर्ताले अन्तर्वार्ता दिने व्यक्तिलाई कुशलतापूर्वक प्रश्नहरू प्रहार गर्छ । त्यसको सामना उत्तरदाताले कसरी गर्छ भन्ने कुरामा अन्तर्वार्तामा संवाद कुन

---

[१२] युवक उप्रेती, पूर्ववत् पृ. ७

रूपमा रहेको छ भन्ने कुराको अनुमान हुन्छ । संवाद अन्तर्वार्तामा वस्तुगत र गहन दुई रूपमा अभिव्यक्त हुन्छ । वस्तुगत संवादमा बन्द प्रश्नहरू रहन्छन् ।  हो वा होइन, ठीक वा बेठीक के हुन्छ प्रश्नकर्ताले दिएका मौकाहरूमा उत्तरदाता साँगुरिएको हुन्छ भने गहन संवादमा उत्तरदाताको व्यक्तित्व र बौद्धिक स्तरले चमत्कार देखाउने प्रशस्त स्थान पाउँछ । अन्तर्वार्तामा संवादले व्यापक कुरालाई समेटेको हुन्छ । सम्पूर्ण कुराको अभिव्यक्ति संवादका माध्यमबाटै हुन्छ । संवादमा निरन्तरता र सिलसिला मिल्नुका साथै पात्रअनुकूल, प्रत्युत्तरात्मक वा अग्रगामी, रोचक र प्रभावकारीपन हुनु आवश्यक हुन्छ ।

### २.४.३ पात्रको व्यक्तित्व

अन्तर्वार्ताको अर्को महत्त्वपूर्ण तत्त्व पात्रको व्यक्तित्व हो । अन्तर्वार्ताका क्रममा संलग्न व्यक्तिको व्यक्तित्व अन्तर्वार्ता लिने उद्देश्य अनुरूप छ कि छैन भन्ने कुराको अनुभव पात्रको व्यक्तित्वबाट गर्न सकिन्छ । यसका दुई पक्ष छन्- पात्रको बाह्य व्यक्तित्व र पात्रको आन्तरिक व्यक्तित्व ।

#### २.४.३.१ पात्रको बाह्य व्यक्तित्व

अन्तर्वार्ता दिने व्यक्तिको र अन्तर्वार्ता लिने व्यक्तिको बाहिरी शारीरिक  स्वरूपको उजागर पात्रको बाह्य व्यक्तित्वमा हुन्छ । विशेष गरी अन्तर्वार्ताकार भन्दा पनि अन्तर्वार्तानायकको व्यक्तित्वमा विशेष ख्याल गरिन्छ । उसको बाहिरी व्यक्तित्वमा वेशभूषा, रूपाकार, शारीरिक संरचना, हाउभाउ, आनीबानी आदिकुरालाई वर्णनात्मक रूपमा अथवा रेखाचित्रद्वारा प्रस्तुत गरिन्छ । लिखित अन्तर्वार्तामा भन्दा सञ्चार अन्तर्वार्तामा व्यक्तिको बाह्य व्यक्तित्वको झाँकी स्पष्ट रूपमा देखिन्छ ।

अन्तर्वार्तामा पात्रको बाह्य व्यक्तित्वको उजागर वार्ताकारले अन्तर्वार्ताको आदि, मध्य र अन्त्य जुन अवस्थामा पनि अङ्कित गर्न सक्दछ । वार्तामा भन्दा निवार्ताहरूमा पात्रको बाह्य व्यक्तित्वको वर्णन ज्यादा प्रस्तुत हुन्छ । अन्तर्वार्तालाई जीवन्त बनाउन पात्रको बाह्य व्यक्तित्व ज्यादै महत्त्वपूर्ण हुन्छ । पात्रको शारीरिक अवस्था, हाउभाव, रहनसहन तथा उसका रूचि अरूचि आनीबानी आदि विविध कुराको अङ्कन अन्तर्वार्ता लिँदा गरिन्छ, जसले

अन्तर्वार्तालाई जीवन्त र यथार्थ बनाउन मद्दत पुऱ्याउँछ।[१३] पात्रको बाह्य व्यक्तित्वको प्रकटीकरण अर्न्तार्ताको महत्त्वपूर्ण संरचक घटक हो।

### २.४.३.२ पात्रको आन्तरिक व्यक्तित्व

अन्तर्वार्ता लिने व्यक्ति, अन्तर्वार्ता दिने व्यक्तिको व्यक्तित्व र कृतित्वको प्रभावबाट प्रभावित भएर अथवा उसको व्यक्तित्वका बारेमा उत्सुक भएर ऊसम्म पुगेको हुन्छ । उसलाई वार्तानायक व्यक्तिबाट बारम्बार प्रेरणा मिल्दछ र उसलाई भेट्नु वार्ताकारलाई ठूलो उपलब्धी हासिल गरे जस्तो लाग्छ ।[१४] कतिपय सन्दर्भमा भने यस्तो नहुन पनि सक्छ । अन्तर्वार्ताका क्रममा प्रश्नकर्ताले जुन आशा राखेको हुन्छ त्यो पूरा नहुन पनि सक्छ । संवादका क्रममा वार्तानायकको भूमिका कस्तो रहन्छ, त्यस आधारमा उसको आन्तरिक व्यक्तित्व कति सशक्त छ भन्ने कुराको बोध वार्ताकार, पाठक र दर्शकलाई हुन्छ । आन्तरिक व्यक्तित्वको मूल आधार, व्यक्तिको बौद्धिकस्तर र जीवनानुभवबाट प्राप्त हुने कुरा हो । पात्रको आन्तरिक व्यक्तित्वको उजागर सहभागी व्यक्तिको स्वयंको प्रस्तुतिमा निर्भर रहन्छ । अन्तर्वार्तामा केबल वार्तानायकको वाह्यान्तर व्यक्तित्वमात्र उजागर नभएर वार्ताकारको पनि व्यक्तित्वको उजागरसमेत हुन्छ ।

पात्रको आन्तरिक व्यक्तित्व प्रकटीकरणमा वार्ताकारको भूमिका वार्तानायकको भन्दा प्रबल हुनु जरूरी हुन्छ । यस्तो हुन सकेन भने अन्तर्वार्ताकारले लक्षित व्यक्तिबाट प्राप्त गर्न चाहेको कुरा प्राप्त गर्न सक्दैन । त्यसैले वार्तानायकको मनोभावनाको राम्रो ज्ञान र  अध्ययन वार्ताकारलाई हुनु जरूरी हुन्छ । अन्तर्वार्ताका क्रममा वार्ताकार वार्तानायकको अन्तर्मन सम्म पुग्न सकेन भने वार्तानायकको व्यक्तित्वको प्रकटीकरण गर्न समेत गाह्रो पर्छ र संवादले रोचकता प्राप्त गर्न सक्दैन ।

पात्रको बाह्यान्तर व्यक्तित्वको उद्घाटन अन्तर्वार्तामा हुन सकेन भने अन्तर्वार्ता भेटघाटको औपचारिकतामा मात्र सीमित रहन्छ । अन्तर्वार्ता रोचक तथा आकर्षक बन्न सक्दैन  । त्यसैले पात्रको व्यक्तित्व, अन्तर्वार्ताको महत्त्वपूर्ण तत्त्व हो ।


---

[१३] रोशन थापा 'नीरव', पूर्ववत् पृ. ४५९ ।

[१४] हरिमोहन, पूर्ववत् पृ.२९२ ।

## २.४.४ दृष्टिकोण

व्यक्तिको कुनै पनि विषयवस्तुप्रतिको मूल्याङ्कनको आधार वा त्यसप्रतिको धारणा दृष्टिकोण हो । यो अन्तर्वार्ताको आवश्यक अर्को सामग्री हो । प्रश्नकर्ता मूलरूपमा अन्तर्वार्तानायकको विचार र अन्तर दृष्टिकोणलाई पाठकसामु राख्न चाहन्छ र उसको विचारको प्रकटीकरण गराउनतर्फ बढी केन्द्रित रहन्छ । कतिपय सन्दर्भमा प्रश्नकर्ता स्वयंले वार्तानायकका प्रतिको दृष्टिकोण समेत अगाडि सार्दछ । यो कार्य प्रश्नकर्ताले वार्ताको आरम्भमा नै गरेको हुन्छ ।[१५] अन्तर्वार्तामा मूलस्रष्टा र वार्ताकारको दृष्टिकोण अभिव्यक्त भएको हुन्छ भने पाठक वा दर्शकले यी दुबैप्रति आफ्ना धारणा बनाउने गर्छ । यसलाई यसरी देखाउन सकिन्छ ।




यस रेखाचित्रले अन्तर्वार्तामा वार्ताकारको दृष्टिकोण मूल रूपमा स्रष्टासँग मात्र रहेको देखाएको छ । पाठक वा दर्शकको भने दोहोरो दृष्टिकोण रहेको देखिएको छ । उसले वार्ताकार र वार्तानायक दुबैलाई बराबर अवलोकन गर्न पाउँछ । दृश्य अन्तर्वार्ताहरूमा यो क्रिया ज्यादै स्पस्ट रूपमा रहन्छ । निवार्ताहरूमा पनि यसको उपस्थिति बलियो नै रहन्छ । वस्तुपरक अन्तर्वार्तामा वार्ताकारप्रति पाठकको दृष्टिकोण रहँदैन अन्तर्वार्तामा वार्ताकार र वार्तानायक दुबैसँग प्रत्यक्ष रूपमा आफ्नो धारणा बनाउन पाठक सक्षम हुन्छ । अन्तर्वार्तामा कतिपय अवस्थामा अन्तर्वार्तामा मूल स्रष्टा र वार्ताकार व्यक्तिको दृष्टिकोण एउटै हुन पनि सक्छ भने कतिपय सन्दर्भमा विचारमा द्वन्द्व पनि हुन सक्छ । प्रश्नकर्ता अन्तर्वार्ताका समयमा ज्यादै गम्भीर हुनु जरूरी हुन्छ, किनकि उसले किन, कोसँग, केका लागि र कुन प्रसङ्गमा अन्तर्वार्ता लिएको छु भन्ने कुराको ज्ञान अन्तर्वार्ताकारलाई हुनुपर्दछ । यसबाट पाठकलाई उत्तरदाताको जीवनवृत्त, कृतित्व, विचार तथा दृष्टिकोणको बोध गर्न सजिलो हुन्छ । त्यसैले दृष्टिकोण अन्तर्वार्ताको महत्त्वपूर्ण सामग्री हो ।

---

[१५] रोशन थापा 'नीरव', पूर्ववत् पृ. ४६०, ।

## २.४.५ भाषाशैली

भाषा व्यक्तिको विचार विनिमय गर्ने माध्यम हो । भाषाविना कुनै पनि कुरा अभिव्यक्त हुन सक्दैन । शैली प्रस्तुतिको तरिका हो अन्तर्वार्तामा भाषा प्रयोगको अवस्था नै भाषाशैली हो । यो पनि अन्तर्वार्ताको आवश्यक सामग्री हो । अन्तर्वार्ताको भाषा वस्तुपरक र औपचारिक खालको हुन्छ । निवार्तामा भने भाषाको प्रयोग विश्लेषणात्मक, विवरणात्मक भावात्मक र वर्णनात्मक रूपमा गरिन्छ, जसले गर्दा निवार्ता बढी कलात्मक रदृश्यात्मक बन्न पुग्छ । अन्तर्वार्ता प्रत्यक्ष वा अप्रत्यक्ष जस्तो भए पनि यसको शैली भने संवादात्मक नै हुन्छ । भाषा संवादात्मक भए तापनि शैलीले गर्दा अन्तर्वार्तामा मौलिकपन अनि नवीनताको सिर्जना  हुन्छ ।

अन्तर्वार्ताका संरचक घटक वा आधारभूत सामग्रीमा सहभागी, संवाद, पात्रको बाह्य तथा आन्तरिक व्यक्तित्व, दृष्टिकोण र भाषाशैली पर्दछन् । यी सामग्रीबाहेक अन्तर्वार्ता सञ्चालनका क्रममा आवाश्यक पर्ने अन्य भौतिक सामग्रीलाई पनि यसका रचना तत्व मान्नु पर्छ । यस्ता सामग्रीहरूमा आवश्यक कलम, कापी, प्रश्नावली श्रव्यदृश्य साधनहरू जस्तो रेकर्डर, क्यामरा आदिको पनि आवश्यकता हुन्छ । जसले अन्तर्वार्तालाई प्रामाणिक वस्तुपरक र तथ्यपरक बनाउन सहयोग गर्छन् । यस्ता सामग्रीको प्रयोगले वार्तानायकले आफूले भनेका कुराहरूलाई पछि भनेको होइन भनेर काट्न वा खण्डन गर्न पाउँदैन जसले संवादलाई तथ्यपूर्ण बनाउन सहयोग गर्छ । रेकर्ड भएको कुरा पछिसम्म पनि सुरक्षित रहने हुँदा संवादको प्रामाणिकतालाई पुष्टि गर्न र वार्तानायक र वार्ताकारको आवाजलाई समेत सुरक्षित राख्न यस्ता भौतिक सामाग्रीहरूले सहयोग गर्ने भएका कारणले यी पनि अन्तर्वार्ताका आवश्यक संरचक घटक हुन् ।

## २.५ अन्तर्वार्ताका प्रकार र वर्गीकरणका आधार

अन्तर्वार्ता कति प्रकारका छन् भन्ने बारेमा मूल आधार प्राप्त छैनन् । विशेष गरी प्रविधि र प्रस्तुतिलाई मूल आधार मानी अन्तर्वार्तालाई क्रमश निर्देशित र अनिर्देशित तथा प्रत्यक्ष, पत्रात्मक र विद्युतीय अन्तर्वार्तामा विभाजन गरेको पाइन्छ । अन्तर्वार्ता कति प्रकारका छन् भन्ने कुरा अन्तर्वार्तालाई के कति अधारमा वर्गीकरण गर्न सकिन्छ, त्यसैमा निर्भर हुन्छ । अन्तर्वार्ताका प्रकारहरू निर्धारण गर्न यहाँ केही  वर्गीकरणका आधारहरू

प्रस्तुत गरिएको छ । यीमध्ये प्रविधि, सहभागी, समय, लक्ष्य कार्य र प्रस्तुतिशैलीलाई मूल आधार मानिएको छ । माथि चर्चा गरिएका आधारमा अन्तर्वार्ता निम्नानुसार रहेका छन् ।

### २.५.१ प्रस्तुतिशैलीका आधारमा

अन्तर्वार्ता प्रस्तुत गर्ने तरिकालाई प्रस्तुतिशैली भनिन्छ । कुनै विशिष्ट व्यक्तिसँग भएको कुराकानीलाई प्रत्यक्षरूपमा प्रकाशन गर्ने अथवा त्यसमा वार्ताकार व्यक्तिका मनमा लागेका उसप्रतिका धारणा, विचारलाई पनि समावेश गरी प्रस्तुत गर्ने आधारमा अन्तर्वार्ता मूल रूपमा वार्ता र निवार्ता गरी दुई प्रकारको हुन्छ ।

#### २.५.१.१ वार्ता

अन्तर्वार्तामा सहभागीहरूले गरेको कुराकानी जस्ताको तस्तै प्रश्नोत्तरको शैलीमा प्रस्तुत गर्नु नै वार्ता हो ।[१६] यसमा प्रश्नकर्ता र उत्तरदाताको प्रत्यक्ष साक्षात्कारलाई बढी महŒव दिएको हुन्छ । यसमा कतिपय सन्दर्भमा लिखित प्रश्नहरूद्वारा पनि वार्ता सम्पन्न गरिन्छ । यस्तो अन्तर्वार्ता ज्यादै औपचारिक र वस्तुपरक किसिमको हुन्छ । प्रश्नकर्ताले यस्तो अन्तर्वार्तामा उत्तरदाताको दृष्टिकोण, हाउभाउ र विचारलाई अनुभव गरे तापनि प्रश्नोत्तर विधि र प्रश्नको निश्चित ढाँचामा अन्तर्वार्ता सम्पन्न गर्नु पर्ने हुँदा ती कुरालाई अभिव्यक्त गर्न सक्दैन । वार्ता ज्यादै शोधपरक किसिमको अन्तर्वार्ताको प्रकार हो । वार्तामा प्रश्नकर्ता र उत्तरदाता निश्चित र औपचारिक किसिमका प्रश्न र परिस्थितिमा बाँधिएका हुन्छन् । सीमाहरूमा नियन्त्रित हुनुपर्ने भएकाले स्वतन्त्रता यसमा रहँदैन साथै वार्ताकारको वैयक्तिक अनुभूति प्रस्तुत हुन पनि सक्दैन । उत्तरदाताका अनुभव दृष्टिकोण र व्यक्तित्वको प्रकटीकरण केही मात्रामा भए पनि प्रश्नकर्ताका विचारले र अनुभूतिले वार्तामा स्थान पाउँदैन । वार्तामा संवाद तत्वको प्रधानता रहन्छ ।

#### २.५.१.२ निवार्ता

निवार्ता दुई भिन्न विधाको मिश्रणबाट निर्माण भएको अन्तर्वार्ताको नवीन शैली हो ।

---

[१६] युवक उप्रेती पूर्ववत् पृ. ६, ।

निवार्ता निबन्धको 'नि' र अन्तर्वार्ताको 'वार्ता' अंश संयोजन गरिएको रूप नै निवार्ता हो ।[१७] विपरीत विधाहरूलाई संयोजन गरी नवीन सौन्दर्यको खोजी निवार्तामा गरिन्छ । "अन्तर्वार्तामा निबन्धको आत्मपरकता, रेखाचित्रको बिम्बात्मकता, सस्मरणको अतीतमोह, रूपकीय आलेखको नाटकीकरण, पात्रको वर्णनात्मकता, दैनिकीको विवरणात्मकता, सम्पादकीयको विश्लेषणात्मकता, भूमिकाको साङ्केतिकता प्राक्कथनको सहानुभूतिमूलक मूल्याङ्कन, नियात्राको अनुभवात्मकता, अन्तर्वार्ताको संवादात्मक यथार्थ र वस्तुपरकता समालोचनाको मूल्यनिर्णयलाई समेटिएको हुन्छ ।"[१८] निवार्तामा वार्तानायक व्यक्तिको दृष्टिकोण र वार्ताकार व्यक्तिको दृष्टिकोण समेत प्रस्तुत हुने हुँदा यो अन्तर्वार्ता वार्ता भन्दा ज्यादै कलात्मक र सुन्दर हुन्छ । स्रष्टासँगको कुराकानीलाई विशेष संवादतन्तुले आत्मपरकतामा विलय गराउनु यस विधाको मूल सामर्थ्य हो । अन्तर्वार्ताका सन्दर्भमा निवार्ताको प्रथम नमूना २०१० सालमा **प्रगति** पत्रिका वर्ष १ अङ्क ३ पृष्ठ १५५ मा प्रकाशित नेपालका 'महाकविसँग भेट' शीर्षकको रचना हो ।

### २.५.२ प्रविधिका आधारमा

प्रविधि भनेको  अध्ययन पद्दति हो । यस आधारमा पनि अन्तर्वार्ताको वर्गीकरण गर्न सकिन्छ । प्रविधिका अधारमा अन्तर्वार्ता निर्देशित र अनिर्देशित गरी दुई प्रकारका हुन्छन् ।

### २.५.२.१ निर्देशित अन्तर्वार्ता

पूर्व तयारीका आधारमा प्रस्तुत गरिने अन्तर्वार्तालाई निर्देशित अन्तर्वार्ता भनिन्छ । यसलाई औपचारिक अन्तर्वार्ता पनि भनिन्छ ।[१९] यसमा प्रश्न कसरी सोध्ने, कुन ढाँचामा सोध्ने, भन्ने कुरा तथा प्रश्नावलीमा उपयोग हुने सामग्रीको निर्धारण पहिले नै भएको हुन्छ । यसमा उच्च प्रविधि र प्रश्नहरूको ढाँचा पूर्वनिश्चित हुन्छ । निर्देशित अन्तर्वार्तामा वार्तानायकलाई पहिले नै जानकारी दिइएको हुन्छ । यसमा उत्तरदाता व्यक्तिहरूले एकै खाले प्रश्नको जवाफ दिनु पर्ने हुन्छ तर कहिले काहीँ प्रत्येक व्यक्तिले प्रश्नलाई फरक अर्थमा

---

[१७] रोशन थापा 'नीरव', "भूमिकाका सन्दर्भमा नेत्र एटमको निवार्ता", **सीमान्त आकाश स्रष्टासित अन्तर्यातात्रा**, लेखक नेत्र एटम, (काठमाडौं : तन्नेरी प्रकाशन, २०६२), पृ.४६३ ।

१८ राजन भट्टाई , **"सीमान्त आकाशमा नयाँ सौन्दर्य शास्त्रको खोजी"**, **शारदा** (वर्ष १, अङ्क ९, २०६४, असोज) पृ ६३ ।

[१९] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् पृ. ४० ।

लिई सोहीअनुसार जवाफ दिन पनि सक्छन् । यस्तै अन्तर्वार्तामा वार्ताकारलाई चित्त बुझ्दो उत्तर नआए पनि स्वीकार गनु पर्ने हुन्छ, किनकि यस्तो अन्तर्वार्तामा प्रश्नकर्ताले वार्तानायकलाई प्रश्नहरू दोहोऱ्याएर सोध्न सक्तैन, तर कहिलेकाहीँ वैकल्पिक प्रश्नहरूको व्यवस्था निर्देशित अन्तर्वार्तामा गरिएको हुन्छ । निर्देशित अन्तर्वार्ता खास योग्यता भएका व्यक्तिले मात्र ठीकसँग दिन सक्छ । सामूहिक विचारमा एकरूपता ल्याउन निर्देशित अन्तर्वार्ताले सहयोग पुऱ्याउँछ । यसै कारणले गर्दा सामूहिक अन्तर्वार्ताका लागि यो विधि ज्यादै उपयोगी हुन्छ ।

### २.५.२.२ अनिर्देशित अन्तर्वाता

पूर्व तयारी नगरी लचिलो रूपमा लिइने अन्तर्वार्तालाई अनिर्देशित अन्तर्वार्ता भनिन्छ । यस्तो अन्तर्वार्ताको प्रस्तुति अनौपचारिक हुन्छ । अनिर्देशित अन्तर्वार्तामा पूर्वनिर्धारित प्रश्नहरूको सूची रहदैन । प्रश्नकर्ता आफ्नो प्रश्नलाई लचिलो वा कसिलो दुवै बनाउन स्वतन्त्र हुन्छ भने उत्तरदाता पनि आफ्नो विचार, धारणा प्रस्तुत गर्नका लागि समेत स्वतन्त्र रहन्छ । उसलाई आफूले चाहे जसरी स्थितिको वर्णन गर्ने सुविधा प्राप्त हुन्छ । अनिर्देशित अन्तर्वार्तामा प्रश्नकर्ता र वार्तानायक दुबै स्वतन्त्र रहन्छन् । यसमा प्रश्नलाई भन्दा अन्तर्वार्ता लिने उद्देश्यलाई बढी महत्त्व दिइन्छ ।

अन्तर्वार्ताकारले  व्यक्तिगत ज्ञान र अनुभवका आधारमा अन्तर्वार्तालाई लामो या छोटो बनाउन सक्छ । प्रश्नहरूलाई निरन्तर दोहोऱ्याएर सोध्न सकिने हुनाले वार्ताकारले चाहेको निष्कर्ष निकाल्न सक्छ । यस्तो हुँदा सही तथ्यको राम्रो विश्लेषण नभई गलत तथ्यमा निष्कर्ष निस्कन सक्छ । यो अन्तर्वार्ता लचिलो हुने भएकाले तुलनात्मक रूपमा नतिजा निकाल्न गाह्रो हुन्छ साथै तथ्याङ्कको विश्लेषणमा पनि कठिनाइ हुन्छ । अनिर्देशित अन्तर्वार्ता बढी सूचनामुखी र व्यक्तित्वको पहिचानमा सशक्त रहन्छ । यस्तो अन्तर्वार्तामा एकरूपता निर्धारण गर्न अन्तर्वार्ताकारलाई ज्यादै कठीन हुन्छ, त्यसैले सामूहिक अन्तर्वार्ताका लागि यो सहज प्रविधि होइन । व्यक्तिका व्यक्तिगत धारणा, विचार, दृष्टिकोण बुझ्नका लागि यस्तो अन्तर्वार्ता ज्यादै उपयोगी हुन्छ ।

### २.५.३ लक्ष्य वा उद्देश्यका आधारमा

अन्तर्वार्ता कुन प्रयोजन वा लक्ष्यका लागि लिइन्छ, त्यस आधारमा पनि अन्तर्वार्ताको वर्गीकरण गर्न सकिन्छ । उद्देश्य वा लक्ष्यका आधारमा अन्तर्वार्ताका पाँच प्रकार हुन्छन् ती हुन् । केन्द्रित अन्तर्वार्ता, गहन अन्तर्वार्ता, पुनरावृत्तीय अन्तर्वार्ता, परिणात्मक अन्तर्वार्ता र गुणात्मक अन्तर्वार्ता ।

#### २.५.३.१ केन्द्रित अन्तर्वार्ता

कुनै खास प्रयोजन अथवा लक्ष्यका लागि सोही विषयमा केन्द्रित भएर सम्पन्न गरिने अन्तर्वार्तालाई केन्द्रित अन्तर्वार्ता भनिन्छ । केन्द्रित अन्तर्वार्तामा वार्ताकार प्रश्न कसरी राख्ने, प्रश्नावलीको क्रम कसरी निर्धारण गर्ने, कारण र प्रवृत्तिको खोजी कसरी गर्ने, भन्ने कुरामा स्वतन्त्र रहन्छ । यस अन्तर्वार्ताको मूल उद्देश्य भनेको उत्तरदाताबाट प्रश्नकर्ताले चाहेको विषयमा छलफल गरी खास स्थिति पत्ता लगाउनु मात्र हो । यसमा व्यक्तिगत प्रतिक्रिया अनुभव र स्थितिको बोध गर्न सकिन्छ । कुनै पनि विषय वा व्यक्तिको वास्तविकता पत्ता लगाउन यस्तो अन्तर्वार्ता गरिने हुँदा सम्बन्धित घटना विषय र व्यक्तिसँग संलग्न भएको पात्रमात्र यस अन्तर्वार्ताको सहभागी हुन सक्छ । नेपालीमा कुमारबहादुर जोशीले लिइएको देवकोटाकेन्द्रित अन्तर्वार्ता **एक व्यक्तित्व अनेक दृष्टि** यस अन्तर्वार्ताको उदाहरण हो ।

#### २.५.३.२ गहन अन्तर्वार्ता

व्यक्तिको अन्तर्मन, गतिशीलता, अभिप्रेरणा र मानव मनमा लुकेर बसेका कामना महत्त्वकाङ्क्षा अतृप्तिहरूका बारेमा ज्ञान लिनका लागि निश्चित उद्देश्य लिएर सम्पन्न गरिने अन्तर्वार्तालाई गहन अन्तर्वार्ता भनिन्छ । गहन अन्तर्वार्ता विशेष गरी लामो प्रकृतिको हुन्छ । यसलाई सम्पन्न गर्नको लागि वार्ताकार र वार्तानायक दुबैलाई अथक प्रयास गर्नु पर्ने हुन्छ । यस अन्तर्वार्तामा वातानायकलाई विचार प्रवाह गर्नमा स्वतन्त्रता रहन्छ । जसले गर्दा उसले आफ्ना नितान्त व्यक्तिगत र गोप्य कुरासमेत अन्तर्वार्ताकारसँग व्यक्त गर्छ । कुनै पनि व्यक्तिका बारेमा र उसको विचार दृष्टिकोण आदिलाई बुझ्नका लागि यस्तो अन्तर्वार्ता

लिइन्छ । गहन अन्तर्वार्ताका माध्यमबाट नै व्यक्तिको यौनव्यवहारको समेत अध्ययन गर्न सकिन्छ ।

गहन अन्तर्वार्ता सम्पन्न गर्नको लागि सहभागी व्यक्तित्वका बीचमा ज्यादै नजिकको सम्बन्ध हुनु जरूरी हुन्छ, साथै एक अर्काप्रति पूर्ण विश्वाससमेत हुनुपर्छ । यदि यस्तो नभएमा सही जानकारी प्राप्त नहुन पनि सक्छ । गहन अन्तर्वार्ता ज्यादै कठीन र गम्भीर खालको अन्तर्वार्ता हो ।

### २.५.३.३ पुनरावृत्तीय अन्तर्वार्ता

कुनै पनि विषयक्षेत्रमा भएको परिवर्तनलाई बुझ्नको लागि लिइने अन्तर्वार्तालाई पुनरावृत्तीय अन्तर्वार्ता भनिन्छ । समाजका सामाजिक, आर्थिक, धार्मिक, सामाजिक, साहित्यिक, सांस्कृतिक आदि क्षेत्रमा भएको सूक्ष्म तथा आमूल परिवर्तनलाई बुझ्न पुनरावृत्तीय अन्तर्वार्ता उपयोगी सिद्ध हुन्छ । समाजको गतिशीलतासँगै भएको परिवर्तनलाई बुझ्नको लागि दोहोऱ्याएर गरिने कुराकानी भएकोले यो अन्तर्वार्ता बढी खर्चिलो र लामो समय लाग्ने हुन्छ । व्यक्तिगत रूपमा भन्दा पनि संस्थागत रूपमा यो अन्तर्वार्ता गर्ने गरिन्छ । दुई फरक बिन्दुमा रहेर यस्तै अन्तर्वार्ताका माध्यमबाट समाजमा भएको परिवर्तन र व्यक्ति व्यवहारमा भएको परिवर्तनको ज्ञान पनि यस अन्तर्वार्ताबाट गर्न सकिन्छ ।

### २.५३.४ गुणात्मक अन्तर्वार्ता

सामग्रीको प्राप्तिलाई मूल उद्देश्य मानेर गरिने अन्तर्वार्ताहरूमा गुणात्मक अन्तर्वार्ता पर्दछ । गुणात्मक सामग्री प्राप्त गर्ने लक्ष्यका साथ सम्पन्न गरिने वार्ता नै गुणात्मक अन्तर्वार्ता हो । बृहत् ज्ञानका लागि गुणात्मक अन्तर्वार्ता ज्यादै उपयोगी हुन्छ । गुणात्मक अन्तर्वार्ताले समय र सामग्रीको परिमाणलाई भन्दा पनि विषय वस्तुको गुणलाई बढी महत्त्व दिन्छ ।

### २.५.३.५ परिमाणात्मक अन्तर्वार्ता

सङ्ख्यात्मक रूपमा बढी सूचना प्राप्त गर्ने उद्देश्य राखेर सम्पन्न गरिने कुराकानीलाई परिमाणात्मक अन्तर्वार्ता भनिन्छ । सङ्ख्यात्मक रूपमा बढी सामग्री आवश्यक

पर्ने अनुसन्धान तथा खोजका लागि परिमाणात्मक अन्तर्वार्ता ज्यादै उपयोगी हुन्छ यस्तो अन्तर्वातामा गहन विषयवस्तु वैचारिक अभिव्यक्ति तथा गम्भीर दृष्टिकोण उपस्थित नहुन पनि सक्छ ।

### २.५.४ कार्यका आधारमा

कुनै निश्चित कामका लागि पनि अन्तर्वार्ता लिने गरिन्छ । कुन कामका लागि अन्तर्वार्ता लिइने हो, त्यसलाई एउटा आधार मान्दा अन्तर्वार्तालाई अनुसन्धान, निदानात्मक वा पहिचान, उपचारात्मक र सञ्चार गरी वर्गीकरण गर्न सकिन्छ ।

#### २.५.४.१ अनुसन्धान अन्तर्वार्ता

अनुसन्धानका क्रममा अन्तर्वार्ताका माध्यमबाट सामग्री पहिचान, समस्याको पूर्ण तथा विस्तृत कारणको खोजी गर्ने काम गरिन्छ । समस्याको समाधान तथा सामग्रीहरूको पहिचानका लागि सम्पन्न गरिने अन्तर्वार्तालाई अनुसन्धान अन्तर्वार्ता भनिन्छ । यसमा समस्याको समाधानका लागि कारण र तथ्यको खोजी गरिन्छ । यस अन्तर्वार्ताका माध्यमबाट अनुसन्धानकर्ताले सामग्रीको सूचना सङ्कलन गर्छ । अनुसन्धान अन्तर्वार्ता विशेष गरी समस्यामा केन्द्रित रहन्छ । अध्ययनको व्यापकता अनुसन्धान अन्तर्वार्तामा रहने गर्छ ।

#### २.५.४.२ निदानात्मक/पहिचान अन्तर्वार्ता

निश्चित खालको खराबी रोग वा समस्याको निराकरणको लागि लिइने अन्तर्वार्तालाई निदानात्मक/पहिचान अन्तर्वार्ता भनिन्छ । यसबाट रोग वा खराबीको कारण पत्ता लगाउने काम हुन्छ । समस्याको कारण पत्ता लगाउने हुनाले यस्तो कुराकानीले समस्याको समाधानका लागि सहयोग पुऱ्याउछ । व्यक्तिगत तथा सामूहिक दुबै समस्यको पहिचानका लागि निदानात्मक अन्तर्वार्ता ज्यादै उपयोगी हुन्छ ।

#### २.५.४.३ उपचारात्मक अन्तर्वार्ता

समस्याको पहिचान भएपछि त्यसको समाधानका लागि लिइने अन्तर्वार्तालाई उपचारात्मक अन्तर्वार्ता भनिन्छ । निदानात्मक अन्तर्वार्तामा समस्याको पहिचान मात्र गरिन्छ भने उपचारात्मक अन्तर्वार्तामा समस्याको समाधान गर्ने उद्देश्य रहन्छ । उपचारात्मक वार्ता

विशेष गरी मनोविज्ञानसँग बढी नजिक रहन्छ । मनोरोगी व्यक्तिका मनका समस्याको पहिचान गरी वार्ता पद्धतिद्वारा समस्याको समाधान उपचारात्मक अन्तर्वार्तामा गरिन्छ ।

### २.५.४.४ सञ्चार अन्तर्वार्ता

रेडियो टेलिभिजनजस्ता सञ्चारका श्रव्य, दृश्य माध्यमबाट प्रसारण गर्ने कार्यका लागि लिइने अन्तर्वार्तालाई सञ्चार अन्तर्वार्ता भनिन्छ ।[२०] सञ्चार अन्तर्वार्ता ज्यादै औपचारिक हुन्छ । यस्तो अन्तर्वातामा आवश्यकताअनुसार ध्वनि प्रकाश र सङ्गीतको व्यवस्था मिलाइएको हुन्छ । सञ्चार अन्तर्वार्तालाई प्रस्तुतिको ढाँचाअनुसार वर्णनात्मक र नाटकीय स्वरूपमा प्रस्तुत गरिन्छ । टेलिभिजनबाट प्रसारित हुने अन्तर्वार्तामा सहभागीको व्यक्तित्व स्पष्ट रूपमा प्रस्तुत हुन्छ । यसबाट दर्शकले वार्ताकार र वार्तानायकप्रति एक प्रकारको दृष्टिकोण सजिलै निर्माण गर्छ ।

### २.५.५ औपचारिकताका आधारमा

औपचारिकताका आधारमा अन्तर्वार्तालाई औपचारिक र अनौपचारिक अन्तर्वार्ता गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

### २.५.५.१ औपचारिक अन्तर्वार्ता

औपचारिक अन्तर्वार्तामा अन्तर्वार्ताकारले अन्तर्वार्तानायकलाई औपचारिक सूचना दिई समय र स्थानको निर्धारणपश्चात् अन्तर्वार्ता लिने गर्छ । प्रश्नावलीको निर्धारण पनि पहिले नै गरिएको हुन्छ । औपचारिक अन्तर्वार्तामा प्रश्नावलीको निर्धारण उद्देश्य, समय, विषय र विधिमा अडेर गरिन्छ । अनौपचारिक कुराकानीलाई वार्ताका क्रममा महत्त्व दिइँदैन । अन्तर्वार्ताका क्रममा भएका व्यवस्थित कुराकानीलाई मिलाएर लेख्ने वा रेकर्ड गर्ने काम गरिन्छ । यो औपचारिक र वस्तुपरक हुने हुँदा बीचबीचमा प्रश्नहरू थप गर्न वा दोहोऱ्याउन मिल्दैन त्यसैले औपचारिक अन्तर्वार्तामा लचकताको कमी हुन्छ । पहिले नै प्रश्नावलीको निर्धारण र अन्तर्वार्ता विधिको निर्धारण गरिने हुनाले सामान्य व्यक्तिद्वारा पनि अन्तर्वार्ता सम्पन्न गर्न सकिन्छ ।

---

[२०] युवक उप्रेती पूर्ववत् पृ ६ ।

#### २.५.५.२ अनौपचारिक अन्तर्वार्ता

पूर्वयोजनाविना नै लिइने अन्तर्वार्तालाई अनौपचारिक अन्तर्वार्ता भनिन्छ । यस्तो अन्तर्वार्तामा समय, उद्देश्य, विधि र प्रश्नावलीको निर्धारण गरिएको हुँदैन । प्रश्नकर्ताले वार्तालापका क्रममा आवश्यकताअनुसार प्रश्नहरूको निर्माण गर्दै अन्तर्वार्ता लिने गर्दछ । आवश्यकताअनुसार प्रश्नहरू थप गर्ने दोहोऱ्याउने प्रतिप्रश्न गर्ने कार्यसमेत वार्ताकारले गर्न सक्छ । वार्ताकार र वार्तानायक दुबै बन्धनमा नबाँधिने हुनाले अन्तर्वार्ता कुनै एउटा विषयमा नभएर धेरै विषयमा छरिन सक्छ अथवा विषयभन्दा बाहिर पनि जान सक्छ । निवार्तात्मक प्रस्तुतिमा यस्तो अन्तर्वार्ताको प्रयोग ज्यादा हुन्छ । अनौपचारिक अन्तर्वार्तामा वार्ताकार व्यक्ति दक्ष र प्रबुद्ध हुन आवश्यक हुन्छ । परिस्थिति अनकूल प्रश्नावली र विधिको सिर्जना अन्तर्वार्ताकारले गर्न सकेन भने अन्तर्वार्ता उद्देश्य प्राप्तिमा नपुगेर नै टुङ्गिन सक्छ ।

### २.५.६ सहभागी सङ्ख्याका आधारमा

वर्ताकार र वार्तानायकको सहभागितामा सम्पन्न हुने अन्तर्क्रियात्मक कार्य नै अन्तर्वार्ता हो । अन्तर्वार्ताको न्यूनतम शर्त भनेको प्रश्नकर्ता र उत्तरदाता व्यक्तित्व नै हुन् । यिनलाई अन्तर्वार्तामा सहभागी भनिन्छ । सहभागी सङ्ख्याका आधारमा अन्तर्वार्तालाई व्यक्तिगत र सामूहिक अन्तर्वार्ता गरी वर्गीकरण गर्न सकिन्छ ।

#### २.५.६.१ व्यक्तिगत अन्तर्वार्ता

एक जना प्रश्नकर्ता  र एक जना उत्तरदाताको सहभागितामा आमने सामने भएर सम्पन्न गरिएको कुराकानीलाई व्यक्तिगत वा एकल अन्तर्वार्ता भनिन्छ । यो प्रत्यक्ष वा अप्रत्यक्ष, औपचारिक वा अनौपचारिक दुवै किसिमको हुन सक्छ । अन्तर्वार्तामा एक एक जनाको मात्र सहभागिता हुने हुनाले यसलाई व्यवस्थित रूपमा सम्पन्न गर्न सकिन्छ । एक जना व्यक्तित्वसँगको अन्तरङ्ग कुराकानी व्यक्तिगत अन्तर्वार्तामा गरिने हुनाले विषयको गहिराइ वा अन्तर्तहसम्म पुग्न सजिलो हुन्छ । व्यक्तिको व्यक्तित्व, दृष्टिकोण र विचार बुझ्नलाई व्यक्तिगत अन्तर्वार्ता ज्यादै उपयोगी हुन्छ । व्यतिगत अन्तर्वार्ता एकपक्षीय र खर्चिलो अन्तर्वार्ता हो ।

### २.५.६.२ सामूहिक अन्तर्वार्ता

एक जना प्रश्नकर्ताले धेरै उत्तरदातासँग वा धेरै प्रश्नकर्ताले एक वा सो भन्दा धेरै सहभागीसँग सम्पन्न गर्ने अन्तर्वार्तालाई  सामूहिक अन्तर्वार्ता भनिन्छ । समस्याको पहिचान र त्यसको निराकरणका लागि सामूहिक अन्तर्वार्ता लिइन्छ । प्रत्यक्ष संवाद र प्रश्नहरूका माध्यमबाट पनि यसलाई सम्पन्न गर्न सकिन्छ । समूह ज्यादै ठूलो भएमा वार्ताकारलाई नियन्त्रण गर्न ज्यादै अप्ठेरो हुन्छ । त्यसैले बढीमा दश जनाको समूह निर्माण गरी चक्रीय स्वरूपमा अन्तर्वार्ता लिनु पर्छ । यस्तो अन्तर्वार्तामा सामूहिक उपस्थिति हुने हुँदा सहभागीको व्यक्तित्व, विचार, भावना, दृष्टिकोण, अनुभव र कृतित्वको गहिराइमा पुग्न वार्ताकारले ज्यादै कठोर परिश्रम गर्नु पर्छ । यसमा वार्ताकारलाई धेरै धैर्यको आवश्यकता हुन्छ ।

### २.५.७ सम्पर्क समयका आधारमा

अन्तर्वार्ताकारले वार्तानायकसँग अन्तर्वार्ताका लागि सम्पर्क गर्ने समयका आधारमा पनि अन्तर्वार्तालाई वर्गीकरण गर्न सकिन्छ । यस आधारमा अन्तर्वार्तालाई अल्प सम्पर्क अन्तर्वार्ता र दीर्घ सम्पर्क अन्तर्वार्ता  गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

### २.५.७.१ अल्प सम्पर्क अन्तर्वार्ता

वर्ताकार व्यक्तिले वार्तानायक व्यक्तिसँग छोटो समयसम्म मात्र सम्पर्क गरी वार्ताको सम्पूर्ण कार्य सम्पन्न गर्दछ भने त्यसलाई अल्प सम्पर्क अन्तर्वार्ता भनिन्छ । यस्तो अन्तर्वार्तामा निर्धारित प्रश्नावली सोधिन्छ र प्रतिक्रियालाई टिपोट गरिन्छ वा रेकर्ड गरिन्छ । त्यसपछि उत्तरदातासँग प्रत्यक्ष सम्पर्क राखिदैन त्यसैले सम्पर्क समय ज्यादै छोटो हुने भएको र त्यही छोटो समयमा वार्ता सम्पन्न हुने भएकाले यसलाई अल्प सम्पर्क अन्तर्वार्ता भनिएको हो ।

### २.५.७.२ दीर्घ सम्पर्क अन्तर्वार्ता

वर्ताकार व्यक्तिले वार्तानायक व्यक्तिसँग पटकपटक सम्पर्क कायम गरी लामो सम्पर्कपछि वार्ताको सम्पूर्ण कार्य सम्पन्न गर्दछ भने त्यसलाई दीर्घ सम्पर्क अन्तर्वार्ता भनिन्छ । पटकपटकको सम्पर्कका कारण यस्तो अन्तर्वार्तामा सहभागी व्यक्तिका बीचको घनिष्टता बढ्ने हुन्छ । यस्तो वार्तामा समस्याको गहिराइसम्म पुग्न सकिन्छ । उत्तरदातासँग

लामो समयसम्म  प्रत्यक्ष सम्पर्क राखिने हुनाले सम्पर्क समय ज्यादै लामो हुन्छ । लामो समयमा वार्ता  सम्पन्न हुने भएकाले यसलाई दीर्घ सम्पर्क अन्तर्वार्ता भनिएको हो । दीर्घ सम्पर्क अन्तर्वार्तामा विचार धारणा दृष्टिकोण बोध गर्नको लागि निकै सजिलो हुन्छ ।

### २.५.८ अन्तर्वार्ताका अन्य प्रकारहरू

माथि प्रस्तुत गरिएका अन्तर्वार्ता वर्गीकरणका आधारहरूबाहेक पनि अन्तर्वार्ताका अन्य प्रकारहरू पनि रहेका छन् । यसमा समाचार अन्तर्वार्ता, मौका अन्तर्वार्ता, टेलिफोन अन्तर्वार्ता, लिखित अन्तर्वार्ता, अन्तर्वार्ताका अन्य प्रकारमा पर्दछन् । कुनै एउटा समसामयिक चासोको विषयमा सम्पबन्धित व्यक्तिसँग समाचार, जानकारी र विचार लिने उद्देश्यले लिइने अन्तर्वार्तालाई समाचार अन्तर्वार्ता भनिन्छ । मौका अन्तर्वार्ता विशेष अवसर वा मौकामा लिइन्छ । यो अन्तर्वार्ता परिचितिमा भर पर्छ । समाचार अन्तर्वार्ता र मौका अन्तर्वार्ता दुबै घटना केन्द्रित अन्तर्वार्ता हुन् ।

कुनै बृहत् चासोको विषयमा सम्बन्धित व्यक्तिसँग टेलिफोनका माध्यमबाट सम्पन्न गरिने अन्तर्वार्तालाई टेलिफोन अन्तर्वार्ता भनिन्छ । चर्चित विषय प्रसङ्ग र व्यक्तिका बारेमा यस्तो अन्तर्वार्ता लिइन्छ । समयका अभावमा यो ज्यादै उपयोगी हुन्छ । रेडियो टेलिभिजन आदि सञ्चार माध्यमले यस्तो अन्तर्वार्ताको प्रयोग ज्यादा गर्दछन् । लिखित अन्तर्वार्ता पनि अन्तर्वार्ताकै एउटा प्रकार हो । वार्ताकारले अन्तर्वार्ता लिने विषय र व्यक्तिका बारेमा प्रश्नहरू पहिने नै तयार पारी अन्तर्वार्ता लिने व्यक्तिलाई दिएर उसले लेखेको उत्तरलाई सङ्कलन गरी तयार पार्ने अन्तर्वार्तालाई लिखित अन्तर्वार्ता भनिन्छ । यो अन्तर्वार्ता त्यत्ति रोचक हुँदैन ।

## २.६ नेपाली अन्तर्वार्ताको आरम्भ र विकास

साहित्यका क्षेत्रका व्यक्तिहरूसँग विचारको आदान प्रदान गर्ने प्रचलन धेरै पुरानो हो । पूर्व तथा पश्चिममा साहित्यको सैद्धान्तिक बहस र शास्त्रार्थका क्रममा विद्वान्हरूका बीच हुने गरेका संवाद नै आजका अन्तर्वार्ताका बीजबिन्दु हुन् । पूर्वमा लामो समयसम्म यो अवस्था रह्यो भने पश्चिममा त्यसको स्वरूपमा परिवर्तन आयो र अन्तर्वार्ताका विविध रूपको विकास भयो । नेपाली भाषामा विशिष्ट व्यक्तिहरूका बीचमा अन्तर्क्रियात्मक

अभिव्यक्तिको थालनी भए पछि अन्तर्वार्ताको विकास भएको हो । निबन्धको विकासपछि अन्तर्वार्ताको विकास भएको मानिन्छ । त्यसैले अन्तर्वार्ता निबन्ध विधाको उपभेदमा समेटिन्छ । अन्तर्वार्ताको आधारपीठ भनेको निबन्ध हो । पृष्ठभूमि कालमा रचना भएका निबन्धमा आंशिक संवादको प्रयोग र आत्मिक विन्यास भएको पाइन्छ । औपचारिक रूपमा निबन्धको विकास **गोरखापत्र** (१९५८) को प्रकाशनपछि भएको मानिन्छ । यस समयमा प्रकाशित निबन्धले स्रष्टाको सिर्जना मूल्यलाई अगाडि बढाएका छन् । निबन्धको विकाससँगै वैचारिक स्थापना र स्रष्टाको दृष्टिकोण बुझ्नको लागि वैचारिक मन्थन भएपछि २००० को दशकपछि मात्र नेपालीमा अन्तर्वार्ताले स्पष्ट स्वरूप स्थापना गरेको हो । नेपाली निबन्धको आरम्भ बिन्दु पृथ्वीनारायण शाहको **दिव्योपदेश** लाई मानिन्छ । निबन्धमा आधुनिकताको सुरुवात देवकोटाको **आषाढको पन्ध्र**बाट भएको हो ।

नेपाली भाषा र साहित्यको विकासमा स्वतन्त्रता र प्रजातन्त्रको प्राप्तिले ठूलो भूमिका खेलेको छ । २००७ को परिवर्तन पछि धेरै पत्रिकाहरू प्रकाशित भएका छन् । जसमा पूर्णरूपमा विचारको विनिमय भएको छ । यस्तो वैचारिक विनिमय केवल बौद्धिक विलासका रूपमा मात्र नभएर साहित्यिक सचेतनाका लागि पनि भएका छन । साहित्यिक सचेतनाका लागि भएका अन्तर्क्रियाहरूलाई साहित्यिक अन्तर्वार्ता भनिन्छ । नेपाली साहित्यमा अन्तर्वार्ताको थालनी २००० को दशकपछि भएको हो । २००० पछि विकास भएको नेपाली अन्तर्वार्तालाई वर्तमानसम्म अवलोकन गर्दा अध्ययन सुलभताका निम्ति पहिलो र दास्रो दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ ।

## २.६.१ पहिलो चरण : आरम्भ देखि २०३८ सम्म

नेपाली भाषा साहित्यमा अहिलेसम्मको खोजमा वि.सं. २००८ सालमा प्रकाशित **भारती** पत्रिकाको वर्ष ३ अङ्क ५ मा प्रकाशित भएको 'इन्द्रवहादुर राईको 'पाँच प्रश्न लेखनाथको उत्तर' प्रथम प्रकाशित अन्तर्वार्ता हो । यसबाट नेपाली साहित्यमा अन्तर्वार्ताको आरम्भ भएको हो । यसमा इन्द्रवहादुर राईले इ.सं.१९५१ जुन १३ गते (२००८ असार १३ गते) दार्जिलिङबाट लेखनाथलाई पाँचवटा प्रश्न पठाएका छन् । ती प्रश्नको लेखनाथले २००८ साल श्रावण २७ गते पत्रात्मक रूपमा उत्तर पठाई अन्तर्वार्ता दिएका छन । यो प्रत्यक्ष भेटघाट नगरी पत्रात्मक रूपमा गरिएको पहिलो लिखित वार्ता हो । यसमा राईले नयाँ कविता लेख्ने प्रेरणा, मनपर्ने कृति, नेपाली साहित्यको वर्तमान स्थिति, भविष्य र पुस्तक

प्रकाशनबाट प्राप्त आर्जन तथा नयाँ पुस्तकको प्रकाशन तयारीका बारेमा प्रश्न सोधी उत्तरको अपेक्षा राखेका छन् । यसैगरी इन्द्रबहादुर राईको **गोर्खा** पत्रिकामा २०१८ सालमा प्रकाशित नौवटा प्रश्न महानन्दज्यूका उत्तर अन्तर्वार्ताको अर्को कृति हो ।[२१] यी सबै अन्तर्वार्ताका आरम्भिक रचना हुन् ।

वि.सं. २०१० सालको **प्रगति** पत्रिकामा प्रकाशित शङ्कर लामिछानेको 'नेपालका महाकविसँग भेट' शीर्षकको अन्तर्वार्ता प्रत्यक्ष रूपमा व्यक्तित्वसँग लिएको अन्तर्वाता हो । यो इन्द्रबहादुर राईले लेखनाथसँग लिएको अन्तर्वार्ता भन्दा अगाडि लिए पनि प्रकाशनका हिसाबले पछाडि परेको छ । यो कृति पहिलो निर्वार्तात्मक रचना हो । शङ्कर लामिछानेले **प्रगति** पत्रिकामार्फत अन्य धेरै स्रष्टाहरूसँग व्यक्तित्व परिचय दिई वार्ता गरेका छन् । नेपाली अन्तर्वाताको पहिलो चरणमा देखिएका अर्का वार्ताकार व्यक्तित्व आनन्ददेव भट्ट हुन । उनका **रूपरेखा** (२०१७) **साहित्य** (२०१६) **नेपाली** (२०१६) जस्ता पत्रिकामा अन्तर्वाताहरू प्रकाशित भएका छन ।[२२] यी रचनाहरू निवार्तात्मक रहेका छन् । उनका यिनै पत्रपत्रिकामा प्रकाशित भएका रचनाहरूको सङ्ग्रह हो **'हाम्रा प्रतिभाहरू'** (२०१९) र नेपाली अन्तर्वार्ताको पहिलो पुस्तककार कृति पनि यही नै हो । यो कृति अन्तर्वार्ताको विकासमा एउटा कोसेढुङ्गो बनेको छ । यस कृतिले आनन्ददेव भट्ट  निवार्तात्मक रूपमा अन्तर्वाता प्रकाशित गर्ने प्रथम स्रष्टाका रूपमा परिचित भएका छन् । त्यसपछि अन्तर्वार्ता पत्रिकामा छापिने र सङ्ग्रहका रूपमा प्रकाशन हुने क्रम निरन्तर चलि नै रह्यो उत्तम कुँवरले अर्निको उपनाममा **नयाँ समाज** पत्रिकामा अन्तर्वाताहरू प्रकाशन गर्न थाले **नयाँ समाज**मा प्रकाशित अन्तर्वाता र अन्य केही अन्तर्वार्ता समावेश गरी वि.सं. २०२३ सालमा **सष्टा र साहित्य** प्रकाशित भयो । यस वर्षको 'मदन पुरस्कार' प्राप्त गरी यस कृतिले विधागत स्वीकृति पनि पायो । यस कृतिमा भाषा, साहित्य, सङ्गीत, कलाका क्षेत्रमा विशिष्टता प्राप्त गरेका पैँतीस जना व्यक्तित्वहरू समावेश भएका छन् । त्यस पछि वि.सं. २०२८ सालमा शङ्कर लामिछाने अर्को निवार्ता सङ्ग्रह लिएर आए **विम्ब प्रतिबिम्ब** यो कृति २०१० सालतिरबाट व्यक्तित्व परिचय दिएर लेखिएका निवार्ताको मूर्तरूप हो । अन्तर्वाताको विकासमा **मधुपर्क, तन्नेरी, मिर्मिरे**जस्ता पत्रिकाको प्रकाशन यसै चरणमा भयो, जसले अन्तर्वार्ताको विकासमा महत्त्वपूर्ण  योगदान दिए । वि.सं.२०३० साल फागुनको **प्रकाशपिण्ड** पत्रिकाको अन्तर्वाता

---

२१ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** सा.स., (ललितपुर : साझा प्रकाशन, २०६१), पृ. १८८ ।
२२ आनन्ददेव भट्ट, **हाम्रा प्रतिभाहरू**, (काठमाडौ : लेखक स्वयं,२०१९), भूमिकाबाट ।

विशेषाङ्कले यस चरणमा थप टेवा पुऱ्यायो । त्यस पछि वि.सं. २०३४ सालमा परशु प्रधानको **केही क्षण : केही अनुहार** प्रकाशित भयो । यसै गरी दार्जिलिङबाट कृष्ण गिरी र कुमार परियारको **दार्जिलिङका केही नेपाली साहित्यिक प्रतिभाहरू** प्रकाशित भयो ।

यस चरणमा प्रकाशित अन्तर्वार्ता सङ्ग्रहले समग्रमा नेपाली भाषा, साहित्य , सङ्गीत, कला र संस्कृतिको विकासमा योगदान पुऱ्याउने विशिष्ट व्यक्तित्वलाई समेटेका छन् । यस चरणका १/२ वटा अन्तर्वाता सङ्ग्रहबाहेक अन्य कृतिहरू उल्लेख्य रहेका छन । प्रस्तुति शैलीमा प्रत्यक्ष वार्ता र निवार्ताको प्रयोग यस चरणमा भएको पाइन्छ । यी अन्तर्वातामा स्रष्टाको जीवन, साहित्यिक अवस्था, लेखकहरूले भोग्नु परेको पीडालाई मूल वार्ताको केन्द्र बनाइएको छ । यस चरणका महत्त्वपूर्ण अन्तर्वाता कृति र अन्तर्वाताकारमा आनन्ददेव भट्ट **हाम्रा प्रतिभाहरू** (२०१९) उत्तम कुँवर **स्रष्टा र साहित्य** (२०२३) शङ्कर लामिछाने **बिम्ब प्रतिबिम्ब** (२०२८) हुन् ।

### २.६.२ दोस्रो चरण : २०३८ पछि वर्तमानसम्म

२०३६ को राजनैतिक घटनाले मानिसको चेतनामा विस्तार गऱ्यो । सबैले स्वतन्त्र विचारका लागि आफ्ना अभिव्यक्तिहरू बुलन्द गर्न थाले । फलस्वरूप साहित्यमा पनि परिवर्तनका सङ्केतहरू देखिन थाले । यसले अन्तर्वार्तामा पनि नयाँपन सिर्जना गर्न पुग्यो । यसै समयमा कुमारबहादुर जोशीले अन्तर्वार्ताको नौलो शैली प्रस्तुत गरे । २०३७ साल देखि नै **सञ्चय, अभिव्यक्ति**जस्ता पत्रिकामा अन्तर्वार्ताहरू प्रकाशित हुन थाले । २०३८ सालको **सञ्चय** वर्ष १२ अङ्क ४ मा जोशीको **मृतात्मसितको कुराकानी** प्रकाशित भयो । यस कृतिले अन्तर्वार्ता जीवित व्यक्तिसँग मात्र नभई मरिसकेका व्यक्तिसँग पनि लिन सकिन्छ भन्ने कुरा व्यक्त गऱ्यो । यसले अन्तर्वार्तामा नवीनता र रोचकता थप्यो । जोशीका प्रत्यक्ष संवाद भएका अन्तर्वार्ताहरू **यौवन, दमना, सञ्चय, अभिव्यक्ति**जस्ता पत्रिकामा छापिए । यी अन्तर्वार्तालाई समेटेर वि.सं. २०४१ सालमा जोशीको **कुराकानी** (मृतात्मासितको र अरू सितको पनि) अन्तर्वार्ता सङ्ग्रह प्रकाशित भयो ।

दोस्रो चरणका अन्तर्वार्ताकार र अन्तर्वार्ताकृतिहरूमा भूपहरि पौड्यालको **ऐतिहासिक मकै पर्व** (२०४०), किशोर कुँवरको **व्यक्तित्व र विचार** (२०४१), **एकाइसौं शताब्दीको नेपाल र नेपाली** (२०४२), कुमारबहादुर जोशीको **एक व्यक्तित्व अनेक दृष्टि** (२०४३),

नरेन्द्रराज प्रसाईको **अठतीस अनौठा अनुहार** (२०४१), **केही चर्चित अनुहार** (२०४२), श्रीरामसिंह बस्नेत र सुभाषचन्द्र पौडेलको **त्रिवेणीका लहरहरू** (२०४४), कैलाश भण्डारीको **युगकवि सिद्धिचरयसँग दिन, रात, साँझ र विहान** (२०४५), सूर्यबहादुर खड्काको **फूलैफूलको माला** (२०४६), देवराज बरायलीको (प्र./सम्पा.) **साहित्यिक वार्ता सङ्कलन** (२०४७), बेञ्ज/मञ्जुको **हाम्रो सवाल दाइदाइको जवाफ** (२०५०), परशु प्रधानको **केही अनुहार : केही क्षण** (२०५१), बासुदेव त्रिपाठी (सम्पा/अनु.) **जीवन रोज्नुहोस्** (२०५१), जीवनचन्द्र कोइरालाको (सम्पा.) **सुशीला कोइराला अन्तर्वार्ता र लेखमा** (२०५२), ऋतुपर्ण पराजुलीको (सम्पा.) **ऐतिहासिक योद्धा मनमोहन अधिकारी** (२०५३), जीवनचन्द्र कोइरालाको (सम्पा.) **बद्रीविक्रम थापाका अन्तर्वार्ता** (३०५३), रमेश तुफानको **संवाद र संवाद** (२०५४), मोहन दुवालको **मनोभावना/ लेखिकाहरू** (२०५४), महेश प्रसाईको **शब्दशारथी** (२०५७), कृष्णप्रसाद पराजुलीको, **चिन्तनका बिम्बभित्र कृष्णप्रसाद पराजुली** (२०५७), नरेन्द्रराज प्रसाईको, **एउटा महारथीका जवाफ** (२०५७), मातृका गजमेरको (सम्पा.) **नारीस्रष्टाहरू अन्तर्वार्ताहरूमा** (इ.सं. २०००), देवेन्द्र प्रताप शाहको **केही साहित्यकारहरूसित** (२०५८), इन्द्रकुमार श्रेष्ठ 'सरित्'को **तोया गुरुङ अनुभूति र स्वीकारोक्तिमा** (२०५९), महेश प्रसाईको, **महेश प्रसाईका १०१ प्रश्न क. दीसित** (२०५९), हरि मञ्जुश्रीको **ऐतिहासिक नक्षत्र शेरबहादुर के.सी.** (२०५९), सुदर्शन श्रेष्ठको **स्रष्टाका स्वरहरू** (२०६०), कृसु क्षेत्रीको (सम्पा.) **प्रश्नै प्रश्न वीच प्रेरणा** (२०६०), शिव रेग्मीको (सम्पा) **क.दी. सृष्टि र दृष्टिकोण** (२०६०), चेतनाथ धमलाको **कवितारामका अस्वीकृत मान्यताहरू** (२०६०), गोविन्द टण्डनको **राइबाबासँगको साक्षात्कार** (२०६१), रामप्रसाद न्यौपानको **अनौठो यात्रा** (२०६१), हरि मञ्जुश्रीको **अनुभूति र अभिव्यक्तिमा घनश्याम राजकर्णिकार** (२०६२), हरि मञ्जुश्रीको (सम्पा.) **भरत जङ्गमविचार र दृष्टिकोण** (२०६२), देवेन्द्र भट्टराईको **स्रष्टा र समय** (२०६२), नेत्र एटमको **सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा** (२०६२), रमेश शुभेच्छुको **एक व्यक्ति अनेक वार्ता** (२०६२), सुदर्शन श्रेष्ठको **सर्जक संवाद** (सं.२००६), सरस्वती जोशीको (सम्पा.) **कुमारबहादुर जोशीसितको अन्तर्वार्ता** (२०६३), मोहन दुवालको **वैचारिक अनुभूति** (२०६४), सीताराम कोइरालाको **संवादमा स्रष्टाहरू** (२०६४), शेखर पराजुलीको **मिडिया संवाद** (२०६४), कृष्णप्रसाद पराजुलीको **फेरि चिन्तनका बिम्बभित्र कृष्णप्रसाद पराजुली** (२०६४), लक्ष्मणप्रसाद गौतमको सम्पादनमा परशु प्रधानको **अन्तर्संवाद** (२०६५) अन्तर्वार्ता सङ्ग्रह हुन् । यी सबै अन्तर्वार्ता सङ्ग्रहमा भाषा, साहित्य, सङ्गीत, कला, विज्ञानसँग सम्बन्धित

व्यक्तिहरू समेटिएका छन् । कतिपय अन्तर्वार्ता विषयप्रधान छन भने कतिपय घटनाप्रधान छन् । यस चरणको विस्तार र विकासमा **गरिमा, मिर्मिरे, समकालीन साहित्य, कान्तिपुर**, **शारदा** (न.अ.) **रश्मि**जस्ता धेरै पत्रिकाहरूले विशेष भूमिका खेलेका छन् । नेपाली अन्तर्वार्ताको दोस्रो चरणका विशिष्ट प्राप्तिमा **स्रष्टा र समय** तथा **सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा** रहेका छन् । महेश प्रसाईको **शब्दशारथी** यस चरणको काव्यात्मक शैलीमा प्रस्तुत गरिएको निर्वार्ता हो । यसरी नेपाली अन्तर्वार्ताको विकास निरन्तर रूपमा भइरहेको छ ।

## २.७ निष्कर्ष

यसरी अन्तर्वार्ताको सैद्धान्तिक चर्चाबाट के स्पष्ट हुन्छ भने अन्तर्वार्ता, अनुसन्धानका क्रममा साम्रगी सङ्कलनका लागि उपयोगी माध्यम भए तापनि यसले पत्रकारिता र साहित्यसँग विधागत सम्बन्ध राख्छ । विशिष्ट व्यक्तिसँग उसका विचार दृष्टिकोण धारणा, व्यक्तित्व, कृतित्व, जीवनशैली आदिको बोध गर्न र पाठकमा त्यस व्यक्तिप्रतिको, कौतुहललाई समन गर्नका निम्ति, प्रश्नकर्ता र उत्तरदाता दुईको प्रत्यक्ष साक्षात्कारद्वारा, प्रश्नोत्तरको शैलीमा प्रस्तुत गरिने अन्तर्क्रियात्मक प्रक्रिया अन्तर्वार्ता हो । अन्तर्वार्ता प्रत्यक्ष संवादमा मात्र रचना नहुने हुँदा यसमा निबन्ध, रूपकीय आलेख, भूमिका, दैनिकी,सस्मरण,रेखाचित्र नियात्रा समालोचकीय मूल्यनिर्णय सम्पादकीय आदि विषयको मिश्रणबाट अन्तर्वार्ताको निर्माण हुन्छ । अन्तर्वार्ता आख्यानेतर गद्यविधा हो । यो निबन्ध विधाको एक उपभेदअन्तर्गत पर्दछ । अन्तर्वार्ताका आवश्यक सामग्रीहरूमा सहभागी, संवाद, व्यक्तिको व्यक्तित्व, दृष्टिकोण महत्त्वपूर्ण कुरा हुन् । अन्तर्वार्ता प्रत्यक्ष, अप्रत्यक्ष निबन्धात्मक गरी तीनप्रकारका हुन्छन । यसलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । प्रस्तुतिशैली, सहभागी, समय, लक्ष्य, अध्ययनविधि अन्तर्वार्ताका वर्गीकरणका मूल आधारहरू हुन् । अन्तर्वार्तामा मूल रूपमा आख्यान र निबन्धको धर्म सामाहित भएको हुन्छ भने यसमा जीवनका यथार्थ सत्यको कलात्मक संश्लेषण पनि हुन्छ ।

यसैगरी २००८ सालबाट आरम्भ भएको नेपाली अन्तर्वार्ताको विकासक्रम वर्तमानसम्म आइपुग्दा धेरै अन्तर्वार्ता सङ्ग्रहहरू प्रकाशित भएका छन् । यी अन्तर्वार्तामा सबै साहित्यिक नभई कतिपय साहित्येतर पनि रहेका छन् । किशोर कुवँरका अन्तर्वार्ता साहित्यमा भन्दा पनि अन्य विषयमा बढी केन्द्रित छन । अन्तर्वार्ताले निबन्ध विधाको

उपविधाका रूपमा स्पष्ट आधार बनाएको छ । पत्रिकामा प्रकाशित रचनाहरूलाई सङ्कलन गरी सङ्ग्रह प्रकाशन गर्नु, यसको सफलता हो । व्यक्तित्व र जीवनीमुखी अन्तर्वार्ताको विकास यस विधाको मूल उपलब्धी हो । कृतित्वमुखी विकासका लागि केही समय लाग्ने देखिएको छ । दुई चरणमा विकास भएको अन्तर्वार्ताको इतिहासमा प्रथम चरणमा उत्तम कुँवर, आनन्ददेव भट्ट, शङ्कर लामिछाने विशिष्ट वार्ताकार व्यक्तित्व हुन भने दोस्रो चरणमा महेश प्रसाई, गोविन्द टण्डन, नेत्र एटम, देवेन्द्र भट्टराई उल्लेख्य प्रतिभा हुन् । भाषिक प्रयोग, संवाद योजना, कलात्मक प्रसतुतिका कारणले प्रथम चरणका हाम्रा प्रतिभाहरू र स्रष्टा र साहित्य तथा दोस्रो चरणका स्रष्टा र समय एवं सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा अन्तर्वार्ता सङ्ग्रह विशेष उल्लेखनीय प्रतिनिधि अन्तर्वार्ता सङ्ग्रह हुन् ।

## तेस्रो परिच्छेद

# नेपाली अन्तर्वार्ता सङ्ग्रहहरूको कालक्रमिक सर्वेक्षण

अन्तर्वार्ता पत्रपत्रिकाहरूमा प्रकाशित भएपछि सङ्ग्रहका रूपमा प्रकाशित गर्ने विकासको क्रम सुरू भयो यस परिच्छेदमा साहित्यसँग सम्बन्धित स्रष्टाहरूसँग तथा अन्य व्यक्तित्वसँग लिइएका अन्तर्वार्ता सङ्ग्रहहरूको काल क्रमिक सर्वेक्षण गरिएको छ ।

### ३.१ आनन्ददेव भट्ट : 'हाम्रा प्रतिभाहरू' (२०१९)

नेपाली अन्तर्वार्ता साहित्यको प्रथम अन्तर्वार्ता सङ्ग्रह हो । वार्ताकार भट्ट स्वयंले २०१९ सालमा प्रकाशन गरेका हुन् । यस सङग्रहमा वार्ताकार भट्टले इतिहास शिरोमणि बाबुराम आचार्य, साहित्यकार हृदयचन्द्रसिंह प्रधान, पुष्कर समशेर, यदुनाथ खनाल, लेखनाथ पौडेल र लक्ष्मीप्रसाद देवकोटासँग गरी जम्मा छ जनासँग वार्तालाप गरेका छन् । इतिहास शिरोमणि बाबुराम आचार्यसँग पहिलो र दोस्रोगरी दुई भेटमा भएको वार्तालाई समावेश गरिएको छ । पुष्कर समशेरसँग भएको वार्ता रूपरेखा वर्ष १ अङ्क १ मा हृदयचन्द्रसिंहसँगको वार्ता साहित्य वर्ष १ अङ्क २-३ मा यदुनाथ खनाल सँगको वार्ता रूपरेखा वर्ष २ अङ्क १ मा र बाबुरामसँगको पहिलो वार्ता नेपाली पूर्णङ्क ३ र दोस्रो वार्ता साहित्य वर्ष १ अङ्क ४ मा छापिएका रचना हुन् । पहिले गरेका कुरालाई निबन्धात्मक वार्ताका रूपमा प्रस्तुत गरिएको छ । स्रष्टाहरूको दिनचर्या, स्रष्टाहरूमाथि लागेका आरोप, लेखन प्रेरणा, स्रोत, प्रकाशनका कठिनाई, वितेको जीवन, शारिरीक स्वास्थ्य अवस्था, नेपाली साहित्यको अवस्था गति र स्थिति आदि कुरालाई उतार्ने काम गरेका छन् । स्रष्टाको अभावपूर्ण जीवन भोगाइलाई अगाडि सारी जिज्ञासु पाठकको ध्यान वार्ताकारले स्रष्टाहरूमा खिच्ने काम गरेका छन् । अन्तर्वार्ताका सहभागी, संवाद र दृष्टिकोण तीन तत्त्वको प्रयोग यस कृतिमा गरिएको छ । यस कृतिमा स्रष्टाले गरेको व्यवहारलाई निडर भई प्रस्तुत गरिएको छ ।

### ३.२ उत्तम कुँवर : 'स्रष्टा र साहित्य' (२०२३)

वि.सं. २०२३ सालमा प्रकाशित स्रष्टा र साहित्य अन्तर्वार्ता सङग्रहमा जम्मा पैंतीसवटा अन्तर्वार्ता सङ्गृहीत छन् । यो कृतिको प्रथम प्रकाशन रूपायन प्रकाशनले गरेको छ । तेइसवटा अन्तर्वार्ता अर्निको उपनामबाट **नयाँ समाज** दैनिकमा छापिएका रचना हुन्

भने बाह्रवटा अन्तर्वार्ता अन्यत्र नछापिई समावेश भएका रचना हुन् ।[२३] वार्ताकारले यस कृतिमा नेपाली साहित्यका कथाकार, कवि, नाटककार, उपन्यासकार, भाषाविद्, समालोचक, अनुवादक, सम्पादक, गीतकारजस्ता साहित्यक स्रष्टासँग भेटी उनीहरूको साहित्यप्रतिको धारणा, माान्यता एवं दृष्टिकोण र साहित्यिक गतिविधिलाई खोतल्ने काम गरेका छन् । यस कृतिमा कुँवरले स्रष्टाहरूप्रति उच्च सम्मान गर्दै उनीहरूको आत्मकथालाई अगाडि ल्याएका छन् । यस कृतिमा साहित्यकारका नयाँकृतिको बारेमा चर्चा गरिएको छ । अन्तर्वार्ता छोटा भएकाले धेरै कुरा छुट्न गएका छन् । उच्च संवाद कौशल यस कृतिमा रहेको छ ।

## ३.३ शङ्कर लामिछाने : 'बिम्ब प्रतिबिम्ब' (२०२८)

नेपाली अन्तर्वार्तामा प्रथम वार्ताकारको स्थानलाई सुरक्षित राख्न सफल शङ्कर लामिछानेका **प्रगति** २०१० सालपछि छापिएका अन्तर्वार्ता र अन्यलाई समावेश गरी तयार गरिएको निवार्तात्मक अन्तर्वार्ता सङ्ग्रह **बिम्ब प्रतिबिम्ब** हो । यस कृतिमा वार्ताकारले कविता, गीत, सङ्गीत, उपन्यास, नाटक, इतिहास आदि क्षेत्रका तेह्रजना स्रष्टाहरूसँग वार्तालाप गरेका छन् । चेतनाप्रवाह पद्धतिको प्रयोग, अमूर्त भाषा, कृतिगत सन्दर्भको मिश्रण बिम्वात्मक स्वरूपमा स्रष्टाका रेखाचित्रको प्रयोग गरी निवार्ताकारले स्रष्टाको बानी व्यहोरा, जीवनशैली, जीवन दर्शन, आर्थिक स्थिति, त्यसबाट स्रष्टाको जीवनमा परेको प्रभाव, हर्ष, विस्मय आदिको प्रकटीकरण गरेका छन् । वार्तानायकले आफूलाई गरेको व्यवहार पनि यस कृतिमा निर्भिकताका साथ राखिएको छ । यसै कारणले गर्दा पात्रको बाह्य र आन्तरिक व्यक्तित्वको प्रस्तुतिमा उच्चता यस कृतिमा रहेको छ ।

## ३.४ कृष्ण गिरी, कुमार परियार : दार्जिलिङका केही नेपाली साहित्यिक प्रतिभाहरू (सन् १९७७) (वि.सं.२०३३)

यो अन्तर्वार्ता सङ्ग्रह बाइस जना साहित्यिक स्रष्टाहरूसँग प्रत्यक्ष संवाद गरी तयार गरिएको अन्तर्वार्ता सङ्ग्रह हो । यस कृतिको प्रकाशन नेपाल साहित्य सञ्चयिका सन् १९७७ मा गरेको हो ।  यसमा दार्जीलिङ सिक्किमलाई जन्मथलो र कर्मथलो बनाएका व्यक्तिसँग कुराकानी गरिएको छ । यसमा पारसमणि भण्डारी, कमला साकृत्यायन, रामचन्द्र गिरी,

[२३] उत्तम कुँवर, **स्रष्टा र साहित्य**, चौं.स, (काठमाडौं : साझा प्रकाशन,२०५०) भूमिकाबाट ।

के.वि.सिंह, हर्कजङ्ग सिंह क्षेत्री, एम.यस गुरुङ, ओकियामा ग्याइन, तुलसी अपत्तन, सावित्री सुन्दास, सानुमति राई, इन्द्रबहादुर राई,जी छिरिङ, परशुराम रोक्का, शिवकुमार राई, भाइचन्द्र प्रधान, लख्खीदेवी सुन्दास, वीरविक्रम गुरुङ, जगत क्षेत्री, नरवहादुर दाहाल, प्रेम थापा, विरेन्द्र सुब्बासँगको प्रत्यक्ष कुराकानीलाई समेटीएको छ । अन्तर्वार्तामा स्रष्टाहरूको जीवनी, व्यक्तित्व र परिचयमुखी भई अन्तर्वार्ता लिइएको छ । यसमा प्रत्यक्ष संवाद रहेको छ ।

## ३.५ परशु प्रधान : 'केही क्षण : केही अनुहार' (२०३४)

परशु प्रधानको वि.सं. २०३४ सालमा प्रकाशित भएको अन्तर्वार्ता सङ्ग्रह 'केही क्षण : केही अनुहार' हो । यस कृतिमा अगमसिंह गिरी, उदयलाल गुरुवाचार्य, केदारमान व्यथित, कृष्णप्रसाद पराजुली, छिन्नलता, दौलतविक्रम विष्ट, नीरविक्रम प्यासी, वासु शशी, भीमनिधि तिवारी, भैरव अर्याल मदनदेव भट्टराई, मुक्तिनाथसिंह राजभण्डारी, युधिर थापा, रत्नदास प्रकाश र शङ्कर लामिछाने गरी पन्ध्र अनुहारसँग केही क्षण गरीएको कुराकानीलाई समेटिएको छ । निजात्मक रूपमा व्यक्तित्व र कृतित्वमुखी अन्तर्वार्तालाई यस कृतिमा समावेश गरिएको छ ।

## ३.६ भूपहरि पौडेल : 'ऐतिहासिक मकै पर्व' (२०४०)

कृष्णलाल अधिकारीका बारेमा जीवनी व्यक्तित्वको खोज अनुसन्धान गर्ने क्रममा अनुसन्धामूलक तरिकाले तयार पारिएको कृति हो । यो कृति दीपज्योति प्रकाशनले प्रकाशित गरेको छ । यस कृतिमा सबै अन्तर्वार्ता मात्र नराखेर कृष्णलाल अधिकारीका अन्य जानकारीसमेत समावेश गरिएको छ । नेपालको इतिहासमा १९७२ मा घटेको 'मकै पर्व' लाई मूल विषय बनाएर खोज गरिएको कृति नै ऐतिहासिक मकै पर्व हो । यसमा कृष्णलाल अधिकारीले मकैको खेती कसरी गर्नु पर्छ कृषकहरूलाई जानकारी दिने उद्देश्यले लेखिएको पुस्तकमा राणाहरूलाई अपमान गरिएको भन्ने गलत व्याख्या गरी चन्द्र समशेरलाई भोजराम काफ्ले र रामहरि अधिकारीले पोल लगाई कृष्णलाल अधिकारीसहित पुस्तकको भूमिका लेख्ने समर्थन गर्ने र पढ्ने व्यक्तिलाई कडा सजाय दिइएको थियो । त्यस घटनाको सत्यता र तथ्यता बुझ्ने प्रयस गरी घटनासँग प्रत्यक्ष सम्लग्न भएका व्यक्तिसँग घटनाको बारेमा व्यक्तित्वको परिचयसहित प्रश्नहरू सोधेर तयार पारिएका अन्तर्वार्ताहरूलाई

पुस्तकको दोस्रो खण्डमा समावेश गरी तयार पारिएको अनुसन्धानात्मक अन्तर्वार्ता कृति हो । ऐतिहासिक मकै पर्व/ऐतिहासिक घटना बोधका महत्त्वपूर्ण अन्तर्वार्ता पनि कृतिमा समावेश गरिएको छ ।

## ३.७ किशोर कुँवर : 'व्यक्तित्व र विचार' (२०४१)

व्यक्तित्व र विचार देशको विकासमा महत्त्वपूर्ण योगदान दिने शिशिष्ट व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ता हो । यस कृतिमा चवालीस जना विशिष्ट व्यक्तिहरूसँग कुराकानी गरिएको छ । प्रस्तुत कृतिमा प्रत्यक्ष संवादको शैलीमा प्रश्नोत्तरविधिद्वारा चर्चित व्यक्तित्वहरूसँग कुराकानी गरिएको छ । यसमा प्रशासक, राजनीतिज्ञ, लेखक, साहित्यकार, बैज्ञानिक, कलाकर्मी, डाक्टर आदि प्रतिभाहरूलाई समेटिएको छ । भाषा साहित्यका लैनसिंह वाङदेल, सूर्यविक्रम ज्ञवाली, यदुनाथ खनाल, बालकृष्ण पोखरेल, कमल दीक्षित, तारानाथ शर्मा लगायत व्यक्तित्वहरूसँग उनीहरूको दृष्टिकोण बुझ्ने प्रयास नै यस कृतिको मूल उद्देश्य रहेको छ ।

## ३.८ कुमारबहादुर जोशी : 'कुराकानी' (मृतात्मसितको र अरूसितको पनि) (२०४१)

कुराकानीको पहिलो संस्करणमा एघारजना स्रष्टासँगको वार्तालापलाई समेटिएको छ । दास्रो संस्करणमा थप पाँच गरी जम्मा सोह्रजना स्रष्टासँग गरिएको कुराकानी यसमा सङ्गृहीत भएका छन् । साहित्य, सङ्गीत, कला, तन्त्र, समालोचना, अध्यात्मिक, पुरातत्व, समाजसेवा आदि क्षेत्रमा योगदान पुऱ्याएका स्रष्टालाई यस कृतिमा समेटिएको छ । यस कृतिको. थप विशेषता भनेको प्लाचेट विधिको उपयोग गरी मरिसकेको व्यक्तिसँग गरिएको वार्तालाप हो । यस विधिले अन्तर्वातामा नयाँ पद्द्तिको थालनी गरेको देखिन्छ । यसमा अर्को एउटा थप पक्ष विदेशी अन्तर्वार्तालाई नेपालीमा रूपान्तरण अनुवाद गरी समावेश गर्नु हो । यसमा माइकल कन्ट्यान्टले जाँपाल स्रात्रसँग लिइएको अन्तर्वार्तालाई नेपालीमा अनुवाद गरिएको छ । यसमा विशुद्ध वार्ता र निबन्धात्मक अन्तर्वार्ताको समावेश गरिएको छ । वार्ताकार कुमारबहादुर जोशी वार्तानायकको प्रतिभालाई अन्तर्वातामा प्रदर्शन गर्न ज्यादै सफल रहेका छन् । यसमा समावेश भएका केही अन्तर्वाताहरू **यौवन, अभिव्यक्ति, सञ्चय, दमना** प्रत्रिकामा प्रकाशित भएका छन् ।

### ३.९ नरेन्द्रराज प्रसाई : 'अठतीस अनौठा अनुहार' (२०४१)

नेपाल र नेपालीको विकास र उन्नतिका लागि विशेष योगदान पुऱ्याउने विशिष्ट व्यक्तिलाई समावेश गरी अन्तर्वार्ता तयार गरिएको छ । यस अन्तर्वार्ता सङ्ग्रहमा धर्म, राजनीति, कला, साहित्य र अन्य क्षेत्रमा योगदान पुऱ्याउने स्रष्टाहरूलाई भेटेर अन्तर्वार्ता तयार गरिएको छ। यो कृति परिवेश प्रकाशनबाट प्रकाशित भएको छ। तत्कालीन समयका व्यक्तित्वहरूको चर्चा गर्ने क्रममा साहित्यतर्फ लैनसिंह वाङदेल, यदुनाथ खनाल, अम्बर गुरुङ लगायत र अन्य गरी जम्मा अठतीसजना व्यक्तित्वसँग व्यक्तित्व र दृष्टिकोण बुझ्न अन्तर्वार्ता लिइएको छ। प्रत्यक्ष संवादको प्रयोग गरी यो कृति तयार पारिएको छ।

### ३.१० किशोर कुँवर : 'एकाइसौं शताब्दीको नेपाल र नेपाली' (२०४२)

परिवेश प्रकाशनबाट २०४२ सालमा प्रकाशित अर्को अन्तर्वार्ता कृति एकाइसौं शताब्दीको नेपाल र नेपाली हो । यस कृतिमा जसले नेपालको भविष्यप्रति चासो राख्दछन् त्यस्ता व्यक्तिसँग उनीहरूका विचार बुझ्नलाई अन्तर्वार्ता लिइएको छ। पछिको समयलाई परिकल्पना गरी भविष्योन्मुखी प्रश्नहरू सोधी अन्तर्वार्तामा विविध पक्षलाई समेटिएको छ । विदेशीहरूलाई पनि समावेश गरिएको छ र उनीहरूसँग अङ्ग्रेजीमा लिइएका अन्तर्वार्ताहरूलाई नेपालीमा रूपान्तरणसमेत गरिएको छ। अन्तर्वार्ता सङ्ग्रहमा प्रश्नोत्तरको प्रत्यक्ष विधिलाई उपयोग गरिएको छ । व्यक्तित्व, परिचय र दृष्टिकोण जान्ने कोसिस यस अन्तर्वार्ता सङ्ग्रहमा गरिएको छ।

### ३.११ कुमारबहादुर जोशी : 'एक व्यक्तित्व : अनेक दृष्टि' (२०४३)

यो सामूहिक अन्तर्वार्ता हो । यसमा वार्ताकार व्यक्ति एक छन् भने वार्तानायक व्यक्ति धेरै रहेका छन्। देवकोटा विषयक गहकिलो अन्तर्वार्ता कृतिको रूपमा यसको ज्यादै महत्त्व रहेको छ । यस अन्तर्वार्ता सङ्ग्रहमा लक्ष्मीप्रसाद देवकोटाका बारेमा जान्ने सुन्ने देबकोटाका समकालीन विद्यार्थी र आफन्तहरूसँग गरिएको कुराकानी हो। यसमा पन्ध्र जना व्यक्तिहरू समावेश भएका छन् । देवकोटाका बारेमा जान्नका लागि शोधपरक ढङ्गमा लिइएका अन्तर्वार्ताहरूलाई यसमा समावेश गरिएको छ । यसमा देवकोटाको व्यक्तित्व, कृतित्व, आर्थिक अवस्था, प्रथम रचना र देवकोटाप्रतिको धारणा बुझ्न यी अन्तर्वार्ताहरू

केन्द्रित छन् । देवकोटाको समयमा साहित्यिक परिवेशको जानकारी दिनु नै यो अन्तर्वार्ता सङ्ग्रहको सबल पक्ष हो ।

### ३.१२ सुभासचन्द्र पौडेल र श्रीरामसिंह बस्नेत : 'त्रिवेणीका लहरहरू' (२०४४)

त्रिवेणीका लहरहरू २०४४ सालमा प्रकाशित अन्तर्वार्ता सङ्ग्रह हो । साङ्गीतिक क्षेत्रका एकाउन्न जना विशिष्ट प्रतिभाहरूसँग कुराकानी गरी तयार पारिएको यस अन्तर्वार्ता सङ्ग्रहमा वार्ताकार द्वयले निवार्तात्मक शैलीको प्रयोग गरेका छन् । नेपाली गीत, सङ्गीतको तात्कालीन अवस्था, यसको भविष्य र यसका बाधक तत्त्वका बारेमा वार्ताकारले वार्तानायकको दृष्टिकोण र विचार जान्न चाहेका छन । वार्ताकारहरूले गीत, सङ्गीतको प्रेरक तत्त्व, स्तरीय गीत सिर्जनाको अभ्यास र गीत, सङ्गीत क्षेत्रमा हुने गरेको प्रतिष्पर्धाका बारेमा पनि सङ्ग्रहमा उत्खनन गर्ने काम गरेका छन् । यो कृतिले सङ्गीत क्षेत्रमा संलग्न रहेका स्रष्टालाई विशेष महत्त्व दिएको छ ।

### ३.१३ राजेन्द्र भण्डारी र वत्सगोपाल : 'लीलालेखन, वार्ता र अन्तर्वार्ता' (इ.सं.१९९७)

यस कृतिमा लीला लेखनका आरम्भकर्ता इन्द्रवहादुर राईसँग वार्ताकारद्वय राजेन्द्र भण्डारी र वत्सगोपालले कृतित्वमुखी भई कुराकानी गरेका छन् । लीलालेखनमा आधारित भएर लेखिएको मैनालीको 'परालको आगो'लाई परिवर्तन गरी लेखिएको 'कठपुतलीको मन' कथाको पूर्ण पाठ पनि यस कृतिमा समावेश गरिएको छ । यसले लीलालेखन के हो ? र यसको सैद्धान्तिक पृष्ठधार के हो ? भन्ने विषयमा यो अन्तर्वार्ता केन्द्रित रहेको छ । इन्द्रवहादुर राईको कृतित्वमा केन्द्रित रही गरिएको शोधपरक अन्तर्वार्ताका रूपमा यो कृति रहेको छ । यस कृतिमा प्रत्यक्ष संवादात्मक अन्तर्वार्ताविधि रहको छ ।

### ३.१४ कैलाश भण्डारी (प्रका.) : युगकवि सिद्धिचरणसँग दिन, साँझ, रात र बिहान (२०४५)

यस कृतिका रचनाकार कैलाश भण्डारी हुन् । यस कृतिको प्रकाशन युगकवि सिद्धिचरण अभिनन्दन समितिले गरेको छ । उनले यस अन्तर्वार्तामा युगकवि सिद्धिचरणसँग २०४२ साल जेठ ७ गतेको दिन, साँझ, रात र ८ गतेको बिहानमा प्रत्यक्ष रूपमा कुराकानी गरेका छन् । यसमा वार्ताकारले वासु शशी र कविबीचमा भएको कुरालाई निवार्तात्मक स्वरूप दिनुका साथै स्वयंले पनि वार्ता गरेका छन् । यो कृतिले कविको जीवनयात्रा, भ्रमण,

त्यसबेलाको साहित्यिक परिवेश, कवितासम्बन्धि कविको धारणा, जीवनकथा, संस्मरण, काव्य रचनाको पृष्ठभूमिका बारेमा कुराकानी गरेका छन् । गण्डारीले वार्तालाई सत्य हो भनी पुष्टि गर्न कविका कविता र लेखलाई आधार बनाएका छन् । यस कृतिले युगकविबारे राम्रो खोज गरेको छ ।

### ३.१५ देवराज बरायली (प्रका./सम्पा.) : 'साहित्यिक वार्ता सङ्कलन' (इ.१९९०)

डिल्लिराम तिमसिनासित **रश्मि, नवराग, संसार, हाम्रो पुरूषार्थ, जुही, ज्ञानज्याति, आस्थाका आयाम** पत्रिकाले छापेका अन्तर्वार्तालाई यस कृतिमा सङ्कलन गरिएको छ । यसमा पुस्तक प्रकाशक बरायलीको वार्तालाई पनि समावेश गरिएको छ । लघु आकारका आठ वटा अन्तर्वार्ता यस सङ्ग्रहमा समावेश भएका छन् । नेपाली भाषा साहित्यका विशिष्ट विद्वान् डिल्लीराम तिमसिनाको जीवनी, व्यक्तित्व, कृतित्व र दृष्टिकोणमुखी अन्तर्वार्ता यसमा लिइएको छ । यस कृतिमा प्रत्यक्ष संवादात्मकविधिको उपयोग गरी अन्तर्वार्ता तयार पारिएको छ ।

### ३.१६ बेञ्जु/मञ्जु काँचुली : 'हाम्रो सवाल दाइदाइको जवाफ' (२०५०)

हाम्रो सवाल दाइदाइको जवाफ भीमनिधि तिवारीसँग उनकै छोरीहरूले लिइएको अन्तर्वार्ता सङ्ग्रह हो । यसमा भीमनिधि तिवारीसँग बेञ्जु/मञ्जु काँचुलीले प्रत्यक्ष रूपमा प्रश्न सोधी तिवारीको साहित्य लेखनको प्रेरणा र दृष्टिकोण जान्ने कोसिस गरेका छन् । अन्तर्वार्ताको शैली प्रश्नोत्तरात्मक भए पनि ज्यादै रोचक रहेको छ । प्रश्नकर्ता दुई र उत्तरदाता एक यस अन्तर्वार्ता कृतिमा सहभागी रहेका छन् । यो सामूहिक अन्तर्वार्ता हो ।

### ३.१७ परशु प्रधान : 'केही अनुहार केही क्षण' (२०५१)

२०५४ सालतिरबाट **अभिव्यक्ति** पत्रिकामा केही क्षण : केही अनुहार स्थायी स्थम्भको सञ्चालन गरी त्यसमा व्यक्तित्वहरूसँग लिइएका अन्तर्वार्तालाई सङ्कलन गरी तयार पारिएको अन्तर्वार्ता कृति हो, केही अनुहार केही क्षण । **अभिव्यक्ति**मा अन्तर्वार्ता समावेश नभएका, नारायण गोपाल, पोषण पाण्डे र भारती खरेललाई यस कृतिमा समेटिएको छ । व्यक्तित्व परिचय, जीवनी र दृष्टिकोण वुझ्ने उद्देश्यले अन्तर्वार्ता लिइएको छ । अन्तर्वार्ताको शैली निवार्तात्मक रहेको छ । यस कृतिमा काजुहिको साहँगी हान्सो भन्ने विदेशीको अन्तर्वार्ता

पनि समावेश गरिएको छ । व्यक्तित्व परिचय र प्रत्यक्ष संवाद यसका विशेषता हुन् । नेपाली साहित्यमा नाम चलेका तेइस स्रष्टाहरूका अनुहार यस कृतिमा समेटिएका छन् ।

### ३.१८ वासुदेव त्रिपाठी : 'जीवन रोज्नुहोस्' (२०५१)

यो कृति विश्व इतिहासका विद्वान् आर्नोल्ड टोयनवी र बौद्धधर्म र दर्शनका सुप्रसिद्ध विद्वान् दाइसाकु इकेदा बीचको वार्तालापको अङ्ग्रेजी संस्करण १९७६ को Choose Life को नेपाली रूपान्तरण हो । यस कृतिले बीसौं शताब्दीको अन्तिम चरणतिर विश्वको परिस्थिति, मानवीय प्रश्न आदिको अत्यन्त गहकिलो प्राप्ति हो । जीवन रोज्नुहोस् अन्य भाषाबाट नेपालीमा सम्पूर्ण रूपान्तरण भएको पहिलो अन्तर्वार्ता कृति पनि हो । यस अन्तर्वार्तामा दुई जना सहभागीले मानवीय इतिहास र धर्म दर्शनलाई बढी जोड दिएका छन् । यसलाई खण्ड क र ख गरी दुई भागमा विभाजन गरी अनुवाद गरिएको छ । खण्ड क मा आधारभूत मानव प्रणाली र खण्ड ख मा राजनैतिक तथा अन्तराष्ट्रिय जीवनलाई समेटिएको छ ।

### ३.१९ जीवनचन्द्र कोइराला (सम्पा.) : 'सुशीला कोइराला अन्तर्वाता र लेखमा' (२०५२)

यो विश्वेश्वरप्रसाद कोइरालाको राजनैतिक, साहित्यिक, सामाजिक, र व्यवहारिक व्यक्तित्वका बारेमा जान्ने उद्दश्यले उनकी श्रीमतिसँग लिइएको अन्तर्वार्ता सङ्ग्रह हो । पृष्ठ ६१ रहेको यस कृतिमा विभिन्न समयमा सुशीला कोइरालासँग लिइएका एघार वटा अन्तर्वार्ता समेटिएका छन् । यो एक वार्तानायक र बहु वार्ताकार  रहेको अन्तर्वार्ता कृति हो । यसमा समावेश भएका वार्ताहरू  केही प्रश्नोत्तरात्मक छन्, भने केही संस्मरणात्मक रहेका छन् । यो व्यक्तिकेन्द्री अन्तर्वार्ता सङ्ग्रह हो । वार्ताकार र वार्तानायकको सहभागिता यसमा विश्वेश्वरप्रसाद कोइरालालाई चिनाउनुमा नै रहेको छ ।

### ३.२० मोहन दुवाल (सम्पा.) : 'मनोभावना/ लेखिकाहरू' (२०५२)

यस अन्तर्वार्ता सङ्ग्रहका सम्पादक/ वार्ताकार मोहन दुवाल हुन । यो अन्तर्वार्ता सङ्ग्रह **जनमत** पत्रिकाका विभिन्न अङ्कमा प्रकाशित नारी स्रष्टाहरूका विचारलाई आधार बनाई तयार गरिएको हो । यसमा नेपाली भाषा साहित्यका उन्तीस जना महिला साहित्यकारहरूलाई समावेश गरी तयार गरिएको कृति हो । यो कृति नारी स्रष्टाहरूसँग मात्र अन्तर्वार्ता लिइएको नारी स्रष्टाप्रधान अन्तर्वार्ता कृति हो । पत्रिकाका संम्पादक दुवालले

हरेक नारी स्रष्टालाई दशवटा प्रश्नहरू सोधेको अनुमान यस कृतिबाट हुन्छ, तर प्रश्नहरू के थिए हेर्न भने जनमतका सम्बन्धित अङ्कहरू नै हेर्नु पर्ने हुन्छ । लेखिकाहरूसँग लेखनको थालनी, साहित्यको प्रेरणा स्रोत, अविस्मरणीय घटना, मनपर्ने साहित्यकार, नेपाली साहित्यको विकासमा महिलाहरूको भूमिका, प्रथम प्रकाशित रचनाजस्ता सामान्य कुरामा वार्ता गरिएको छ । अन्तर्वार्ताको सुरूमा लेखिकाहरूका बारेमा परिचयात्मक समीक्षा पनि यस कृतिमा प्रस्तुत गरिएको छ ।

### ३.२१ ऋतुपर्ण पराजुली : 'ऐतिहासिक योद्धा मनमोहन अधिकारी' (२०५३)

राजनैतिक व्यक्तित्व मनमोहन अधिकारीले विभिन्न समयमा विभिन्न पत्रिकाहरूलाई दिएका अन्तर्वार्ता, लेख रचना र व्यक्तव्यहरूलाई सङ्कलन गरी तयार गरिएको कृति हो । मनमोहन अधिकारीले दिएका राजनैतिक विषयमा आधारित अन्तर्वार्ताहरू यस कृतिमा रहेका छन् । **दृष्टि मूल्याङ्कन** र **छलफल** पत्रिकामा फरक-फरक व्यक्तिलाई दिइएका अन्तर्वार्ता यस कृतिमा समावेश गरिएको छ । यो कृति खण्ड क, ख, र ग गरी तीन खण्डमा संरचित छ ।

### ३.२२ जयदेव भट्टराई : 'व्यक्तित्व र शब्दचित्र' (२०५३)

व्यक्तित्व र शब्दचित्र नेपालभित्र र नेपालबाहिर बसेर पनि नेपाली भाषा, साहित्य, संङ्गीत र कलाका क्षेत्रमा योगदान दिने व्यक्तित्वहरूसँग अन्तरङ्ग कुराकानी गरी तयार गरिएको कृति हो । स्रष्टाहरूले भोग्नु परेको समस्याका बारेमा उपयुक्त प्रश्नहरू सोधी उत्तरको अपेक्षा यस कृतिमा गरिएको छ । यसमा जम्मा चौबीस जना स्रष्टाहरूलाई समेटिएको छ । व्यक्तित्व र कृतित्वको परिचयमुखी अन्तर्वार्ता यस कृतिमा रहेका छन् ।

### ३.२३ जीवनचन्द्र कोइराला (सम्पा.) : 'बद्रीविक्रम थापाका अन्तर्वाता' (२०५३)

प्रस्तुत कृति राष्ट्रका लागि योगदान दिने व्यक्ति बद्रीविक्रम थापाका अन्तर्वार्ताहरूको सङ्ग्रह हो । यस कृतिको प्रकाशन २०५३ सालमा बद्रीविक्रम थापा स्मृति सेवा गुठीले गरेको छ । थापाले विभिन्न पत्रिकामा दिएका अन्तर्वार्ताहरूलाई यस कृतिमा समावेश गरिएको छ । समाज, विकास, शिक्षाको विकास, साहित्य र जीवनप्रतिका विचार बुझ्ने उद्देश्यले लिइएका अन्तावर्ताहरू यसमा समावेश भएका छन् । धर्म संस्कृतिका बारेमा जान्ने प्रयास पनि यस कृतिमा गरिएको छ । साहित्यसँग भने यो कृति प्रत्यक्षरूपमा जोडिन सकेको छैन । प्रश्नोत्तरात्मक प्रत्यक्ष संवादको प्रयोग यसमा गरिएको छ ।

### ३.२४ रमेश तुफान (सम्पा.) : 'संवाद र संवाद' (२०५५)

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको आयोजनामा नेपाली उपन्यासको क्षेत्रमा चर्चित उपन्यासहरूमा समालोचक र उपन्यासकारहरूलाई भेला गराई अन्तर्क्रियात्मक वार्तालाप यस कृतिमा गरिएको छ । यस कृतिमा *अनुराधा, अलिखित, अविरल बग्दछ इन्द्रावती, चपाइएका अनुहारहरू, नरेन्द्रदाइ, पल्लो घरको झ्याल, माधवी र रूपमती* उपन्यासमाथि बहस चलाइएको छ । यस कृतिले कृतिकेन्द्रित वार्ताको थालनी गरेको छ । वार्ताकारको मिहिनेत र लगन यस वार्तालापमा स्पष्ट रूपमा रहेको देखिन्छ । औपन्यासिक कृतिको विभिन्न कोणबाट मूल्याङ्कन गर्ने काम यस वार्तामा गरिएको छ । यो सामूहिक अन्तर्वार्ता हो।

### ३.२५ मातृका गजमेर (सम्पा.) : 'नारीस्रष्टाहरू अन्तर्वाताहरूमा' (इ.स.२००० मार्च)

'नारीस्रष्टाहरू अन्तर्वाताहरूमा' मातृका गजमेरको सम्पादनमा दार्जीलिङबाट प्रकाशित भएको अन्तर्वार्ता सङ्ग्रह हो । नारीस्रष्टाहरू अन्तर्वार्ताहरूमा, ११२ पृष्ठमा संरचित छ । यस कृतिमा, नेपाल, आसम, दार्जीलिङ, कालेबुङ् खरसाङ् र सक्किमका नारीस्रष्टाहरू समेटिएका छन् । जम्मा स्रोह जना नारी स्रष्टाहरूको परिचय, व्यक्तित्व र कृतित्वका बारेमा बुझ्ने उद्दश्यले यो कृति तयार भएको छ । नारी समाज, सिर्जना, धर्म सस्कृति र साहित्यप्रतिको धारण बुझ्ने उद्देश्यले अन्तर्वार्ता लिइएको छ । लेखन आरम्भ, साहित्यको प्रेरणा, साहित्यिक रूचि, आदिका बारेमा यस कृतिका संवाद समेटिएका छन् । प्रत्यक्ष पश्नोत्तरका आधारमा अन्तर्वार्ता सम्पन्न गरिएको छ । यस कृतिले नारीस्रष्टाहरूलाई मात्र समेटेको छ ।

### ३.२६ महेश प्रसाई : 'शब्दशारथी' (२०५७)

वार्ताकार प्रसाईले यस निवार्तामा त्रिचालिस जना साहित्यिक स्रष्टाहरूसँग निवार्तात्मक शैलीमा कुराकानी गरेका छन् । वार्ताकारले यस कृतिमा कवि, कथाकार, समालोचकहरूलाई समेटेका छन् । यसमा वार्ताकारले स्रष्टाको जीवनीलाई भन्दा पनि सिर्जना, साहित्ययात्रा, शैली, विचार, दृष्टिकोण आदिका बारेमा कुरा गरेका छन् । स्रष्टाहरूप्रति पाठकका धारणा, आफ्ना मनमा उठेका विचार ज्यादै कलात्मक रूपमा प्रस्तुत गरेका छन् । यस कृतिका अन्तर्वार्ताहरू काव्यात्मक शैलीमा प्रस्तुत गरिएकाले ज्यादै अमूर्त

र जटिल बनेका छन् । पात्रको बाह्य र आन्तरिक दृष्टिकोण प्रस्तुत गर्नु नै यस कृतिको मुख्य उद्देश्य रहेको छ ।

### ३.२७ नरेन्द्रराज प्रसाई : **'एउटा महारथीको जवाफ'** (२०५७)

नरेन्द्रराज प्रसाईले नेपाली साहित्यका विशिष्ट साधक जनकलाल शर्मासँग लिइएको लामो अन्तर्वार्ता हो । यसमा व्यक्तित्व, कृतित्वका बारेमा स्पष्ट पार्ने उद्देश्य लिइएको छ । यो कृति प्रत्यक्ष वार्ताका रूपमा रहेको छ । साहित्यको लक्ष्य, साहित्यको संगठन आवश्यकता, नेपाली साहित्यको मोडका बारेमा पाठक तथा समालोचकले गरेका टिप्पणीका बारेमा अन्तर्वार्ता केन्द्रित रहेको छ । अन्तर्वार्तामा जीवनीलाई बढी महत्त्व दिएर अन्तर्वार्ता सम्पन्न गरिएको छ ।

### ३.२८ कृष्णप्रसाद पराजुली (सम्पा.) : **'चिन्तनका बिम्बभित्र कृष्णप्रसाद पराजुली'** (२०५७)

यस कृतिका सम्पादक कृष्णप्रसाद पराजुली हुन् । १५९ पृष्ठमा बिस्तारित भएको यस अन्तर्वार्ता सङ्ग्रहमा कृष्णप्रसाद पराजुलीले वि.सं. २०३९ सालदेखि २०५७ सालसम्म विभिन्न पत्रपत्रिकालाई दिइएका तेत्तीस वटा अन्तर्वार्ताहरू सङ्कलन गरेका छन् । यी अन्तर्वार्ताहरूमा पराजुलीको बहुआयामिक व्यक्तित्वलाई अगाडि सार्न खोजिएको छ । जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा जानकारी लिने उद्देश्य यी अन्तर्वार्तामा रहेको छ । वार्ताकारले वार्तानायक कृष्णप्रसाद पराजुलीसँग साहित्यमा प्रवेश गर्ने वातावरण, साहित्यिक जीवनका उकाली ओराली, नेपाली साहित्यको विकासका लागि गर्नु पर्ने काम साहित्यिक संस्थाहरूको दायित्व, बाल साहित्यको अवस्था, गीत, कविता, मुक्तक आदिको स्वरूप, यौन, प्रेम, सपना, सङ्गीत र जीवनप्रतिको धारणा, वर्तमान नेपाली साहित्यको अवस्थाका बारेमा यस कृतिमा ज्ञान गर्न खोजिएको छ । वार्ताकारहरूले पराजुलीका कृतिमाथि चर्चा गरेका छन्, तर पनि यस कृतिमा समावेश गरिएका अन्तर्वार्ता कृतिकेन्द्री हुन सकेका छैनन् ।

### ३.२९ देवेन्द्र प्रताप शाह : **'केही साहित्यकारहरूसित'** (२०५८)

यस कृतिका वार्ताकार देवेन्द्र प्रताप शाह हुन् । वार्ताकारले यस कृतिमा नेपाली उपन्यास, कविता, कथा, नाटक, गीत, सङ्गीत, समालोचना, साहित्यिक पत्रकारिताका क्षेत्रमा उल्लेख्य तेह्र जना स्रष्टासँग कुराकानी गरी कृति तयार पारेका छन् । यस कृतिमा सङ्गृहीत अन्तर्वार्ताहरू **समष्टि** पत्रिकामा प्रकाशित भएका छन् । यी अन्तर्वार्तामा वार्ताकारले

वार्तानायकसँग उनीहरूको साहित्यिक विचार, अन्य लेखक र उनीहरूका कृतिप्रतिको धारणबारे उनीहरूको सिर्जनाको अन्तरमा पसेर कुराकानी गरेका छन् । सिर्जनात्मक मौलिक प्रश्न र प्रतिप्रश्नहरूले गर्दा अन्तर्वार्ता रोचक बनेका छन्  र उच्च कोटिका वार्ताहरू यसमा समेटिएका छन् ।

## ३.३० माधव घिमिरे : 'चारू चर्चा' (२०५८)

**चारू चर्चा** माधव घिमिरेका अन्तर्वार्ता र अन्य छरिएका सामग्रीको सङ्कलन हो । यी सामग्रीहरूको सङ्कलन राजीव घिमिरेले गरेका हुन् । ३३६ पृष्ठमा संरचित यस कृतिमा घिमिरेका **कान्तिपुर, गरिमा, अवलोकन, दायित्व, मिर्मिरे, नव कविता, रचना** आदि पत्रिकामा प्रकाशित भएका चौँधओटा अन्तर्वार्ता समावेश गरिएका छन् । यो कृति साझा प्रकाशनबाट २०५८ सालमा प्रकाशित भएको छ । प्रत्यक्ष संवादमा यस सङ्ग्रहका अन्तर्वार्ताहरू रचना भएका छन् ।

## ३.३१ इन्द्रकुमार श्रेष्ठ 'सरित' : 'तोया गुरुङ : अनुभूति र स्वीकारोक्तिमा' (२०५९)

इन्द्रकुमार श्रेष्ठ 'सरित'को १५ पृष्ठको निवार्ता तोया गुरुङ अनुभूति र स्वीकारोक्तिमा हो । उनले यस अन्तर्वार्तामा प्रयोगवादी कवि तोया गुरुङसँग कविता, साहित्यिक प्रेरणा स्रोत र भावी योजनाका बारेमा वार्ता गरेका छन् । पाठकसँगको धारणा, साहित्यप्रतिको झुकाव, पुरस्कार प्रतिको धारणा आदिमा अन्तर्वार्ता केन्द्रित रहेको छ । साहित्य उत्पादक हो या अनुत्पादक भन्ने बारेमा पनि छलफल गरिएको छ । यो अन्तर्वार्ता दृष्टिकोण केन्द्री रहेको छ ।

## ३.३२ महेश प्रसाई : 'महेश प्रसाईका १०१ प्रश्न क.दीसित' (२०५९)

यो महेश प्रसाईले कमल दीक्षितसँग प्रश्न सोधी तयार गरिएको अन्तर्वार्ता कृति हो । यसको शिर्षकबाट नै धेरै कुराको बोध हुन्छ । यो कृतिमा सोधिएका प्रत्येक प्रश्न कापीमा लेखी दीक्षितलाई उत्तर लेख्न लगाएर यो कृति तयार भएको हो । [२४] त्यसैले यो कृति औपचारिक र लिखित अन्तर्वार्ता हो । यस कृतिमा वार्ताकारले दीक्षितसँग साहित्यिक प्रेरणा, स्रोत, नेपाली निबन्धको वर्तमान अवस्था, खोज अनुसन्धान क्षेत्रका कठिनाई, मदन पुरस्कार

---

[२४] महेश प्रसाई, **महेश प्रसाईका १०१ प्रश्न कमल दीक्षितसित**, (काठमाण्डौ, विवेक प्रकाशन २०५९) भूमिकाबाट

पुस्तकालय, मदन पुरस्कार र जगदम्बा पुरस्कारको स्थापनाको पृष्ठभूमि, नेपाली अनुवाद साहित्यमा देखा परेका समस्या, नेपाली साहित्यको तात्कालीन गति र स्थिति आदिका बारेमा जिज्ञासा राखेका छन् । ने.रा.प्र.प्र.प्रति वार्तानायकको धारणा जान्ने काम पनि यस अन्तर्वार्तामा गरिएको छ । प्रश्नको लिखित उत्तर क.दी.ले सटीक एवं कुटनीतिक उत्तर दिइएका छन् ।  यो अन्तर्वार्ता जीवनी दिनुपर्ने भएकाले र कृतित्व केन्द्री नभई कृष्टिकोण केन्द्री रहेको छ ।

### ३.३३ हरि मञ्जुश्री (सम्पा.) : 'ऐतिहासिक नक्षत्र शङ्करबहादुर के.सी' (२०५९)

एकीकृत विकास केन्द्र बनेपाले प्रकाशनमा ल्याएको यो कृति १६४ पृष्ठको रहेको छ । शङ्करबहादुर के.सी. को जीवनी व्यक्तित्वलाई प्रकाश पार्न उनीसँग अन्तवार्ता लिइएको छ । प्रजातन्त्रिक प्राप्तिका लागि गर्नु परेको सङ्घर्षको बयान यस अन्तर्वार्ता कृतिमा दिएको छ । शङ्करबहादुरको जीवनकथा, उनका रचना, टिप्पणी आदिको सङ्कलन गरी यो कृति तयार गरिएको छ । यो अन्तर्वार्ता सङ्ग्रहमा शङ्करबहादुरका केही आर्न्तार्ताहरूलाई समावेश गरिएको छ । मूलतः यो जीवनी र व्यक्तित्व केन्द्रित अन्तर्तार्ता हो । गैरसाहित्यिक वार्ताका रूपमा यो कृति रहेको छ ।

### ३.३४ सुदर्शन श्रेष्ठ : 'स्रष्टाका स्वरहरू' (इ.सं. २००३)

यस कृतिका वार्ताकार सुदर्शन श्रेष्ठ हुन् । निमार्ण प्रकाशनले आफ्नो रजत जयन्ती २००२ मा सिक्किममा बोलाएका स्रष्टाहरूसँग गरिएको कुराकानीको सङ्ग्रह हो । यस सङ्ग्रहमा आमन्त्रित, सम्मानित र पुरस्कृत तेइस जना भारतीय नेपाली साहित्यकारहरूलाई समेटिएको छ । यस कृतिमा वार्ताकार श्रेष्ठले वार्तानायकको सामान्य परिचय खोतल्ने काम गरेका छन् । यसका साथै साहित्यिक यात्राका उकाली ओरालीका बारेमा पनि परिचयात्मक उद्घाटन कृतिमा गरिएको छ । छोटो समयमा धेरै स्रष्टासँग कुराकानी गर्नु पर्ने भएकाले स्रष्टासँग वार्तामा मूल कुराको प्राप्ति हुन नसकेको देखिन्छ । स्रष्टाको जन्म, पारिवारिक अवस्था, साहित्य प्रेरणा र साहित्यिक धारणाको खोजी यस कृतिमा गरिएको छ । प्रश्नोत्तरात्मक प्रत्यक्ष संवादको प्रयोग यस कृतिमा गरिएको छ । यो कृति संवाद चेत बढी प्रयोग भएको कृति हो ।

### ३.३५ कृसु क्षेत्री : 'प्रश्नै प्रश्नकाबीच प्रेरणा' (२०६०)

यस कृतिका सम्पादक कृसु क्षेत्री हुन् । यस कृतिमा गोविन्द गिरी 'प्रेरणा'सँग सम्पादक कृसु क्षेत्रीसहित अन्य छब्बीसजनाले लिएका अन्तर्वार्ताहरू समावेश गरिएका छन् । प्रत्यक्ष संवादमा यस कृतिको निमार्ण गरिएको छ । गोविन्द गिरीको साहित्य यात्रा, विधाको विविधतामा कलम चलाउनुको पृष्ठाधार, साहित्यप्रति उनको धारणा र विचार बुझ्ने प्रयास समालोचना र समालोचकहरू प्रतिको धारणा, नेपाली साहित्यको विकासमा साझा प्रकाशन र ने.रा.प्र.प्र.को योगदान, सिर्जनाको पृष्ठभूमि, नेपाली स्रष्टाहरूका विविध समस्याका बारेमा छलफल गरिएका वार्ताहरू यस सङ्ग्रहमा सङ्गृहीत गरिएको छ । उनको बहुआयामिक व्यक्तित्वको चित्रण पनि यसै अन्तर्वार्ता सङ्ग्रहले गरेको छ ।

### ३.३६ चेतनाथ धमला : 'कवितारामका अस्वीकृत मान्यताहरू' (२०६०)

यस कृतिमा कवितारामले दिएका पूर्व प्रकाशित र अप्रकाशित प्रन्ध्र वटा अन्तर्वार्ता संङ्गृहीत छन् । यस कृतिले विषयको स्पष्ट सङ्केत गरेको छ । यस अन्तर्वार्तामा कवितारामको अस्वकृती बारेमा गहन खोज गरिएको छ । यस भित्रका वार्ताहरूले कवितारामले सुरु गरेको 'अस्वीकृत जमात' नामक साहित्यिक आन्दोलन उनका साहित्यिक धारणा, जीवन दृष्टिकोण र कृतित्वको जानकारी दिएका छन् । उनले निर्माण गरेका चलचित्रका बारेमा पनि केही वार्ताहरू यस कृतिमा रहेका छन् । **जनादेश, मूल्याङ्कन** पत्रिकाका अन्तर्वार्ता बाह्र जना व्यक्तिहरूले तयार पारेका वार्ताहरू यसमा समावेश छन् । यो कृति प्रत्यक्ष संवाद शैलीमा तयार भएको छ ।

### ३.३७ शिव रेग्मी : 'कमल दीक्षित : दृष्टि र दृष्टिकोण' (२०६०)

१५५ पृष्ठमा आबद्ध प्रस्तुत कृतिमा कमल दीक्षितसँग वि.सं. २०२३ देखि वि.सं. २०५५ सम्म विभिन्न पुस्तक पत्र पत्रिकामा प्रकाशित चौबीस वटा अन्तर्वार्ता सङ्कलित छन् । यस कृतिका सम्पादक शिव रेग्मी हुन् । यस कृतिमा प्रकाशित केही अन्तर्वार्ता (शरदचन्द्र शर्मा, चेतनाथ धमला, कृसु क्षेत्री र दुवसु क्षेत्रीले लिएका अन्तर्वार्ता) हरूबाहेक अन्य अन्तर्वार्तामा सामान्य कुराहरू दोहोरिएका छन् । कमल दीक्षितसँग मदन पुरस्कार पुस्तकालय र मदन पुरस्कारको स्थापनाको पृष्ठभूमि, वार्तानायकको जीवनी, नेपाली भाषा र

उनका प्रकाशित कृतिहरूमा केन्द्रित भई अन्तर्वार्ता सम्पन्न गरिएको छ । कमल दीक्षितको भाषाप्रेमलाई स्पष्ट पार्न यो कृति निकै सफल रहेको छ ।

### ३.३८ गोविन्द टण्डन : 'राईबाबासँगको साक्षात्कार' (२०६१)

यो गोविन्द टण्डनले स्वामी प्रपन्नाचार्यसँग गरेको लामो अन्तर्वार्ता कृति हो । यस कृतिले वार्तानायक स्वामी प्रपन्नाचार्यको जीवनी, व्यक्तित्व र कृतित्वमाथि गहन रूपमा प्रकाश पारेको छ । स्वामी प्रपन्नाचार्यसँग धर्म, साहित्य, भाषा, संस्कृति, राजनीति आदि क्षेत्रसँग सम्बन्धित भएर वार्ता गरिएको छ । नेपाली साहित्य, विद्वान्‌सँगको सङ्गत, हिन्दु धर्म, वलीप्रथा, मानवअधिकार, संस्कृत भाषा, शिक्षक र शिष्य, धनी, गरिव, विश्व हिन्दु महासंघ, राजपरिवार स्थायी समिति, डार्विनको विकासवादी सिद्धान्तका बारेमा पनि टण्डनले बातचित गरेका छन् । राईले आफ्नो जीवनको कथालाई ज्यादै कारूणिक रूपमा यस कृतिमा प्रस्तुत गरेका छन् । सामान्य अवस्थादेखि बर्तमान अवस्थासम्मको जीवन संघर्षको इतिहास यस कृतिमा पाइन्छ । जसमा १३१ प्रश्नहरूले कृतिको आकार लिएका छन् । कृतिको अन्तिममा विभिन्न तस्वीरहरू र प्रपन्नाचार्यले प्राप्त गरेका अभिनन्दन पत्रलाई समावेश गरिएको छ । जीवनी, व्यक्तित्व र कृतित्वको बोध गर्ने उद्देश्यले यो कृति तयार गरिएको छ । वार्ताकारले अन्तर्वार्ता लिनु भन्दा पहिला वार्तानायकका बारेमा जान्नका लागि ज्यादै मिहिनेत गरेर अध्ययन गरेको ज्ञान यो कृतिको अध्ययनबाट स्पष्ट हुन्छ ।

### ३.३९ रामप्रसाद न्यौपान : 'अनौठो यात्रा' (२०६१)

अनौठो यात्रा बृहत् अन्तर्वार्ता सङ्ग्रह हो । यस कृतिका वार्ताकार व्यक्ति रामप्रसाद न्यौपाने हुन् । यस कृतिमा जम्मा एक सय एकत्तीस जना व्यक्तित्वहरूसँग प्रतिव्यक्ति एघार प्रश्नहरू सोधी अन्तर्वार्ता लिइएको छ । कृतिमा विषय र क्षेत्रलाई विभिन्न शीर्षकमा राखी यसको संरचना तयार पारिएको छ । राजनीति क्षेत्रका चौंतीस जना, स्वास्थ्य क्षेत्रका दस जना, साहित्यसँग सम्बन्धित तेइस जना, पत्रकारितातर्फका तीन जना, कानूनतर्फका छ जना, विज्ञानप्रविधि र इतिहासतर्फ सोह्र जना, प्रशासनतर्फ नौ जना, कलाकारितातर्फ सात जना, सामाजिक एवं गैर सरकारी क्षेत्रका एघार जना, कृषि वातावरणतर्फ चार जना, सामाजिकतर्फ दुई जना, वन तथा जडिवुटितर्फ तीन जना, पर्यटन उद्योग र व्यवसायतर्फ एक जनासमेत गरी जम्मा एक सय एकतीस जनासँग सम्बन्धित विषयमा एघार वटा प्रश्न

सोधी, उनीहरूको विचार धारणा बुझ्ने काम गरिएको आकारका र परिमाण हिसाबले बृहत अन्तर्वार्ता सङ्ग्रह भए पनि यो कृति गुणात्मक हिसाबले भने कम मूल्यको रहेको छ ।

### ३.४० सुदर्शन श्रेष्ठ : 'सर्जक संवाद' (२०६२)

सर्जक संवाद सुदर्शन श्रेष्ठले लिइएको अन्तर्वार्ताहरूको सङ्ग्रह हो । यसमा केही लामा अन्तर्वार्ताहरू समेटिएका छन् । प्रश्नोत्तरात्मक प्रत्यक्ष संवादको उपयोग गरी अन्तर्वार्ता लिइएको छ । अपी लामा, कृष्णसिंह मोक्तान, घनश्याम नेपाल, पेम्पा तामाङ, बालकृष्ण पोखरेल, भीम दाहाल, रमेश विकल, रामलाल अधिकारी, शिवराज शर्मा, स्वामी प्रपन्नाचार्य, हाइमनदास राईसमेत गरी एघार जना स्रष्टाहरूसँग गरिएको कुराकानीलाई यस सङ्ग्रहमा समावेश गरिएको छ । विशेष गरी दार्जिलिङ, सिक्किम र गान्तोकलाई कार्यथलो बनाएका स्रष्टाहरूसँग प्रश्नोत्तरात्मक शैलीमा अन्तर्वार्ता लिइएको छ । व्यक्तित्वको परिचय दिई त्यसपछि अन्तर्वार्तालाई समावेश गरिएको छ ।

### ३.४१ हरि मञ्जुश्री : 'अनुभूति र अभिव्यक्तिमा घनश्यामराज कर्णिकार' (२०६२)

नियात्राकार घनश्यामराज कर्णिकारले विभिन्न पत्रिकामा दिएका अन्तर्वार्ताको सङ्ग्रहका रूपमा यो कृति देखिएको छ । यसमा बाइस वटा वार्ताहरू समावेश गरिएका छन् । यस कृतिमा एक जनासँग धेरै वार्ताकारहरूले अन्तर्वार्ता लिएका छन् । धेरै जसो अन्तर्वार्ता कृतिकेन्द्री नभए तापनि नियात्राकार घनश्यामराज कर्णिकारसँग नियात्राको स्वरूप, रचनाको प्रक्रिया आदिका बारेमा जानकारी लिएका छन् । यो प्रत्यक्ष प्रश्नोत्तरात्मक अन्तर्वार्ता सङ्ग्रह हो । यसमा पत्रिका, टेलिभिजन आदिमा प्रकाशित र प्रसारित वार्तालाई समावेश गरिएको छ।

### ३.४२ देवेन्द्र भट्टराई : 'स्रष्टा र समय' (२०६२)

यो कृति निवार्तात्मक कृति हो । यसका रचनाकार देवेन्द्र भट्टराई हुन् । **कान्तिपुर** पत्रिकाले शनिवार प्रकाशन गर्ने कोसेलीमा प्रकाशित पचासी वटा निवार्ताको सङ्ग्रह यस कृतिमा गरिएको छ । यस कृतिले यसै वर्षको उत्तम शान्ति पुरस्कार पनि प्राप्त गरेको छ । वार्ताकारले यस कृतिमा इतिहास, कला, साहित्य, सङ्गीत, समालोचना, भाषा, गीत, गजल, समाजसेवा आदि क्षेत्रका विशिष्ट व्यक्तित्वसँग आख्यानात्मक शैलीमा नाटकीयताको मिश्रण गरी अन्तर्वार्ता गरेका छन् । बाबुराम आचार्यका बारेमा कृष्णप्रसाद आचार्यदेखि वर्तमान

महेशविक्रम शाहसम्मका स्रष्टासँग भट्टराईले लेखन प्रेरणा, साहित्यिक यात्रा, दृष्टिकोण जीवन दर्शन, आत्मकथा, जीवनका महत्त्वपूर्ण घटना, जीवनसंघर्ष र वर्तमान गतिविधि, भावि योजना सबैलाई समेटेर स्रष्टाका अन्तर्मनका कुरा बाहिर ल्याएका छन् । यस कृतिमा यसरी वार्तालाप गर्दा सबै कुरालाई समेटेर सानो बिन्दुमा सागरलाई समेट्ने काम गरेका छन् । कुमार आलेका तस्वीरहरूले यस कृतिमा साच्चिकै व्यक्तित्वलाई प्रकाश पारेका छन् । स्रष्टाका अतीतका घटनाहरूको उद्घाटन गरी पाठकप्रति रूचि जगाउने काम यस कृतिका रचनाले गरेका छन् । यो कृति स्रष्टाहरूको जीवनीलाई संप्रेक्षणमा समेट्ने निवार्ताको नवीन उदाहरण बनेको छ।

### ३.४३ नेत्र एटम : 'सीमान्त आकाश : स्रष्टासितको अन्तर्यात्रा' (२०६२)

यस कृतिका वार्ताकार व्यक्तित्व नेत्र एटम हुन् । उनले प्रस्तुत कृतिमा नेपाली साहित्यको कथा, कविता, निबन्ध, उपन्यास, भाषा, समालोचना, गीत, सङ्गीत, व्याङ्गय आदि विधाका पैंतीस जना विशिष्ट व्यक्तित्वलाई समेटेका छन् । नेपाली साहित्यमा लामो समयसम्म कार्यरत रहेका स्रष्टालाई एटमले समेटेका छन् । झण्डै दुई पुस्ताका लेखक, साहित्यकार, समालोचकको छनोट यस कृतिमा गरिएको छ । व्यक्तित्व छनोटमा वार्ताकारले ज्यादै बुद्धि पुऱ्याएका छन् । राष्ट्रकविसँगको अन्तर्वार्ता र त्यसको शैलीबाट प्रभावित र प्रशंसित भए पछि तीन वर्षको प्रयासले यो कृतिको रचना भएको छ । वार्ताकार एटमले व्यक्तित्वहरूसँग कृतित्वमुखी भएर उनीहरूका रचना, रचना प्रक्रिया, जीवनसँग सिर्जनाको सम्बन्ध, पाठकीय प्रतिक्रिया, नेपाली साहित्यको अवस्था, साहित्यकारहरूको अवस्था आदि विषयमा समालोचनात्मक तथा वौद्धिक र गम्भीर रूपले अन्तक्रिया गरेका छन् । स्रष्टाका विषयमा चर्चा गर्दा सम्वन्धित विषयका पंक्तिको चयनले पाठकलाई आनन्द प्रदान गरेको छ । रचनालाई जीवन्त राख्नलाई स्रष्टाको व्यक्तित्व रहन सहनको वर्णन पनि कृतिमा गरीएको छ । प्रस्तुतिशैलीमा नवीनता र विधामिश्रणको उच्चताले गर्दा यो कृति ज्यादै उच्चकोटीको रहेको छ ।

### ३.४४ रमेश शुभेच्छु : 'एक व्यक्ति अनेक वार्ता' (२०६३)

यस कृतिमा एकत्तीस वटा अन्तर्वार्ता सङ्गृहीत छन् । आफ्ना पतिको मृत्युपछि पनि हिन्दू संस्कृतिलाई चुनौति दिई रातो टीका, चुरा, पोते र सारीलाई निरन्तरता दिई एकाएक

चर्चामा आएकी पुष्पलता आचार्यसँग विभिन्न व्यक्तित्वले लिएका अन्तर्वार्ताहरू यसमा समावेश भएका छन् । यस कृतिमा सम्पादक रमेश शुभेच्छु हुन् । यस कृतिले राजधानी र राजधानीभन्दा बाहिरका पत्रिकाहरूमा प्रकाशित भएका वार्तालाई समेटेको छ । यस कृतिका अन्तर्वार्ताले पुष्पलताको जीवनी, पुस्तकको संख्या, रचना गरेको समय, पतिको मृत्युपछि पनि चुरा पोते लगाउनुको कारण खोजेका छन् । सबै जसो अन्तर्वार्तामा यही कुरा दोहोरिएको छ । सानो कुरालाई बढी महत्त्व दिई प्रचार प्रसार गर्ने काम मात्र यसमा भएको छ ।

## ३.४५ सरस्वती जोशी(सम्पा.) : 'डा.कुमारबहादुर जोशीसितका अन्तर्वार्ताहरू'(२०६३)

यस कृतिको सम्पादन सरस्वती जोशीले गरेकी हुन् । कुमारबहादुर जोशीले विभिन्न पत्रिकामा दिइएका अन्तर्वार्तालाई यस कृतिमा समावेश गरिएको छ । जम्मा दश वटा अन्तर्वार्ताहरू यस कृतिमा समावेश गरिएका छन् । यस कृतिमा समावेश गरिएका धेरै जसो अन्तर्वार्ता उच्चकोटिका छन् । लक्ष्मीप्रसाद देवकोटाको काव्य साधनाको महत्त्व, कुमारबहादुर जोशीको पि.एच.डी. शोधपत्रको सेरोफेरो, नेपाली साहित्यको गति, स्थिति, साहित्यिक वादहरूप्रति जोशीको धारणा, जोशीको लेखनयात्राको सुरूवात, निबन्ध र काव्यपछि पर्नुको कारण, स्रष्टाको कृतित्व र समालोचनाको उद्देश्यका बारेमा कुराकानी गरिएको छ । जीवनका उकाली ओराली, परिवारवाट टाढा भएका छाराछोरीसँगको पुनर्मिलन आदि घटनामा केन्द्रित रही अन्तर्वार्ता सम्पन्न गरिएको छ । यस कृतिका सबै अन्तर्वार्तामा लेखकप्रति सहानुभूति प्रकट गरिएको छ ।

## ३.४६ **शेखर पराजुली : 'मिडिया संवाद'** (२०६३)

यो नेपाली पत्रकारिता बारेको अन्तर्वार्ता हो । २१८ पृष्ठमा समेटिको यसकृतिले पन्ध्र जनाका अन्तर्वार्तालाई समेटेको छ । यो कृति मार्टिन चौतारीले प्रकाशित गरेको हो । नेपाली पत्रकारिताको छापामाध्यम, प्रसारणमाध्यम, क्षेत्रिय मिडिया, पत्रकारिता शिक्षण र नेपाल पत्रकार संघसँग सम्बधित व्यक्तिहरूसँग नेपालको पत्रकारिताका बारेमा गरिएको प्रश्नोत्तरात्मक कुराकानीको सङ्ग्रहका रूपमा यो कृति रहेको छ । यसले पत्रकारिता पत्रकारको अवस्था, वर्तमान स्थिति र भविष्यका बारे पनि सङ्केत गरेको छ । यो कृति विषयकेन्द्री अन्तर्वार्ता हो । यो कम साहित्यिक मूल्यको छ ।

### ३.४७ सीताराम कोइराला : 'संवादमा स्रष्टाहरू' (२०६४)

राजधानीभन्दा बाहिर चितवनलाई आफ्नो कार्यथलो बनाएका उन्नाइस जना स्रष्टाहरूसँगका अन्तर्वार्ता यस कृतिमा समावेश गरिएका छन् । अग्रज स्रष्टाहरूका समालोचकीय टिप्पणीलाई आधार बनाएर वार्ताकारले बार्तानायकको व्यक्तित्व र कृतित्वको योगदानका बारेमा चर्चा गरेका छन् । यस कृतिमा संवादको सर्बोपरी स्थान छ । प्रत्यक्ष प्रश्नोउत्तरविधिलाई अँगाली अन्तर्वार्ता तयार गरिएको छ । प्रश्नकर्ता र उत्तरदाताका बीचमा कतिपय अवस्थामा मतभिन्नता रहेको देखिन्छ । यो प्रत्यक्ष संवादात्मक कृति हो ।

### ३.४८ हरि मञ्जुश्री (सम्पा.) : 'वैचारिक अनुभूतिहरू' (२०६४)

यस अन्तर्वार्ता सङ्ग्रहमा साहित्यिक पत्रकार कवि मोहन दुवालले विभिन्न पत्रिकालाई दिएका चौतीस वटा अन्तर्वार्ताहरू सङ्कलित छन् । १११ पृष्ठमा संरचित यस कृतिमा वार्ताकारहरूले दुवालको जीवनीलाई अगाडि ल्याउन खोजेका छन् । साथै पत्रकारिताप्रतिको आकर्षण, यस क्षेत्रका समस्या, सामयिक विषयप्रति यिनका प्रतिक्रिया, साहित्य र राजनीतिबीचको सम्बन्ध, शिक्षाप्रतिका धारणालाई अगाडि ल्याएका छन् । तस्वीरको प्रयोग अन्तर्वार्ता सङ्ग्रहको बीच-बीचमा गरिएको छ । प्रत्यक्ष संवादात्मक शैलीमा यो कृति रचना भएको छ ।

### ३.४९ कृष्णप्रसाद पराजुली (सम्पा.) : 'फेरि चिन्तनका बिम्बभित्र कृष्णप्रसाद पराजुली' (२०६४)

यस कृतिका सम्पादक कृष्णप्रसाद पराजुली हुन् । २१६ पृष्ठमा बिस्तारित भएको यस अन्तर्वार्ता सङ्ग्रहमा कृष्णप्रसाद पराजुलीले वि.सं. २०५७ सालदेखि २०६४ सालसम्म रेडियो तथा पत्रपत्रिकालाई दिइएका एकचालीस वटा अन्तर्वार्ताहरू सङ्कलन गरेका छन् । यो अन्तर्वार्ता सङ्ग्रह साहित्य सङ्गम वाराणसीले २०६४ मा प्रकाशन गरेको छ । यस कृतिका अन्तर्वार्ताहरूमा पराजुलीको बहुआयामिक व्यक्तित्वलाई अगाडि सार्न खोजिएको छ । जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा जानकारी लिने उद्देश्य यी अन्तर्वार्तामा रहेको छ । वार्ताकारले वार्तानायक कृष्णप्रसाद पराजुलीसँग साहित्यमा प्रवेश गर्ने वातावरण, साहित्यिक जीवनका उकाली ओराली, नेपाली साहित्यको विकासका लागि गर्नु पर्ने काम साहित्यिक संस्थाहरूको दायित्व, बाल साहित्यको अवस्था, गीत, कविता, मुक्तक आदिको स्वरूप, यौन, प्रेम, सपना, सङ्गीत र जीवनप्रतिको धारणा, वर्तमान नेपाली साहित्यको अवस्थाका बारेमा

यस कृतिमा ज्ञान गर्न खोजिएको छ । वार्ताकारहरूले पराजुलीका कृतिमाथि चर्चा गरेका छन्, तर पनि यस कृतिमा समावेश गरिएका अन्तर्वार्ता कृतिकेन्द्री हुन सकेका छैनन् । प्रत्यक्ष संवादको प्रश्नोत्तरशैलीमा निर्माण गरिएका अन्तर्वार्ता यसमा समेटिएका छन् । यस सङ्ग्रहमा संवाद तत्त्वको प्रबलता रहेको छ ।

### ३.५० परशु प्रधान : 'अन्तर्संवाद' (२०६५)

अन्तर्संवाद परशु प्रधानका अन्तर्वार्ताहरूको सङ्ग्रह हो । यस कृतिको सम्पादन लक्ष्मणप्रसाद गौतमले गरेका हुन् । १५३ पृष्ठमा संरचित यस कृतिको प्रकाशक टङ्कबहादुर श्रेष्ठ हुन् । यो अन्तर्वार्ता सङ्ग्रह २०६५ सालमा प्रकाशित भएको हो । परशु प्रधानले २०३९ सालदेखि २०६४ सालसम्म विभिन्न पत्रिकालाई दिएका अन्तर्वार्ताहरू यस कृतिमा समावेश भएका छन् । यी अन्तर्वार्ताहरूले वार्तानायक परशु प्रधानको साहित्यिक व्यक्तित्व, प्रेरणा, योगदानका बारेमा चर्चा गरेका छन्, साथै तत्कालीन परिवेश, वार्तानायकको साहित्य, समाज, जीवन दर्शन, यौनप्रतिको दृष्टिकोण आदिका बारेमा बुझ्ने काम पनि वार्तामा गरिएको छ । कृतिमा समावेश भएका धेरै वार्ताहरू परशु प्रधानका कथामा पाइने यौन प्रसङ्गमा केन्द्रित रहेका छन् । यस कृतिमा प्रधानको साहित्य, समाज, जीवन दर्शन, पुरस्कार आदिप्रतिको धारणा इमानदारीताका साथ प्रस्तुत भएको छ । यसमा वार्ता र निवार्ता दुवै संरचना भएका अन्तर्वार्ताहरू समावेश भएका छन् । यस कृतिमा समावेश भएका देवेन्द्र भट्टराई र नेत्र एटमले लिएका अन्तर्वार्तामा निबन्ध तत्त्वको प्रधानता रहेको छ भने यीबाहेक अन्य अन्तर्वार्ताहरूमा संवाद तत्त्वका प्रधानता रहेको छ ।

### ३.२ निष्कर्ष

नेपाली साहित्यिक अन्तर्वार्ताको आरम्भ र विकास २००० को दशकपछि भएको हो । यस अवधिमा अन्तर्वार्ताले धेरै ठुलो स्थान लिए पनि विकासको लामो परम्परा भने कायम गरेको छैन । नेपाली निबन्धको विकासपछि अन्तर्वार्ताले पनि अगाडि बढ्ने अवसर पाएको छ । विभिन्न विषयका विशिष्ट व्यक्तिसँग कुराकानी गर्ने क्रममा अन्तर्वार्ताले एउटा छुट्टै इतिहास रच्न थालेको छ । माथिको सर्वेक्षणले अन्तर्वार्ताको विकास परिमाणात्मक र गुणात्मक दुवै क्षेत्रमा आफ्नो स्थानलाई सुरक्षित राखेको देखिन्छ । साहित्यिक स्रष्टाहरूसँग र अन्य व्यक्तिहरूसँग साक्षात्कार गरे पनि साहित्यिक विषयमा अन्तर्वार्ताको स्थान बलियो

रहेको छ । विषय र घटनाले अन्तर्वार्ताको सिर्जना गर्ने हुँदा त्यही विषय, व्यक्ति र घटनामा वार्ता केन्द्रित हुनु स्वाभाविक हुन्छ । साहित्यिक मूल्यका आधारमा अन्तर्वार्ताहरू साहित्यिक स्रष्टासँग मात्र सम्बन्धित हुन्छन्, भने अन्य विषयमा अन्तर्वार्ताको उद्देश्य, विचार, दृष्टिकोण र तथ्यको जानकारीका लागि लिइएको देखिन्छ ।

व्यक्तित्वहरूसँग लिइएका अन्तर्वार्ताहरूलाई वार्ताकारले भाषिकरूपमा प्रस्तुत गर्दा प्रत्यक्ष कुराकानीको शैलीमा र अप्रत्यक्ष निबन्धात्मक शैलीमा प्रस्तुत गरेका छन् । त्यसले गर्दा वार्ता र निवार्ताको स्वरूपमा अन्तर्वार्ताहरू प्रकाशित भएका छन् । वार्ता भन्दा साहित्यिक मूल्यका आधारमा निवार्ता ज्यादै विशिष्ट खालका रहेका छन् । निवार्ता कृतिमा कलात्मक शैलीको प्रयोग भएको छ । वार्तामा संवाद तत्त्वको बढी प्रयोग भएको छ, भने निवार्तामा निबन्ध तत्त्वको प्रबलता रहेको हुन्छ । सहभागीको सङ्ख्यालाई हेर्दा पनि उल्लेख्य सहभागिता अन्तर्वार्तामा भएको छ । अन्तर्वार्ता कृतिमा एक वार्ताकार, एक वार्तानायक, बहु वार्ताकार बहुवार्तानायक, बहुवार्ताकार एक वार्तानायक, एक वार्ताकार बहुवार्तानायकको अवस्था पनि रहेको छ । यसरी नेपाली अन्तर्वार्ता सङ्ग्रहमा उल्लेखनीय विकास भएको देखाएको छ । फुटकर रूपमा त अन्तर्वार्ताको प्रकाशन ज्यादै ठुलो हिस्सामा भएको देखिन्छ । हाल प्रकाशित हुने धेरै जसो पत्रिकाहरूमा अन्तर्वार्ता प्रकाशन भइरहेका छन् । यसले अन्तर्वार्ताको विकासलाई बलियो रूपमा अगाडि लैजाने सङ्केत देखाएको छ ।

## चौँथो परिच्छेद

# प्रतिनिधि अन्तर्वार्ता सङ्ग्रहहरूको विश्लेषण

### ४.१ पहिलो चरणका प्रतिनिधि अन्तर्वार्ता सङ्ग्रहको विश्लेषण

नेपाली अन्तर्वार्ताको विकास वि.सं.२००८ सालबाट आरम्भ भएको हो । वि.सं.२००८ सालदेखि हालसम्म आइपुग्दा अन्तर्वार्ताका क्षेत्रमा धेरै ठूलो परिमाणमा अन्तर्वार्ताहरू रचना भएका छन् । परिमाणात्मक र गुणात्मक हिसाबले यी अन्तर्वार्ता सङ्ग्रहहरूको विशेष रूपमा महत्त्व रहन गएको छ । प्रस्तुतिशैलीमा अन्तर्वार्ता वार्ता र निवार्ताका रूपमा रहेका छन् । भाषिक प्रयोग र अन्तर्वार्ता सञ्चालनविधिका आधारमा भने प्रत्यक्ष, अप्रत्यक्ष नैबन्धिक अन्तर्वार्ताको प्रचलन वर्तमान समयमा बढेको देखिन्छ । नेपाली अन्तर्वार्ताको प्रथम चरण परिमाणात्मक रूपमा थोरै अन्तर्वार्ता प्रकाशित भए पनि गुणात्मक रूपमा यस चरणका अन्तर्वार्ता ज्यादै महत्त्वपूर्ण रहेका छन् । आरम्भकालीन अन्तर्वार्ता सङ्ग्रह भएर पनि हाम्रा प्रतिभाहरू र स्रष्टा र साहित्यले यस चरणमा ठूलो भूमिका खेलेका छन् । भाषिक प्रयोग र स्रष्टाको दृष्टिकोण बोधका लागि यस चरणका अन्तर्वार्ता बढी उपयोगी रहेका छन् ।

साहित्यका मूलरूपमा कथा, कविता, नाटक र निबन्ध गरी चार प्रमुख विधाहरू रहेका छन् । हरेकका आ-आफ्नै साहित्यिक धर्म हुन्छन् । अन्तर्वार्ता प्रत्यक्ष संवादमा तयार हुने निबन्ध विधाको एक भेद हो । यो निबन्ध विधामा समावेश भए पनि यसका संरचनात्मक तत्त्व निबन्धमा भन्दा भिन्न हुन्छन् । अन्तर्वार्ताका मुख्य तत्त्वमा संवाद, पात्रको व्यक्तित्व, दृष्टिकोण, र भाषाशैली पर्दछन् यिनै तत्त्वका आधारमा यस चरणका विशिष्ट अन्तर्वार्ता कृतिको अध्ययन-विश्लेषण गरिएको छ ।

#### ४.१.१ 'हाम्रा प्रतिभाहरू' अन्तर्वार्ता सङ्ग्रहको विश्लेषण

हाम्रा प्रतिभाहरू पहिलो अन्तर्वार्ता सङ्ग्रह हो । यस कृतिका रचनाकार आनन्ददेव भट्ट हुन् । छ जना विशिष्ट व्यक्तित्वहरूसँगको कुराकानीलाई यस कृतिमा सङ्कलित गरिएको छ । इतिहास शिरोमणि बाबुराम आचार्यसँगको कुराकानीमा इतिहासका नवीन तथ्यको प्रकाशन गरिएको छ । पुष्कर समशेर र देवकोटासँग गरिएका कुराकानी ज्यादा कारुणिक रहेका छन् । यस कृतिका सबै अन्तर्वार्ताको प्रस्तुति निवार्तात्मक रूपमा गरिएको छ ।

निर्वार्ता अन्तर्वार्ताको प्रस्तुतिशैलीको एउटा भेद हो । संवादमा निबन्ध तत्वको प्रधानता भएमा अन्तर्वार्ता निवार्तामा परिणत हुन पुग्दछ । यहाँ अन्तर्वार्ताको सैद्धान्तिक आधारमा यस कृतिको विश्लेषण गरिएको छ ।

### ४.१.१.१ सहभागीका आधारमा 'हाम्रा प्रतिभाहरू'

सहभागी अन्तवार्ताको अनिवार्य तत्त्व हो । अन्तर्वार्ता प्रश्नकर्ता र उत्तरदाता बीचको अन्तर्क्रिया भएकाले यसको अभावमा कृतिको रचना सम्भव हुँदैन । वार्ताकार र वार्तानायक अन्तर्वार्ताका सहभागी हुन् । यस आधारमा हाम्रा प्रतिभाहरू एक वार्ताकार बहुवार्तानायक भएको कृति हो । यसका प्रश्नकर्ता व्यक्ति आनन्ददेव भट्ट हुन्, भने उत्तरदाता व्यक्ति बाबुराम आचार्य, हृदयचन्द्रसिंह प्रधान, पुस्कर समशेर, यदुनाथ खनाल, लेखनाथ पौड्याल, र महाकवि लक्ष्मीप्रसाद देवकोटा हुन् । प्रश्नकर्ताले उत्तरदाता व्यक्तिसँग उनीहरूको जीवन र परिस्थितिसँग सम्बन्धित प्रश्नहरू गरी यो कृतिको सिर्जना गरेका हुन् । पुस्कर समशेर र देवकोटा अन्तर्वार्तामा सक्रिय सहभागीका रूपमा देखिएका छैनन् । अप्रत्यक्ष रूपमा उनीहरूलाई वार्तामा प्रस्तुत गरिएको भए पनि त्यो शसक्त बन्न सकेको छैन ।

### ४.१.१.२ संवादका आधारमा 'हाम्रा प्रतिभाहरू'

संवाद अन्तर्वार्ताको मुख्य तत्त्व  हो । सहभागीका बीचमा हुने अन्तर्क्रिया नै संवाद हो । प्रश्नकर्ताले उत्तरदातासँग प्रत्यक्ष भेटघाट गरी वार्तालाप सम्पन्न गर्दछ । हाम्रा प्रतिभाहरू अन्तर्वार्ता कृतिमा आनन्ददेव भट्ट र अन्य वार्तानायक व्यक्तित्वका बीचमा कुराकानी भएको छ । संवादले अन्तर्वार्तामा धेरै कुरा प्रस्तुत गर्दछ संवादकै माध्यमबाट, व्यक्तित्वको  परिचय, साहित्यक धारणा, जीवनदृष्टि, जीवनदर्शन आदिकुराको प्रकटीकरण हुन्छ । हाम्रा प्रतिभाहरू कृतिमा संवादकै माध्यमबाट यी सबै कुराको उद्घाटन गरिएको छ । यसलाई तल प्रस्तुत गरिएको छ–

#### ४.१.१.२.१ इतिहासको जानकारी

अन्तर्वार्तामा विषयगत रूपमा व्यक्तित्वसँग संवाद हुन्छ । इतिहास, कला, सङ्गीत, साहित्य, विज्ञान आदि विविध विषयको जानकारी संवादबाटै हुन्छ । हाम्रा प्रतिभाहरू कृतिमा इतिहास शिरोमणि श्री बाबुराम आर्चायसँग कुरा गर्दा पुरानो इतिहासको जानकारी यसरी

गराइएको छ – “अहिलेको डोटी धेरै पछिको आवादी हो जस्तो लाग्छ, । अहिलेको डडेलधुरा पो डोटी हो त त्यहाँ ‘डोटी खोलो’ भन्ने खोलो नै छ । हाम्रो देशमा राम्रो अनुसन्धान नै हुन पाएको छैन १००/१५० बर्ष पहिले अङ्ग्रेजले बनाएका नक्साका आधारमा भूगोलका नाम छन् ।”[२५] यसमा पश्चिम नेपालको प्राचीन भौगोलिक सीमानाको इतिहासका बारेमा सूक्ष्म जानकारी दिइएको छ । देशको विकास गर्न पढेका मान्छेहरू गाउँमा नफर्कने कारणलाई पनि संवादक माध्यमबाट देखाइएको छ । “यही त हाम्रो सबैभन्दा ठूलो कमजोरी छ । जान्ने बुझ्ने भन्नेहरू सबै यही खाल्डोमा ओइरिन्छन् । यहाँबाट बाहिर जान भ्यागुतोलाई कुवा छोड्नु मन नपरेझैं गर्दछन् अनि के नौलो कुरा निस्कन्छ त ।”[२६] यसमा संवादबाट पढेका मानिसको शहरकेन्द्री मनोवृत्तिका कारण नयाँकुरा निस्किन नसकेको कुरा व्यक्त भएको छ ।

### ४.१.१.२.२ व्यक्तित्वले जन्माएको जिज्ञासा

अन्तर्वार्तामा वार्ताकारलाई वार्तानायकको व्यक्तित्व, कृतित्व र दृष्टिकोणले प्रश्नको निर्माण गर्न सहयोग मिल्छ । यस कृतिमा व्यक्तित्वको प्रभावले वार्ताकार भट्टका मनमा प्रश्नको निर्माण भएको छ । यसलाई संवादकै आधारका रूपमा प्रस्तुत गरिएको छ – “खुइलिदै गएको टाउको, पालैपालो फुत्किदै गएका दाँत तैपनि एक टक्करले बोल्ने जिव्रो र सास्ती खाइरहेको सुपारीलाई देखी एक्कासी मेरो मनमा उनको सानो जीवन सोध्न मन लाग्यो । मैले प्रश्न पनि गरिहालें हुनत तपाईंको आयु सोद्धा मेरो अज्ञानता देखिन्छ तैपनि तपाईंको टकटकानो मुख देख्दा सोध्नमन लाग्छ ।”[२७] यस्ता धेरै प्रसङ्गहरू कृतिमा आएका छन् जहाँ संवादका क्रममा जिज्ञासाको श्रृखला बन्दै गएको हुन्छ । यसले वार्तालाई रोचक पनि बनाएको हुन्छ ।

### ४.१.१.२.३ पेसाप्रतिको असन्तुष्टि

संवादकै क्रममा हाम्रा प्रतिभाहरू कृतिमा वार्ताकारसँग वार्तानायकले आफ्नो विषय र पेसाप्रति पनि असन्तोष व्यक्त गरेका छन्– “अङ्ग्रेजीतिर लाग्या भए मेरो जीवन अर्कै हुने थियो म प्रोफेसर हुन्थें हुँला अहिले खर्दार मात्रै ।”[२८] यस संवादमा संस्कृत पढेको हुँनाले

२५ आनन्ददेव भट्ट, हाम्रा प्रतिभाहरू, (काठमाडौं : लेखक स्वयं, २०१९), पृ.६ ।
२६ पूर्ववत्, पृ. ६-७ ।
२७ पूर्ववत्, पृ. ८ ।
२८ पूर्ववत्, पृ. ९ ।

सानो पदमा रहेर जीवन बिताउँनु परेकोमा  वार्तानायकको पेसाप्रतिको असन्तुष्टि अभिव्यक्त भएको देखिन्छ ।

### ४.१.१.२.४ निर्भिक आलोचना

संवादका क्रममा हाम्रा प्रतिभाहरू कृतिमा कुनै व्यक्तिप्रति, कृतिप्रति आलोचना गर्दा निर्भिकतापूर्वक प्रस्तुत गरिएको छ । जसले संवादमा त्यस व्यक्तिप्रति पाठक वा दर्शकलाई एउटा धारणा बनाउँन सहयोग पुऱ्याउँछ । यस कृतिमा बाबुराम आचार्यले तत्कालीन गुरुज्यूहरूको प्रवृत्तिमा निर्भिकताका साथ आलोचना गरेका छन् पढ्ने क्रममा उनले गरेको व्यवहारको सुक्ष्म सङ्केतसमेत यसमा प्राप्त गर्न सकिन्छ- “मैले हेमराज पण्डितज्यूको अण्डरमा बसी धेरै काम गरें त्यही बेला मैले ६ वर्षसम्म वीर लाइब्रेरीमा निरन्तर निकै पुस्तक र शिलालेखको अध्ययन गरे दिएनन् भन्नु हुँदैन अलि अलि दिए तर माहिला गुरुज्यू ( हेमराज) कञ्जुस थिए उनले उस्तो किताब हेर्न दिएनन् ।”[२९] यहाँ बाबुरामले आफ्नो पढ्ने इच्छा पूर्णरूपले सन्तुष्ट नभएपछि हेमराज पण्डितलाई निर्भिक रूपमा आलोचना संवादकै क्रममा गरेका छन् ।

### ४.१.१.२.५ आर्थिक अवस्थाको वर्णन

संवादका क्रममा वार्ताकारले वार्तानायकको आर्थिक अवस्थाको वर्णन गरी पाठकमा उनीहरूप्रति सहानुभूतिको सिर्जना गर्ने काम गरेको हुन्छ । वार्तानायकले पनि आफ्नो अवस्था र जीवन सञ्चालनको आधारका बारेमा आफ्नो विचार संवादमा व्यक्त गरेका छन् । यसैक्रममा बाबुराम आचार्य “अहिले मेरो आम्दानी सरकारबाट मिल्ने मासिक १५० नै हो । यसबाहेक  जग्गाबाट १५/२० मुरी धान आउँछ । अब विर्ताप्रथा उन्मूलन भएकाले १०/१२ मुरी आउने छ लेखहरूबाट वर्षको ३/४ सय आम्दानी हुन्छ त्यसैले अभाव नभएको होइन उ वार्दली त्यस्तो हाम्फाल्लाजस्तो छ उताको कोठा र छानो उडिसक्यो बनाउँन सकेको छैन । उनले त्यति भन्दाभन्दै मैले कोठाको आफ्नै साँगुरो र लाजमान्दो आङलाई पनि झट्टै हेरिहाले साधारण मात्र होइन कि अति साधारण स्थितिमा देखा पर्दथ्यो ।”[३०] यसमा इतिहास शिरोमणिको घरको आर्थिक अवस्थाको बिम्बात्मक चित्र उतारिएको छ गरिब भए पनि जीवनप्रतिको उत्साह भने कायम नै छ । यो उत्साह संवादमा यसरी आएको छ –“मलाई

२९ पूर्ववत्, पृ. १२ ।
३० पूर्ववत्, पृ. १६ ।

अप्ठेरो त छ छ तर गरीब भएरै सन्सार वा जीवनलाई जित्ने मेरो विचार छ ।"[३१] यसमा कुराकानीका क्रममा गरिबीलाई जीतेर जीवन चलाउने कुरा व्यक्त भएको छ। यसरी आर्थिक अवस्थाका बारेमा अन्तर्वार्तामा वर्णन गरिएको हुन्छ ।

### ४.१.१.२.६ भावनात्मक अभिव्यक्तिको प्रस्तुति

संवादका क्रममा अन्तर्वार्तामा सहभागीले अभिव्यक्ति दिँदा भावनात्मक रूपमा अभिव्यक्त गरेका हुन्छन् । हाम्रा प्रतिभाहरूमा कतिपय सन्दर्भमा भावनात्मक अभिव्यक्ति प्रस्तुत भएका छन् । यसले संवादमा कलात्मकता, र कोमलता थपेको छ-"मन नै नथाकेपछि शरीर पनि पक्का थाक्दैन होला मलाई दिन काट्नै मुश्किल हुन्छ । फेरी हाडछाला मात्र बाँकी रहेपछि त बसे पनि दुखेकै छ सुते पनि चस्चसै छ । यसरी कुरागर्न पाउँदा सवा घण्टा त के सवादिन बसिदिएहुन्थ्यो झै ठान्छु त्यसैले बरू तपाईंकै धेरै समय लिएकोमा माफ गर्नुहोला ।"[३२] यहाँ वार्ताकारसँग वार्तानायक हृदयचन्द्रसिंह प्रधान धेरै समय लिइएको माफ गर्नु होला भनी भावुक रूपमा उपस्थित भएका छन् । यसले भावनात्मक अभिव्यक्तिको प्रदर्शन गरेको छ ।

### ४.१.१.२.७ कारुणिकताको प्रस्तुति

संवादका क्रममा विषय र परिस्थिति अनुरूपको अभिव्यक्ति भएको हुन्छ । हाम्रा प्रतिभाहरू कृतिमा संवादका क्रममा कारूणिकताको प्रस्तुति भएको छ । "...उहाँ त्यसबेलामा रूनुभयो । उहँको मुख बल्ल खुल्यो, सिङ्गो जिउमा हलुका थर्कन देखियो अनि आवाज कोठाभरि छरियो । कठै त्यो रुवाइ सानो केटाकेटीको भन्दा एक्लो ठान्न पर्नु ।"[३३] यहाँ विरामी अवस्थाका पुष्कर समशेरको अवस्थाका बारेमा कुरा गर्दा परिस्थितिको वर्णन कारूणिक रूपमा गरिएको छ । यसरी नै संवादलाई पूरा गरेपछि पुष्कर समशेरबाट छुटिनुपर्दा परिस्थितिले लिएको मौनता र कारूणिकतालाई पनि प्रस्तुत गरिएको–

"यति भन्दा नभन्दै त्यो कोठा एक्कासी झन मौन भयो भित्तामा ठूलाठूला राजारानीका तस्वीर थिए र पनि मैले देखेँ श्रीमति ज्यु र उहाँकी माइत आउनुभएकी छोरी टाउको निउराई रोइरहनु भएको थियो तर त्यो भन्दा पनि भक्कानो फोर्ने दृश्य अर्को उभियो

---

३१ पूर्ववत् ।
३२ पूर्ववत, पृ. ४० ।
३३ पूर्ववत, पृ.४८ ।

श्री पुष्कर समशेर स्वयं पहिलेझैं अतिनरमाइलो  पर्ने गरी रूनुभो उहाँको हृदयले के सम्झ्यो हो आफू ओफ्नो कल्पना शक्तिलाई अनि मनोविज्ञानलाई सोध्ने कुरा हो तर कोठामा कसैले आसु थाम्न सकेन सबै रोए ।"[३४]

यहाँ परिस्थितिको कारूणिक चित्रण गरिएको छ । यसले पाठक र दर्शकको मनलाई भित्रै देखि रुवाउँछ । यसरी हाम्रा प्रतिभाहरू अन्तर्वार्तामा संवादका माध्यमबाट कारुणिकताको प्रस्तुति गरिएको छ ।

### ४.१.१.२.८ वास्तविकताको प्रस्तुति रोचक शैलीमा

संवादमा कतिपय अवस्थामा वास्तविकताको प्रस्तुति रोचक तरिकामा हुन्छ । हाम्रा प्रतिभाहरूमा संवादका क्रममा रोचक शैलीमा वास्तविकताको प्रस्तुति भएको छ –"बाबु ! बेला हो बेला, हरेक थोक आ-आफ्नै बेलामा मात्र निष्कन्छ । हामीले पनि जवानीका जोशमा कैयन छाप्नै नहुने कुरा पनि लेखेका थियौं आज तपाईंहरूबाट प्रेमका कविता आइरहेका छन् यो स्वभाविकै हो ।"[३५] यहाँ वार्तानायकले युवा अवस्थामा हुने स्वाभाविक चञ्चलताको रोचक तरिकाले वर्णन गरेका छन् । यसले संवादलाई ज्यादै रोचक बनाएको छ ।

### ४.१.१.३ पात्रको व्यक्तित्वका आधारमा 'हाम्रा प्रतिभाहरू'

अन्तर्वार्तामा वार्ताकारलाई वार्तानायकसँग  कुरा गर्ने चाहना उसको व्यक्तित्व र कृतित्वका कारणले उत्पन्न हुन्छ । कुराकानीका क्रममा पात्रको व्यक्तित्व बाह्य रूपमा र आन्तरिक दुबै रूपमा प्रदर्शित भएको हुन्छ । बाह्य व्यक्तित्वमा पात्रको शारीरिक, व्यवहारिक आनीबानीको चर्चा भएको हुन्छ । आन्तरिक व्यक्तित्वमा पात्रको मानसिक र बौद्धिक चरित्रको चर्चा हुन्छ । हाम्रा प्रतिभाहरूमा बाह्य व्यक्तित्वको चित्रण जुन रूपमा गरिएको छ आन्तरिक व्यक्तित्वको चित्रण त्यो रूपमा हुन सकेको छैन ।

### ४.१.१.३.१ बाह्य व्यक्तित्वको चित्रण

पात्रको शारीरिक स्वरूप, हाउभाउको चर्चा यसमा गरिएको हुन्छ । हाम्रा प्रतिभाहरू कृतिमा वार्ताकारले पात्रको बाह्य स्वरूपको वर्णन स्वाभाविक रूपमा गरेका छन्– "त्यो आँखा नदेख्ने मान्छेलाई मैले बरोबर डिल्लिबजारमा डोऱ्याएर हिँडेको देखेको

---

३४ पूर्ववत्, पृ. ५५ ।
३५ पूर्ववत्, पृ. ६९ ।

थिए ।"[३६] यसमा बाबुराम आचार्यको आँखा नदेख्ने बाह्य स्वरूपको सङ्केत गरिएको छ । यसैगरी उनको बाह्य व्यक्तित्वलाई वार्ताकार यसरी वर्णन गर्दछन्–

"एउटा राम्रै आँखा देख्ने जस्तो मान्छे कछाड जस्तो धोति लगाएर भोटो माथिको (सुती) इष्टकोटकै प्रवाहनगरी चिलले पखेटा फिंजाए झैं दोलाई उडाइरहेछ, ओड्नेसुरमा छ । उनको खुट्टा सानो गुन्द्रीमा छ, त्यो अव्यवस्थित दशतिर टालेको सुरूवाल लगाएको जस्तो घर उनको पिठ्युँतिर उभ्भिरहेछ, वार्दली आफै हामफाल्ला जस्तो छ ।"[३७]यसमा बाबुराम आचार्यको बाह्य शारीरिक व्यक्तित्व र आर्थिक अवस्थाको चित्रण गरिएको छ । यस कृतिमा वार्ताकारलाई वार्तानायकको बाह्य शारीरिक अवस्थाले धेरै ठाउँमा जिज्ञासा उठाएको छ । प्रथम भेटपछि दोस्रो भेटमा व्यक्तित्वसँग भएको शारीरिक परिवर्तनको चर्चा पनि कृतिमा गरिएको छ । [३८]

पात्रको बाह्य व्यक्तित्वको वर्णनले पाठकको मूल स्रष्टाप्रति एक किसिमको धारणाको निर्माण हुन्छ : "बालकृष्ण समको भन्दा केही ठूलो टाउको, उहाँले दाह्री जुँघा पाल्दा खौरनअघि समय बाँकी छँदाका जस्ता दाह्री जुँघा, रोगी लुरे बच्चाको जस्तो स्थिर दाहिने हात कानैनेर पुऱ्याएको, अचल स्थितिमा रहेको सिङ्गो शरीर र त्यो गोरो अनुहारमा प्रश्न सूचक आँखा एकोहोरो मलाई ताकिरहेको ।"[३९] यसमा पुष्कर समशेरको बिरामी परेका समयको बाह्य व्यक्तित्व चित्रित छ । यसरी नै वार्तानायकलाई चिनाउने क्रममा लेखनाथको बाह्य व्यक्तित्वको चित्रण भेषभूषाका माध्यमबाट यसरी गरिएको छ– "भोटो र धोतिमा दाह्री कापल र चन्दन र विभूति उहाँका नछुट्ने कुरा नै हुन् ।"[४०] यस कृतिमा वार्ताकारले बाह्य व्यक्तित्वको चित्रण गर्दा देवकोटालाई यसरी चिनाएका छन् "कालो सेरमानी चुडिदार सुरूवाल जुत्ता लगाएको एउटा अग्लो खुइलिसकेको जस्तो तालु भएको जौ तिल दाह्री जुघा उम्रेका आँखा पाताल पुगी हाडैहाड उचालिएको एक प्राणी ...।"[४१] यसमा देवाकोटाको बिरामी बाहिरी शरीरिक व्यक्तित्वको प्रकटीकरण गरिएको छ । यसरी यस कृतिमा

---

३६ पूर्ववत्, पृ. २ ।
३७ पूर्ववत्, पृ. ३ ।
३८ पूर्ववत्, पृ. ८ ।
३९ पूर्ववत्, पृ. ४५ ।
४० पूर्ववत्, पृ.७० ।
४१ पूर्ववत्, पृ. ९८ ।

वार्ताकारले वार्तानायकलाई जुन रूपमा पाए त्यही रूपमा बाह्य व्यक्तित्वको वर्णन गरेका छन् ।

### ४.१.१.३.२ पात्रको आन्तरिक व्यक्तित्व

अन्तर्वार्तामा पात्रको आन्तरिक व्यक्तित्वका झलक पाउन सकिन्छ, तर यसलाई उजागर गर्न वार्ताकारलाई ज्यादै मिहिनेत गर्नुपर्छ । पात्रको भैातिक र मनोवैज्ञानिक व्यक्तित्वको समिश्रणबाट आन्तरिक व्यक्तित्वको प्रकटीकरण हुन्छ । हाम्रा प्रतिभाहरू कृतिमा पात्रको बाह्य व्यक्तित्वको वर्णन जुन रूपमा भएको छ आन्तरिक व्यक्तित्वको चित्रण सोही रूपमा हुन सकेको छैन । यसमा आन्तरिक व्यक्तित्वको समान्य सङ्केतमात्र दिइएको छ

"आजसम्म मैले कति दुःख कष्ट काटेँ कतिपल्ट ढोका बन्द (दरवार प्रवेश बन्द) भयो र मैले निकै गोता खानु पर्‍यो तर पनि म लत्रिन कसैको चाकरी गरी खुसी पार्ने कोसिस गरिन मैले सरकारको दीर्घ सेवा गरेकाले १५०। रू लाई मैले भत्ताको रूपमा ठानेको छु । इतिहासको विद्यार्थीलाई युगले छोएको खण्डमा ठीक हुन्न ।"[४२] यसमा वार्तानायक आचार्यको स्वाभिमानी र निडर व्यक्तित्वको चित्रण गरिएको छ । प्रस्तुत कृतिले पात्रको आन्तरिक व्यक्तित्वको स्पष्ट चित्रण भन्ने गर्न सकेको छैन ।

### ४.१.१.४ दृष्टिकोणका आधारमा 'हाम्रा प्रतिभाहरू'

कुनै विषयवस्तुप्रतिको धारणा नै दृष्टिकोण हो । हरेक कृतिमा लेखकले निश्चित धारणा व्यक्त गरेको हुन्छ । अन्तर्वार्तामा वार्ताकारको मात्र नभएर वार्तानायकको दृष्टिकोण व्यक्त भएको हुन्छ । वार्ताकार वार्तानायकको जीवनी व्यक्तित्व र कृतित्वप्रति र वार्तानायकको साहित्य, समाज, जीवन दर्शन आदिप्रति दृष्टिकोण व्यक्त भएको हुन्छ । कतिपय अवस्थामा दुवैको दृष्टिकोण एउटै रहन्छ भने कतिपय अवास्थामा विचारमा द्वन्द्व पनि रहन्छ । हाम्रा प्रतिभाहरू कृतिमा वार्ताकारको वार्तानायककाप्रति र वार्तानायकको वार्ताकार र अन्य विषयप्रतिको धारण उसको दृष्टिकोणका रूपमा प्रस्तुत भएको छ । विशेष रूपमा साहित्य, समाज, जीवन र साहित्यिक संस्थाप्रतिको दृष्टिकोण यस कृतिमा प्रबल बनेर रहेको छ ।

---

४२ पूर्ववत्, पृ. १९ ।

### ४.१.१.४.१ वार्तानायकको दृष्टिकोण

हाम्रा प्रतिभाहरू कृतिमा प्रवेश पाएका वार्तानायकहरूले आफ्नो विषयप्रति निश्चित धारणा प्रस्तुत गरेका छन् । यसको प्रस्तुति वार्ताकारले यसरी गर्दछन् –"इतिहासको विद्यार्थीले प्रत्येक कुरालाई ऐतिहासिक दृष्टिकोणले नै हेर्दछ अनि कविले कविकै दृष्टिकोणबाट ...।"[४३] यहाँ वार्तानायकको विषयका प्रतिको दृष्टिकोण व्यक्त भएको छ । यसैगरी कृतिमा जीवनप्रति वार्तानायकको दृष्टिकोण यसरी अभिव्यक्त भएको छ–"...मलाई अफ्ठेरो त छ छ तर गरीब भएरै संसार वा जीवनलाई जित्ने मेरो विचार छ । विश्व असीमित छ भनेझै धनको लेखा जोखा पनि असीमित नै छ ।"[४४] यहाँ जीवनलाई जसरी भए पनि चलाउनुपर्छ भन्ने धारण व्यक्त भएको छ । जीवनलाई व्यर्थ ठान्दै वार्तानायक हृदयचन्द्रसिंह प्रधान आफ्नो दृष्टिकोण यसरी व्यक्त गर्दछन् "...यसो घुम्न जान देउ भन्दा पनि मोटर ल्याइदिने गरेकाले अब ममा सब जोस, प्रेरणा, उत्साह परिश्रम, आदि गुण हराएजस्ता भइसके । मेरो निम्ति त्यो अभिशापै भयो जीवनभरि निरोगी भई सुखको सास फेर्न पाइनँ ।"[४५] यहाँ जीवनबाट निराश भएको धारण स्पष्ट रूपमा अगाडि आएको छ । यसरी नै मृत्युप्रति पनि एक प्रकारको धारणा बनेको छ । "मलाई मरूँला भन्ने कुनै फिक्री छैन र डर छैन ...।"[४६] कृतिमा समालोचकीय मान्यताप्रति पनि वार्तानायकको दृष्टिकोण व्यक्त भएको छ । "...यद्यपि म आँफै सोच्दछु सत्य न कसैले पाएका छन् न त्यो पाउन सकिने नै कुरा हो । त्यसैले आलोचनाको क्षेत्रमा मार्क्सवादले केही दिएन म भन्दिन यसलाई म पूर्ण सत्य हो भनी मान्न सक्दिनँ तर त्यही हो तपाईंका अहिलेसम्मका प्रश्नलाई हेर्दा धेरै कुरा जाने जस्तो बुझेस्तो खुलेजस्तो र सजिलो लाग्छ तर जीवन कहाँ त्यति सरल छ र ।"[४७] यसमा समालोचना र जीवन प्रतिको मूलस्रष्टाको दृष्टिकोण व्यक्त भएको छ ।

### ४.१.१.४.१ वार्ताकारको दृष्टिकोण

वार्ताकारको दृष्टिकोण पनि अन्तवार्तामा अभिव्यक्त भएको हुन्छ । मूल स्रष्टाप्रति र अन्य विषयसँग पनि यसको सम्बन्ध रहन्छ । वार्ताकारले विषय र स्रष्टालाई अध्ययन गरेर

---

४३ पूर्ववत्, पृ. १३ ।
४४ पूर्ववत्, पृ. १६ ।
४५ पूर्ववत्, पृ. ३८ ।
४६ पूर्ववत्, पृ. ३९ ।
४७ पूर्ववत्, पृ. ६६ ।

आफ्नै धारणा निर्माण गरेको हुन्छ । हाम्रा प्रतिभाहरूमा वार्ताकारको स्रष्टाप्रतिको दृष्टिकोण यसरी प्रस्तुत भएको छ "श्री यदुनाथ खनाल शुद्ध मनका मानसिक द्वन्द्व (दर्शनबारे) ले भरिएका तर जीववनमा आशा र आस्था राख्ने साधुजीवनका एक गहकिला नेपाली विद्वान हुनुहुँदो रहेछ ।"[४८] यसमा वार्ताकारको वार्तानायकप्रति अन्तिम धारणा निर्माण भएको छ । यसकृतिका अन्य वार्तानायक व्यक्तित्वप्रति पनि स्पष्ट रूपमा वार्ताकारको दृष्टिकोण व्यक्त भएको छ । पाठकको दृष्टिकोणको सङ्केत पनि कृतिमा समावेश भएको छ । भने व्यक्तित्वलाई बुझ्ने व्यक्तिहरूले पनि आफ्नो आफ्नो धारण कृतिमा व्यक्त गरेका छन् ।

### ४.१.१.५ भाषाशैलीका आधारमा 'हाम्रा प्रतिभाहरू'

भाषा अभिव्यक्तिको माध्यम हो, भने शैली प्रस्तुतिको तरिका हो । भाषाशैलीका आधारमा यसकृतिलाई हेर्दा यस कृतिको प्रस्तुति वर्णनात्मक, विश्लेशणतमक, समीक्षात्मक र कलात्मक भाषाको प्रयोग गरिएको छ । सहभागी दुवैले प्रयोग गर्ने भाषामा यस्तो स्थिति देखिन्छ । विषयबस्तु र घटनाको वर्णन र वर्णनात्मक भाषाको प्रयोग विश्लेषणमा, विश्लेषणात्मक भाषाको प्रयोग, समीक्षाको प्रस्तुतिमा समीक्षात्मक भाषाको प्रयोग गरिएको छ । यस कृतिको प्रस्तुतिशैली भने  निबन्धात्मक छ ।

### ४.१.१.५.१ वर्णनात्मक भाषाको प्रयोग

विषयवस्तु, घटना, स्थान र पात्रको परिचय गर्दा अन्तर्वार्तामा वर्णनात्मक भाषाको प्रयोग गरिन्छ । हाम्रा प्रतिभाहरूमा पनि यसको प्रयोग गरिएको छ–"त्यो घरको फोटो नेपालको राजधानी काठमाण्डौ ज्यादै कुठाउँमा परेका घरहरू मध्येको थियो साँगुरो गल्लीमा छिंडी भएको भनूँ घाम नलाग्ने कोठाहरू भएको ।"[४९] यहाँ वार्तानायकको घरको वर्णन गरिएको छ । यो काठमाडौंको मिल्दो परिवेश हो । घरका कोठामा घाम नलाग्ने र साँगुरा गल्लीहरू काठमाडौंमा जतातत‌ै रहेका छन् ।

### ४.१.१.५.२ समालोचनात्मक भाषाको प्रयोग

अन्तवार्तर्तामा कृतिमाथि समीक्षा प्रस्तुत गरिएको हुन्छ । यास्तो समीक्षा कृतिको मूल्य निर्धारण गर्ने खालको हुन्छ । वार्तानायकले वार्ताकार दुवैले समीक्षात्मक रूपमा संवाद

---

४८ पूर्ववत्, पृ. ६८ ।
४९ पूर्ववत्, पृ. ३१ ।

गरेका हुन्छन् हाम्रा प्रतिभाहरूमा लेखनाथ **तरुण तपसी** कृतिको समीक्षा यसरी गर्दछन् । "तरुण तपसीमा मैले आजसम्मको जीवनको सार पोखेको छु । जस्तो भनिन्छ विराग र वैराग्य पैदा नभै साहित्यको सिर्जना हुँदैन । अर्थात् मनमा चोट नलागी व्यथा या मुटुका कुरा उग्रदैनन् । त्यो निम्ति मैले **तरुण तपसी**मा तपसीलाई कान्ता विरहको कुरामा परेको देखाए, अनि उसले एउटा अत्मा देख्यो जो संसारलाई हेर्ने एउटा आँखा हो र अन्तमा जब चरिलाई मराई विरहको मात्रा बढाइ चरम बिन्दुमा पुग्छ ऊ असीम आनन्दको संसारमा पुग्छ र संसारलाई नै हाँसेको देख्छ ।"[५०] यसमा वार्तानायक समालोचकका रूपमा भाषिक कौशल देखाउँदै कृतिको सार व्यक्त गर्दछन् ।

### ४.१.१.५.३ निबन्धात्मक शैलीको प्रयोग

हाम्रा प्रतिभाहरू कृतिको प्रस्तुति ढाँचा निबन्धात्मक छ । सहभागीका बीचमा भएका कुरालाई वार्ताकारले निजात्मक अनुभूतिलाई मिसाएर प्रस्तुत गरेका छन्–

"उहाँको कपाल वर्डसवर्थको खुइले तालुजस्तो हुन हुन लागेको थियो । नाक दाह्री नाटकमा देखिने जोकरको जस्तो मुखमाथि एउटा ठिक्कको नफोरेको सुपारीको डल्लो हात त उमेरदारकै जस्ता हुन् तर लुगाभने माथिको उज्यालो तलको नपत्याउने किसिमको अँध्यारो । यसो भनेर मैले उहाँको दीनताका विषयमा उल्लेख गर्न लागेको नठान्नु होला उहाँ ठिकैको बैठकमा बस्नु भएको थियो र भेटघाट गर्न आउनेलाई सौजन्यता प्रदान गर्न त्यहाँ विशेष कमी थिएन । सके उहाँ चुरोट तमाखु खानुहुन्न क्यार, स्व. देवकोटा कहाँजस्तो चुरोटको ठुटेसंसार तपाई यहाँ पाउन सक्नुहुन्न ।"[५१] यसरी वार्ताकार परिवेशको वर्णन गर्दा कलात्मक निबनधात्मक भाषाको प्रयोग गर्दछन् ।

समग्रमा हाम्रा प्रतिभाहरू कृतिले व्यक्तित्व, कृतित्व, जीवन, साहित्य र समाजका विविध पक्षमा वार्तानायकसँग दृष्टिकोण बुझ्ने काम गरेको छ । प्रस्तुतिको ढाँचा निबन्धात्मक छ । संवाद, भाषाशैली, पात्रको व्यक्तित्व, र दृष्टिकोणजस्ता अन्तर्वार्ताका तत्त्वको समावेश यस कृतिमा गरिएको छ । प्रस्तुतिमा निबन्धात्मक भाषा र संरचनामा वार्ताको प्रयोगले गर्दा अन्तर्वार्ता भएर निवार्तात्मक कृतिका रूपमा यो कृति रहेको छ । अन्तर्वार्ताको आरम्भकालीन कृति भए पनि अन्तर्वार्ता साहित्यको विशिष्ट कृतिका रूपमा यो

---

५० पूर्ववत्, पृ. ८३ ।
५१ पूर्ववत्, पृ. ५८ ।

रहेको छ । नेपाली अन्तर्वार्ता विकासको पहिलो चरणका अन्तर्वार्ताहरूमा यस कृतिले कलात्मक गुणात्मकता प्राप्त गरेको छ ।

### ४.१.२ **'स्रष्टा र साहित्य' अन्तर्वार्ता कृतिको विश्लेषण**

स्रष्टा र साहित्य (२०२३) नेपाली अन्तर्वार्ता विकासको पहिलो चरणको ज्यादै महत्त्वपूर्ण कृति हो । यस कृतिमा जम्मा पैंतीस जना साहित्यिक स्रष्टासँग प्रत्यक्ष भेट गरी वार्तालाप गरिएको छ । यस कृतिका वार्ताकार व्यक्तित्व उत्तम कुँवर हुन् । अन्तर्वार्ताको सैद्धान्तिक आधारमा यहाँ यस कृतिको अध्ययन गरिएको छ ।

स्रष्टा र साहित्य कृतिको संरचना अन्तर्वार्ता र निबन्धको मिश्रणबाट तयार भएको छ । वार्ताका क्रममा स्रष्टाका बानी, व्यवहार, शारीरिक अवस्था र वार्ताको समय , परिस्थिति र परिवेशको वर्णन गरी वार्ताकारले नेपाली भाषा, साहित्य, समालोचना, इतिहास, आदिसँग समम्वन्धित व्यक्तित्वहरूसँग कुराकानी गरेका छन् । स्रष्टा र साहित्यले तत्कालिन समयमा साहित्यप्रतिको धारणा, साहित्यको विकास, साहित्यिक संस्थाहरूको गतिविधि आदिका बारेमा दृष्टिकोण बुझ्ने काम गरेको छ । वार्ताहरू केही छोटा भए पनि यस कृतिमा संवादको सर्बोपरी स्थान रहेको छ । वार्ताकारको स्रष्टाप्रति उच्च सम्मान पनि यस कृतिमा रहेको छ । यो कृतिमा समावेश भएका केही अन्तर्वार्ता **नयाँ समाज** पत्रिकामा पनि प्रकाशित भएका छन् ।[५२] साहित्यकारहरूका समाज, जीवन, साहित्यिक संस्था आदिप्रतिको दृष्टिकोण बुझ्न यो कृति ज्यादै महत्त्वपूर्ण रहेको छ । यस कृतिको परिशिष्टमा स्रष्टाको परिचयलाई समेत समेटिएको छ ।

#### ४.१.२.१ **सहभागीका आधारमा 'स्रष्टा र साहित्य'**

सहभागी अन्तर्वार्ताको आवश्यक तत्त्व हो । वार्ताकार र वार्तानायक अन्तर्वार्ताका सहभागी हुन् । वार्ताकार प्रश्नकर्ता व्यक्ति हो भने वार्तानायक उत्तरदाता व्यक्ति हो । यस कृतिका वार्ताकार व्यक्ति उत्तम कुँवर हुन्, भने वार्तानायक व्यक्तिहरूमा वालकृष्ण सम, लैनसिंह बाङदेल, कमल दीक्षित, सिद्धिचरण श्रेष्ठ, गोविन्दबहादुर मल्ल, भवानी भिक्षु, रत्नध्वज जोशी, लेखनाथ पौड्याल, धर्मराज थापा, केदारमान व्यथित, सुब्बा ऋद्धिबहादुर मल्ल,

---

५२ उत्तम कुँवर, **स्रष्टा र साहित्य**, चौ.स, (काठमाडौं : साझा प्रकाशन,२०५०) प्रकाशकीयवाट ।

सूर्यबिक्रम ज्ञवाली, राममणि आ.दी., भूपि शेरचन, लीलाध्वज थापा, मोहन कोइराला, बालचन्द्र शर्मा, कृष्णचन्द्रसिंह प्रधान, रमेश विकल, भीमनिधि तिवारी, माधवप्रसाद घिमिरे, गोविन्दप्रसाद लोहनी, श्यामदास वैष्णव, विजय मल्ल, धरणीधर कोइराला, महानन्द सापकोटा, रूद्रराज पाण्डे, पारिजात, बाबुराम आचार्य, शङ्कर लामिछाने, सोमनाथ सिग्देल, बालकृष्ण पोखरेल, माधवलाल कर्माचार्य, एम.बी.बी. शाह, इन्द्रबहादुर राई, व्यक्तित्व रहेका छन् । यो अन्तवार्ता कृति एक वार्ताकार र बहु वार्तानायक भएको कृति हो ।

### ४.१.२.२ संवादका आधारमा 'स्रष्टा र साहित्य'

संवाद अन्तर्वार्ताको सबै भन्दा मुख्य तत्त्व हो । यसको अभावमा अन्तर्वार्ताको निमार्ण हुन सक्दैन । संवादका माध्यमबाट नै अन्तर्वार्तामा पात्रको व्यक्तित्व, उसको विचार, धारणा आदिको प्रकटीकरण भएको हुन्छ । संवादमा स्रष्टाको चिनारी, योगदान, बानी व्यवहार, चिन्तन आदिको प्रस्तुति हुन्छ । यसैबाट स्रष्टाले आफ्नो व्यक्तित्वको प्रभाव पाठक वा दर्शकमा छाडेको हुन्छ ।

वार्ताकार उत्तम कुँवरले स्रष्टा र साहित्य कृतिमा पैंतीस जना स्रष्टासँग व्यक्तित्व परिचय, कृतित्वको चिनारी, साहित्यिक योगदान, साहित्यिक वातावरण, प्रज्ञा प्रतिष्ठान, मदन पुरस्कारजस्ता साहित्यिक संस्था, जीवन दर्शन आदिको जानकारी संवादका माध्यमबाट गराएका छन् । यस कृतिमा संवादका माध्यमबाट स्रष्टाका धारणा, जीवनमूल्य, जीवन दर्शन, साहित्यिक गतिविधि आदिका बारेमा प्रकाश पार्नु वार्ताकारको मूल उद्देश्य रहेको छ । स्रष्टा र साहित्यमा संवादका माध्यमवाट चर्चा गरिएका विषय प्रसङ्गको चर्चा यहाँ गरिएको छ । स्रष्टा र साहित्यमा संवादका क्रममा परिवेशको वर्णन, रोचक प्रसङ्गको जानकारी, व्यक्तिगत कुराको उद्घाटन तथा संवादका क्रममा परिवेश र परिस्थितिको वर्णन गर्दा दृश्यात्मकताको सिर्जना गरिएको छ ।

संवादका क्रममा वार्ताकारले कुराकानीको सन्दर्भ र परिवेशको वर्णन यस कृतिमा गरेका छन् । वार्तानायक माधवलाल कर्माचार्यसँगको कुराकानीका क्रममा बीचमा वार्ताकार परिस्थितिको वर्णन यसरी गर्दछन् - "केल टोलको दुई चोकभित्र उहाँको घर विहानपख हाम्रो कुराकानी चलिरहेकै थियो । बीचमा कठवारले बारेको कोठाको बाहिरी भागमा हामी

दुई आमने सामने बसेका थियौं कोठामा किताब जताततै जस्तो छरिएका थिए ।"[५३] यहाँ कुन समय र परिवेशमा कुरा भएको हो भन्ने कुराको वर्णन वार्ताको बीचमा गरिएको छ । संवादका क्रममा पाठकलाई परिवेशको जानकारी दिने उद्देश्यले यो कुरा समावेश गारिएको हो । यस कृतिका सबै जसो अन्तर्वार्तामा स्रष्टासँग कुन समयमा कहाँ कुरा भएको हो, भन्ने कुराको जानकारी बार्ताकारले परिवेशको वर्णन गर्ने क्रममा गरेका छन् । संवादका क्रममा वार्ताकार र वार्तानायकले यस्तो अवस्थाको सिर्जना गर्दछन् । उनीहरूको कुराले ज्यदै रमाइलो वातावरणको सिर्जना भएको हुन्छ । यस कृतिमा वार्तानायक लीलालध्वज थापासँगको बिवाहको बारेमा भएको वार्ता प्रसङ्गले उनको व्यक्तिगत कुराको उदघाट्न हुनुका साथै उनको उत्तरले ज्यादै रोचकता सिर्जना गरेको छ । जस्तै-

"थापाज्यू तपाईंले विवाह त सानै उमेरमा गर्नु भएको हो क्यार'...... ९८ सालमा विवाह गरेको थिएँ उनी ७ सालमा मरिन ९ सालमा दोस्रो बिवाह गरेँ २ छोरा भए । फेरी पोहर साल मात्र गन्धर्व रीतले अर्को एउटा सङ्ग्रह गरेको छु । जनगणनाको नतिजा अनुसार नेपाल स्त्रीको संख्या ज्यादा छ, उनीहरूलाई विदेशमा पठाउनु या जगेडा राख्नु या छिपे रूस्तम हुन दिनु भन्दा त शक्ति भएका पुरूषले २/३ वटा बिवाह गर्नु नै श्रेय छ ।"[५४] यहाँ लीलाध्वज थापाले आफूले धेरै महिलासँग बिवाह गरेको प्रसङ्गलाई उल्लेख गरी रोचक शैलीमा विषयको वर्णन गरेका छन् ।

स्रष्टा र साहित्य कृतिमा वार्ताकारले अन्तर्वार्ताका क्रममा स्रष्टाहरूसँग संवादका माध्यमवाट धेरै कुरा जान्न चाहेका छन् । तर छोटो समयमा लिएका अन्तर्वार्ता हुनाले स्रष्टाका सम्पूर्ण कुरा यस कृतिमा समेटिएका भने छैनन् । वार्ताको क्रममा परिस्थितिको वर्णन गर्दा कतिपय स्थानमा दृश्यात्मकताको सिर्जना कृतिमा भएको छ । संवादको सुरूमा, संवादको बीचमा र अन्त्यमा परिवेश वर्णन गर्दा दृश्यात्मकता सिर्जना भएको छ । उनीहरूले वार्ता सम्पन्न गर्दा कस्तो परिवेशमा वार्ता सम्पन्न भएको छ, भन्ने कुराको ज्ञान यसले दिन्छ । "मोटो सुरूवालको लवाइमा कालो अलि अलि छ्याक अनुहार नमिलेको आँखा पुरानो ढङ्गको कपाल मध्यम कद र जिउडाल भएका श्री रत्नदास जोशीका सामुन्ने म थिएँ, अनि हामी दुवैको अगाडि थियो । उहाँकी आमाले ल्याइदिनु भएको चिया र अमलेट म चिया

५३ पूर्ववत्, पृ. २२४ ।
५४ पूर्ववत्, पृ. ८८ ।

पिउदै उहाँको मुख हेर्दै थिएँ ।[५५] यहाँ वार्ताकारले संवादको मध्य भागमा कुन अवस्थामा संवाद अगाडि बढेको छ र परिवेश कस्तो छ भन्ने कुराको जानकारी दिइएका छन् । यसैगरी संवादमा दृशयात्मकताको सिर्जना गर्ने क्रममा वार्ताकार वर्णन गर्दछन्–

" चारैतिर कौच र बिचमा टेबुल-टेबुलमा ६-७ वटा एष्ट्रे थिए । सगरमाथा देखि ५५५ सम्मका चुरोटका खाली वट्टाहरू यताउता छरिएका, केही किताव र कापीको हाल पनि त्यस्तै थियो । खुकुरी रमको खाली शिशी पनि एक कुनामा त्यसै मिल्किएको थियो । कोठाको एक कुनामा पुरानो हार्मोनियम राखिएको थियो अनि भित्तामा ठोकिएको कीलाहरूमा टाइ, कोट, प्यान्ट झुण्ड्याइएका ।" [५६] यहाँ एउटा अस्तव्यस्त रूपमा रहेको कोठाको दृश्य निमार्ण गरिएको छ । जुन समयमा वार्ताकार र वार्तानायक अन्तर्वार्ता सम्पन्न गर्न लागेका छन् त्यसको दयनीय चित्र यसमा प्रस्तुत गरिएको छ । संवादका क्रममा यस कृतिमा स्रष्टाका बारेमा चिनारी दृश्यात्मकता, रोचक प्रसङ्गको जनकारी, स्रष्टाको योगदानको बारेमा चर्चा गरिएको छ । साथै एकेडेमी र मदन पुरस्कारका बारेमा दृष्टिकोण जान्ने काम संवादका माध्यमबाट भएको छ ।

### ४.१.२.३ पात्रको व्यक्तित्व चित्रणका आधारमा 'स्रष्टा र साहित्य'

पात्रको व्यक्तित्वको प्रकटीकरण अन्तर्वार्तामा हुन्छ । व्यक्तित्व अन्तर्वार्ताको आवश्यक सामाग्री हो । प्रत्यक्ष वार्तामा पात्रको बाह्य व्यक्तित्वको प्रकटीकरण र परिवेशको चित्रात्मक प्रस्तुति भएको हुँदैन । निवार्तात्मक अन्तर्वार्तामा पात्रको व्यक्तित्व र परिवेशको चित्रण गरिएको हुन्छ । वार्ताकारले अन्तर्वार्तामा व्यक्तित्वको चर्चा गर्दा बाह्य र आन्तरिक दुबै व्यक्तित्वको प्रकटीकरण गरेको हुन्छ । बाह्य व्यक्तित्वअन्तर्गत रहन सहन, शारीरिक स्वरूप भेषभूषाजस्ता कुराहरू पात्रको बाह्य व्यक्तित्वमा पर्दछन् भने शारीरिक र मनोविज्ञान दुबैको मिश्रणबाट आन्तरिक व्यक्तित्वको निर्माण हुन्छ । स्रष्टा र साहित्य कृतिमा पात्रको बाह्य तथा आन्तरिक दुबै तहमा व्यक्तित्वको चित्रण भएको छ । यस कृतिमा वार्ताकार स्रष्टाको बाह्य व्यक्तित्वको चित्रणमा बढी केन्द्रित रहेका छन् जसले गर्दा स्रष्टालाई पाठकले सजिलै चिन्न सक्दछ ।

---

५५ पूर्ववत्, पृ. ६६ ।

[५६] पूर्ववत् पृ.७९

### ४.१.२.३.१ पात्रको बाह्य व्यक्तित्व

अन्तवार्तामा चित्रण हुने पाात्रको बाह्य व्यक्तित्वले स्रष्टाको जीवन्तता आकर्षण एवं दृश्यात्मक मनोबिम्बको सिर्जना गर्दछ । स्रष्टा र साहित्य कृतिमा सहभागी वार्तानायकको रहन सहन, व्यवहार, भेषभूषा, हाउभाउ आदिको वर्णन गरी बाह्य व्यक्तित्वको वर्णन गरिएको छ । स्रष्टामा देखिएका बाह्य स्वरूपको चित्र यो वर्णनले उतारेको छ । जस्तै-

"थाप्चो अनुहार ठिकैको नाक, अनि आँखा पनि त्यही खालको, गहुँ गोरो अनुहार, पुड्के खालको नेपाली स्तरको उँचाई, गालामा घाउको दाग आदि चिह्नाङ्कित मंगोली पुड्के टाइपको पुरूषको सामुन्ने मैले आफूलाई पाएँ .... म यहाँको बारेमा केही जान्न भनेर आएको कसरी तपाईं साहित्य र कलाका क्षेत्रमा लम्कनु भयो ?"[५७] यहाँ वार्ताकारले वार्तानायक लैनसिंह वाङदेलको बाह्य व्यक्तित्वको चित्रण गरी संवादको आरम्भ गरेका छन् । यसैगरी वार्तानायकको व्यक्तित्वको चित्रण गर्ने क्रममा वार्ताकार भन्दछन्–

"उच्च ललाट टाढो आँखा, लाम्चो अनुहार, आधुनिक फ्रेम भएको चश्मा, ढाकाको ढल्के टोपी, भरखर स्त्री गरेको मयपोस सुरूवाल र कोटको पहिरन टल्कने जुत्ता, सजाइएको साइकल आदिले सधै विभूषित अझ थापाज्यू कै भनाई अनुसार सधै नक्कले भई आकर्षित व्यक्तित्वमा हिड्ने थापाज्यू र घरमा बस्ने थापाज्यूको तरिका र रहनसहनमा निकै भिन्नता रहेछ र साथै आर्थिक अवस्था पनि त्यस्तै त्यस्तै ।[५८] यहाँ लीलाध्वज थापाको सौखिन व्यक्तित्वको चित्रण गरिएको छ । यसैगरी यस कृतिमा वार्तानायकको बाह्य व्यक्तित्वलाई वर्णन गर्ने क्रममा वार्ताकार अझ सुन्दर रूपमा प्रस्तुत भएका छन्-

"दोहोरा आङ करीब साढे ६ फीटको उचाई गहुँ गोरो अनुहार लामो रोमन नाक, माइनस सातलाई पूरा गर्ने बाक्लो पावरदार चश्माले छोपेका तेजिला आँखा, ठूला कान उच्च ललाट, जहिले सुकै नेपाली टोपीले छोप्ने तालु खुइलिएका कपाल आदि भएका बालचन्द्र शर्माज्यूको व्यक्तित्व ज्यादै अनौठो छ ।"[५९] यसरी स्रष्टाहरूको बाह्य व्यक्तित्वको वर्णन सुक्ष्म रूपमा यस कृतिमा गरिएको छ । बाह्य व्यक्तित्वको चित्रणमा प्रस्तुत कृति सबल रहेको छ ।

---

५७ पूर्ववत्, पृ. ८ ।
५८ पूर्ववत्, पृ. ८६ ।
५९ पूर्ववत्, पृ. १०३ ।

### ४.१.२.३.२ पात्रको आन्तरिक व्यक्तित्व

वार्ताकारले पात्रको आन्तरिक व्यक्तित्वको चित्रण गर्दा शारीरिक स्वरूप र मनोविज्ञानलाई मिसाएको हुन्छ । स्रष्टा र साहित्य कृतिमा बाह्य व्यक्तित्वको चित्रण जुन तहमा पुगेर गरिएको छ, आन्तरिक व्यक्तित्व चित्रण भने त्यति शसक्त हुन सकेको छैन । कृतिको कुनै कुनै स्थानमा आन्तरिक व्यक्तित्व चित्रणको सङ्केत वार्ताकारले यसरी गरेका छन्-

"कर्माचार्यको गम्म परेको गम्भीर अनुहार तर एकनाससँग मुस्कुराइ रहेको भान हुने त्यो अनुहार कुनै भावना कुनै विचारमा डुबेको जस्तो भान जहिले सुकै हुन्थ्यो, खास गरी उहाँको चश्मा भित्रको दुई आँखा कता कता हराएको जस्तो लाग्थ्यो जहिले सुकै ।"[६०] यहाँ माधवलाल कर्माचार्यको बाहिरी स्वरूप र आन्तरिक मनोभावनाको मिश्रण गरी अन्तरिक व्यक्तित्वको सबल चित्र उतारिएको छ । यसरी यस कृतिमा आन्तरिक व्यक्तित्वको चित्रण सामान्य रूपमा गरिएको छ । बाह्य व्यक्तित्व चित्रण र दृष्टिकोणमा यो कृति सबल भए पनि पात्रको आन्तरिक व्यक्तित्व चित्रणमा भने कमजोर रहेको छ । व्यक्तिको मनोभावनाको प्रस्तुति सबल रूपमा नभएकाले पात्रको आन्तरिक बिम्ब बाहिर आउन सकेको छैन ।

### ४.१.२.४ दृष्टिकोणका आधारमा 'स्रष्टा र साहित्य'

लेखकले आफ्नो कृतिमा निश्चित दृष्टिकोण प्रस्तुत गरेको हुन्छ । अन्तर्वार्ता मूल रूपमा समाज, व्यक्ति, कृति, जीवन जगत र दर्शन आदि विषयमा दृष्टिकोण बुझ्न र अज्ञात तथ्यको ज्ञान गर्न लिइन्छ । स्रष्टा र साहित्य कृतिमा वार्ताकारले वार्तानायकको दृष्टिकोण बुझ्ने काम गरेका छन्, साथै स्रष्टाप्रति आफ्नो दृष्टिकोण पनि प्रस्तुत गरेका छन् ।

### ४.१.२.४.१ वार्तानायकको दृष्टिकोण

स्रष्टा र साहित्य कृतिमा पैंतीस जना स्रष्टाहरूका जीवन, जगत, कृति, समाज, साहित्य, एकेडेमी आदिप्रति धारण अभिव्यक्त भएका छन् । संवादका माध्यमबाट वार्ताकार कुँवरले यी सबैसँग उनीहरूको दृष्टिकोण बुझ्ने काम गरेका छन् । कृतिमा साहित्य, समाज, जीवन आदि विषयमा स्रष्टाका धारणा व्यक्त भएका छन् । कला र साहित्यप्रति वार्तानायक

---

६० पूर्ववत्, पृ. २४२ ।

वाङ्देलको धारण यसरी व्यक्त भएको छ- "साहित्यमा कला र समाजको द्विपक्षीय चित्रण गरिनुका साथै देशको प्रतिनिधित्व गरिएको हुनुपर्दछ ।"[६१] यहाँ साहित्य कस्तो हुनुपर्दछ भन्ने सन्दर्भमा वार्तानायकको धारण स्पष्ट रहेको छ । साहित्य, कला र समाजको समिश्रणबाट निर्माण हुनुर्पछ भन्ने दृष्टिकोण व्यक्त भएको छ । यसैगरी अर्का वार्तानायक कविताका सन्दर्भका भन्दछन् "तीब्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठीकसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो ।"[६२] यहाँ कविताका बारेमा स्पष्ट धारणा व्यक्त भएको छ । वार्तानायक केदारमान व्यथितले कविताका बारेमा जुन दृष्टिकोण राखेका छन् त्यो उनको कविताको स्थापित परिभाषाका रूपमा रहन गएको छ ।

साहित्यप्रति मात्र नभएर यस कृतिमा समालोचकहरूले लेखकका बारेमा आफ्नो धारणा प्रस्तुत गरेका छन् समालोचक बालचन्द्र शर्माको लेखकहरूप्रतिको धारण यस कृतिमा यसरी प्रस्तुत भएको छ-

"हाम्रो लेखक कविलाई थारूको दैनिक चर्या थाहा छैन, गुरुङको रोदीघर थाहा छैन । उनीहरूले हिमालय सौन्दर्यको अनुभूति लिन पाएका छैनन् जीवनका साहसिला कदमको स्वाद चाख्न पाएका छैनन् खै उनीहले नेपालको वास्तविक प्राकृतिक सौन्दर्य छिचरेको उनीहरू विदेशी वर्णनमा आफ्नो देश रमणीय छ भनी मस्त हुन्छन् र सङ्कुचित जुद्धसडकको घेरामा २०/२५ वर्षको उमेरको वर्णन गर्न मात्र तम्सन्छन् ।"[६३] यहाँ समालोचक बालचन्द्र शर्माले लेखकहरूले वास्तविक अध्ययन नगरी अल्प ज्ञानमा रचाना गर्ने उनीहरूको कमजोर सिर्जना शक्तिका बारेमा आफ्नो टिप्पणी प्रस्तुत गरेका छन्।

यसैगरी समालोचक रत्नध्वज जोशी समालोचक र लेखक बीचमा कुनै सम्बन्ध हुन नहुने भन्दै आफ्नो समालोचकीय दृष्टिकोण यसरी प्रस्तुत गर्दछन् "लेखक र लोचकको विषयमा सहनशीलता आएको छैन- "लेखकहरू आलोचकले राम्रो कुरामात्र लेखिदेओस भन्ठान्छन् उनीहरू यो कुराको विचारै राख्दैनन्- आलोचक लेखकको कमारो होइन ।"[६४] यहाँ समालोचक तटस्थ व्यक्ति हो भन्ने धारणा अभिव्यक्त भएको छ । यस कृतिमा साहित्यकार

---

६१ पूर्ववत्, पृ. ११ ।
६२ पूर्ववत्, पृ. ४५ ।
६३ पूर्ववत्, पृ. १०६ ।
६४ पूर्ववत्, पृ.६५-६६ ।

र समालोचकका दृष्टिकोणलाई हेर्दा विरोधाभासको सिर्जना हुन्छ । यस कृतिमा स्रष्टाको समालोचना र समालोचकका बारेमा दृष्टिकोण यसरी प्रस्तुत भएको छ-

"नेपाली साहित्यमा समालोचकको ज्यादै ठूलो अभाव छ -जुन मैले मात्र हैन धेरै जसो लेखकहरूले महसुस गरिएका हुन् । समालोचकको अभावले गर्दा लेखकले आफूलाई राम्रो चिन्न पनि पाउँदैनन् । वर्तमानका केही समालोचकले पनि आधुनिक कवितालाई रामरी प्रकाशमा ल्याउन सकेका छैनन् र साथै आफैँ पनि रूमलिएका छन्, आ-आफ्नो वादे मुकुण्डोको आडमा साहित्यिक कृतिको लेखा जोखा नगरी जात पात र वादको जोखा गर्छन् ।"[६५] यहाँ कवि मोहन कोइरालाले समालोचक प्रति गरेको टिप्पणीले समालोचक र सर्जकका बीचमा त्यो समयमा ठूलो विरोधाभास रहेको ज्ञान हुन्छ । यस कृतिमा सर्जक र समालोचकका धारणामा एकले अर्कामा कमजोरी देखेका छन् ।

स्रष्टा र साहित्य कृतिमा वार्ताकारले ने.रा.प्र.प्र. र मदन पुरस्कार पुस्तकालयले गरेका कामका बारेमा धारणा बुझ्ने काम गरेका छन् । कतिपय स्रष्टाहरूले यी संस्थाले गरेका कामलाई सकारात्मक रूपमा लिएका छन् भने कतिले असन्तुष्टि प्रस्तुत गरेका छन् । यस कृतिमा एकेडेमीले गरेका कामका बारेमा व्यङ्ग्य गरेका छन् भने मदन पुस्तकालयले गरेका कामको समर्थन वार्तानायकहरूले गरेका छन् । यस कृतिमा एकेडेमीको कामका बारेमा वार्तानायक मोहन कोइराला आफ्नो धारणा यसरी प्रस्तुत गर्दछन्

"किताब छाप्न त छापेको छ तर आर्थिक दृष्टिकोण नै अपनाएको छैन । यही रूपले प्रकाशन गरिरह्यो भने एक दिन राजधानीका सबैजसो ठूलाठूला घर एकेडेमीले आफ्ना किताब थन्क्याउन बहालमा लिनु पर्ने छ । एक रूपैयाको किताब बेच्न धौ धौ पर्ने देशमा १२/१३ रूपैया पर्ने किताब कसले  किनिराख्छ ?"[६६] यहाँ आर्थिक दृष्टिकोण विना महङ्गो पुस्तक छाप्ने एकेडेमीप्रति व्यङ्ग्यात्मक दृष्टिकोण प्रस्तुत गरिएको छ । यसरी स्रष्टा र साहित्य अन्तर्वार्ता सङ्ग्रहमा वार्ताकारले वार्तानायकलाई समाज साहित्य र साहित्यिक संस्थाप्रति जीवन, दर्शनप्रति रहेका धारणा उनीहरूका दृष्टिकोणका रूपमा बुझ्ने काम गरेका छन् । यस कृतिमा साहित्य, समाज, नेपाली साहित्यको विकासको अवस्था, साहित्यिक

---

६५ पूर्ववत्, पृ. ९६ ।
६६ पूर्ववत्, पृ. ९५ ।

संस्था, समालोचना, जीवन दर्शन पुरस्कार आदि विषयमा वार्तानायकसँग दृष्टिकोण बुझ्ने काम वार्ताकारले गरेका छन् ।

### ४.१.२.४.२ वार्ताकारको दृष्टिकोण

वार्ताकार उत्तम कुँवरले आफ्नो स्रष्टाप्रतिको धारणालाई कृतिमा प्रस्तुत गरेका छन् अन्य विषयमा भने उनको दृष्टिकोण यस कृतिमा उपस्थित हुन सकेको छैन । वार्तानायकप्रति रहेको उच्च सम्मान यस कृतिमा वार्ताकारको दृष्टिकोण बनेर व्यक्त भएको छ । जस्तै-

"साहित्यमा विकास ? गोविन्दज्यू जस्ता समर्थ लेखकलाई साहित्य सिर्जनातर्फ लाग्न नसके पेटको समस्या टार्न छापाखानाको मैनेजरी गर्नुपरिरहेको छ । आफ्नो सिर्जना शक्ति खेर फाल्नु परिरहेको छ । केही सीमित व्यक्तिबाहेक धेरैजसो नेपाली साहित्यकारको यही अवस्था छ ।"[६७] यहाँ वार्ताकार कुँवरले गोविन्दबहादुर मल्लका माध्यमबाट सम्पूर्ण नेपाली साहित्यकारहरूको कमजोर अवस्थाका बारेमा आफ्नो धारणा व्यक्त गरेका छन् । यस कृतिमा वार्ताकार को दृष्टिकोण व्यापक रूपमा उपस्थित हुन सकेको छैन । स्रष्टाप्रति वार्ताकारले आंशिक दृष्टिकोण मात्र प्रस्तुत गरेका छन् । दृष्टिकोणका हिसाबले स्रष्टा र साहित्य कृति वार्तानायकको दृष्टिकोण प्रमुख रहेको कृति हो ।

### ४.१.२.५ भाषाशैलीका आधारमा 'स्रष्टा र साहित्य'

विचार विनिमयको माध्ययमा भाषा हो । शैली भाषालाई प्रस्तुत गर्ने तरिका हो । शैलीबाट लेखकको पहिचान हुन्छ । यो लेखकले प्राप्त गर्ने निजत्व पनि हो । स्रष्टा र साहित्य अन्तर्वार्ता कृति भाषाशैली र संवाद तत्त्वका कारणले नै उत्कृष्ट रहेको छ । यस कृतिमा विषय, परिवेश, पात्र, परिस्थिति अनुकूल भाषाको प्रयोग गरिएको छ ।

### ४.१.२.५.१ वर्णनात्मक भाषाको प्रयोग

प्रस्तुत कृतिमा वार्ताकार कुँवरले स्रष्टासँग कुराकानी गर्दा उनीहरूको जीवनी र योगदानको वर्णनात्मक रूपमा चर्चा गरेका छन् । यसले कृतिमा वर्णनात्मक भाषाको प्रयोगमा सबलता देखिन्छ । स्रष्टाको व्यक्तित्व र कृतित्वको चर्चा वार्ताकारले यसरी गरेका

---

६७ पूर्ववत्, पृ. २९ ।

छन्-

"खाल्डो परेका गाला, लाम्चो अनुहार,लामो नाक,चश्मालाई सहारा दिइरहेका ठूला ठूला कान नकोरिएको कपाल दुब्लो अग्लो त्यसमाथि देखासिकीको नक्कलदेखि टाढा भागेका ,ज्यादै सहन सक्ने कमजोरी सोझो बोलाइ अनि ९७ सालमा क्रान्तिकारी कविता लेखेको अपराधमा १२ वर्ष कैद परेका नेपाली पहिलो खवरकागजका प्रधान सम्पादक ।"[६८]यहाँ वार्तानायक सिद्धिचरण श्रेष्ठको व्यक्तित्व र योगदानको वार्ताकारले वर्णनात्मक रूपमा चर्चा गरेका छन् । यस कृतिमा स्रष्टाको योगदानको चर्चा गर्दा वर्णनात्मक भाषाको प्रयोग भएको छ ।

### ४.१.२.५.२ विश्लेषाणात्मक भाषाको प्रयोग

स्रष्टा र साहित्य कृतिमा वार्ताकारले घटनाको सूक्ष्म रूपमा विश्लेषण गर्दा यस्तो भाषाको प्रयोग गरेका छन् । कतिपय वार्तानायकहरूका संवादमा आएका विशेष घटनाको विश्लेषण गर्ने काम वार्ताकारबाट भएको छ । २०११ सालमा लेखनाथको अभिनन्दन कार्यक्रमको विश्लेषण वार्ताकारले विश्लेषणात्मक भाषामा यसरी गरेका छन्

"२०११ साल पुस २० गतेको दिन ! मध्य दिनमा जिउँदा कविलाई रथमा राखेर हजारौँ जनताले तछाड र मछाड गर्दै ठमेल सल्लाघारीदेखि ऐतिहासिक टुडिखेल खरीको बोटसम्म ल्याए । जुलुसमा आएका हजारौँ जनतामा साना ठूलाको भेद थिएन, साम्प्रदायिकताको भाव थिएन, अनि छुत अछुतको कलङ्क थिएन । कविको सम्मान गर्न पाएको गौरवमा सबैले आपसमा मस्त भइ कवि शिरोमणिलाई खरीको बोटमा ल्याए अनि सभासद बनाए शिरोमणिको आँखामा आँसु थियो । जनता हर्षोल्लासमा चुर्लुम्म डुबेका थिए ।"[६९] यहाँ परिस्थिति घटना समय अनुकूलको विश्लेषणात्मक भाषाको प्रयोग गरिएको छ ।

### ४.१.२.५.३ निबन्धात्मक भाषाको प्रयोग

स्रष्टा र साहित्य अन्तर्वार्ता भए तापनि संवाद तत्त्वका तुलनामा यस कृतिमा निबन्ध तत्त्वको पनि प्रबल उपस्थिति रहेको छ । वार्ताकारले विषय र घटनलााई निजात्मक अनुभूतिमा व्याख्या गर्दछन् जसले गर्दा भाषिक कलामा निबन्धात्मक चेतनाको प्रवेश हुन्छ र

६८ पूर्ववत्, पृ.१९ ।
६९ पूर्ववत्, पृ. ३० ।

प्रत्यक्ष संवाद पनि कलात्मक र साहित्यिक बन्न पुग्दछ । स्रष्टा र साहित्य कृतिमा वार्ताकारले भाषाको नैबन्धिक प्रयोग यसरी गरेका छन्-

"छातीबाट खसेका राता रगतका एक एक थोपाहरूले लाखौँ पानामा बेदनाले भरिएको राणकालीन नेपाली साहित्यको इतिहास अटुट रूपमा लेख्न पुग्ने छ । त्यही व्यक्तिले आफ्नो बाबुको साहित्य सेवा गर्ने सम्पत्ति अधिकृत गरी आफूले मात्र एकलौटी नबनाएर छोराहरूमा पनि बाँडिएको थियो । आफूप्रति उचित न्याय होस् भनी माग गर्ने व्यक्तिको कथा यस्तै छ । अनि यस्तै कथा भएको त्यो मानिसलाई नेपालीहरू ऋद्धिबहादुर मल्ल भन्दछन् ।"[७०] यहाँ वार्ताकारले सहिदको बलिदानको चर्चा गर्दै ऋद्धिबहादुर मल्लको साहित्यिक योगदानको चर्चा गर्ने क्रममा ज्यादै कलात्मक भाषामा व्यक्तित्वको चित्रण गरेका छन् । यसले भाषिक कलाको उच्च सौन्दर्यलाई समेटेको छ । यस कृतिमा निबन्धात्मक सौन्दर्य रहेको छ । जसले गर्दा अन्तर्वार्ता निवार्तात्मक बन्न पुगेको छ ।

यसरी स्रष्टा र साहित्य कृतिमा वर्णन, विश्लेषण र कलात्मक भाषाको प्रयोग स्रष्टाको व्यक्तित्व परिचय,योगदानको चर्चा गर्ने क्रममा आएको छ । अन्तर्वार्तामा संवाद तत्त्वको प्रबलता हुने भए तापनि त्यसलाई निबन्धात्मक भाषिक शिल्पले उच्च कलात्मक बनाउने काम वार्ताकारले गरेका छन् । यही उच्च भाषिक शिल्पले गर्दा नै स्रष्टा र साहित्य जीवन्त कृति बनेर नेपाली साहित्यमा रहेको छ । नेपाली अन्तर्वार्ताको प्रथम चरणमा देखिएका अन्तर्वार्ता कृतिहरू प्रत्यक्ष संवाद तत्त्वको प्रयोग र निबन्धात्मक भाषिक शिल्पको प्रयोगले हाम्रा प्रतिभाहरू र स्रष्टा र साहित्य अन्तर्वार्ताका उत्कृष्ट नमूना कृतिका रूपमा रहन सफल भएका छन् ।

नेपाली अन्तर्वार्ताको प्रथम चरणका अन्तर्वार्ता सङ्ग्रहहरू सङ्ख्यात्मक रूपमा केही कम भए पनि गुणात्मक रूपमा विशिष्ट खालका छन् । अन्तर्वार्तामा हुने संवाद, व्यक्तिको व्यक्तित्व, सहभागी र भाषाशैलीका आधारमा हेर्दा यी कृतिहरूमा संवाद तत्त्व र निबन्ध तत्त्वको मिश्रण रहेको छ । हाम्रा प्रतिभाहरू वार्ता भन्दा पनि निवार्ताको नजिक रहेको छ । यस कृतिमा निबन्ध चेतनाको प्रबलता रहेको छ, भने स्रष्टा र साहित्य कृतिमा स्वल्प निबन्ध तत्त्वको प्रयोग भए पनि संवाद तत्त्वको सर्बोपरी स्थान यस कृतिमा रहेको छ । यसले नेपाली अन्तर्वार्ता विकासको प्रथम चरणमा निबन्ध चेतनालाई वार्तामा समावेश

---

७० पूर्ववत्, पृ. ५२ ।

गराएको छ । अन्तर्वार्ताका क्रममा पात्रको, परिवेश र मनस्थितिको समेत वर्णन गरी अन्तर्वार्तालाई नैबन्धिक बनाइएको छ। यस चरणमा व्यक्तित्व कृतित्व, स्रष्टाको योगदान, र दृष्टिकोण केन्द्री अन्तर्वार्ता रचना भएका छन ।

## ४.२ दोस्रो चरणका प्रतिनिधि अन्तर्वार्ता सङ्ग्रहको विश्लेषण ।

नेपाली अन्तर्वार्ताको विकास पहिलो र दोस्रो गरी दुई चरणमा भएको छ । प्रथम चरणमा भन्दा अन्तर्वार्ता साहित्यको लेखन र प्रकाशन दोस्रो चरणमा बढी भएको छ । यो अवधि परिमाणात्मक र गुणात्मक दुवै दृष्टिले महत्त्वपूर्ण रहेको छ । वि.सं.२०३८ सालदेखि वर्तमानसम्म आइपुग्दा यस चरणमा धेरै कृतिहरू देखिएका छन् । ती सबै अन्तर्वार्ताहरूमा साहित्यिक मूल्य प्रधानता भने रहेको छैन । साहित्यिक मूल्य र स्रष्टाहरूको छनोट प्रक्रिया हेर्दा यस समयमा देवेन्द्र भट्टराईको **स्रष्टा र समय** (२०६२) नेत्र एटमको **सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा** उल्लेखनीय अन्तर्वार्ता  कृति हुन् । यी दुवै कृतिले हिजोका पुस्ता र आजका पुस्तालाई एकै ठाउँमा राखेर कुराकानी गरी भविष्यको नेपाली भाषा, साहित्य र समाजको परिकल्पना गरेका छन् । यी अन्तर्वार्ता कृतिमा संवादचेत भन्दा निबन्धचेतको प्रधानता रहेको छ ।

साहित्यका मूलरूपमा कथा, कविता, नाटक र निबन्ध गरी चार प्रमुख विधाहरू रहेका छन् । हरेकका आ-आफ्नै साहित्यिक धर्म हुन्छन् । अन्तर्वार्ता प्रत्यक्ष संवादमा तयार हुने निबन्ध विधाको एक भेद हो । यो निबन्ध विधामा समावेश भए पनि यसका संरचनात्मक तत्त्व निबन्धमा भन्दा भिन्न हुन्छन् । अन्तर्वार्ताका मुख्य तत्त्वमा संवाद, पात्रको व्यक्तित्व, दृष्टिकोण, र भाषाशैली पर्दछन् यिनै तत्त्वका आधारमा यस चरणका विशिष्ट अन्तर्वार्ता कृतिको अध्ययन गरिएको छ ।

### ४.२.१ 'स्रष्टा र समय' अन्तर्वार्ता कृतिको विश्लेषण

स्रष्टा र समय कृतिका लेखक पत्रकार देवेन्द्र भट्टराई हुन् । उनका '**कान्तिपुर**' दैनिकको शनिवारको 'कोसेली'मा २०५७-२०६२ सम्म छापिएका व्यक्ति चित्रहरूमध्ये उत्कृष्ट केही रचनाको छनोट गरी स्रष्टा र समय कृतिको निर्माण गरिएको छ । जीवनी, संस्मरण, अन्तर्वार्ता र निबन्धको संयोजन गरी प्रस्तुत कृति तयार परिएको छ । सामाजिक, राजनैतिक, साहित्यिक विषय क्षेत्रमा रहेका व्यक्तिहरूलाई अन्तर्वार्ताद्धारा आत्मकाहानी भन्न

लगाएर रूपकीय आलेखमा व्यक्तिचित्र प्रस्तुत गरी स्रष्टा र समय कृतिको स्वरूप निर्माण गरिएको छ । छोटो कुराकानीमा पचासी जना व्यक्तिहरू यस कृतिमा समेटिएका छन् । थोरै कुराले पनि धेरै बताउन सक्नु यसकृतिमा रहेका अन्तर्वार्ताको सफल पक्ष हो । कुमार आलेका व्यक्ति तस्वीरहरूले भाषिक वर्णन र व्यक्तित्वको आत्मिक क्षणलाई समातेका छन् । अन्तवार्ताको सैद्धान्तिक स्वरूप तथा यस कृतिमा पाइने अन्य पक्षलाई समेटेर यस कृतिको अध्ययन यहाँ प्रस्तुत गरिएको छ ।

### ४.२.१.२ सहभागीका आधारमा 'स्रष्टा र समय'

अन्तर्वार्तामा दुई व्यक्तिको सहभागिता अनिवार्य हुन्छ । यस कृतिमा वार्ताकार र वार्तानायकको सहभागिता रहेको छ । यसकृतिका वार्ताकार देवेनद्र भट्टराई हुन् जसले नेपाली पात्रका वास्तविकतालाई बुझ्न पचासी जना स्रष्टासँग प्रश्न राखेका छन् र उनीहरूको जीवनकथाको आलेख तयार गरेका छन् । वार्तानायकका रूपमा यसकृतिमा, बाबुराम आचार्य/कृष्णप्रसाद आचार्य, टुकराज मिश्र, नयराज पन्त, यदुनाथ खनाल, हरिप्रसाद गोर्खा राई, बासुदेव लुँइटेल, डायमन समशोर, माधव प्रसाद घिमिरे, सत्यमोहन जोशी, तुलसी अपतन, टीकाराम शर्मा गोविन्द गोठाले, फणेन्द्रराज खेताला, मदनमणि दीक्षित, दिलबाहादुर नेवार, लैनसिंह वाङ्देल, कृष्णचन्द्रसिंह प्रधान, माधवालाल, कर्माचार्य, केशरलाल, दौलतविबक्रम विष्ट, मोहन कोइराला, इन्द्रबहादुर राई, रमेश विकल, देवकुमारी थापा, भीमदर्शन रोका, श्यामप्रसाद शर्मा, जगदीश समशेर, कमल दीक्षित, शरद्चन्द्र शर्मा भट्टराई, चित्तरञ्जन नेपाली, श्यामकृष्ण श्रेष्ठ, धच गोतामे, जनकबहादुर राणा, बालकृष्ण पोखरेल, तारानाथ शर्मा, भीम विराग कृष्णप्रसाद पराजुली, राजनारायण प्रधान, हरिराम जोशी, प्रेमविनोद नन्दन, द्वारिका श्रेष्ठ, टीकाराम पन्थी, डीपी भण्डारी, ईश्वर बल्लभ, वैरागी काइँला, किरण खरेल, दुर्गाप्रसाद श्रेष्ठ, तुलसी दिवस, रत्नशमशेर थापा, लीलबहादुर क्षेत्री, कालीप्रसाद रिजाल, रोचक धिमिरे, शिव रेग्मी, कुमारबहादुर जोशी, कुन्दन शर्मा, मनु ब्राजाकी, परशु प्रधान, पिटर जे कार्थक, ध्रुवचन्द्र गौतम, वानिरा गिरी , प्रेम छोटा, माया ठकुरी, कुन्ता शर्मा, प्रेमा शाह, बुँद राना, खगेन्द्र सङ्ग्रौला, बेञ्जु शर्मा मञ्जु काँचुली, टेकनाथ रिजाल, मनबहादुर मुखिया, कृष्णभूषण बल, माधवप्रसाद पोखरेल, जस योञ्जन प्यासी, हेमाङ्गराज अधिकारी, गोपाल पराजुली, मधुवन पौडेल, राजेन्द्र थापा, विमल निभा, बिक्रम सुब्बा, किशोर नेपाल, मीनबहादुर विष्ट, विन्द्या सुब्बा, सरुभक्त, तीर्थ श्रेष्ठ, दिनेश

अधिकारी, महेशबिक्रम शाह गरी पचासी जना स्रष्टाहरूले वार्तानायकका रूपमा प्रवेश पाएका छन् । वार्ताकारले कला, साहित्य, सङ्गीत, शिक्षा, समाजसेवा, फिल्म फोटोग्राफीका साधकहरूलाई वार्तानायकका रूपमा छनोट गरेका छन् । सहभागीका आधारमा यो कृति एकवार्ताकार बहुवार्तानायक भएको कृति हो । व्यक्तित्व छनोटमा वार्ताकारले व्यक्ति महिमामय वा विशिष्ट हुनुपर्छ भन्ने मान्यता नराखी सामन्य भएर पनि विशिष्ट जीवनकथा बोकेका व्यक्ति छानी व्यक्ति छनोटको घेरालाई फराकिलो बनाएका छन् । सहभागीका आधारमा यो कृति एक वार्ताकार र बहु वार्तानायक भएको कृति हो ।

### ४.२.१.३ संवादका आधारमा स्रष्टा र समय

संवाद विचार विनिमय गर्ने माध्यम हो । कुराकानीका समयमा पात्रले आफ्नो जीवनका केही कुरा सार्वजनिक गर्छ र गर्ने  अवसर पनि प्राप्त गर्छ । स्रष्टा र समय कृतिमा संवादका माध्यमबाट देवेन्द्र भट्टराईले साहित्यिक र सामाजिक पृष्ठभूमिका रहेका व्यक्तिसँग वार्ताकथा प्रस्तुत गरेका छन् । संवादबाट प्रतिभाका मनमा रहेका भावन, समय, मन, अवस्था र अतृप्त चाहानालाई उजागार गरी पाठकसामु राखिदिएका छन् । पहिले प्रश्नोत्तरात्मक ढाँचामा कुरागरी त्यसलाई प्रस्तुत गर्दा अप्रत्यक्ष कथन शैलीको उपयोग यस कृतिमा गरिएको छ ।

स्रष्टालाई जीवनी, साहित्य प्रेरणा, प्रभाव, बाल्यकालीन सम्झना, र भविष्य प्रतिको चाहना र योजनाका बारेमा प्रश्न सोधी स्रष्टालाई त्यस बारे भन्न लगाएर त्यो कुराकानीलाई अप्रत्यक्ष कथन शैलीमा प्रस्तुत गर्नु वार्ताकारको नवीन संवादशैली यसकृतिमा रहेको छ । कुराकानीका क्रममा व्यक्तित्व परिचय, योगदान, कृतित्वको जानकारी, रोचक प्रसङ्ग, वैयक्तक स्वभावको प्रकटीकरण, जस्ता धरै विषयलाई प्रमुख स्थान दिइएको छ । पूर्वस्मरण, आत्मकथालाई स्रष्टाले निरन्तर अभिव्यक्त गरेका छन्, त्यसलाई टिपी भट्टराईले यसकृतिको संवाद निर्माण गरेका छन् ।

#### ४.२.१.३.१ व्यक्तित्वको परिचय

संवादका क्रममा प्रस्तुत कृतिमा व्यक्तित्वलाई चिनाउने काम गरिएको छ । संवादको अप्रत्यक्ष कथन शैलीका माध्यमबाट व्यक्तित्वको सरल र सहज प्रकटीकरण कृतिमा गरिएको छ । कुराकानी गर्दा व्यक्तित्वसँग मिल्ने प्रसङ्गको चर्चा गरी ती व्यक्तित्व सकलचित्र उतार्ने

काम यस कृतिमा भएको छ । वार्ताकारले संवादका अन्तःहीन सम्भावनालाई स्थानहरू दिएर व्यक्तित्वको उजागर गरेका छन् । त्यही खुला ठाउँमा वार्तानायकले आफ्नो सम्पूर्ण जीवनकथालाई प्रस्तुत गर्छ । यस कृतिमा अप्रत्यक्ष संवादका क्रममा नेपाली व्यक्तित्वको चित्र यसरी खिचिएको छ ।

"खर्पन भरिभरि बन्द र काउली बोकेर उकालो छिचोल्दै गरेको एउटा ज्यापू चेहरा अनुहारमा कस्तो कान्ति देखिएला ? भक्तपुर दरबार स्क्वायरमा हिलो माटामा भाडाबर्तनको आकृति उतारीरहेको अर्को ज्यापूमा कस्तो उत्साह भेटिएला ? भादगाउँले टोपी पुरातन शैलीको दौरा सुरूवाल र कोटमा रम्रिएर हिड्ने पाटन बखुम्बहालका ८२ वर्षे सत्यमोहन जोशी एउटा विशुद्ध ज्यापूमा हुने सबै चित्र र चरित्र फेलापर्न सक्छन् ।"[७१] यसले समग्रमा एकत्व प्राप्त गर्ने पात्र छनोट गरेको छ र व्यक्तित्वको वर्णनमा प्रश्न सूचक संभावनाको खोजी गरी ८२ वर्षे विद्वान लेखकको चित्र प्रस्तुत गरेको छ । यहाँ वार्ताकार प्रश्नबाटै संवादको त्यो अन्तर्तहमा पुग्दछन्, जहाँ नेवार सस्कृतिको मूल थलो, काठमाडौं , भक्तपुर र ललितपुरको पुरानो नेवार सस्कृतिका बिम्बहरू समेटिन पुग्दछन् । यसैगरी प्रश्नात्मक भएर नै वार्ताकार व्यक्तित्व चित्रणमा अगाडि भन्दछन्-

"प्रहरीहरू कविता बुझ्दैनन् । हो पनि बन्दुक र लाठी लिएर हिड्ने प्रहरीसँग कस्तो सम्वेदना होला र ? तर सधैं यसो भन्न नमिल्ने रहेछ महेश विक्रम शाह नामका मनुवा पनि पेसाले प्रहरी हुन्, तर तिनले लेखेका कथाहरू पढ्ने हो भने मनभरि सहजै शोक फैलिन सक्छ ¨सिपाहीको स्वास्नी जस्तै, छापामारको छोरो जस्तै ।"[७२] यहाँ कथाकारको र कृतिगत र पेसागत व्यक्तित्वको चिनारी छोटोमा पनि मीठो रूपमा गरिएको छ । अप्रत्यक्ष रूपमा व्यक्तित्वको वर्णन गर्न स्रष्टा र समय कृतिमा वार्ताकारले नवीन शैली अपानाएका छन् । यसकृतिमा सहभागी वार्तानायकको व्यक्रित्वको चित्रण सफल रूपमा गरिएको छ ।

## ४.२.१.३.२ स्रष्टाको योगदानको चिनारी

स्रष्टा र समय कृतिले अप्रत्यक्ष कथन संवादका माध्यमबाट स्रष्टाको योगदानको चिनारी दिएको छ । वार्तानायक आफू आबद्ध भएको पेसामा गरेको योगदानलाई कृतिमा कृतिकारले उल्लेख गरेका छन् । जीवनमात्रामा स्रष्टाका सफलता र असफतालाई समेटेर

७१ देवेन्द्र भट्टराई, **स्रष्टा र समय,** दो.स.,(काठमाडौं : रत्न पुस्तक भण्डार,२०६३), पृ. ४४ ।
७२ पूर्ववत्, पृ. ३५९ ।

कृतिमा उनहिरूको योगदान देखाइएको छ "…बाललोक कथाको अनुवाद, पाटनको कार्त्तिक नाच, नेपाली भाषासहित्यको शोधप्रबन्ध सूची, नेपाल लघु विश्वकोश, अफ्रिकाली कविहरूका कविता, प्रकाशनका काम माधवलालले गरेका छन् ।" [७३] यहाँ माधवलाल कर्माचार्यले नेपाली भाषा, साहित्यमा अनुसन्धान र अनुवादको जिम्वेवारी लिएर गरेका कामको वर्णन गरेका छन् । यसैगरी यस कृतिमा प्रवेश पाएका सबै स्रष्टाले गरेका योगदानको चर्चा यस कृतिले गरेको छ । स्रष्टाको योगदानबाट उनीहरूको चिनारी गराइएको छ । वार्ताकार कालीप्रसाद रिजालले नेपाली गीतका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा वार्ताकार यसरी गर्दछन्–

"नारायण गोपालसँगका 'वनैखायो डढेलोले' झऱ्यो जिन्दगी फुट्यो जिन्दगी 'केही मीठो वात गर' यसैगरी बिताइ दिन्छु' 'माया गर्नेको चोखो माया पनि देखियो' लगाएतका थुपै गीतहरू एकपछि अर्को गर्दै पपुलर बन्दै गए गीतमा साहित्यिकता भित्रयाउने थोरै स्रष्टाहरूमाझ कालीप्रसादको नाम दरिनु उनको शब्दचयन र अर्थपूर्ण प्रस्तुति पनि हो ।"[७४] यसरी स्रष्टा र समयमा वार्ताकारले उनीहरूले गरेको योगदानको चर्चा गरी वार्तालाई सबल बनाएका छन् ।

### ४.२.१.३.३ परिवेशको चित्रण

समय स्थान र परिवेशको चित्रण नै परिवेश हो स्रष्टा र समय कृतिमा परिवेशको वर्णन गरिएको छ । यसले सामाजिक, राजनैतिक, आर्थिक अवस्थाको जानकारी गराउँछ । कतिपय स्रष्टाको जीवनारम्भ आन्दमय वातावरणमा भएको छ भने कतिपयको अत्यन्त दुःखद अवस्थामा रहेको देखिन्छ । इन्द्रबहादुर राईको बाल्यकालीन परिवेशको चित्रण यस कृतिमा यसरी गरिएको छ–

"यो इन्द्रबहादुर नामक जीवको अस्तित्व धर्तीमा नआउँदैको कुरा हो । बालासन खोलामा पक्कीपुल बन्नेवाला थियो । इन्द्रबहादुरका बा-आमा रोजीरोटी खोज्ने क्रममा त्यहाँ पुगेर एउटा स्याउले छाप्रामुनि बसेका थिए, म त्यही खोलाको बगरमा जन्मिएको हुँ । मेरो जन्म सम्वत् त्यो पुलमा लेखिएको छ । उनले आफ्ना बा-आमाको कमजोर आर्थिक अवस्था झल्काउन यो कुरा उल्लेख गरे ।"[७५] यहाँ इन्द्रबहादुर राईको जीवन आरम्भका समयमा

---

७३ पूर्ववत्, पृ. ८६ ।
७४ पूर्ववत्, पृ.२२३ ।
७५ पूर्ववत्, पृ. १०१ ।

दार्जीलिङको बालासन खोलामा पुल बन्दा त्यही आफ्ना बा-आमाले काम गरेको र आफ्नो जन्म त्यही समयमा भएको तात्कालीन परिवेशको चित्र यहाँ उतारिएको छ । यसमा आर्थिक विपन्नता, शैक्षिक अपूर्णताको परिवेश चित्रित भएको छ, साथै स्रष्टाको जीवन भोगाइको समयको बिम्ब यस कृतिले उतारेको छ ।

### ४.२.१.३.४ रोचक प्रसङ्गको प्रयोग

संवादका क्रममा प्रस्तुत कृतिमा कतिपय स्थानमा रोचक प्रसङ्गमा पाठकले रोमाञ्चित हुने अवसर पाएको छ । वार्तानायकका यस्ता प्रसङ्ग समावेश गरेर वार्ताकारले कृतिलाई पठनीय र मननीय गराएका छन् "गोरखापत्रमा काम गर्दाखेरि प्रुफमा एक ठाउँमा 'हिन्दुस्थान' र अर्को ठाउँमा 'पाकिस्तान' आएको थियो त्यसवेला 'स्थान' र 'तान' के लेख्ने कुन चाँहि शुद्ध हो भनेर घण्टौं रिँगिएका थिए बासुदेव ।"[७६] यहाँ सामान्य कुरालाई रोचकताको निम्ति प्रस्तुत गरिएको छ । यो बासुदेव लुइटेलको गोरखापत्रमा काम गर्दाको जीवन भोगाइ हो । यसैगरी कृतिमा धच गोतामेको कल्पनाशील लेखन कौशलको चर्चा गर्दा उनले व्यक्त गरेको विचार पनि ज्यादै रोचक रहेको छ-

"हरेक पल्ट लेख्न बस्दा एउटा ग्वाँजे खालको पात्रलाई मेरो अघिल्तिर राख्छु र हरेक वाक्य लेखेपिच्छे उसलाई सोध्छु तँलाई कस्तो लाग्यो ? धचको रमाइलो कल्पनाशील कुरा छ- त्यो ग्वाँजेले हँ ठीक छ भन्यो भने म अगाडि बढ्छु होइन भनेर नाक खुम्च्यायो भने लेखेको टिपोट च्यातेर हुइँक्याउँछु ।"[७७] वार्ताकारको लेखन सम्बन्धी प्रश्नमा धच गोतामे ज्यादै रोचक र कल्पनाशील कुरालाई प्रस्तुत गर्दछन जसले यो वार्ता ज्यादै रोचक बनेको छ। स्रष्टा र समयमा यस्तै रोचक प्रसङ्गको प्रयोगले कृतिमा र वार्तामा जीवन्तता थपेको छ ।

### ४.२.१.३.५ कारुणिकताको प्रस्तुति

स्रष्टा र समय कृतिमा स्रष्टाका जीवनकथाको वर्णन गर्ने क्रममा भावनात्मक रूपमा कारूणिक प्रस्तुति पनि गरिएको छ । संवादमा स्रषटाहरूले हर्ष, खुसी, पीडा, दुःख कष्ट, धेरै नै पोखेका छन् । आफ्नो आफ्ना मनका गहिरा घाउलाई स्रष्टाले यसरी व्यक्त गर्दछन् "घोर निराशाका दिनमा मैले गौरी लेखेको हुँ । यसमा विचारको उनै श्रृखला छैन, गौरी शोककाव्यलाई आँसुको मोल भन्ने घिमिरेको हृदयले भन्छ आफ्नो आँसुलाई लिएर म के

---

७६ पूर्ववत्, पृ. २८ ।
७७ पूर्ववत्, पृ. १४५ ।

मोल गरूँ ? तैपनि मानिसहरू भन्छन् आँसुले हृदय घुन्छ रे ।"[७८] यहाँ धिमिरेको 'गौरी' खण्डकाव्यको समीक्षात्मक मूल्यनिर्णय र घिमिरेका मनको भावनात्मक अभिव्यक्ति व्यक्त भएको छ। यसैगरी दु:ख र पीडाको प्रसङ्ग प्रस्तुत कृतिमा यसरी आएको छ–

"दुखैका सही आडभरोसा रहँदै आएका बा कीर्तिमान पनि आफू सानै छँदा मास छर्न गइहाले । बाको माया होइन सम्झना मात्रै भएको थियो । आफू परिवारको जेठो सदस्य भएकाले ८-१० वर्षको उमेरदेखि साहुमहाजनका गाईवस्तु चराउन जाने दिनचर्या सुरु भयो अरू कुरा यस्तै हो पढाई गुणाइ पनि टाढाका कुरा भए  एक छाक भरपेट  खान पाइन्छ कि भन्ने लालसा अभ्यन्तरमा छुपेको हुन्थ्यो ।"[७९] यहाँ बाल्यकालको दिलबाहादुर नेवारको दुःखपूर्ण अवस्थाको चित्रण छ । यस कृतिमा आफू एक्लिएको र जीवनका सबै साथी आफूलाई छोडेर गएपछि भीमदर्शन रोका मित्रतालाई सम्झेर आफ्ना आँसुमा करूणा यसरी व्यक्त गर्दछन्–

"धेरै कुरा भूलेर क्षीण भइसक्दा पनि कति प्रेमले साँचेको रोजेको त्यो मित्रता मन मस्तिष्कबाट हराउन सकेको छैन पुराना दिनका कुरा गर्नासाथै गहभरि आसुका ढिक्का उमार्दै  कवि रोका कागजको एउटा टुक्रामा लेख्छन् देवकोटा भूपी ...।' र कुनै बक नफुट्ने बोलिमा एकाएक  पीडाको ढिक्का मिसाउँदै रून सुरु गर्दछन् उनी ।"[८०] यसरी स्रष्टा र समयले भावनात्मक रूपमा कारुणिकतालाई समेटेको छ । जसले गर्दा कृतिमा कारुणिक प्रसङ्गको प्रस्तुति भएको छ ।

## ४.२.१.३.६ कृतिको समीक्षा

वार्तालापका क्रममा स्रष्टाका कृतिको समीक्षा वार्ताकारले गरेका छन् । कतै भाषशैलीका बारेमा, कतै लेखन समयका बारेमा त कतै विषयवस्तुको चर्चा समेत यस कृतिमा गरिएको छ । यसले साहित्यकारका के-कस्ता रचना प्रकाशित भएका थिए भन्ने कुराको जानकारी गराएको छ । वार्तानायक मदनमणिसँगको कुराकानीमा उनका कृतिको समीक्षा यसरी गरिएको छ

"२०३९ सालमा माधवी उपन्यासले मदनपुरस्कार पाएपछि पाठक र शुभेच्छुकगणबाट पाएको प्ररेणाले गर्दा चालीस सालमा लेख्न सुरू भएको **भूमिसूक्त** उपन्यास

७८ पूर्ववत्, पृ. ४१ ।
७९ पूर्ववत्, पृ. ७३ ।
८० पूर्ववत्, पृ. ११४ ।

अहिले आएर मात्रै टुङ्गिएको छ । बैद्धिक पौराणिक कथामा आधारित उक्त उपन्यासको सुरूको नाम **'विश्वमित्र'** थियो । पछि कथावस्तुको फेरवादलका कारण **'भूमिसूक्त'** राखिएको पनि दीक्षित बताउँदछ् ।"[८१] यहाँ **भूमिसूक्त** कृतिको समय र विषयवस्तुको चर्चा गरिएको छ । यसैगरी कवि मोहन कोइरालाका लामा र प्रयोगशील कविताका बारेमा भनिएको छ । "उत्तरआधुनिक शैलीमा मगजका लागि मात्रै होइन आँखाका लागि पनि लेखिन्छ कविता, शब्द र अर्थ जत्तिकै ध्वनि र आकारले पनि महत्त्व राख्छ सिर्जनामा कोइरालाको 'गजपथ'मा पनि यो प्रयोग छ । 'गजपथ' आफैमा एक शब्द दृश्य कविता हो ।"[८२] यहाँ वार्ताकारले कृतिका बारेमा आफ्नो विचार राख्दै कृतिको समीक्षा गर्न पुगेका छन् । यसरी संवादमा थोरैमा धेरै कुरा यस कृतिमा समेटिएको छ ।

### ४.२.१.३.७ वार्तानायकको बानी व्यवहारको वर्णन

कुराकानीका क्रममा प्रसतुत कृतिमा स्रष्टाको व्यक्तित्वलाई प्रस्ट पार्ने सन्दर्भमा स्रष्टाका बानी व्यवहारको पनि वर्णन गरिएको छ । जसले वार्तानायकलाई पाठकले चिन्ने थप मौका मिलेको छ । स्रष्टाको बानीलाई वार्ताकार यसरी प्रस्तुत गर्दछन्-

"उमेर र रोगले पनि गलाउन सकेको छैन । सङ्घर्षले थकाउने त कुरै भएन । उमेर छँदा रञ्जना र जय नेपाल हलतिर धाएर फिल्म हेर्ने आदतले त नशाकै रूप लिइएको छ । पक्षाघातको प्रहारले डेढ्वर्षजति थालिएको शरीरले पनि फिल्मी रमझम र पर्दाको रौनकालाई चटक्कै छाड्न दिएको छैन, अहिले पनि फिल्मको तिर्सना मेट्न दैनिक पाँच घण्टाजति टेलिभिजनका सामुन्ने बस्छन् उनी ।"[८३] यहाँ दौलतबिक्रम विष्टको व्यक्तित्व फिल्म हेर्ने आदतलाई स्पष्ट पारिएको छ ।

यसैगरी स्रष्टा र समय कृतिमा वार्तानायकको बानीको वर्णन खुलारूपमा यसरी गरिएको छ "मनुले सामुन्ने नै सल्काए कडा विजुली चुरोट सामुन्ने नै पिए स्पेसल ब्राण्डको लोकल रक्सी त्यो पनि पानी नथपी यहाँको पानी नै प्रदुषित छ रक्सीलाइ बिटुलो पार्छ भनेर विशुद्ध पिएको ।"[८४] यहाँ मनु ब्राजाकीको चुरोट र रक्सी खाने बानीको खुला चित्रण

---

८१ पूर्ववत्, पृ. ७० ।
८२ पूर्ववत्, पृ. ९८ ।
८३ पूर्ववत्, पृ. ९३ ।
८४ पूर्ववत्, पृ. २ ।

गरिएको छ । यसरी स्रष्टा र समय कृतिले स्रष्टाका बानी र व्यवहारालाई पनि वर्णन गरेको छ ।

### ४.२.१.३.८ राष्ट्रियताको बोध

राष्ट्र र राष्ट्रियताप्रति मन वचन र कर्मलाई सदा समर्षित गर्ने व्यक्ति नै राष्ट्रवादी व्यक्ति हो । स्रष्टा र समय कृतिमा राष्ट्रियताको भाव उच्च रूपमा प्रकट भएको छ । आफ्नो स्वाभिमानमा पुगेको चोटले नेपाली हुनुको  मर्मलाई स्पष्ट देखाएको छ । भीम विरागले जागिरका क्रममा तारणीप्रसादसँग भीमका दाजु भूपेन्द्रलाल  नेपाली बीचको संवादमा यस्तो अभिव्यक्ति देखिन्छ- “हिँड भाइ जुन ठाउँमा एक नेपाली हुनु नै दुर्भाग्य हुन्छ । त्यहाँ एउटा स्वाभिमानी कलाकार कसरी टिक्न सक्छ ? कुनै विदेशी ल्याएर राख्नुहोस तारणी वाबु त्यसपछि विराग कहिल्यै काठमाडौं फर्किएनन् राप्ती नदीलाई आड बनाएर थुप्रै गीत सङ्गीत कथेका छन् भीम विरागले”[८५] तारणीप्रसादले विदेशीलाई धेरै सुविधा दिने तर भीम विरणलाई त्यो सुविधा दिएर काम गराउन अस्वीकार गरेपछि आफ्नो स्वाभिमानमा चोट पुगेको र आफ्नो राष्ट्रमा आफूलाई यसरी तिरस्कृत  हुनुपरेकोमा । भीम विराग लाई ठूलो चोट परेको  छ । त्यसपछि उनी हेटौडा गए र आफ्नो जन्मभूमिलाई कर्मथलो बनाएर राष्ट्रिय भावनाको संरक्षण गरेका छन् । यसैगरी आफ्नो राष्ट्र सधैं असफल भएकोमा स्रष्टा कालीप्रसादलाई पीर परेको छ उनी राष्ट्रप्रीतको ममता कवितामा यसरी प्रस्तुत गर्दछन् -

“परीक्षामा बारम्बार
अनुत्तीर्ण भएर
शताब्दीयौँ देखि
एउटै कक्षामा बसेको बस्यै छ
मेरो असफल देश ।”[८६]

यसरी विषय र प्रसङ्गअनुसार स्रष्टासँगको कुराकानीमा राष्ट्रिय भावनाको प्रस्तुति यस कृतिमा भएको छ । आफ्नो देश र जन्मभूमिप्रति समर्पित स्रष्टाका भावनामा राष्ट्रियताको बोध स्पष्ट रूपमा रहेको छ ।

---

८५ पूर्ववत्, पृ. १६० ।
८६ पूर्ववत्, पृ. २२४ ।

### ४.२.१.३.९ स्रष्टाको आर्थिक अवस्थाको वर्णन

यसकृतिले स्रष्टाका जीवनमा रहेका अभाव, कमजोरी, आर्थिक दुर्बलतालाई पनि समेटेको छ । दीनहीन स्रष्टाको जीवनमा कुतै परिवर्तनका सङ्केत भेटिएका छन् भने कतै औषधी उपचार विना नै स्रष्टाहरू बेखवर बनेका प्रसङ्ग पनि आएका छन् यसै सन्दर्भमा कुमारबहादुर जोशीको जीवनको दुःखद अवस्था यहाँ चित्रित छ-

"कुमारबहादुरलाई थाहा छ कुनै सांसद वा मन्त्री, कीराले खाएको आफ्नो दाँत फुकाल्न वैङ्ककसम्म आजको भोलि नै पुग्न सक्छन् । जससँग हौसियत छ शक्ति छ र जसको योगदान समाजमा प्रभावको विषय बन्ने गरेको छ, तिनका लागि दशलाख रूपैया केही होइन तर कुमारबाहादुर जोशी नामको कलमजीवीका लागि त यो आकाशको फल बनेको छ । आर्थिक सङ्कट कहाँसम्म भने आफ्नो पुस्तकको कपीराइटसमेत बेच्नु परेको छ ।"[८७]

यहाँ स्रष्टा कुमारबाहादुर जोशीले आर्थिक अभावमा भोग्नुपरेको समास्याको चित्रण गरिएको छ । यसले राज्यले स्रष्टाहरूप्रति गरेको उदासिनतालाई पनि देखाएको छ । यसरी स्रष्टा र समयमा स्रष्टाको कमजोर आर्थिक अवस्थाको चर्चा संवादका क्रममा गरिएको छ ।

### ४.२.१.३.१० इमान्दारीको प्रकटीकरण

स्रष्टा र समय कृतिको वार्तालापमा न त कुनै छल छ न कुनै बनावटीपन नै स्रष्टाले आफ्ना कुरालाई इमान्दारपूर्ण रूपमा प्रस्तुत गरेका छन । जीवन जस्तो रूपमा भोगिएको छ त्यही रूपमा प्रकट गरिएको छ । जस्तै "यसरी अनेकतिर छरिदै बनाएको ६८ वर्षे जोवनको सिङ्गो परिचय के भो त ? प्राज्ञ, अथवा सस्कृत पण्डित अथवा लेखक, अथवा व्याकरणका अध्ययता ? उनी यी सबै हैसियत भूलेर आफ्नो सेताम्मे जुँगामा ताउ लगाउँदै भन्दछन् । एउटा सरल र इमान्दार शिक्षक ।"[८८] यहाँ आफ्नो पेसाप्रति रहेको आस्था र इमान्दारिता सरल र सहज रूपमा प्रकट भएको छ । यस कृतिमा वार्ताकार र वार्तानायकले इमानदारी पूर्ण तरिकाले संवाद प्रस्तुत गरेका छन, जसले गर्दा यी संवादमा पाठकलाई विश्वास लागेको छ ।

---

८७ पूर्ववत्, पृ. २३५ ।
८८ पूर्ववत्, पृ. १८३ ।

### ४.२.१.४ पात्रको बाह्यान्तर व्यक्तित्व

पात्रको बाह्य तथा आन्तरिक व्यक्तित्वको चित्रण अन्तर्वार्तामा गरिएको हुन्छ । यस कृतिमा पनि पात्रको बाहिरी र आन्तरिक व्यक्तित्वको चित्रण रहेको छ । बाह्य व्यक्तितवमा वार्ताकारले वार्तानायकका शारीरिक अवस्था, हाउभाउ, व्यवहार आदिको चित्रण गरेको हुन्छ भने आन्तरिक व्यक्तित्वमा भैतिक र मनोवैज्ञानिक व्यवहारको चित्रण गरिएको हुन्छ ।

### ४.२.१.४.१ पात्रको बाह्य व्यक्तित्व

सष्टा र समय कृतिमा पात्रको बाह्य व्यक्तित्वको व्यक्तिचित्र शब्द वर्णनबाट सिङ्गो रूपमा प्रस्तुत गरिएको छ । हरेक सहभागी स्रष्टाको समग्र जीवनवार्ता पढेपछि उसको सम्पूर्ण चित्र पाठकका अगाडि देखिन्छ  र पाठकले स्रष्टाको एउटा बिम्ब निमार्ण गर्छ जुन बिम्ब यस कृतिमा कुमारआलेले तयार गरेका तस्वीर जस्तै मिल्दो हुन्छ । स्रष्टाको बाह्य हाउभाउ, शारीरिक स्वरूपको प्रत्यक्ष वर्णन नगरे पनि शब्दवर्णनबाट स्रष्टाको समग्र रेखाचित्र कोर्न स्रष्टा र समय कृति सफल रहेको छ ।

### ४.२.१.४.२ पात्रको आन्तरिक व्यत्तित्व

स्रष्टा र समय कृतिमा वार्तानायकको आन्तरिक व्यक्तित्वलाई पाठक समक्ष प्रस्तुत गर्न वार्ताकारले शारीरिक र मानसिक दुबै बिन्दुलाई समिश्रण गरेका छन् । स्रष्टाको व्यक्तित्व कृतित्व तथा जीवनवृत्तलाई उजागर गरी पाठकको मनमा एउटा सिङ्गो छाप बनाउँन यो कृति सफल रहेको छ । यसम स्रष्टाका भित्री मनमा रहेका भावहरू पनि व्यक्त भएका छन् । “एकान्त छ समय । एकलास छ ठाउँ, रित्तिएको छ जीवन, म सबैतिरबाट क्रमशः एक्लिदै छु । लाग्छ म काटिएको छु, विकल विरक्त भावमा भन्दछन् ।”[८९] यहाँ रमेश विकलको एक्लिएको मनोभावको चित्रण गरिएको छ । यसबाट एक्लो व्यक्तिको आन्तरिक मनोदशाको प्रकटीकरण गरिएको छ । व्यक्तित्वको अन्तरमा रहेको अहमको चित्रण पनि आन्तरिक व्यक्तित्वको चित्रण गरिको छ । यसबाट एक्लो व्यक्तिको आन्तचरिक मनोदशाको प्रकटीकरण गरिएको छ । यसलाई वार्ताकारले कृतिमा प्रस्तुत गरेर वार्तानायकको अहमपनाको चित्र यसरी प्रस्तुत गर्दछन्–

---

८९ पूर्ववत्, पृ. १०८ ।

"अङ्ग्रेजीमा समेत तिखारिएको लेखन छदाछदै आफ्नो भाषा भनेर मरिहत्य गर्नाले र विदेशीबाट बरोबर काम गर्न प्रस्ताव आउँदा समेत अटेरी बनेर आफ्नो माटो भनेर डेग नचलेका तानाको जीवनमा यतिखेर पछुताउने कुराको ढेर लागेको छ । श्रीमतिले भनेको मानेर मैले बेलैदेखि अङ्ग्रेजीमा लेख्दै आएको भए आज सायद नोबेल पुरस्कारको छनोटमा परिसक्ने थिए ।"[९०] यहाँ वार्तानायक ताना शर्माको उच्च मनोभावका साथै उनका भित्री अहमपनाको उजागर अभिव्यक्तिमा भएको छ । यसरी पात्रको आन्तरिक व्यक्तित्वको चित्र यस कृतिले उत्तार्न सफल रहेको छ ।

### ४.२.१.५ दृष्टिकोणका आधारमा 'स्रष्टा र समय'

विषय र वस्तुप्रति हरेक व्यक्तिको निश्चित धाारणा रहेको हुन्छ । अन्तर्वार्ता दुई व्यक्तिको सहभागीमूलक साझा विधा भएकाले वार्तानायक र वार्ताकार दुवैको विषय र वस्तुप्रति निश्चित दृष्टिकोण रहेको हुन्छ । पाठक वा दर्शकको अन्तर्वार्तामा सहभागी हुने व्यक्ति विषय र वस्तुप्रति नै दृष्टिकोण रहेको हुन्छ, । यस कृतिमा पनि वार्तानायक र वार्ताकार दुबैका विषय र वस्तुप्रति निश्चित दृष्टिकोण रहेका छन् ।

### ४.२.१.५.१ वार्तानायकको दृष्टिकोण

यस कृतिका मूल सहभागी व्यक्तिहरूले विषय र वस्तुप्रति आफ्नो निश्चित विचार राखेका छन् । त्यसलाई वाार्तानायकको दृष्टिकोण भनिएको छ । साहित्य जीवन जगत आदि विषयमा उनीहरूका धारणालाई पाठक सामु राख्ने काम यस कृतिले गरेको छ । साहित्यलाई भाषाको कलात्मक अभिव्यक्ति मानिन्छ । यसले समाजलाई समुन्नत बनाउन सहयोग गर्छ । वार्तानायक माधवलाल कर्माचार्य साहित्यलाई "जीवनले बोलेको जीवनका लागि बोलेको कुरा हो ।"[९१] भनी साहित्यप्रतिको आफ्नो धारणा व्यक्त गर्दछन् । यसैगरी इन्द्रबहादुर राई भन्छन् "साहित्य जीवनका निम्ति हो जुन सधै पुजनीय छ ।"[९२] यहाँ साहित्य केका लागि भन्ने प्रसङ्गमा इन्द्रवहादुर राईले आफ्नो धारणा व्यक्त गरेका छन् ।

---

९० पूर्ववत्, पृ. १५६-१५७ ।
९१ पूर्ववत्, पृ. ७८ ।
९२ पूर्ववत्, पृ. १०३ ।

यसैगरी संस्कृत साहित्यप्रति उच्चविश्वास देखाउदै वार्तानायक टीकाराम पन्थी यस विषयमा आफ्नो विश्वास यसरी राख्दछन्–

"आवेशको पक्षधर एउटा वर्गले संस्कृतका ग्रन्थ जलाउँने, पण्डितहरूका टुप्पी काट्ने, गरेका घटनालाई उनी केटाकेटी खेल भन्दछन् । आज भन्दा सात सय वर्ष अघि अमरसिंह शाक्य नामको वाँडाले लेखेको अमर कोश संस्कृत साहित्यको जननी मानिएको छ । यो कृति लादा छापियो र कहाँ कहाँ पुग्यो अनुसन्धान गरेर पनि थाहा लाग्दैन, पन्थी गुरुलाई लाग्छ यस्ता ग्रन्थ जलाउँदैमा संस्कृत बाङमय जल्दैन ।"[९३] यहाँ संस्कृत साहित्यको विशालता र व्यापकताप्रतिको विश्वास स्पष्ट देखिएको छ ।

यसैगरी जीवनलाई बुझ्ने क्रममा स्रष्टाहरूले वार्तामा आफ्नो जीवन भोगाई सहितको जीवन प्रतिको विचार प्रस्तुत गरेका छन् । "तपाईंलाई थाहा छ भाइ, हामीसँग हाम्रो मन हुँदैन सामाजिक, आर्थिक, राजनैतिक र धार्मिक प्रभावले हामीलाई छमछमी नचाइरहेको हुन्छ । म त यसलाई हाम्रो कठपुतली रूप भन्छु हाम्रो मनलाई कठपुतली मन ।"[९४] यहाँ मान्छेको विसङ्गत जीवन प्रस्तुत छ । हरेक मान्छेको जीवन सामाजिक, राजनैतिक, धार्मिक र आर्थिक अवस्थाबाट पिरोलिएको छ । यिनै कुराले जीवनलाई सञ्चलित गर्छ । जीवनमा मानिसले आफ्ना लागि केही गर्न सक्दैन भन्ने जीवनबोध यहाँ प्रस्तुत भएको छ ।

कृतिमा हरेक वार्तानायकका जीवनप्रतिका आ-आफ्नै बुझाइ छन् । वार्तानायक देवकुमारी थापाले जीवन नाट्यशाला होइन प्रयोगशाला हो ।[९५] भनेर बुझेकी छन् । यसैगरी कसैले जीवन आफूले सोचेको जस्तो पाउन नसकेर जीवनलाई पूर्ण रूपमा मिलेको र सोचेको जस्तो कहिल्यै नहुने ठान्दछन् । स्रष्ठा द्वारिका श्रेष्ठले जीवन योजनामा होइन भोगाइमा चल्छ भन्ने जीवनप्रतिको निष्कर्ष निकाल्दछन् ।[९६] यसरी साहित्य र जीवनप्रति स्रष्टाहरूले यस कृतिमा आफ्नो निष्कर्ष प्रस्तुत गरेका छन् ।

---

९३ पूर्ववत्, पृ. १८२ ।
९४ पूर्ववत्, पृ. १०४ ।
९५ पूर्ववत्, पृ. ११० ।
९६ पूर्ववत्, पृ. १७९ ।

साहित्यकार आफूले सिर्जना गरेका रचना पढने पाठकहरूप्रति पनि आफ्नो धारणा व्यक्त गर्दछन् । यस कृतिमा वार्तानायक शरदचन्द्र शर्मा भन्दछन्-

"मेरो अनुभवमा नेपालमा चारथरी पाठकहरू रहेका छन् । एकथरी आफ्नो क्षेत्रभन्दा बाहिरका सिर्जना हत्तपत्त नपढ्ने, अर्को अनुसन्धानात्मक पढ्ने तर प्रतिक्रिया नदिने, त्यसपछि पढ्ने र प्रतिक्रिया पनि दिने र चौथोमा पढ्ने तर पढेका कुरा धमाधम चोर्ने (प्रभावमाात्र होइन)"[९७] यहाँ वार्तानायकको पाठक प्रतिको धारणा स्पष्ट भएको छ । यसरी स्रष्टा र समय कृतिमा मूल स्रष्टाले विविध विषयमा आफ्नो दृष्टिकोण स्पष्ट राखेका छन् ।

### ४.२.१.५.२ वार्ताकारको दृष्टिकोण

स्रष्टा र समय कृतिका वार्ताकार देवेन्द्र भट्टराई हुन् । उनको दृष्टिकोण कृतिमा स्पष्ट रूपमा व्यक्त भएको छैन । उनी वार्तानायकका विचार दृष्टिकोणलाई खोतल्न मात्र लागेका छन् । वार्तानायकप्रतिको आंशिक दृष्टिकोणबाहेक समाज, जीवन, दर्शन र साहित्यप्रति उनको समर्थन वा विरोध केही रहेको छैन । वार्तानायकका विचारप्रति पूर्ण समर्थन गरी त्यसलाई प्रस्तुत गर्नु उनको मूल लक्ष्य देखिन्छ । स्रष्टाका विचारमा असहमति वा टिप्पणी उनले केही गरेका छैनन् वार्ताकार र वार्तानायकका विचारमा यसैकारणले द्वन्द्ध पनि रहेको छैन । पाठकले यस कृतिमा स्रष्टाप्रति र वार्ताकारप्रति सकारात्मक र सहानुभूति प्रकट गर्ने स्थितिको सृजना वार्ताकार भट्टराइले गरेका छन् ।

### ४.२.१.६ भाषाशैलीका दृष्टिले 'स्रष्टा र समय'

भाषा विचार विनिमयको माध्यम हो, भने शैली प्रस्तुतिको तरिका हो । शैलीका माध्यमबाट लेखकले आफ्नो निजत्वको पहिचान प्राप्त गदर्छ । भाषाशैलीका दृष्टिमा स्रष्टा र समय कृति उच्च कोटिको रहेको छ । यस कृतिमा वर्णन, विश्लेषण, समीक्षा अनि समालोचनाको लामो व्याख्यान छैन । स्रष्टाहरूको आत्मकथाको अपरोक्ष कथन प्रस्तुति कृतिमा रहेको छ । वार्तानायकले भनेका कुरालाई अप्रत्यक्ष कथनका माध्यमबाट प्रस्तुत गर्नु वार्ताकारको नवीन शैली हो । स्रष्टाको जीवनकथालाई प्रस्तुत गर्दा कृतिमा उनीहरूको निजी कथा भन्नलाई ठुलो खाली ठाउँ वार्ताकारले निमार्ण गरिदिएका छन् । त्यो खाली ठाउँमा

---

९७ पूर्ववत्, पृ.१३१ ।

स्रष्टा स्वयं पसी आफ्ना सम्पूर्ण कहानी बताउने गर्दछन् । स्रष्टाको पहिचान सहितको वर्णनात्मक भाषा कृतिमा उपयोगी भएको छ ।

"घरमा खाने अन्नको गेडो थिएन । टेकवीर मुखियाको ज्युँदो जाग्दो चित्र जस्तो लाग्थ्यो त्यस घरको सानो चौघेरा खुट्टामा चप्पल जुत्ता कहिल्यै हुन्थेन चरचरी चिरिएका खुट्टा फुस्रिएको अनुहार, एक पेट भर सिस्नाको चहानामा भौतारिनु पर्ने दैनिकी, सधैंभरि भोकले ओडार बनेको पेट झुम्रिएको चेहरा, साहु बन्धकीको घरवारी, उमालेको खरानी पानीमा लुगा धुने आमाको पीडादायी समय दुःख सास्ती, हैरानीलाई बुझाउने जे जति शब्द वृहत् शब्दकोशमा छन् यी सबै एउटै थलामा यही खन्याउन मिल्छ ।"[९८] यहाँ वार्ताकारले आफ्नो भाषिक कौशल र वर्णनात्मक शैलीबाट व्यक्तित्व परिचयसहित जीवन सङ्घर्ष र आस्थाको कथा वर्णित गरेका छन् । यस कृतिमा वार्ताकारमा कलात्मक आषिक क्षमता रहेको छ । स्रष्टाका विचारलाई आफ्नो कथन ढाँचामा बदलेर प्रस्तुत गर्दा भाषाले कलात्मक उच्चता प्राप्त गरेको छ । कृतिमा परिवेश वर्णनमा भाषाको प्रयोग यसरी भएको छ–

"बाहिर बारीमा ढकमक फूल फूलेका छन् भित्र बैठक कोठामा तिनै फूल जस्तै सुन्दर चित्रहरू सजाइएका छन् । त्यही कोठाको भित्तामा चर्चित पुस्तक 'स्टोलन इमेजज अफ नेपाल' भित्र समेटीएका केही पुराना मूर्तिका तस्वीर टाँगिएका छन् । वरपर चारैतिर चित्रकला, धातुकला, मूर्तिकला र साहित्यका असङ्ख्य पुस्तक पनि उसैगरी हार मिलाएर राखिएका छन् ।"[९९] यहाँ प्रस्तुत विवरणात्मक वर्णनले वार्तानायक लैनसिंह वाङ्देलको कोठाको राम्रो चित्र प्रस्तुत गरेको छ । यसरी स्रष्टा समय कृतिमा व्यक्तित्व, कृतित्व र परिवेशको चित्रणमा वार्तानायकका सूचनालाई आधार मानी अप्रत्यक्ष कथन ढाँचामा त्यसको प्रस्तुति गरिएको छ, जसले यस कृतिको भाषिक शिल्पलाई उच्चता दिलाएको छ ।

### ४.२.१.७ 'स्रष्टा र सयम' कृतिका अन्य पक्ष

स्रष्टा र समय कृतिमा अन्तर्वार्तामा हुनु पर्ने तत्त्वको समावेश भएर पनि यस कृतिले अन्य केही थप विशेषता प्राप्त गरेको छ । ती मध्य जीवनीपरक लेखन र पूर्वस्मरणको प्रयोगले यस कृतिलाई ज्यादै उत्कृष्ट बनाउँन मद्दत गरेका छन् ।

---

९८ पूर्ववत्, पृ. ७२ ।
९९ पूर्ववत्, पृ. ७८ ।

### ४.२.१.७.१ जीवनपरक लेखन

व्यक्तिको समग्र जीवनको वर्णन नै जीवनी हो । उसको त्यही जीवनका भोगाइमा लेखिएको कथा नै जीवनीपरक लेखन हो । स्रष्टा र समय कृति जीवनी र वार्ताको मिश्रणबाट निर्माण भएको निवार्ता कृति हो । वार्तानायकको जन्मदेखि लिएर ठूला सफलताका कथा यस कृतिमा समेटिएका छन् । पाठकले वार्तानायकका बारेमा पढ्दा थोरैमा पनि धेरै कुराको ज्ञान लिन सक्छ । वार्तालाई माध्यम बनाएर स्रष्टाको जीवनयात्राको समग्र पाटोलाई समेट्ने काम यस कृतिले गरेको छ । जीवन भएका तर महत्त्वपूर्ण हुँदा हुँदै पनि ज्ञात हुन नसकेका व्यक्तिका कथालाई यस कृतिले समेटेको छ । स्रष्टाको जीवन, योगदान, आदिको क्रमिक चर्चाले यो कृति पचासी जनाको जीवनीलाई प्रस्तुत गर्न सक्षम रहेको छ । वार्तानायकको बाल्यकाल कसरी बित्यो, जीवनीमा उसले कस्ता संघर्ष गर्‍यो, वर्तमानमा उसका दिन कसरी बितेका छन्, यी सबै कुराको वर्णन कृतिमा आउँछ ।

### ४.२.१.७.२ पूर्वस्मरणको प्रयोग

स्रष्टाले प्रथम पुरूष दृष्टिबिन्दुमा आफ्ना अतीतका स्वभाव, रहनसहन, विशेष घटना आदिलाई वर्तमानमा स्मरण गर्नु पूर्वस्मरण हो । स्रष्टा र समय कृतिमा सहभागी वार्तानायकहरूले आफ्ना अतीतका विशेष घटनालाई वर्तमानमा सम्झिएका छन् । यसले कृतिलाई सबल बनाउन र वार्तामा सघनता ल्याउन मद्दत पुगेको छ । साथै पाठकलाई पनि स्रष्टाका अतीतका घटनाको बोध गर्न सजिलो भएको छ । वार्तानायकले यस कृतिमा कुनै न कुनै रूपमा अतीतको स्मरण गरेको छन्–

"सन् १९६० तिरको कुरा हो त्यस बेला लैनसिंह आफ्नो अध्ययन क्रममा पेरिसमा थिए । त्यसै बखत महेन्द्रराजाले नेपाल आउन गरेको अग्रह स्मरण गर्दै भन्दछन् मसँग भेटमा सरकारले भनिवक्स्यो - लैनसिंह अवत तिम्रो पढाइ पनि सकियो होला नेपाल कहिले फिर्छौ त ? मैले पनि जवाफ त दिनै पर्थ्यो भन्छन् र त्यसक्षण आफूले भनेको उनी सुनाउँछन् । सरकार पटेको सवाल छ नि त ।"[१००] यहाँ वार्ताकार वाङदेलले आफू पेरिसमा छँदा राजा महेन्द्रसँग भएको कुरालाई सम्झना गरेका छन् । यसैगरी देवकुमारी थापा, देवकोटा, सम, लेखनाथसँग भएको भेटलाई यसरी सम्झना गर्दछिन्–

१०० पूर्ववत्, पृ. ७८-७९ ।

" झन्डै ४६ वर्ष अगाडि दार्जीलिङ गएका बेला सम र देवकोटा उनीकहाँ गएका थिए । त्यसैवेला लेखनाथ पौड्यालले मलाई किन बोलइनौ भनी हप्काउको सम्झना देवकुमारीलाई छँदै छ । हो त्यही वेला देवकोटाले देवकुमारीलाई तनकी सुन्दरी मनकी सुन्दरी सम्बोधनमा अटो भरिदिएका थिए । मलाई ती दिन, ती क्षण र आफूलाई छोडेर जाने अग्रज एवं अनन्य मित्र सम्झदा नरमाइलो लाग्छ ।"[१०१] यहाँ देवकुमरीले अतीतलाई सम्झेर वर्तमानमा दुःखको बोध गरेकी छन् । यस कृतिमा अतीतको सम्झनामा वर्तमानमा पीडा, उत्साह आदिको बोध भएको छ । स्रष्टाका संवादमा पूर्वस्मरणको प्रयोग प्रस्तुत कृतिमा रहेको छ, जसले वार्तालाई ज्यादै चित्ताकर्षक बनाउन सहयोग गरेको छ ।

यसरी हेर्दा स्रष्टा र समय समयको गतिमा निरन्तर यात्रा गरीरहेका व्यक्तिहरूको अत्मकहानी हो । यस कृतिमा पात्रको सरल परिवेश भित्र बसेर उसलाई आफ्नो जीवनको कथा भन्ने खाली ठाउँ दिएर पात्रका कथा भन्ने सम्भावना वार्ताकारले राखिदिएका छन् । जीवन्त पात्र पाठको त्यही स्पेसमा पसेर आफ्ना कथा बुन्छ र आफै यथार्थ र मिथकको बीचमा दौडेको अनुभव गर्छ ।[१०२] यो नै यस कृतिको नवीन पक्ष हो । वार्ताकारले अन्तवार्तामा रहने प्रत्यक्ष प्रश्नोत्तरलाई यस कृतिमा समेटेका छैनन् । स्रष्टालाई प्रश्नमात्र सोधेर पट्यार लाग्ने स्थितिको सिर्जना उनले गरेका छैनन् । स्रष्टालाई जीवन कहानी भन्न लगाएर पाठकमा रूचि जगाउने वार्ताको सिर्जना गर्नु उनको सबल पक्ष हो ।

वार्तानायकको दृष्टिकोण बुझ्ने भन्दा पनि उनीहरूको जीवन भोगाइका बारेमा बढी केन्द्रीत रहनु यस कृतिको सबल पक्ष हो । वार्ताकार वार्तानायकका अगाडि विलुप्त भएर वार्ता सम्पन्न गर्नु वार्ताकारको उत्कृष्ट प्रस्तुति शैली हो । भने अप्रत्यक्ष कथन पद्धति यो निवार्ताको सबल पक्ष हो । यस कृतिले वार्ताका लागि छनोटमा परेका व्यक्तिले अन्तर्वार्ता विशिष्ठ व्यक्तिसँग मात्र नभई सामान्य व्यक्तिसँग पनि हुन्छ भन्ने कुरालाई स्थापित गरेको छ । पत्रिकामा व्यक्तिचित्र प्रस्तुत गर्नलाई रचिएका रचनाहरू भए पनि यी रचनाले स्रष्टाका बारेमा थोरैमा धेरै कुरा समेटेका छन् । वार्ताकारले अन्तर्वार्ता कोसँग लिने भन्ने कुराको निर्धारण ऊ स्वयंले गर्ने भएकोले स्रष्टाहरूको छनोट कुन आधारमा गरिएको भन्ने कुरा

१०१ पूर्ववत्, पृ.११०-१११ ।
१०२ अभि सुवेदी पूर्ववत् ।

स्पष्ट छैन । त्यसैले गर्दा कतिपय महत्त्वपूर्ण व्यक्तिहरू छुट्न गएका छन् यो समस्या यस कृतिको मात्र नभएर समग्र अन्तर्वार्ताको नै समस्या हो ।

### ४.२.२ 'सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा' कृतिको विश्लेषण

सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा निवार्ताकार नेत्र एटमले तयार पारेको निवार्तात्मक अन्तर्वार्ता कृति हो । यस कृतिमा पैतीस जना स्रष्टासँग प्रत्यक्ष भेटी कुराकानी गरिएको छ । अन्तर्वार्ताको सैद्धान्तिक आधारमा यस कृतिलाई यहाँ अध्ययन गरिएको छ ।

सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा कृतिको संरचना, निबन्ध र अन्तर्वार्ताको समिश्रणबाट तयार भएको छ । यस कृतिले समालोचनाको एकल मूल्य निर्णयलाई सिर्जना, चेतनाको खोजी र विनिर्माणमा रूपान्तरण गरेको छ । यसकृतिमा निर्वार्ताकार नेत्र एटमले नेपाली, भाषा, साहित्य, सङ्गीत र कलाका क्षेत्रका विशिष्ट व्यक्तित्वसँग अन्तरङ्ग कुराकानी गरेका छन् । जम्मा पैतीस जना व्यक्तित्वसँगको अन्तरङ्ग कुराकानीमा यस कृतिले आफ्नो स्वरूप निर्माण गरेको छ । वस्तुतः कृतिमा सङ्कलित रचनालाई जीवन्त तुल्याउँन मूल स्रष्टाको मानसिकता, रहनसहन, भङ्गीमा, विचार, तत्कालीन परिवेशका बारेमा प्रश्नहरू गरी व्यक्तित्व र कृतित्वमाथि टिप्पणी, वार्ताकाले प्रस्तुत गरेका छन् । अतीतको स्मरण शब्दचित्रमा कोर्ने कार्य यस कृतिमा गरिएको छ ।[१०३] यसकृतिले अतीत र वर्तमानमा भविष्यको साहित्यको खोजी गर्ने काम गरेको छ । कृतिमा स्रष्टाहरूको अन्तर्वार्तालाई प्रस्तुत गर्दा बिम्बचित्रको समावेश गरिएको छ । स्रष्टासँग पाठकलाई नजिक्याएर आत्मीय ढङ्गले व्यक्तित्वको बोध गर्न यो कृति सफल रहेको छ । पैतीस जना स्रष्टासँगको वार्तालापलाई लेखकले आफ्ना अनुभव र विचारले रङ्ग्याएर प्रस्तुत गर्दा कृतिको बृहत् स्वरूप निर्माण भएको छ । यस कृतिमा निबन्ध तत्त्वको प्रधानता रहेको छ ।

### ४.२.२.१ सहभागीका आधारमा 'सीमान्त आकाश'

सहभागी अन्तर्वार्ताको आवश्यक तत्त्व हो । वार्ताकार व्यक्ति र वार्तानायक व्यक्ति यसका सहभागी हुन् । वार्ताकार प्रश्नकर्ता व्यक्ति हो भने वार्तानायक उत्तरदाता व्यक्ति हो । यस कृतिमा नेत्र एटम वार्ताकार व्यक्ति हुन । उनले स्रष्टासँग विषय प्रसङ्ग र परिस्थितिअनुसार कुराकानी गरेका छन् । वार्तानायकमा डायमनशमशेर, माधव धिमिरे,

---

१०३ राजन भट्टराई, "सीमान्त आकाशमा नयाँ सौन्दर्यशास्त्रको खोजी" , **शारदा**, वर्ष १, अङ्क ९, असोज, २०६४, पृ.६५-६६ ।

गोविन्दबहादुर मल्ल, कृष्णचन्द्रसिंह प्रधान, जथदीशशमशेर, धुस्वाँ सायमी, ध.च. गोतामे, तारानाथ शर्मा, पूर्णप्रकाश नेपाल, कृष्णप्रसाद पराजुली, दुर्गाप्रसाद भण्डारी, गोविन्द भट्ट, कृष्णप्रकाश श्रेष्ठ, अम्बर गुरुङ, गीता केशरी, मोहनराज शर्मा, मोदनाथ प्रश्रित, मनु ब्राजाकी, बासुदेव त्रिपाठी, दयाराम श्रेष्ठ, ध्रुवचन्द्र गौतम, परशु प्रधान, माया ठकुरी, मञ्जुल, गोपाल पराजुली, तोया गुरुङ, माधवप्रसाद पोखरेल, विमल निभा, नारायण ढकाल, यज्ञनिधि दाहाल, कृष्णहरि बराल, चट्याङ मास्टर, विमल कोइराला, सरूभक्त, इन्दिरा प्रसाई गरी नेपाली भाषा, साहित्य, सङ्गीत र कलाका पैंतीस जना विशिष्ट व्यक्तित्वहरू रहेका छन् । सहभागीका हिसाबले यो कृति एक वार्ताकार र बहु वार्तानायक भएको कृति हो । यस कृतिमा पाठक पनि कुनै कुनै अवस्थामा नेपथ्य सहभागीका रूपमा उपस्थित भएको हुन्छ । उसलाई वार्ताकारले त्यो अवसर दिएका छन् । पाठकले अन्तर्वार्ताको अध्ययन गर्दा ती सबै कुरा आफ्नै अगाडि भएको महसुस गर्दछ । यो निवार्ताकारको अन्तर्वार्तामा प्रयोग गरेको नवीन शैली हो ।

### ४.२.२.२ संवादका आधारमा 'सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा'

संवाद अन्तवातर्ताको मूल तत्त्व हो । यसको अभावमा अन्तर्वार्ताको निर्माण नै हुन सक्दैन । संवादले पात्रको बाह्यान्तर व्यक्तित्वलाई स्पष्ट पार्ने काम गर्छ । संवादले व्यक्तिको मनमा रहेका कुरालाई बाहिर ल्याउँछ । संवाद अन्तर्वार्ताको युद्धभूमि हो । प्रश्नकर्ताले उत्तरदातालाई आफ्ना विचारमा सहमत गराउँन खोज्छ भने उत्तरदाताले आफ्नो पक्षमा उत्तर दिन्छ । संवादका माध्यमबाट अन्तर्वार्तामा व्यक्तित्वको व्यवहार, चिन्तन, हाउभाउ, र कृतित्वका मूल मान्यताको खोजी गरिएको हुन्छ र यसैबाट दर्शकमा प्रभावकारी छाप छोडिएको हुन्छ ।

निवार्ताकार नेत्र एटमले सीमान्त आकाशमा पैंतीस जना स्रष्टासँग व्यक्तित्व परिचय, कृतित्वको चिनारी, साहित्यिक योगदान, जीवन दर्शन आदिको प्रस्तुति संवादका माध्यमबाट गराएका छन् । यसकै माध्यमबाट व्यक्ति, कृति, दर्शन, जीवन मूल्यका बारेमा प्रकाश पार्नु निवार्ताकारको मूल उद्देश्य रहेको छ । संवादका माध्यमबाट प्रकाश परिएका केही कुराहरूको चर्चा यहाँ गरिएको छ –

### ४.२.२.२.१ स्रष्टाको योगदानको चिनारी,

प्रस्तुत कृतिमा संवादका माध्यमबाटै स्रष्टाको योगदानको चिनारी प्रस्तुत गरिएको छ । निवार्ताकार यसलाई यसरी प्रस्तुत गर्दछन

"तपाईं त राम्रो रचना : मीठो नेपालीबाटै जीवन्त हुनुहुन्छ के दिएको छ त्यसले ? मेरो बुझ पचाएर सोधिएको प्रश्नमा मधुर मुस्कान साथ प्रस्तुत हुनुहुन्छ उहाँ । व्याकरण त त्यस बेला पनि थिए तर कसरी नेपालीलाई राम्रो र मीठो बनाउँने भन्नेतिर धेरैको ध्यान गएको थिएन । मेरो किताबले त्यतातिर प्रयास गऱ्यो व्याकरण त त्यसमा सहयोगी मात्र थियो ।"[१०४] यसमा विवार्ताकारले संवादबाटै वार्तानायकको कृतिगत योगदानको चर्चा गरेका छन् । सबै अन्तर्वार्तामा संवादका माध्यमबाट स्रष्टाको कृतिगत योगदानको चर्चा वार्ताकारले यस कृतिमा गरेका छन् ।

### ४.२.२.२.२ अचेतनको प्रकटीकरण

संवादका क्रममा यस कृतिमा कतिपय रोचक प्रसङ्गहरू आएका छन् वार्तानायकका भित्री रहस्य र अचेतनको प्रकटीकरण संवादका क्रममा अनायासै भएका छन् । मानवीय आदिम वृत्ति अचेतनका रूपमा संवादमा यसरी प्रकटित  भएको छ –

"कुनै अनौठो भावना आइरहन्छ कि मनमा ? मलाई केटीहरू चढेको मोटरसाइकल वा गाडीले किचिएर मर्दिन जस्तो लाग्छ । किन लाग्छ यस्तो आँफै छक्क पर्छु एकदिन यही कुरा बाटामा नयनराज पाण्डेलाई भने उहाँ असमञ्जसमा पर्नुभयो । केटीप्रति विश्वासको अभिव्यक्ति सुनेर म मुस्कुराउँछु ।"[१०५] स्रष्टासँग नजिकीएर कुरा गर्ने क्रममा वार्तानायक बरालको अचेतनको आदिम मानवीय आकर्षणको प्रवृत्ति रोचक तरिकामा बाहिर आएको छ । यो वार्तानायकको अचेतनमा रहेको केटीहरूप्रतिको भावना हो । यसरी कतिपय स्थानमा स्रष्टाका अचेतनको प्रकटीकरण यस अन्तर्वार्तामा भएको छ ।

### ४.२.२.२.३ गुढ रहस्यको जानकारी

संवादका माध्यमबाट प्रस्तुत कृतिमा ज्यादै गुढ रहस्यको जानकारी पनि मिल्छ वार्ताकार र वार्तानायक बीचको दुरी वार्ताका क्रममा समाप्त भई संवादमा ज्यादै निकटता

---

१०४ नेत्र एटम, **सीमान्त आमाश स्रष्टासितको अन्तर्यात्रा**, (काठमाडौं : तन्नेरी प्रकाशन, २०६२), पृ. १०८ ।
१०५ पूर्ववत्, पृ. ३८५ ।

रहन पुग्छ । यसै अवस्थामा वार्तानायक अफ्ना वैयक्तिक र अति गोप्य कुरालाई पनि वार्ताकारसँग भन्न पुग्दछ । यस्तै कुराको नमूना पनि यस कृतिमा पाइन्छ -

"... नेपालीमा गरिएको अनुवादमा सहज नेपालीपन पाइन्छ, शैली त सलल बगेको मैलिक हुनु पर्‍यो नि ! अझ हिन्दीबाट अनुवाद गर्नेले अधिकांश मनपरी शब्द राखिदिन्छन् । त्यसै सन्दर्भमा एउटा रहस्य बताउँ है तीन जना नेपाली साहित्यकारले हिन्दीबाट अनुवाद गरेर त्यो पनि गलत तरिकाले मौलिक भनी छपाएका रचनाहरू मैले पत्ता लगाएर त्यसको पोल खोली पत्रिकामा प्रकाशित गरेको छु तर छद्म नामबाट ती लेखकहरू र मेरो तीनओटा गुप्त नामहरू चाहिँ नलेख्नु है ।"[१०६] यहाँ वार्तानायकसँग कुरा गर्दा लेखकहरूले गर्ने बदमासीलई स्पष्ट पारी वार्ताकारलाई विश्वास गरी अति गोप्य कुरा पनि वार्तानायकले बताएका छन् ।

## ४.२.२.२.४ कौतुहलको समाधान

अन्तवार्तामा सहभागी भएका व्यक्ति र कृतित्वप्रति पाठक वा दर्शकमा जिज्ञासा रहेको हुन्छ । त्यसलाई संवादका माध्यमबाटै वास्तविक रहस्यको उद्घाटन गरी कौतुहलको समाधान गरिएको हुन्छ । सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रामा त्यस्ता धेरै स्थानहरू छन् जहाँ वार्ताकारले वार्तानायकप्रति आफ्नो मनमा भएका सबै जिज्ञासा पुरा गरेका छन् । कतिपय स्थानमा पाठक वा दर्शकका मनमा रहेका कौतुहलको समाधान पनि गरेका छन् । वार्तानायक धुस्वाँ सायमी नाममा पाठकका मनमा उत्पन्न हुने कौतुहलको समाधान यसरी गरिएको छ

"...म हिन्दीमा प्रचालित भन्दा भिन्न नेवारीपन दिने आफ्नो माटोको बासना आउने नाम राख्न चाहान्थेँ । त्यसैले पदम वा कमलको नेवारी नाम ठानेर मैले आफ्नो नै घुस्वाँ राखेँ । वास्तवमा धुस्वाँ त तितेपाती पो रहेछ र नेवारीमा कमललाई त 'पलेस्वा' भन्दा रहेछन् । सायमी मानन्धरलाई हेपेर भनिने शब्द हो । कसैले कोलमा तेलपेल्ने साल्मीबाट सायमी शब्द आएको भन्दछन् तर मेरा बुवा श्रमिकबाट सायमी भएको हो भन्नुहुन्थ्यो । त्यही आफ्नोपनका लागि हो सायमी ।"[१०७] यहाँ वार्ताकारले धुस्वाँ सायमी नामका बारेमा

१०६ पूर्ववत्, पृ. २३५ ।
१०७ पूर्ववत्, पृ. ६२-६३ ।

राखेको जिज्ञासामा पाठकको कौतुहल पनि समाधान भएको छ । यसरी यस कृतिमा पाठकका मनमा रहेका कौतुहललाई समाधान गर्ने काम संवादका माध्यमबाट गरिएको छ ।

## ४.२.२.२.५ वैचारिक द्वन्द्वको उद्घाटन

अन्तर्वार्तामा वार्ताकारले वार्तानायकका विचार, धारणा र मान्यतामा रहेको द्वन्द्वलाई देखाई पाठकमा अध्ययनशीलताको विकास गराउदछ । दुई व्यक्तिका बीचमा संवाद हुँदा विचारमा फरक भएमा द्वन्द्वको सिर्जना हुन्छ । कतिपय अवस्थामा व्यक्तिले आफ्नै कुरामा पनि द्वन्द्वको चित्रण गरेको हुन्छ । यस कृतिमा संवादका क्रममा रहेको वैचारिक द्वन्द्व यसरी प्रस्तुत भएको छ–

"शास्त्रीय रूपमा हेर्दा आफूलई कुन समालोचनापद्धतिको नजिक पाउँनु हुन्छ ? पूर्वीयत हुँदै होइन पाश्चात्यको पनि विशेष गरी 'न्यूक्रिटिसिज्म' त्यसले विश्लेषण गर्ने कृतिको एनाटनी वा (शरीररचना विज्ञान) असाध्यै मन परेको हो मलाई । न्यूक्रिटिसिज्मले त इतिहासलाई नै मान्दैन तर तपाईं त ऐतिहासिक समालोचना गर्नुहुन्छ अनि कसरी मिल्छ त्यो सिद्धन्त र व्यवहार ? होइन होइन मैले समालोचनामा आवश्यकताअनुसार धेरै सिद्धान्तलाई मर्ज गरेको छु एउटै सिङ्गो प्रभाव ग्रहण गरेको होइन । मैले विश्लेषण र इतिहासलाई सँगै लैजाने पद्धति पनि अपनाएको छु ।"[१०८] यहाँ वार्तानायकले आफ्नो विचारमा रहेको द्वन्द्वको स्पष्ट उद्घाटन गरेका छन् । सहमति र असहमतिका बीचमा द्वन्द्वको प्रकटीकरण भएको छ । यसैगरी कृतिमा धेरै स्थानमा वैचारिक द्वन्द्व रहेको छ वार्तानायक डायमन समशेरसँगको कुारकानीमा निवार्तारकारका मनमा आन्तरिक द्वन्द्व रहेको छ भने कृष्णहरि बराल सँगको कुराकानीमा उनको समालोचकीय टिप्पणीमा निवार्ताकार असहमत रहेका छन् ।

## ४.२.२.२.६ परिवेशको विम्बात्मक चित्रण

यस अन्तर्वार्ता कृतिमा कुराकानी गर्दै जाँदा परिवेशको चित्रण गर्ने क्रममा बिम्वात्मक चित्र उतारिएको छ । यो सीमान्त आकाशको नवीन पक्ष हो । कुन परिवेशमा कुराकानी कसरी भएको छ भन्ने कुराको जानकारी यसले दिन्छ साथै मानसिक रूपमा परिवेशको बिम्बचित्र पनि निमार्ण हुन्छ -"म सुन्दै छु सोफामा अप्ठयारो ढङ्गले ढल्केर दायाँ

१०८ पूर्ववत्, पृ. २४७ ।

हातमा उनले जिउ छाडेका छन् अनि घुडामाथि वायाँहात राखेर धारा प्रवाह बोल्दै छन् कोठामा उज्यालोको केही कमी छ जो हाम्रो सामिप्य बढाउँन अवरोध बनिसकेको छैन । फोन आउँछ उनी वाक्क हुँदै उठाउन अर्को कोठामा जान्छन् ।"[१०९] यहाँ वार्ताकारले वार्तानायकको भौतिक र मानसिक दुवै परिवेशको चित्रण गरेका छन् ।

### ४.२.२.२.७ रोचक प्रसङ्गको जानकारी

सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा कृतिमा संवादमा रोचक प्रसङ्गहरू पनि आएका छन् । प्रायजसो स्रष्टाका अभिव्यक्तिमा त्यस्ता प्रसङ्गहरू पाउन सकिन्छ । वार्तानायक माधवप्रसाद पोखरेलसँगको वर्ण उच्चारण प्रसङ्ग पृ. ३३६, कृष्णहरि बरालसँगको पिउदै नपिउने मान्छेले पिएको गजल किन लेखेको भन्ने कुराकानी पृ. ३९७ ज्यादै रोचक छन् । यसैगरी घ्रुवचन्द्र गौतमसँगको कुरामा **धुर्मी** उपन्यासका बारेमा गरिएको टिप्पणीले यथार्थ घटना भए पनि रोचकता दिएका छन् यसमा राजेन्द्र सुवेदीसँग भएको कुराको प्रसङ्ग, ज्यादै रोचक लाग्छ "राजेन्द्रजी बीस वर्ष अघिको बोको अबत कत्रो भयो होला ? ...अब बोको खान सकिन्छ म केही दिनमा खबर गर्छु ।"[११०] यसरी यस कृतिमा संवादमा रोचक प्रसङ्गको जानकारी गराई पाठकलाई अन्तर्वार्ताका पाठप्रति रूचि जगाउने काम यस कृतिले संवादकै क्रममा गरेको छ ।

### ४.२.२.२.८ इमान्दारिताको प्रस्तुति

अन्तर्वार्तामा भएको कुराकानीलाई वार्ताकारले इमान्दारीपूर्ण रूपमा प्रस्तुत गर्दछ । यो एकल विधा नभएर वार्ताकार र वार्तानायकको साझा सिर्जना भएकोले स्रष्टाका भनाइ र व्यवहारको इमान्दारीताको प्रर्दशन अन्तर्वार्तामा गरिन्छ । सीमान्त आकाशमा निवार्ताकारले त्यो काम संवादका माध्यमबाट पूरा गरेका छन् । निवार्ताकारको इमान्दारीपनको प्रकटीकरण कृतिमा यसरी भएको छ- "जति हिड्दै गएको छु मेरो मनमा ग्लानी पनि उति नै बढ्दै गएको छ । कुनै शुभचिन्तकले सधैं रक्सी खान कै लागि भनेर मेरो खल्तीमा पैसा हालिदिएको थाहा पाउँदा मेरी श्रीमतिको मन कस्तो हुँदो हो ...भाउजू ! म विवश थिएँ मेरो

---

१०९ पूर्ववत्, पृ.२५७ ।
११० पूर्ववत्, पृ. २५८ ।

लाचारीलाई क्षमा गर्नुस...।"[१११] यसमा वार्तानायकको कुलतको एकालापपूर्ण संवादबाट इमान्दारी पूर्वक वर्णन गरिएको छ।

सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा कृतिमा संवादका माध्यमबाट सम्पूर्ण कुरा अभिव्यक्त भएका छन् । सिर्जनाको प्रेरणा स्रोत, साहित्य, समाज, व्यक्ति, कृतिप्रतिको दृष्टिकोण समीक्षात्मक चेतना, प्रेरणदायी अभिव्यक्ति, पूर्वस्मरणको खोजी, मानवीय मान्यताको खोजी, कारूणिक स्थितिको बर्णन, दार्शनिक मान्यताको प्रकटीकारण, वैयक्तिक कमजोरीको प्रर्दशन भविष्यप्रतिको सङ्केत, गम्भीरताको अभिव्यक्ति आदि कुरा संवादका माध्यमबाट गरिएको छ।

## ४.२.२.३ पात्रको व्यक्तित्वका आधारमा सीमान्त आकाश

अन्तवार्ताको अर्को महत्त्वपूर्ण तत्त्व पात्रको व्यक्तित्व हो । अन्तर्वार्तामा वार्तानायकको व्यक्तित्वलाई प्रस्तुत गर्दा उसको बाह्य र आन्तरिक व्यक्तित्व दुबैको प्रकटीकरण भएको हुन्छ । सीमान्त आकाशमा पनि पात्रको बाह्य तथा आन्तरिक व्यक्तित्वको प्रकटीकारण गरिएको छ । रहनसहन, शारीरिक स्वरूप, हाउभाउजस्ता कुरा बाह्य व्यरिक्तत्वमा पर्दछन् भने शरीरिक र मनोविज्ञान दुवैको मिश्रण भई आन्तरिक व्यक्तित्वको निर्माण भएको हुन्छ । यस कृतिमा बाह्य र आन्तरिक दुबै तहमा पात्रको व्यक्तित्वको चित्रण गरिएको छ।

## ४.२.२.३.१ पात्रको आन्तरिक व्यक्तित्व

पात्रको आन्तरिक व्यक्तित्वको चित्रण गर्दा वार्ताकारले वार्तानायकको शारीरिक र मनोवैज्ञानिक दुवै बिन्दुलाई एकै पटकमा संयोजन गरी प्रस्तुत गर्दछ। सीमान्त आकाशमा वार्तानायकको आन्तरिक व्यक्तित्वको चित्रण स्रष्टाको अन्तर्तहमा पुगेर गरिएको छ । यसै कारणले वार्ताकार, वार्तानायक र पाठकका बीचमा घनिष्ट नाता कायम भएको छ। जस्तै-

"चुरोट निकालेर त्यसलाई बिस्तारै सल्काउँछन् उनी र मस्ती पारामा धुँवा उडाउँदै बाहिरतिर हेर्न थाल्दछन् म गौर गरेर उसको अनुहारमा नियाल्न थाल्दछु मुखको दायाँ कुनाबाट बिस्तारै ओठ खुल्छन् दाँतहरू देखिन्छन र खिस्स हाँस्छन् उनी अप्ठ्यारो पाराले

---

१११ पूर्ववत्, पृ.२२४ ।

फूलेको कपाल र कालो रङ्गको थेप्च्याएको टोप उसको व्यक्तित्वलाई रहस्यमय बनाउन पर्याप्त छन् । कतै हराइरहेभैं लाग्ने आँखा अनि आफैसँग बोलेभैं मलाई जस्तो लाग्ने आवाज मलाई प्रभावित पार्न सक्षम हुन्छन् ।"[११२] यसमा वार्तानायकको तरल मनस्थितिको चित्रण गरिएको छ ।

यसैगरी भौतिक संसारमा स्रष्टा बाँचेको समाज, परिवार र सभ्यताको जानकारी यस कृतिमा निवार्ताकारले गरेका छन् । मनु ब्राजाकीको अवस्था, रहनसहन अस्तव्यस्त जिन्दगी अनि माया ठकुरी बासुदेव त्रिपाठी आदि स्रष्टाको अन्तर्मनको अभिव्यक्त कृतिमा गरिएको छ । साथै देखिएको कुरा यथार्थ टिप्ने काम पनि यस कृतिमा भएको छ "टेबुलमा थोत्रो स्ट्रे त्यसभित्र कच्याककुचुक पारिएका चुरोटका पहेँला ठुटाहरूमा मेरो ध्यान केन्द्रित भएको देखेर मनुले भनेका थिए **नेपाल पत्रिका**मा कथा छापिएपछि लेख्नै सकेको छैन । म टाढै बस्छु एउटा चुरोट खाऊँ है ।"[११३] यहाँ स्रष्टालाई लगेको चुरोटको तलतलको बयान छ ।

यसैगरी स्रष्टाको आडम्बर र अहङ्कारीपन पनि आन्तरिक व्यक्तित्वको चित्रणमा कृतिमा आएको छ "जापानी, फ्रान्सेली र अङ्ग्रेजीमा अनुदित छन् मेरो कृतिहरू पारिश्रमिक नै सात लाख पाएँ हुँला यसैबाट युरोप घुम्न पाएँ । यसैको रोयल्टीले त बचाएको छ ।"[११४] यहाँ वार्तानायकको उच्चताग्रन्थीले भरिएको आडम्वरी मनोभावनाको चित्रण स्पष्ट रूपमा भएको छ । यसरी यस कृतिले पात्रको आन्तरिक मनोविज्ञानलाई वर्णन गरी व्यक्तित्वको आन्तरिक भावना खुलस्त बनाएको छ ।

### ४.२.२.३.२ पात्रको बाह्य व्यक्तित्व

अन्तर्वार्तामा चित्रण हुने पात्रको बाह्य व्यक्तित्वले स्रष्टाको जीवन्तता, आकर्षण एवं दृश्यात्मक मनोबिम्ब सिर्जना गर्दछ । सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा कृतिमा पैतीस व्यक्तित्वहरूको शारीरिक स्वरूप, भेषभूषा, रहनसहन हाउभाउ, व्यवहार आदिको वर्णन गरी बाह्य व्यक्तित्वको प्रकटीकारण गरिएको छ । स्रष्टा मा देखिएको उत्साह र फुर्तिलोपन अनि अल्छी र लोसेपनको चित्रण पनि कृतिमा  गरिएको छ–"लट्ठी विनाको उहाँको हिँडाइले आश्चार्य चकित हुन्छु म सतासी वर्षे उमेरमा पनि त्यस्तो फूर्तिलो शरीरले

११२ पूर्ववत्, पृ.१२० ।
११३ पूर्ववत्, पृ. २१२-२१३ ।
११४ पूर्ववत्, पृ. ६ ।

जसलाई पनि छक्क पार्न सक्छ ।"[११५] यहाँ वार्तानायकको बुढ्यौलीमा पनि जोसिलो र फूर्तिलो अवस्थालाई देखाइएको छ ।

यसैगरी "...केही कुप्री परेका तर हँसिला गोठाले देखा पर्दछन् ....सेतोखालको ओड्नाले छोपिएको र दृष्टि केही कामजोर रहेका अनि अस्मिताका धनी .... ।"[११६] यहाँ स्रष्टाको बाह्य स्वरूपको र भेषभूषाको वर्णन गरिएको छ । यसैगरी वार्तानायकको बाह्य व्यक्तित्वको वर्णन गर्ने क्रममा निर्वार्ताकार स्रष्टाका आनीबानी स्वरूप, प्रदर्शन गर्ने व्यवहार आदिलाई चित्रात्मक रूपमा नै वर्णन गर्दछन् जसले गर्दा पाठकलाई स्रष्टाप्रति निश्चित बिम्ब निर्माण गर्न सहयोग मिल्दछ "गोरो गोलो र हँसिलो अनुहार होचोकद गहिरो दृष्टियुक्त खरा आँखा, निकै सचेत र मृदु हेराइ बोलीमा विशिष्ट ओज र अनुकरणात्मक शब्दमा झोक्का दिएर अभिनयसहित प्रस्तुत हुने प्रवृत्ति ।"[११७] यहाँ वार्तानायक तारानाथ शर्माले बोल्ने तरिका व्यक्तिगत सचेतना अनुहारको प्रसन्नता आदि स्वभावलाई वार्ताकारले वर्णन गरी स्पष्ट पारेका छन् । यसबाट पात्रको बाह्य व्यक्तित्वको प्रकटीकरण भएको छ । यस अन्तर्वार्ता सङ्ग्रहमा विशिष्ट स्रष्टाहरूको बाह्य जीवनवर्णन मर्मस्पर्शी त कतै कारूणिक रूपमा जीवन्त तस्वीर बनेर पाठकका सामु आएका छन् ।

### ४.२.२.४ दृष्टिकोणका आधारमा सीमान्त आकाश

लेखकले आफ्नो कृतिमा निश्चित दृष्टिकोण प्रस्तुत गरेको हुन्छ । समाज, व्यक्ति, कृति, जीवत जगत, र दर्शनप्रतिको धारणा दृष्टिकोणमार्फत अन्तर्वार्तामा व्यक्त भएको हुन्छ । सीमान्त आकाशमा पनि स्रष्टा / वार्तानायक र वार्ताकारको दृष्टिकोण प्रस्तुत गरिएको छ यी दुवैको सहभागितामा पाठकको दृष्टिकोणको अपेक्षा कृतिमा प्रस्तुत गरिएको छ ।

#### ४.२.२.४.१ वार्तानायकको दृष्टिकोण

सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा कृतिमा पैतीस जना स्रस्टाहरूका जीवन जगत, कृति, समाज आदिप्रतिका धारणहरू अभिव्यक्त भएका छन् । संवादका माध्यमबाट निवार्ताकार एटमले यी सबैसँग दृष्टिकोण बुझ्ने काम यस कृतिमा गरेका छन् । स्रष्टाहरूका दृष्टिकोणमा विरोधाभास द्वन्द्व, सहमति, र विमति पनि रहेका छन् । यसै

११५ पूर्ववत्, पृ. २ ।
११६ पूर्ववत्, पृ. २४ ।
११७ पूर्ववत्, पृ. ८५ ।

सन्दर्भमा गोठालेले पुरस्कार पाउने व्यक्तिप्रति राखेको धारणा यस्तो छ "पुरस्कार पाउँदैमा ठूलो साहित्यकार हुन्छ भन्ने हुँदैन लेखकको शक्ति त उसको कृति पाठकको मनमा बस्नु हो ।"[११८] यहाँ साहित्यकारप्रति वार्तानायकको दृष्टिकोण स्पष्ट रहेको छ । यसैगरी यस कृतिमा सबै स्रष्टासँग वार्ता हुँदा उनीहरूको विषय र वस्तुप्रति रहेको दृष्टिकोण स्पष्ट भएको छ ।

### ४.२.२.४.२ निवार्ताकारको दृष्टिकोण

सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रामा कुराकानीका क्रममा निवार्ताकारले बीच बीचमा विषय र वस्तुप्रति आफ्ना विचारको प्रतिपादन पनि गरेका छन् । स्रष्टा र पाठक दुबैलाई जोड्ने सेतुको काम पनि वार्ताकार व्यक्तिबाट भएको छ । संवादका क्रममा वार्तानायकका विचारप्रति निवार्ताकारको सहज सहमति छ भने कतिपय अवस्थामा विचारमा द्वन्द्व रहेको स्पष्ट देखिन्छ । निवार्ताकारको स्रष्टा, कृति, र समालोचनाप्रतिको दृष्टिकोण यस कृतिमा स्पष्टरूपमा देखापरेको छ । संवादका क्रममा वार्ताकारले स्रष्टाको पैसाप्रतिको मोहप्रति आफ्नो धारणा यसरी राख्दछन-"आर्थिक उपार्जन प्रतिको उनको मोह देख्दा मलाई भित्रभित्रै नमजा त लाग्छ तर केही नबोलेर हाँसिदिन्छु ।"[११९] यहाँ वार्ताकारको स्रष्टाप्रति निराश धारणा व्यक्त भएको छ । यसरी यस कृतिमा प्रत्येक वार्तामा निवार्ताकारको दृष्टिकोण कुनै न कुनै विषयमा प्रकट भएको छ ।

### ४.२.२.४.३ पाठकको दृष्टिकोण

आन्तवार्तामा पाठक वा दर्शक बाह्य सहभागी भएको हुँदा उसले वार्तानायक र वार्ताकार दुवैप्रति आफ्नो धारणा निमार्ण गर्दछ । दुवैका धारणा बुझेर पाठक वा दर्शकले आफ्नो छुट्टै दृष्टिकोण निर्माण गर्दछ । स्रष्टाप्रतिको अकर्षण वा विकर्षण उनीहरूको वार्ताको प्रस्तुतिबाट पाठकले निर्धारण गर्दछ । यस कृतिमा पाठकलाई दुई सहभागीका बीचमा अन्तर्मिलन गराउने प्रयास गरिएको छ । वार्ताकार वार्तानायकका दृष्टिकोण र प्रतिबिम्बले पाठकका मनमा अमीट छाप छोडेका छन् ।

---

११८ पूर्ववत, पृ. २७ ।
११९ पूर्ववत, पृ. ६ ।

### ४.२.२.५ भाषाशैलीका आधारमा सीमान्त आकाश

भाषा अभिव्यक्तिको माध्यम हो । विचारको विनिमय भाषाका माध्यमबाट हुन्छ । शैली प्रस्तुतिको तरिका हो । शैलीबाट नै लेखकको निजत्वको पहिचान हुन्छ । सीमान्त आकाश निवार्ता सङ्ग्रह भाषाका कारणले उत्कृष्ट बनेको छ । यस कृतिमा वर्णनात्मक, विश्लेषणात्मक भाषाको प्रयोग गरिएको छ । विषयवस्तु स्थान, पात्रको वर्णनमा यसको स्वरूप पाइन्छ । निवार्ताकार एटमले प्रत्येक स्रष्टासँग भएको भेट, संवाद जानकारी र उनीहरूका जीवनका पाटाका बारेमा धेरै कुरालाई वार्णनात्मक शैलीमा प्रस्तुत गरेका छन्

"...गेटमा आवाज दिनासाथ दुई झ्यापुल्ले तर सानाकदका कुकुरहरू सकीनसकी कडा स्वर निकाल्दै दाखिला भएका थिए मेरा अगाडि र म डराउँदै तिनीहरूको कोयभाजनबाट बच्न मान्छेको प्रतिक्षामा कुरेको थिएँ बाहिर केही बेर, बुढ्यौलीको आत्मीय मुस्कान छर्दै आइरहेको त्यो व्यक्ति जसलाई म समालोचक र निबन्धकार भनी बरिष्ठ विशेषण थप्छु नाम अगाडि - उससँग घरभित्र पसेको थिएँ सुनसान लाग्ने घर मोटरहरूको आगमन नुहुने तर पिच गरिएको सडकले छोएको ठूलो कम्पाउण्ड ।"[१२०] यहाँ वार्तानायकको घरको खुला र एकान्त स्थानलाई निवार्ताकारले वर्णन गरेका छन् जसले पाठकलाई त्यस स्थानको बिम्बात्मक चित्र निमार्ण गर्न सजीलो भएको छ ।

यसैगरी सीमान्त आकाशमा विवरणात्मक भाषाको पनि प्रयोग गरिएको छ । वार्ताकार र वार्तानायक दुवैले यस्तो भाषाको उपयोग गरेका छन् । संवादका क्रममा रोचक तरिकाले कल्पनाको यथोचित प्रयोग गरी विवरण दिइएको छ । विवरणात्मक भाषाको प्रयोग गर्दा आलङ्कारिक भाषा र व्यञ्जनात्मक शैली धेरथोर मात्रामा उपयोग गरिएको छ । सीमान्त आकाशमा विवरणात्मक भाषालाई यसरी प्रस्तुत गरिएको छ -

"कार्त्तिक चौवीस गते आज २०६० सालको लाजीम्पाटको खुर्सानीटार सोध्दै डिह्नुपर्छ मलाई । जति धेरै समय बसे पनि काठमाडौंका गल्लीहरू यति छिटो परिवर्तन हुन्छन कि छोटो समय पछि नै कुनै ठाउँमा पुग्दा पनि कठिनाइ उत्पन्न हुन्छ । म घरका बार्दलीमा रातै सुकाएका खुर्सानीका ढिँडी कल्पना गर्दै हिड्छु वारीको सम्झना गर्छु तर सिमेन्ट र इटा मात्रै उम्रेका ती गल्लीहरू पार गर्दै र नागबेली ढुङ्गाले फन्को मार्दै पुग्छु म

१२० पूर्ववत्, पृ. ३४ ।

लक्ष्य स्थानमा अर्थात लाजीम्पाटको श्रीमार्ग-१, घर नं.३३४ ।"[१२१]

यहाँ स्थानको विवरणात्मक प्रस्तुति गरिएको छ । यसमा समय, वार्ताकारको सम्झना, शहरको तीव्र परिवर्तनको कलात्मक संयोजन विवरणात्मक रूपमा गरिएको छ । यसले समय, स्थान र विषयको वर्णनात्मक प्रस्तुति गरेको छ ।

यसैगरी सीमान्त आकाशमा विश्लेषणात्मक भाषाको प्रयोग पनि गरिएको छ विश्लेषणात्मक भाषामा कल्पनाको स्फुरण भन्दा विषयको गहनता प्रस्तुत भएको हुन्छ । प्रस्तुत कृतिमा समीक्षात्मक टिप्पणीको प्रयोग गरी विश्लेषणात्मक भाषाशैलीको बढी प्रयोग गरिएको छ । संवादका क्रममा वार्ताकार यसलाई कृतिमा यसरी प्रयोग गर्दछन

"फागुनको १४ गते बिहीवार नेपाल बन्द छ गाडीहरू नचले पनि मन बन्द छैनन् यात्रालाई त झन बन्दको कुरै भएन म धोवीघाटको उकालो चढेर डि.ए.भी.स्कुल अगाडि हल्मार्क ट्रभल एण्ड टुर्सको 'पुस' लेखेको ढोका धकेल्छु र उ आइपुग्न भयो भन्दै उठ्ने आकृतिलाई हेरेर मजैले चिन्छु माया दिदी अर्थात नेपाली कथाका क्षेत्रमा सुपरिचित अग्रणी व्यक्तित्व, हाम्रो पहिले कुराकानी भएको त होइन तर चिनिरहनु परेन ।"[१२२] यसैगरी दुःख, सुख, आवेग, संवेगजस्ता मानवमनका भावहरूलाई प्रस्तुत गर्दा भावनात्मक भाषशैलीको उपयोग गरिन्छ । सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रामा वार्ताकारले स्रष्टाहरूको बहुआयामिक व्यक्तित्वलाई भावनात्मक भाषाको प्रयोग गरी प्रस्तुत गरेका छन्

"...म टेबुलमा राखेको रूखको जराबाट बनाएको अमूर्तजस्तो लाग्ने कला हेर्न थाल्छु कुनै बेला मान्छे हात्तीमा चढेको जस्तो देखिन्छ अघिसम्म आइमाइले बच्चा समातेकोजस्तो देखिन्थ्यो जतातिरबाट हेऱ्यो फरक देखिने रहेछ, प्रभाव नौलो दिँदो रहेछ । कस्तो अनौठो अनुभूति । तोया दिदी तपाईंका कविता पनि यस्तै बिम्बका रचना त होइनन् कवि स्वयंले पनि पहिल्याउन नसक्ने ।"[१२३] कलात्मक वस्तुको प्रसंसा गर्दै फरक दृष्टिले कवितालाई हेर्दा फरक भाव निस्कने हो कि भन्ने शङ्का यहाँ प्रस्तुत गरिएको छ । यो अनुमान निवार्ताकारको वैयक्तिक हुनुका साथ भावनात्मक पनि छ । समग्रमा सीमान्त आकाश विश्लेषणात्मक,

---

१२१ पूर्ववत्, पृ. ३६ ।
१२२ पूर्ववत्, पृ. २८४ ।
१२३ पूर्ववत्, पृ. ३३२ ।

भावनात्मक, कलात्मक, समीक्षात्मक भाषाको प्रयोग गरी निवान्धात्मक शैलीमा प्रस्तुत गरिएको कृति हो

### ४.२.२.६ 'सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा' कृतिका अन्य पक्ष

माथि चर्चा गरिएका बाहेक सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा कृतिमा अन्य पक्षहरूको संयोजन पनि गरिएको छ । संवादका क्रममा गरिएको अभिनयात्मकता, पूर्वस्मरणको प्रयोग तथा परिवेश, पात्र र स्थानको वर्णनले नाटकीकरण र दृश्यातमकताालई थपेको छ। अन्तर्वार्तालाई बढी प्रभावकारी बनाउँन यी तत्त्वले ठूलो भूमिक खेलेका छन् ।

#### ४.२.२.६.१ नाटकीकरण

प्रस्तुत कृतिमा परिस्थिति पात्र र स्थानको वर्णन गर्दा अभिनयको पनि चर्चा गरिएको छ । सहभागीको रहनसहन भेषभूषा हाउभाउले यसलाई ज्यादा प्रभावकारी बनाएको छ । एकालापपूर्ण संवादले नाटकीयताको स्पष्ट सङ्केत गर्दछ "म टवाल्ल परेर उनलाई हेर्छु उनी भने कुर्सीबाट उठ्दै किताब राखेको ऱ्याकतिर जाँदै घुम्दै मलाई निरीक्षण गरिरहेछन् । यो कृषि वैज्ञानिक त महाजण्डको कलाकारै पो रहेछ ए ! सोच्दै म ढुक्क हुन्छु वार्ताका लागि सही मान्छे समातेकोमा ।"[१२४] यहाँ एकालापका माध्यमबाट अभिनयको पनि चित्रण गरिएको छ । यसैगरी "मञ्जुलदाइ सानो कुर्सीमा म सोफामा । म पाहुना हुनुको सुखभोग गरिरहेछु र प्रश्नको साना सुइराले मञ्जुलको हृदय घोचिरहेछु ऊ पोखिरहेछ म जतनसाथ उठाइरहेछु ।"[१२५] यहाँ मञ्चमा दुईपात्रले अभिनयसँगै कुराकानी गरेजस्तो वर्णन गरिएको छ जसले नाटकीयताको सिर्जना गरेको छ ।

#### ४.२.२.६.२ दृश्यात्मकता

अन्तर्वार्तालाई रोचक बनाउन दृश्यको वर्णनले सहयोग पुऱ्याउदछ । अन्तर्वार्ता प्रश्न र उत्तरको प्रतयक्ष प्रस्तुति भए पनि निवार्तात्मक रूपमा प्रस्तुत गर्दा दृश्यात्मकता निमार्ण हुन्छ । सीमान्त आकाशको मौलिक र नवीन पक्ष दृश्यात्मकता हो । वार्तानायकको हाउभाउ, जीवन चेतना, लेखन र व्यवाहारको विरोधाभास, आडम्वरी पन, आदिको कलात्मक ढङ्गले

१२४ पूर्ववत्, पृ. ४०८ ।
१२५ पूर्ववत्, पृ.३०३ ।

वार्ताकारले दृश्यबिम्बहरू सिर्जना गरेका छन् । स्रष्टाको छवि, व्यक्तित्व र कृतित्वको संलयगरी दृश्यात्मकताको सिर्जनागर्नु यस कृतिको शक्ति हो । वार्ताकारले आफूले चाहेको कुरामा केन्द्रित भई दृश्यात्मकता यसरी निर्माण गर्दछन्

"पान चपाए जस्तो झण्डै लरबराएको स्वरले बोल्दै छन् उनी, । फोटोमा देखिने जस्तो नकोरिएको कपाल, सेतामा कतैकतै काला अधवैंसे रौं देखिने लुङ्गी र वनियनको पहिरनमा देख्दा लाग्छ विरगञ्जमै छु वा 'श'ले उनलई दिएको केयरलेसको अभिव्यक्ति साँच्चै चित्त बुझ्दो छ ।"[१२६] यहाँ ध्रुवचन्द्र गौतमको बाह्य छविको दृश्यात्मक चित्र प्रस्तुत गरिएको छ । सीमान्त आकाशमा दृश्यात्मकता प्रबल रूपमा रहेको छ । परिवेशको दृश्यात्मक वर्णनले गर्दा सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा अन्तर्वार्ता सङ्ग्रह ज्यादै रोचक र नवीन बनेको छ । अन्तर्वार्तामा निबन्ध र अन्यविधालाई समावेश गर्नाले यस कृतिमा साहित्यिक मूल्यको प्रधानता रहन गएको छ । निबन्ध चेतनाको प्रबलता यस कृतिमा रहेको छ ।

## ४.२.२.६.३ पूर्वस्मरणको प्रयोग

लेखकले प्रथम पुरूष दृष्टिबिन्दुबाट आफ्नो अतीतको स्वभाव बाल्यकाल, विशेष घटना आदिको स्मरण गरी वर्तमानबाट पलायन हुन खोज्ने अभिव्यक्ति पूर्वस्मरण हो ।[१२७] सीमान्त आकाशमा पनि स्रष्टाले आफ्ना अतीतलाई तानेर ल्याएको पाइन्छ " मेरी आमाको मामाघर पनि रूकुमकोटमा  नै हो र त्यहाँको सानी भेरी नदी र कमलपोखरीका बारेमा वाल्यकालमा सुनेको दन्त्यकथीय प्रसङ्ग मेट्न सक्दिन म आफ्नो मानसपटलबाट । म अतीतको तीतो स्मरणमा डुविरहन्छु- मुसिकोटमा बिवाह भएर छोरा नभएका कारण अत्यन्त तिरस्कृत मेरी सानीमाको मुटु चिमोट्ने जीवन कहानी सम्झेर छाङ्गाबाट खसेझैं कहालिन्छु म ।"[१२८] यहाँ पूर्वस्मरणको तीतो अनुभूतिले पाठकलाई वार्तानायककै जीवन वृतमा तानेको छ । स्रष्टाहरूले अतीतलाई सम्झेर वर्तमानमा पीडाको अनुभूति गरेका छन् । वार्तानायकको अतीतलाई खोतल्ने काम यस कृतिमा वार्ताकारले गरेका छन् यसले कृतिलाई रोचक बनाउन सहयोग गरेको छ ।

---

१२६ पूर्ववत्, पृ. २५६ ।
१२७ राजन भट्टराई पूर्ववत् पृ. ६८ ।
१२८ पूर्ववत्, पृ. २९३ ।

### ४.२.२.७ निष्कर्ष

यसरी हेर्दा सीमान्तआकाश स्रष्टासितको अन्तर्यात्रा अन्तर्वार्ता र निबन्धको गहिरो मिश्रण भएको कृति हो । यो कृति अन्तर्वार्ता भए तापनि निबन्ध तत्त्वको प्रबलता रहेको अन्तर्वार्ता हो । यस कृतिमा समसामयिक युगका पैतीस जना स्रष्टाहरूको चित्रण गरिएको छ । यस कृतिका सहभागी पात्रहरू अभिनयमा मञ्चमा देखिएका जीवन्त पात्रजस्ता छन् । अन्तर्वार्तामा स्रष्टा छनोट गर्दा कुन मापदण्डमा गर्ने भन्ने आधार नभएकाले व्यक्ति छनोटको सम्पुर्ण कार्य वार्ताकारमा निर्भर  रहेको छ । समग्रमा निबन्ध, अन्तर्वार्ता, नाटक, जीवनगाथा र समालोचनाको मिश्रण गरी अन्तर्वार्तालाई प्रस्तुत गर्ने यो कृति नेपाली अन्तर्वार्ता साहित्यको दोस्रो चरणको विशिष्ट उपलब्धी हो ।

नेपाली अन्तर्वार्ताको विकासको दोस्रो चरणमा सङ्ख्यात्मक र गुणात्मक दुबै रूपमा अन्तर्वार्ता सङ्ग्रहको प्रकाशन भएको छ । यस चरणका अन्तर्वार्ता प्रत्यक्ष वार्ता र निवार्ताका रूपमा प्रकाशित भएका छन् । सहभागीको सङ्ख्यालाई हेर्दा पनि यस चरणमा व्यक्तिगत र सामूहिक अन्तर्वार्ताको प्रकाशन भएको छ । विषयकेन्द्री, घटनाकेन्द्री, व्यक्तिकेन्द्री, र समसामयिक विषयमा अन्तर्वार्ता लिने क्रम यस चरणमा ज्यादै बढेको देखिन्छ । प्रस्तुतिशैली भाषिक कौशल व्यक्तित्व छनोट आदिका दृष्टिले पनि यस चरणका अन्तर्वार्ता उत्कृष्ट रहेका छन् । संवाद र निबन्ध तत्त्वको प्रयोग यस चरणका अन्तर्वार्ताहरूमा भएको छ । साहित्यक अन्तर्वार्ताहरूमा निबन्ध तत्त्वको प्रबलता रहेको छ । यस चरणका अन्तर्वार्ता सङ्ग्रहहरूमध्ये स्रष्टा र समय, सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा प्रस्तुतिशैली र भाषिक कौशलले उच्च रहेका छन् । यस चरणको स्रष्टा र समय प्रस्तृतिको अप्रत्यक्ष कथनढाँचा जीवनीपरक लेखन, व्यक्तिचित्र लेखन प्रबल रहेको छ भने सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रामा समालोचना, निबन्ध, रूपकीय आलेख, नाटकीकरण, दृश्यात्मकता, सम्पादकीय लेखन आदिको मिश्रण रहेको छ । यसै कारणले गर्दा नै यी कृति अन्तर्वार्ता भएर पनि साहित्यिक मूल्यमा विशिष्ट रहेका छन् ।

# पाँचौं परिच्छेद

# शोधनिष्कर्ष

## ५.१ निष्कर्ष

"नेपाली अन्तर्वार्ता साहित्यको सर्वेक्षणात्मक अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्रको निष्कर्ष यसप्रकार रहेको छ ।

अन्तर्वार्ता अन्तर्क्रियात्मक लेखन कला हो । यसको विधागत पहिचान निबन्ध विधाअन्तर्गत रहेको छ । यसका आवश्यक सामग्रीहरू सहभागी, संवाद, पात्रको बाह्यान्तर व्यक्तित्व, दृष्टिकोण र भाषाशैली हुन् । अन्तर्वार्ताले पात्रका बाह्य तथा आन्तरिक दुबै व्यक्तित्वलाई स्पष्ट पार्ने काम गर्छ ।

अन्तर्वार्ता बिम्बात्मक र मिश्रित लेखनपद्धति हो । अन्तर्वार्ता प्रस्तुतिशैलीले गर्दा फरक फरक हुन्छ । संवाद तत्त्वको प्रधानता रही प्रस्तुत भएमा यो प्रत्यक्ष संवादका रूपमा प्रकट हुन्छ भने निबन्ध तत्त्वको प्रधानता हुँदा अप्रत्यक्ष निवार्ताका रूपमा प्रकट हुन्छ । वार्ता प्रत्यक्ष र वस्तुपरक हुन्छ भने निवार्ता बढी बिम्बात्मक र कलात्मक रहेको हुन्छ । वार्ताकारको निजात्मक अनुभूति, दृश्यात्मकता र नाटकीकरणले यसलाई बढी कलात्मक बनाउन सहयोग गरेका हुन्छन् । अन्तर्वार्मा विविध कुराको मिश्रण रहन्छ । दुई व्यक्तिका बीचमा कुराकानी हुँदा वार्ताकारले समालोचना, वार्तानायकका कृतिका आवश्यक सन्दर्भ, जीवनी, सस्मरण, निबन्ध आदिकुराको मिश्रण पनि गरेको हुन्छ ।

अन्तर्वार्ताले व्यक्तिको बहुआयामिक पक्षलाई चित्रण गर्ने काम गर्छ साथै वार्तानायकको जीवनी, व्यक्तित्व, कृतित्व र विषयवस्तुप्रतिको दृष्टिकोण बुझ्ने काम गर्दछ । अन्तर्वार्ताको प्रस्तुति प्रश्नोत्तर प्रत्यक्ष संवाद र अप्रत्यक्ष कथनविधिद्वारा गरिएको हुन्छ । प्रश्नोत्तरका माध्यमबाट तार्किक र बौद्धिक खेल अन्तर्वार्ताका खेलिन्छ । यसैकारणले गर्दा अन्तर्वार्ता संवाद युद्धका रूपमा रहन गएको छ ।

अन्तर्वार्ताले विषयवस्तु, घटनाका बारेमा जानकारी दिन्छ । साहित्यिक अन्तर्वार्तामा साहित्यका विविध पक्षको चित्रण भएको हुन्छ । वार्ताकार र वार्तानायकका साहित्यप्रतिका

विचार धरणा र दृष्टिकोण अन्तर्वार्तामा प्रस्तुत भएका हुन्छन् । यसले इतिहास, समाज, धर्म, दर्शन, जीवन दर्शन, साहित्यिक मूल्य मान्यता आदिमा भएको प्रगति परिवर्तन र नयाँ सम्भावनाको सङ्केत गरेको हुन्छ ।

अन्तर्वार्तामा संवाद प्रमुख तत्त्वका रूपमा रहेको हुन्छ भने दृश्यात्मक, वर्णनात्मक, सूत्रात्मक, विवरणात्मक, प्रश्नोत्तरात्मक पद्धतिको स्थापना भएको हुन्छ । निबन्ध तत्त्व प्रबल भएका अन्तर्वार्तामा निबन्धको आत्मपरकता, रेखाचित्रको बिम्बात्मकता, सस्मरणको अतीतमोह नाटकको अभिनयात्मकता, दैनिकीको विवरणात्मकता, सम्पादकीयको विश्लेषणात्मकता, भूमिकाको साङ्केतिकता, समालोचनाको मूल्यनिर्णय, जीवनयात्राको अनुभवात्मकता र कुराकानीको संवाद तत्त्वलाई समेटेको हुन्छ । यसैले गर्दा निबन्धात्मक अन्तर्वार्ताले साहित्यको व्यापक परिधिलाई समेटेको छ ।

सञ्चार अन्तर्वार्ता र छापा अन्तर्वार्ता दुबैमा कुनै तात्विक अन्तर रहेको छैन तर विषयगत आधारमा भने अन्तर्वार्तामा भिन्नता रहेको देखिन्छ । विज्ञान, राजनीति, धर्म, दर्शन, भूगोल र खगोलसँग सम्बन्धित भएर कुरा गर्दा सोही अनुरूपका अन्तर्वार्ता निर्माण हन्छ भने साहित्यिक क्षेत्रसँग सम्बन्धित भएर वार्तानायकको व्यक्तित्व, विचार धारणा, अनुभूति, जीवन दर्शन, जीवनचर्या बौधिकता, समसामयिक साहित्यिक परिस्थिति आदिकुराको प्रकटीकरण गर्न साहित्यिक अन्तर्वार्ताको विशेष भूमिका रहेको हुन्छ ।

अन्तर्वार्ता साहित्यका बहुविधाको धारणा बुझ्ने सिर्जनात्मक निबन्ध विधाको उपविधा हो । यसमा विचार धारणा, दृष्टिकोण, साहित्यिक प्रभाव, प्रेरणास्रोत आदिको संश्लेषण गरिएको हुन्छ । यो वार्तानायकसँगको संवादिक अन्तर्यात्रा हो ।

नेपालीमा अन्तर्वार्ताद्वारा वैचारिक मन्थनको सुरूवात २००८ सालको भारती पत्रिकाबाट भएको हो । यस पत्रिकामा प्रकाशित ईन्द्रबहादुर राईको 'पाँच प्रश्न : लेखनाथको उत्तर' प्रथम लिखित अन्तर्वार्ता हो र यो नै नेपाली अन्तर्वार्ता विकासको आरम्भ बिन्दु हो । वि.सं. २००८ सालबाट सुरू भएको अन्तर्वार्ता लेखन वर्तमानसम्म आइपुग्दा फुटकर रूपमा विभिन्न पत्रिकमा असङ्ख्य रूपमा प्रकाशित भइरहेका छन् । यस अवधिमा अन्तर्वार्ता सङ्ग्रहहरूको पनि प्रकाशन भएको छ । यो सङ्ख्या पचासभन्दा बढी रहेको छ । अन्तर्वार्ता साहित्यको विकासलाई हेर्दा परिमाणात्मक र गुणात्मक दुबै दृष्टिमा यसको विकास भएको

छ । व्यक्तिगत, सामूहिक अन्तर्वार्ता सङ्ग्रहको प्रकाशन, संवाद तत्त्व प्रधान रहेका वार्ता र निबन्ध तत्त्व प्रधान रहेका निवार्ता अन्तर्वार्ता सङ्ग्रहको प्रकाशन, व्यक्ति, कृति, घटनाकेन्द्री अन्तर्वार्ता सङ्ग्रहको प्रकाशन, सहभागीका आधारमा एकल र बहुल वा सामूहिक अन्तर्वार्ता सङ्ग्रहको प्रकाशन हुनु नेपाली अन्तर्वार्ताको विकासमा देखिएको प्रगति हो ।

भाषिक प्रयोग र शिल्प विन्यासको आधारमा पनि नेपाली अन्तर्वार्ता उत्कृष्ट रहेका छन् । अन्तर्वार्ता विकासको छ दशकको अवधिलाई हेर्दा सम्पूर्ण अन्तर्वार्ता सङ्ग्रह समान मूल्यका रहेका छैनन् । नेपाली अन्तर्वार्ता साहित्यका विशिष्ट प्राप्तिमा **हाम्रा प्रतिभाहरू** (२०१९) **स्रष्टा र साहित्य** (२०२३), **बिम्ब प्रतिबिम्ब** (२०२८), **संवाद र संवाद**(२०५४), **मनोभावना/ लेखिकाहरू** (२०५४), **शब्दसारथी** (२०५७), **राईबाबासँगको साक्षात्कार** (२०६१), **स्रष्टा र समय** (२०६२), **सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा** (२०६२) रहेका छन् । यी अन्तर्वार्ता सङ्ग्रहमा व्यक्तित्व छनोट, संवाद योजना, प्रस्तुतिशैली भाषिक प्रयोग उच्च रहेको छ ।

हाम्रा प्रतिभाहरू नेपाली अन्तर्वार्ताको प्रथम सङ्ग्रह हो । यस कृतिका वार्ताकार व्यक्तित्व आनन्ददेव भट्ट हुन् । उनले वार्तानायकसँग कुराकानी गर्दा परिवेश, परिस्थितिको जानकारी दिई वार्तामा निबन्ध तत्त्वको प्रवेश गराएका छन् । स्रष्टा र साहित्यले स्रष्टाका दृष्टिकोण बुझ्ने काम गरेको छ । यसैगरी देवेन्द्र भट्टराईको स्रष्टा र समयले अन्तर्वार्तामा अप्रत्यक्ष कथनशिल्पको विकास गरी व्यक्तिचित्र प्रस्तुत गरेको छ र जीवनीपरक अन्तर्वार्ताको थालनी गरेको छ । नेत्र एटमको सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्राले अन्तर्वार्तामा विधा मिश्रणको उच्चतालाई प्राप्त गरेको छ ।

नेपाली अन्तर्वार्ताको प्रथम चरणका प्रतिनिधि अन्तर्वाता सङ्ग्रह हाम्रा प्रतिभाहरू र स्रष्टा र साहित्यले अन्तर्वार्तामा हुनुपर्ने संवाद, सहभागी, दृष्टिकोण, भाषाशैली, पात्रको बाह्यान्तर व्यक्तित्व जस्ता तत्त्वको प्रयोग गरेका छन् । यी दुबै कृतिमा शैलीको भिन्नता भने रहेको छ । यसैगरी दोस्रो चरणका स्रष्टा र समय, सीमान्त अकाश स्रष्टासितको अन्तर्यात्रामा, स्रष्टा र समयमा संवाद तत्त्वको प्रयोग प्रत्यक्ष रूपमा गरिएको छैन । स्रष्टा र समयमा वार्ताकारको दृष्टिकोण स्पष्ट रहेको छैन । दोस्रो चरणका अन्तर्वार्ता कृतिमध्ये सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रामा वार्ताकार र वार्तानायक दुबैको बौद्धिक र विषयगत

जानकारीमा सन्तुलत रहेका कारण वार्ताको रोचकता र वार्ताकारको साहित्य, समाज, समलोचना र स्रष्टाप्रतिको दृष्टिकोण उच्च रूपमा प्रकट भएको छ ।

## ५.२ सम्भावित शोधशीर्षकहरू

नेपाली अन्तर्वार्ताको अध्ययन-विश्लेषण तथा थप अनुसन्धान गर्दा प्रस्तुत शोधपत्रलाई आधार बनाई नेपाली अन्तर्वार्ताको विषयमा निन्नलिखित शोधशीर्षकहरूमा शोधकार्य गर्न सकिन्छ ।

१ नेपाली अन्तर्वार्ता सङ्ग्रहहरूमा संवाद योजना ।

२ नेपाली साहित्यको इतिहासमा अन्तर्वार्ता सङ्ग्रहहरूको योगदान ।

३ अन्तर्वार्ता तथा निवार्ता सङ्ग्रहहरूको तुलनात्मक अध्ययन ।

४ नेपाली अन्तर्वार्ता सङ्ग्रहहरूमा वार्तानायकहरूको साहित्यप्रतिको दृष्टिकोण ।

# सन्दर्भसामग्रीसूची

## नेपाली


उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, छै.स.,ललितपुर : साझा प्रकाशन, २०५९ ।

उप्रेती, युवक , "सैद्धान्तिक सन्दर्भमा नेपाली अन्तर्वार्ताको रूपरेखा", **तन्नेरी**, वर्ष २९, अङ्क ३, २०६५, पुस-फागुन, पृ. १-२४ ।

................, "समसामयिक नेपाली अन्तर्वार्ता" **मिर्मिरे** ,वर्ष ३६, अङ्क ११, २०६४ फागुन, पूर्णाङ्क २७०, पृ. १८१-१९० ।

................., "कृष्णप्रसाद पराजुलीका अन्तर्वार्ताको अवलोकन", **कृष्णप्रसाद पराजुली साहित्य र साधना**, ललितपुर : कृष्ण साहित्य सदन, २०६६ ।

...................., "नेपाली साहित्यको पहिलो निवार्ता महाकवि देवकोटासित शङ्कर लामिछाने", **तन्नेरी,** वर्ष २९,अङ्क २ र ३,२०६६,असोज, माघ, पृ.२८४-२९०।

उपाध्याय, विमला (सम्पा.), **मिर्मिरे,** वर्ष ३६, अङ्क ३, २०६४, असार ।

..........................., **मिर्मिरे,** वर्ष ३६, अङ्क ११, २०६४, फागुन ।

एटम, नेत्र, **सीमान्त आकाश स्रष्टासितको अन्र्तयात्रा,** काठमाडौं : तन्नेरी प्रकाशन, २०६२ ।

................., "समसामयिक नेपाली निबन्धको प्रभेदगत सर्वेक्षण", **मिर्मिरे** वर्ष ३६,अङ्क ११, २०६४, फागुन पृ.११३-१२६ ।

ओझा, रमानाथ, **शङ्कर लामिछानेको निबन्धकारिताको अध्ययन**, स्नातकोत्तर तह अप्रकाशित शोधपत्र त्रि.वि, २०३९ ।

कँडेल, घनश्याम, **नेपाली समालोचना,** ललितपुर : साझा प्रकाशन, २०५५ ।

कुँवर, उत्तम, **'स्रष्टा र साहित्य'** चौ.स. ललितपुर : साझा प्रकाशन, २०५० ।

कुँवर, किशोर, **व्यक्तित्व र विचार,** काठमाडौं : परिवेश प्रकाशन, २०४१ ।

.............., **एकाइसौं शताब्दीको नेपाल र नेपाली**, काठमाडौं : परिवेश प्रकाशन, २०४२

कोइराला, ए.वि, **पत्रकारिता परिचय**, काठमाडौं : लेखक स्वयं २०५८ ।

कोइराला, जीवनचन्द्र (सम्पा.), **सुशीला कोइराला अन्तर्वार्ता र लेखमा**, काठमाडौं : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, २०५२ ।

…………………, **बद्रीबिक्रम थापाका अन्तर्वार्ता**, काठमाडौं : बद्रीबिक्रम थापा स्मृति सेवा गुठी,२०५३ ।

कोइराला, सीताराम, **संवादमा स्रष्टाहरू,** काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६४ ।

खनाल, पेशल, **शैक्षिक अनुसन्धान पद्धति**, ते.स. काठमाडौं : सनलाइट पब्लिकेसन, २०६२ ।

गजमेर, मातृका, **नारी स्रष्टाहरु अन्तर्वार्ताहरुमा**, दार्जीलिङ : दुर्गा सापकोटा, सन् २००० ।

गिरी, कृष्ण र कुमार परियार, **दार्जीलिङका केही नेपाली साहित्यिक प्रतिभाहरु**, दार्जीलिङ : नेपाली साहित्य सञ्चयिका, सन् १९७७ ।

गिरी, महेन्द्र, **साहित्यकार शङ्कर लामिछानेको जीवनी व्यक्तित्वको अध्ययन,** स्नातकोत्तर तह, अप्रकाशित शोधपत्र, त्रि.वि.कीर्तिपुर २०३५ ।

गौतम, गीता, **सीमान्त आकाश स्रष्टासितको अन्तर्यात्रा निवार्ताको विधापरक विश्लेषण**, अप्रकाशित शोधपत्र,त्रि.वि., जनमैत्री बहुमुखी क्याम्पस, २०६५ ।

गौतम, लक्ष्मणप्रसाद, "अन्तर्संवादमा परशु प्रधानमाथि उत्खनन् र उनको आत्मस्वीकृति", **अन्तर्संवाद,** लेखक परशु प्रधान, काठमाडौं : टङ्कबहादुर श्रेष्ठ, २०६५ ।

घिमिरे, माधवप्रसाद, **चारु चर्चा,** ललितपुर : साझा प्रकाशन, २०५८ ।

जयदेव, स्रष्टा र समय कृतिसमीक्षा, **गोरखापत्र**, वर्ष १०६, अङ्क १४, २०६३, जेठ ।

जोशी, कुमारबहादुर, **'कुराकानी'** (मृतात्मासितको र अरूसितको पनि), काठमाडौं : रत्न बुक डिष्ट्रिव्युटर्स प्रा.लि., २०४१ ।

……………………, **एक व्यक्तित्व : अनेक दृष्टि, काठमाडौं** : ने.रा.प्र.प्र.,२०४३ ।

जोशी, सरस्वती (सम्पा.), **डा.कुमारबहादुर जोशीसितका अन्तर्वार्ताहरु,** काठमाडौं : सुगन्ध प्रकाशन, २०६३ ।

टण्डन, गोविन्द, **राईबाबासँगको साक्षात्कार,** काठमाडौं : ग्रन्थरत्न प्रकाशन प्रा.लि., २०६१ ।

ढुङ्गेल, डिल्लीराम, "सीमान्त आकाश सिर्जना र समालोचनाको समागम", **शार्दूल**, वर्ष १, अङ्क ३, २०६३, वैशाख,असोज पृ.१५२-१५४ ।

तुफान, रमेश, **संवाद र संवाद,** काठमाडौं : ने.रा.प्र.प्र.,२०५५ ।

त्रिपाठी, बासुदेव,(अनु) **जीवन रोज्नुहोस्,** काठमाडौं : नेपाल एशियाली विकास केन्द्र, २०५१ ।

त्रिपाठी, बासुदेव र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : ने.रा.प्र.प्र.,२०४० ।

दुवाल, मोहन (सम्पा.), **मनोभावना/लेखिकाहरु,** बनेपा : जनमत प्रकाशन २०५२ ।

धमला, चेतनाथ (सम्पा.), **कवितारामका अस्वीकृत मान्यताहरु,** काठमाडौं : कौशिकी साहित्य प्रतिष्ठान, २०६० ।

न्यौपाने, टङ्कप्रसाद, **साहित्यको रूपरेखा**, दो.स., काठमाडौं : साझा प्रकाशन, २०४९ ।

न्यौपाने, रामप्रसाद, **अनौठो यात्रा**, काठमाडौं : रामप्रसाद न्यौपाने, २०६१ ।

पराजुली, ऋतुपर्ण, **ऐतिहासिक योद्धा मनमोहन अधिकारी,** विराटनगर : तेस्रो विश्व साप्ताहिक २०५३।

पराजुली, कृष्णप्रसाद,(सम्पा.), **चिन्तनका बिम्बभित्र पराजुली कृष्णप्रसाद,** वाराणसीः साहित्य सङ्गम २०५७ ।

......................., **फेरि चिन्तनका बिम्बभित्र पराजुली कृष्णप्रसाद,** वाराणसी : साहित्य सङ्गम २०६४ ।

पराजुली, शेखर, **मिडिया संवाद,** काठमाडौं : मार्टिन चौतारी २०६३ ।

पोखरेल, डि.आर, "पराजुलीका अन्तर्वार्ताभित्र चहार्दा", **कृष्णप्रसाद पराजुली साहित्य र साधना**, ललितपुर : कृष्ण साहित्य सदन, २०६६ ।

पौडेल, भूपहरि, **ऐतिहासिक मकै पर्व**, काठमाडौं : दीपज्योति प्रकाशन, २०४० ।

प्रधान, भिक्टर, **नेपाली आत्मकथाको सैद्धान्तिक एवं ऐतिहासिक विवेचना**, काठमाडौं : ने.रा.प्र.प्र. २०४० ।

प्रधान, परशु, **केही क्षण : केही अनुहार,** वाराणसी : नवीन प्रकाशन, २०३४ ।

.............., **केही अनुहार : केही क्षण,** काठमाडौं : रत्न पुस्तक भण्डार, २०५१ ।

................, **अन्तर्संवाद,** काठमाडौं : टङ्कबहादुर श्रेष्ठ, २०६५ ।

प्रसाई, नरेन्द्रराज, **अठतीस अनौठा अनुहार,** काठमाडौं : उषा प्रसाई, २०४१ ।

.................., **एउटा महारथीको जवाफ,** काठमाडौं : नई प्रकाशन, २०५७।

प्रसाई, महेश, **शब्दसारथी,** काठमाडौं : छाया प्रकाशन, २०५७।

बराल, ईश्वर, **सयपत्री**, ते.स., काठमाडौं : साझा प्रकाशन २०३० ।

बरायली, देवराज (सम्पा.), **साहित्यिक वार्ता सङ्कलन,** वाराणसी : देवराज बरायली,सन् १९९० ।

भट्ट, आनन्ददेव, **हाम्रा प्रतिभाहरू,** काठमाडौं : लेखक स्वयं, २०१९ ।

भट्टराई, गोविन्दराज, **काव्यिक आन्दोलनको परिचय**, चौं.स. काठमाडौं : साझा प्रकाशन, २०६२ ।

भट्टराई, जयदेव, **व्यक्तित्व र शब्दचित्र,** ललितपुर : साझा प्रकाशन, २०५३ ।

भट्टराई, देवेन्द्र, **स्रष्टा र समय'** काठमाडौं : रत्नपुस्तक भण्डार, २०६२ ।

भट्टराई, राजन, "सीमान्त आकाशमा नयाँ सौन्दर्य शास्त्रको खोजी", **शारदा**, वर्ष १ अङ्क ९ २०६४ पृ.६३-७२ ।

भण्डारी, कैलाश, **युगकवि सिद्धिचरणसित दिन,साँझ,रात र बिहान**, काठमाडौं : सिद्धिचरण अभिनन्दन समिति, २०४५ ।

भण्डारी, राजेन्द्र र वत्सगोपाल, **लीला लेखन वार्ता र अन्तर्वार्ता**, गान्तोक सिक्किम : जनपक्ष प्रकाशन २०४४ ।

मञ्जुश्री, हरि (सम्पा.), **अनुभूति र अभिव्यक्तिमा घनश्यामराज कर्णिकार**, बनेपा : एकीकृत विकास केन्द्र २०६२ ।

.................., **वैचारिक अनुभूतिहरू,** बनेपा : जनमत प्रकाशन, २०६४ ।

...................., **ऐतिहासिक नक्षत्र शङ्करबहादुर के.सी**. बनेपा : एकीकृत विकास केन्द्र २०६२ ।

राई, ईन्द्रबहादुर, "पाँच प्रश्न : लेखनाथका उत्तर", **भारती**, वर्ष ३, अङ्क ५, २००८, पृ.१९९-२०१ ।

रेग्मी, शिव, **कमल दीक्षित दृष्टि र दृष्टिकोण**, ललितपुर : जगदम्बा प्रकाशन २०६० ।

लामिछाने, शङ्कर, **बिम्ब प्रतिबिम्ब**, काठमाडौं : पैरवी बुक हाउस, २०६५ ।

लामिछाने, शङ्करप्रसाद, "नेपालका महाकविसँग भेट", **प्रगति** वर्ष १, अङ्क ३, २०१०, पृ.१५५-१६९ ।

लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि** ते.स. ललितपुर : साझाप्रकाशन २०६२ ।

लुइटेल, गुणराज, "बाजे बज्यैमाथि नातिको कलम", **कान्तिपुर,** वर्ष १४ अङ्क ४२, २०६४ चैत्र १९ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास**, चौ.स.,काठमाडौं : अक्षर प्रकाशन २०५६ ।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ, **नेपाली साहित्यको संक्षिप्त इतिहास** सा.स. ललितपुर : साझा प्रकाशन २०६१ ।

श्रेष्ठ, ईन्द्रकुमार 'सरित', **तोया गुरुङ अनुभूति र स्वकारोक्तिमा**, काठमाडौं : यासु विए साहित्य प्रतिष्ठान २०५९ ।

श्रेष्ठ, सुदर्शन, **स्रष्टाका स्वरहरू,** सिक्किम : निर्माण प्रकाशन, २०६० ।

................., **सर्जक संवाद**, सिक्किम : निर्माण प्रकाशन, २०६२ ।

शाह, देवेन्द्रप्रताप, **केही साहित्यकारहरूसित**, काठमाडौं : नेपाल साहित्यकार संघ, २०५८ ।

शुभेच्छु, रमेश, **एक व्यक्ति अनेक वार्ता**, काठमाडौं पुष्पलता प्रोडक्सन प्रा. लि. २०६३ ।

सुवेदी, अभि, "अन्तर्वार्तामा आत्मकहानी : एक गतिशील संवाद," **'स्रष्टा र समय'** लेखक देवेन्द्र भट्टराई, काठमाडौं : रत्न पुस्तक भण्डार, २०६२ ।

सुवेदी, राजेन्द्र, **सिर्जनात्मक लेखन सिद्धान्त र विश्लेषण**, काठमाडौं : पाठ्य सामग्री पसल २०५७ ।

.................., **स्नातकोत्तर नेपाली निबन्ध** चौ.स. काठमाडौं : पाठ्य सामग्री पसल,२०६३

...................., "नेपाली निबन्धको समसामयिक स्वरूप", **मिर्मिरे,** वर्ष ३६, अङ्क ३, २०६४, असार, पृ.२६४-२६८ ।

**अङ्ग्रेजी**

Abrams M.H, **A Glossary of literary terms**, Eight Edition, United States of America, 2005.

P.V Young, **Scientific Social Survy and Research,**New Delhi: Prentice Hall of India, 1998.

Sally, Wehmeier, (ed.) 6th ed. Oxford Advanced Learner's Dictionary New York: Oxford University. 2000.

Encarta Encyclopedia, 2005.(CD) Microsoft Croporation 2007.

**अन्य पत्रपत्रिका**

गरिमा, तन्नेरी, मधुपर्क, कान्तिपुर, मिर्मिरे, समकालीन साहित्य, भारती, प्रगति, गोरखापत्र, प्रकाशपिण्ड, सञ्चय, अभिव्यक्ति, दमना, यौवना, साहित्य, रूपरेखा, कुञ्जिनी, वाङमय ।